# जीवन थिङका कवितामा युगबोध

**लघु शोधप्रबन्ध**

**सिक्किम विश्वविद्यालय**

सिक्किमम विश्वगविद्यालय भाषा अनि साहित्य सङ्कायअन्तर्गत

नेपाली विभागद्वारा सञ्चालित एमफिल पाठ्यक्रमको

आंशिक परिपूर्तिका निम्ति प्रस्तुत

लघु शोधप्रबन्ध

**शोधार्थी**

रेनुका छेत्री

नेपाली विभाग

भाषा अनि साहित्य सङ्काय

फरवरी २०२०

# जीवन थिङका कवितामा युगबोध

लघु शोधप्रबन्ध

सिक्किम विश्वविद्यालय

सिक्किम विश्वविद्यालय भाषा अनि साहित्य सङ्कायअन्तर्गत

नेपाली विभागद्वारा सञ्चालित एमफिल पाठ्यक्रमको

आंशिक परिपूर्तिका निम्ति प्रस्तुत

लघु शोधप्रबन्ध


शोध निर्देशक

पुष्पशर्मा 06/02/2020

Supervisor Department of Nepali

डा पुष्प शर्मा

सह प्राध्यापक

नेपाली विभाग

भाषा अनि साहित्य सङ्काय

सिक्किम विश्वविद्यालय

शोधार्थी

Renuka Chettri

रेनुका छेत्री

एमफिल, 18/M.Phil/NEP/03

नेपाली विभाग

भाषा अनि साहित्य सङ्काय

सिक्किम विश्वविद्यालय


फरवरी २०२०

# सिक्किम विश्वविद्यालय

(भारतीय संसद के अधिनियमद्वारा स्थापित केन्द्रीय विश्वविद्यालय)

गुणवत्तापूर्ण प्रबंधन प्रणाली ISO 9001:2008 हेतु प्रमाणित संस्थान

# SIKKIM UNIVERSITY

*[A Central University established by an Act of Parliament of India in 2007]*

An ISO Quality Management System 9001:2008 Certified Institution


No. SU/LIB/F-1/05/NOT/2017/2020/002. Dated 31-01-2020

From: Prof A S Chandel,
Librarian

To

The Head,
Department of Nepali,
Sikkim University

Sub: Anti-Plagiarism Check

Dear Madam,

With reference to your inquiry about the plagiarism check of theses of your department, I may inform you that the present software (URKUND) being used by the University and approved by the UGC does not support languages like Hindi Nepali and other regional languages. Therefore, works written in these languages cannot be tested for plagiarism. However, the supervisor and the Head of the department may certify at their respective ends that to the best of their knowledge the thesis being submitted for the award of MPhil/PhD degree is free of plagiarism or within the limit prescribed by UGC.

Yours sincerely,

A S Chandel

( A S Chandel)

Copy for information:

1. The Controller of Examinations, Sikkim University
2. The Dean, School of Languages and Literature
3. In-Charge Department of Hindi


6 माईल, सामदुर, तादोंग, गगंटोक - 737102 सिक्किम, भारत

दूरभाष : 00-91-3592 - 251067, 251403, फैक्स :- 251067/251757

6th Mile, Samdur, PO Tadong 737102, Gangtok, Sikkim, India

Phones : 00-91-3592-251067, 251403, Fax - 251067/251757

website : www.sikkimuniversity.in/www.sikkimuniversity.ac.in

Email : sikkimuniversity@gmail.com

SIKKIM UNIVERSITY
[A Central University established by an Act of Parliament of India, 2007]
DEPARTMENT OF NEPALI
SCHOOL OF LANGUAGES & LITERATURE

Dr. Pushpa Sharma
Associate Professor

## अग्रसारण

*जीवन थिङका कवितामा युगबोध* शीर्षकमा प्रस्तुत लघु शोधप्रबन्ध सिक्किम विश्वविद्यालय, भाषा अनि साहित्य सङ्कायअन्तर्गत नेपाली विभागको एमफिल उपाधिका निम्ति सुश्री रेनुका छेत्रीले मेरो निर्देशनमा रही तयार पारेकी हुन्। प्रस्तुत लघु शोधप्रबन्ध लेखन यिनले सिक्किम विश्वविद्यालयको एमफिल पाठ्यक्रमको निर्धारित समयभित्र रही लगन र परिश्रमपूर्वक तयार पारेकी हुन्।

सिक्किम विश्वविद्यालयको नियमअनुसार प्रस्तुत लघु शोधप्रबन्धलाई उचित मूल्याङ्कन र आवश्यक कार्यका निम्ति म सम्बन्धित निकायमा अग्रसारित गर्दछु।

शोध निर्देशक

पुष्पशर्मा
06/02/2020

डा पुष्प शर्मा
Supervisor
Department of Nepali

सह प्राध्यापक, नेपाली विभाग

सिक्किम विश्वविद्यालय



6th Mile,Samdur, PO Tadong 737102, Gangtok, Sikkim, India.
Phone: +91–03592251342 (O), WWW.sikkimuniversity.ac.in

## प्रतिबद्धता पत्र

सिक्किम विश्वविद्यालयको भाषा अनि साहित्य सङ्कायअन्तर्गत नेपाली विभागमा एमफिल पाठ्यक्रमको आंशिक परिपूर्तिका निम्ति प्रस्तुत लघु शोधप्रबन्ध तयार पारेकी हूँ। प्रस्तुत लघु शोधप्रबन्ध *जीवन थिङका कवितामा युगबोध* शीर्षकमा शोध निर्देशक डा पुष्प शर्माको कुशल निर्देशनमा सम्पन्न गरेकी हूँ, जो पूर्णतः मैलिक लघु शोधप्रबन्ध हो। यस लघु शोधप्रबन्ध तयार गर्ने क्रममा मैले विभिन्न स्रोतवाट सामग्री सङ्कलन गरी उपयोग गरेकी छु र त्यसप्रति कृतज्ञ पनि छु। प्रस्तुत लघु शोधको समष्टि निष्कर्षलाई मैले यसअघि कुनै पनि पाठ्यक्रममा उपाधि प्राप्त गर्ने प्रयोजनका निम्ति प्रस्तुत गरेकी छुइनँ। मैले प्रस्तुत शोधको कुनै पनि अंश वा पाठ, कुनै पुस्तक वा पुस्तकको अंशका रूपमा कहीं पनि प्रकाशित गराएकी छुइनँ।

अतः मैले यहाँ प्रस्तुत गरेको यस प्रतिबद्धता विरूद्ध कुनै प्रमाण भेटिएमा त्यसप्रति म उत्तरदायी हुनेछु भनी प्रतिवद्धता जाहेर गर्दछु।

Bhaun
07/02/2020
अध्यक्ष नेपाली विभाग
सिक्किम विश्वविद्यालय

शोधार्थी
Renuka Chettri
रेनुका छेत्री

एमफिल

पञ्जीकरण सङ्ख्या 18/ M.Phil/ NEP/03

नेपाली विभाग

भाषा अनि साहित्य सङ्काय

सिक्किम विश्वविद्यालय

# कृतज्ञता ज्ञापन

सिक्किम विश्वविद्यालयको भाषा अनि साहित्य सङ्कायअन्तर्गत नेपाली विभागबाट एमफिल उपाधिका निम्ति *जीवन थिङका कवितामा युगवोध* शीर्षकमा प्रस्तुत लघु शोधप्रवन्ध तयार पारिएको छ। यसमा मैले जीवन थिङको साहित्यिक योगदान, व्यक्तित्व र कृतित्ववारे अध्ययन र चर्चा गर्दै उनका *साङ्लीभित्र बाँधिएका घोडाका टापहरू* शीर्षक पुस्तकमा प्रकाशित कविताहरूमा पाइने युगवोधक चेतनाको अध्ययन, मूल्याङ्कन तथा विश्लेषण गर्ने प्रयत्न गरेकी छु। आफूले चाहेको र प्रस्तावित विषय नै स्कुल अफ वोर्डद्वारा पारित भएकाले प्रस्तुत शोध कार्यलाई मेरो शोध निर्देशक साथै सम्पूर्ण गुरुजन र अग्रजहरूको सल्लाहअनुरूप निष्ठापूर्वक जिम्मेवार र योजनावद्ध भएर पुरा गर्ने प्रयत्न गरेकी छु।

प्रस्तुत लघु शोधप्रबन्ध मैले आदरणीय गुरुमा डा पुष्प शर्माका निर्देशनमा तयार पारेकी छु। यसका निम्ति म सर्वप्रथम आदरणीय गुरुमाप्रति उहाँको प्रेरणा, प्रोत्साहन, सही मार्गदर्शन साथै सहयोगका निम्ति हार्दिक आभार व्यक्त गर्दछु। यस लघु शोधप्रबन्ध तयार पार्ने क्रममा मैले धेरै कुरा सिक्ने, जान्ने र आफ्ना कमजोरीहरू सुधार गर्ने अवसर पाएकी छु। यसर्थ म मेरो शोध निर्देशक साथै सिक्किम विश्वविद्यालय, नेपाली विभागप्रति सधैं ऋणी र आभारी रहने छु। यसरी नै सधैं उत्साह र प्रेरणा दिनुहुने सिक्किम विश्वविद्यालय, नेपाली विभागका गुरुजन, डा कविता लामा, डा समर सिंह, डा देवचन्द्र सुब्बा, प्राध्यापक वलराम पाण्डे, डा अरूणा राई, र अतिथि प्राध्यापक डा सुमन बान्तवाप्रति आन्तरिक हृदयवाट नै कृतज्ञता प्रकट गर्दछु। प्रस्तुत लघु शोधप्रबन्धको विषय चयनका समयमा आदरणीय गुरूमा डा अरूणा राईले विषय चयनका निम्ति सहयोग र सुझाउ गर्नु भएको थियो भने डा देवचन्द्र सुब्बा महोदयले अन्य धेरै कुरामा सहयोग पुऱ्याउनु भएको छ। त्यसका निम्ति म दुवै गुरुवरप्रति गुणग्राही र आभारी रहने छु।

प्रस्तुत लघु शोधप्रबन्ध पुरा गर्नमा मैले जीवन थिङका परिवारसँग भेटवार्ता गरेर अन्तर्वार्ता लिएर सामग्रीहरू सङ्कलन गरेकी छु। त्यसका निम्ति म जीवन थिङका परिवारका सबै सदस्य, मूल रूपमा जीवन थिङकी ९६ वर्षीय वृद्धा आमा अनि उनका समकालीन साथीप्रति कृतज्ञता अर्पण गर्दै आभार प्रकट गर्दछु। उनीहरूकै सहयोगले जीवन थिङ सम्बन्धित थुप्रै नयाँ कुराहरू जान्ने र जनाउने अवसर प्राप्त भयो। यसरी नै मैले प्रस्तुत लघु शोधप्रबन्ध तयार पार्नका निम्ति विभिन्न पुस्तकालय, विभिन्न साहित्यिक सङ्घ संस्था, विज्ञजन, अग्रज शोधार्थी दाजु-दिदी साथै मित्रहरूको सहयोग लिएकी छु। त्यसका निम्ति म सबैप्रति एकमुष्ठमा आभार व्यक्त गर्दछु।

अन्तमा सबै कुराको श्रेय म मेरो परिवारलाई दिँदछु किनभने परिवारको सहयोग अनि आशीर्वाद नै मेरो आत्मा बल हो। फलतः मेरा सबै शुभ चिन्तकहरूको शुभ कामना र सहयोग अनि सही मार्ग निर्देशनले गर्दा नै यस प्राज्ञिक कार्यलाई एउटा ठोस प्रारूप दिन सकेको सम्झेकी छु। यसैलाई म ईश्वरको आशीर्वाद पनि ठान्दछु।

अन्ततः यस लघु शोधप्रबन्ध पुरा गर्नमा सहयोग पुऱ्याउनु हुने सबै सहयोगीहरूप्रति पुनः एकपल्ट आभार प्रकट गर्दछु।

शोधार्थी

Renuka Chettri

रेनुका छेत्री

एमफिल,नेपाली विभाग

सिक्किम विश्वविद्यालय

## संक्षिप्त शब्दावली

पृ.-------------- पृष्ठ

डा ------------- डाक्टर

प्रा --------------- प्राध्यापक

सम्पा.------------ सम्पादक

प्रा.लि.------------ प्राइवेट लिमिटेड

स्व.---------------- स्वर्गीय

सं.------------------संस्करण

दो. सं.--------------------- दोस्रो संस्करण

ते. सं.--------------------- तेस्रो संस्करण

चौ. सं. --------------------- चौथो संस्करण

नौ. सं.----------------------- नवौं संस्करण

उदा. ---------------------- उदाहरण

# विषय सूची

भावहरणको प्रमाण पत्र क

अग्रसारण ख

प्रतिबद्धता पत्र ग

कृतज्ञता ज्ञापन घ-ङ

संक्षिप्त शब्दावली च

**१. पहिलो अध्याय - शोधको परिचय १-११**

१.१ शोधको शीर्षक

१.२ शोधको परिचय

१.३ शोधको प्रयोजन

१.४ शोधको समस्या

१.५ शोधको उद्देश्य

१.६ पूर्व कार्यको विवरण र समीक्षा

१.७ शोधको सीमाङ्कन

१.८ शोधको औचित्य र महत्त्व

१.९ शोधविधि

१.९.१ शोधको सामग्री सङ्कलन विधि

१.९.२ सामग्री वर्गीकरण र विश्लेषण विधि

१.१० शोधको रूपरेखा

**२. दोस्रो अध्याय - जीवन थिङः व्यक्तित्व र कृतित्व** **१२-४०**

२.१ जीवन थिङको परिचय

२.२ जीवन थिङको व्यक्तित्वको परिचय

२.२.१ जन्म

२.२.२ बाल्यकाल

२.२.३ परिवारिक पृष्ठभूमि

२.२.४ आर्थिक अवस्था

२.२.५ शिक्षा-दीक्षा

२.२.६ स्वभाव

२.२.७ स्वास्थ्य

२.३ जीवन थिङको कृतित्वको परिचय

२.४ साहित्यिक व्यक्तित्वका रूपमा जीवन थिङ

२.४.१ कविका रूपमा जीवन थिङ

२.४.२ खण्डकाव्यकारका रूपमा जीवन थिङ

२.४.३ मुक्तककारका रूपमा जीवन थिङ

२.४.४ गीतकारका रूपमा जीवन थिङ

२.४.५ कथाकारका रूपमा जीवन थिङ

२.४.६ लेख एवम् संस्मरणकारका रूपमा जीवन थिङ

२.५ सम्पादकका रूपमा जीवन थिङ

२.६ जीवन थिङको काव्यकारिता र भाषाशैली

२.७ सम्मान एवम् पुरस्कार

२.८ मृत्यु

२.९ निष्कर्ष

**३. तेस्रो अध्याय - नेपाली कवितामा युगबोधको अवधारणा ४१-७६**

३.१ युगबोधको परिचय

३.१.१ युगको अर्थ अनि परिभाषा

३.१.२ युगका प्रकार

३.१.३ बोधको अर्थ अनि परिभाषा

३.१.४ युगबोधको अर्थ अनि परिभाषा

३.१.५ युगबोधका प्रकार

३.१.५.१ युगबोधको बाह्य जगत्

३.१.५.२ युगबोधको आन्तरिक जगत्

३.२ युगबोधको धारणा

३.३. नेपाली कवितामा युगबोध

३.४. निष्कर्ष

**४. चौथो अध्याय - जीवन थिङका कवितामा युगबोध ७७-१२८**

४.१ सिक्किमको परिचय

४.२ सिक्किमको सामाजिक परिचय

४.३ सिक्किमको राजनीतिक परिचय

४.४ जीवन थिङका कवितामा युगबोध

४.४.१ जीवन थिङका कवितामा बाह्यबोध

४.४.२ जीवन थिङका कवितामा आन्तरिकबोध

४.५ निष्कर्ष

**५. पाँचौं अध्याय - उपसंहार र निष्कर्ष १२९-१३७**

५.१ उपसंहार र निष्कर्ष

५.२ भावी शोधकर्तालाई सुझाव

**सन्दर्भ सूची**

**परिशिष्ट**

# पहिलो अध्याय

## १. शोधको परिचय

### १.१ शोधको शीर्षक

प्रस्तुत लघु शोधप्रबन्धको शीर्षक *जीवन थिङका कवितामा युगबोध* रहेको छ।

### १.२ शोधको परिचय

कविता कविको कलात्मक अनुभूतिको अभिव्यक्ति हो। कविता भाषिक संरचना वा भाषिक खेल हो। कुनै पनि विषय, घटना, प्रसङ्ग, कल्पना आदिले कवि मनलाई प्रभावित पारेपछि कविद्वारा त्यो कलात्मक भाषामा अभिव्यक्त हुँदा नै कविता बन्दछ। त्यसैले कविता कविको अनुभूतिको अभिव्यक्ति हो। *साझा कविता*को भूमिकामा चूडामणि बन्धुले "कविता मानवीय हृदयको संवेदनशील अभिव्यक्ति भएकाले समस्याहरूलाई देखेर कविको भावुक मनले पाएको अनुभूतिको अभिव्यक्ति कविको कविता हो "[1] भनेका छन्। कविता सिर्जना गर्दा कुनै पनि विषय, समसामयिक प्रसङ्ग, स्थिति, विचार, परिवेश वा समय आदिले कवि मनलाई प्रभाव पारेको हुन्छ। त्यही प्रभावहरू नै कविको कवितामा व्यक्त भएका हुन्छन्।

जीवन थिङ नेपाली साहित्य जगतमा कविको रूपमा चिनिएको परिचित नाम हो। आफ्नो समसामयिक स्थिति, प्रभाव, प्रसङ्ग र अनुभूतिहरूलाई कविताको रूप दिनसक्ने युग सापेक्ष कविहरूमा जीवन थिङ पनि एक हुन्। सन् १९८३ मा दान खालिङको सम्पादनमा श्याम ब्रदर्स प्रकाशन, दार्जिलिङद्वारा प्रकाशित जीवन थिङको एउटै मात्र सङ्ग्रहित पुस्तक *साङ्लीभित्र बाँधिएका घोडाका टापहरू* प्रकाशित रहेको पाइन्छ।

१९ डिसेम्बर सन् १९५५ मा जन्मेका कवि थिङ, सेन्ट जोसेफ कलेज पढ्दादेखि उनको देहावसान हुने साल, सन् १९७८ सम्म लगभग पाँच वर्ष साहित्य लेखनमा सक्रिय रहेका पाइन्छन्। कवि थिङको *साङ्लीभित्र बाँधिएका घोडाका टापहरू* नामक सङ्ग्रहमा

---

[1]चूडामणि बन्धु, सन् २०१०, साझा कविता, काठमाडौं, साझा प्रकाशन, भूमिकाथबाट

कविताका अतिरिक्त कथा, गीत, खण्डकाव्य, मुक्तक आदि पनि सङ्ग्रहित छन्। थिङका कवितामा विभिन्न प्रतीक, बिम्ब, मिथक एवम् व्यङ्ग्यको व्यापक रूपमा प्रयोग रहेको पाइन्छ।

उनका कविताका मूल प्रवृत्तिहरू प्रगतिवादी, यथार्थवादी, अस्तित्ववादी, विसङ्गतिवादी, मानवतावादी आदि रहेका पाइन्छन्। जीवन थिङको *साङ्लीभित्र बाँधिएका घोडाका टापहरू* पुस्तकमा उनका उनासी ( ७९) वटा फुटकर कविताहरू सङ्ग्रहित छन्। उनका कविताहरूमा सिक्किमको तत्कालीन राजनीतिक स्थिति, सामाजिक अवस्था, प्रकृति चित्रण, देशप्रेम, राष्ट्रप्रेम, मानवप्रेम, धार्मिक, आर्थिक आदि जस्ता पक्षहरूको अभिव्यक्त भएको पाइन्छ भने विसङ्गति बोध, क्रान्तिचेत, विद्रोहाभास, भविष्यप्रतिको आशा, अस्तित्व चेतना, परिचय सङ्कट आदि जस्ता पक्षहरू पनि व्यापक रूपमा अभिव्यक्त भएका छन्।

प्रस्तुत लघु शोधप्रबन्धको शीर्षक *जीवन थिङका कवितामा युगबोध* रहेकाले युगबोधको शाब्दिक अर्थ बुझ्न अपेक्षित रहन्छ। *युगबोध* युग अनि बोध दुई शब्दको संयोजनद्वारा बनेको शब्द हो। युगबोधले एउटा समय अवधि वा काल खण्डको सामाजिक, राजनीतिक, साहित्यिक, धार्मिक, सांस्कृतिक जस्ता विभिन्न विषयहरूलाई अभिव्यक्ति गर्दछ। *प्रयोगात्मक नेपाली शब्दकोश*ले युगबोध शब्दको अर्थ, युगको स्थिति बुझ्ने काम, प्रचलित जमानाप्रति हुने सचेतता, युगचेतना भन्ने अर्थ दिएको छ भने *युगबोध* भन्नाले वास्तवमा कुनै ठाउँको राजनैतिक, सामाजिक, आर्थिक, धार्मिक आदि पक्षहरू चिनाउने समय अवधिलाई मान्न सकिन्छ। वास्तवमा युगबोध कुनै वाद वा सिद्धान्त नभएर यो नितान्त परिचालित समयावधिप्रतिको ज्ञान, जानकारी वा जिज्ञासाको उत्तर दिने अवधारणा हो। अतः युगबोध भन्नाले कुनै एउटा निश्चित समसामयिक समयावधि र त्यस समयावधिप्रतिको चेतना वा धारणा भन्ने बुझ्न सकिन्छ।

जीवन थिङका कविता युगलाई नयाँ दिशा बोध गराउने, नयाँ वैचारिक क्रान्ति बोकेका, युगलाई हाँक दिने, विद्रोही स्वर भएका, युग सुहाउँदिला अर्थात् युगानुकूल रहेका हुनाले कवि थिङलाई क्रान्तिकारी तथा प्रगतिवादी कविका रूपमा चिन्न सकिन्छ। कवि थिङले आफ्नै आँखाले आफ्नो समयको सिक्किमको राजतन्त्र र प्रजातन्त्रको गतिविधि देखेका थिए ।सन् १९७५ भन्दा अघिको स्वतन्त्र देश सिक्किम र सन् १९७५ भन्दा पछिको प्रजातन्त्रिक सिक्किम दुवै युगको दोसाँधमा उभिएर तत्कालीन राजनीतिक वस्तुस्थिति बोध गर्न थिङ बाध्य बनेका थिए। उनी तत्कालीन समयको अर्थात् सिक्किम देशको सङ्कटापन्न स्थिति र देशवासीको अस्तित्व सङ्कटका केन्द्रमा उभिएर देशले भोग्दै आएको भवितव्यको प्रत्यक्ष कालदर्शी बनेका देखिन्छन्। उनका कवितामा मानवीय मूल्यको विघटन, परिचय सङ्कट, देशको गौरव र देशको सम्प्रभुता हनन हुँदाको असहनीय पीडा प्रतिविम्बित रहेको पाइन्छ।

स्वतन्त्र देशका देशवासी हुँदाहुँदै अचानक आफ्नो हराउँदै गइरहेको अस्तित्व, स्वायत्तता, स्वाभिमान, आत्मसम्मान आदि पुनः प्राप्त गर्न नसक्नाको बाध्यता र विवशताले उनी पिरोलिएका देखिन्छन्। कवि थिङ देशमाथि आइपरेको राजनीतिक उथलपुथल, प्रशासनिक अस्थिरता एवम् जनताको आक्रोश, चित्त नपर्दो शासन-व्यवस्था तथा जनताप्रति गरिने शोषणले साह्रै बिथोलिएका देखिन्छन्। अर्थात् सन् १९७५ को सिक्किमको शासन सत्तामा देखिएको राजनीतिक परिवर्तन र त्यसले ल्याएको गतिविधिले उनी साह्रै दुःखेका देखिन्छन्।

सिक्किम नेपाली साहित्य परिषद्द्वारा सन् २००० मा *माटो कव'*-को उपाधिले विभूषित थिङ, नेपालबाट कथा विधामा *रत्नश्री स्वर्ण पदक* (सन् १९७७) अनि कविता विधामा *दियालो* पुरस्कारद्वारा सम्मानित बनिसकेको पाइन्छ। अल्पायुमा दिवङ्गत बन्न पुगेका कवि थिङको २३ वर्षको उमेरमा *फिब्रोसिस्* नामक बिमारीले मृत्यु भएको थाहा लाग्छ।

## १.३ शोधको प्रयोजन

प्रस्तुत लघु शोधप्रबन्ध सिक्किम विश्वविद्यालयको भाषा अनि साहित्य सङ्कायअन्तर्गत, नेपाली विभागको पाठ्यक्रममा रहेको एमफिल उपाधि प्राप्त गर्ने प्रयोजनका लागि प्रस्तुत गरिएको हो।

## १.४ शोधको समस्या

प्रस्तुत लघु शोधप्रबन्धमा जीवन थिङका कवितामा पाइने युगबोधलाई देखाउँदै जीवन थिङका *साङ्लीभित्र बाँधिएका घोडाका टापहरू* पुस्तकमा प्रकाशित कविताहरूको अध्ययन गरिएको छ।

प्रस्तुत लघु शोधप्रबन्धका समस्याहरू यस प्रकार छन्-

१. युगबोध भन्नाले के बुझिन्छ र यो साहित्यमा कसरी प्रतिविम्बित हुन्छ?

२. जीवन थिङका कवितामा युगीन समस्या कसरी अभिव्यक्त भएको छ?

३. जीवन थिङले आफ्ना कवितामा समाज र युगलाई कसरी प्रतिविम्बित गरेका छन्?

## १.५ शोधको उद्देश्य

प्रस्तुत लघु शोधप्रबन्धका उद्देश्यहरू यस प्रकार छन्-

१. नेपाली साहित्यमा प्रतिविम्बित युगबोधको अध्ययन गर्नु।

२. जीवन थिङका कवितामा अभिव्यक्त युगीन समस्याको अध्ययन गर्नु।

३. जीवन थिङका कवितामा प्रतिविम्बित समाज र युगको विश्लेषणात्मक अध्ययन गर्नु।

## १.६ पूर्व कार्यको विवरण र समीक्षा

प्रस्तुत लघु शोधप्रबन्ध तयार गर्दा प्राप्त र उपलब्ध पूर्वकार्यका समीक्षाहरू निम्न प्रकार रहेका छन्-

सन् १९७८ मा *सुधा, रोचक नेपाली मासिक, जीवन थिङ विशेषाङ्क* भनेर वर्ष १, अङ्क ६ नै विनोद अग्रवालको सम्पादनमा प्रकाशित भएको पाइन्छ। यस विशेषाङ्कमा जीवन थिङ खण्ड भनेर स्मरण स्वरूप दुई लेख र श्रद्धाञ्जलि स्वरूप एउटा कविता प्रकाशित रहेको

पाइन्छ भने जीवन थिङका अप्रकाशित रचनाहरूलाई उपखण्डमा विभाजन गरेर *नार्सिसस्* खण्डकाव्यसँगै दुई कविता प्रकाशित रहेका छन्। यसरी नै तेस्रो उपखण्डमा कृति समीक्षा स्वरूप जीवन थिङका छवटा रचनाहरूको समीक्षात्मक टिप्पणी गरिएका लेखहरू प्रकाशित रहेको पाइन्छ।

सन् १९८३ मा प्रकाशित *साङ्लीभित्र बाँधिएका घोडाका टापहरू* मा दान खालिङले *सिक्किमको छोरो फेरी पनि..* शीर्षकमा कवि थिङ कस्ता थिए, उनको लेखन प्रवृत्ति कस्तो थियो र कवि थिङको व्यवहार कस्तो थियो भन्ने कुरा उल्लेख गरेका छन् ।

सन् १९८७ मा प्रकाशित *साक्षात्कार, सिक्किमका २१ जना प्रतिभाहरूसित लिइएको अन्तर्वार्ताहिर'* नामक पुस्तकमा *कवि जीवन थि'* शीर्षकमा सुवास दीपकले जीवन थिङको साहित्यिक यात्रा सम्बन्धित जीवन थिङसँग नै लिएको अन्तर्वा र्तालाई प्रश्न उत्तर शैलीमा यथावत् राखेका छन्।

सन् १९९४ को *प्रक्रिया, दिवंगत नेपाली कवि विशेषाङ्क,* वर्ष ८, अङ्क १३ मा *जीवन थिङका कविताः एक निरूद्ध विवाचन* शीर्षकमा घनश्याम नेपालले जीवन थिङका कविता र उनको लेखन शैलीबारे समीक्षात्मक लेख लेखेका छन्।

सन् १९९४ को *प्रक्रिया, दिवंगत नेपाली कवि विशेषाङ्क ,* वर्ष ८, अङ्क १३ मा चन्द्रदास राईले *जीवन यात्रामा कवि जीवन एकलै* नामक शीर्षकमा जीवन थिङ सम्बन्धित सामान्य परिचय दिएका छन्।

सन् १९८५ मा नेपाली साहित्य परिषद् सिक्किमद्वारा प्रकाशित *चिन्तन साहित्य संकलन* साहित्यिक पत्रिकामा जीवन थिङसम्बन्धित गोपाल गाउँलेले *जीवन थिङ अझै जिउँदै छन्* शीर्षकमा जीवन थिङको परिचय दिदै थिङको सिक्किमप्रतिको प्रेम भावलाई देखाउँदै उनका रचनाहरूको संक्षिप्तमा वर्णन गरेका छन्।

सन् २०११ को *प्रक्रिया, रजत विशेषाङ्क,* वर्ष २५, अङ्क ३५ मा पेम्पा तामाङले *के जीवन थिङ यात्रामा एकलै थिए?* शीर्षकमा जीवन थिङको सामान्य परिचय दिदै एउटा सारगर्भित लेख लेखेका छन्।

सन् २००० मा बिजुमणि प्रसाईले उनको एम.एको लघु शोध पत्रमा थिङको पुस्तकमा सङ्ग्रहित सम्पूर्ण रचनाहरूमाथि शोध गरेका छन्। त्यस शोध पत्रलाई उदय छेत्री (सम्पा.)-ले *माटो कवि जीवन थिङ व्यक्तित्व र कृतित्व* नामक पुस्तक प्रकाशित गरेको पाइन्छ।

सन् २००२ मा नेपाली साहित्य परिषद्द्वारा प्रकाशित *कनका* साहित्यिक पत्रिकामा जीवन थिङकी दिदी प्रेम थिङले *जीवन थिङलाई सम्झँदा* शीर्षकमा एउटा लेख लेखेकी छन्। त्यस लेखमा जीवन थिङको स्वभाव र उनको मृत्यु कसरी भयो भन्ने सन्दर्भलाई संस्मरणात्मक लेख लेखेकी छन्।

सन् २००३ मा *प्रक्रिया, सामयिक विविध विषयक रचनाहरू,* वर्ष १७, अङ्क २७ मा *घोषणाः सन्दर्भ माटो कविको* शीर्षकमा कवि थिङलाई माटो कविको उपाधिले विभूषित गरिएको सम्बन्धमा समीक्षात्मक लेख लेखेका छन्। यसै अङ्कमा पुष्प शर्माको *सिक्किमेली नेपाली कवि र कविता* ' शीर्षकमा जीवन थिङ सम्बन्धित लेखमा सिक्किमका विभिन्न कविहरूसँगै जीवन थिङको संक्षिप्त परिचय र उनको कविताको चर्चा गरिएको पाइन्छ।

सन् २००२ मा सिक्किम नेपाली साहित्य परिषद्द्वारा प्रकाशित *भानु स्मारिका*-मा टी. लाचुङपाले *जीवन थिङ तिमी अमर छौ* शीर्षकमा थिङको वीरता र आँटको प्र शंसा गर्दै एउटा कविता लेखेका छन्।

*सिक्किम व्यक्तित्व विशेषाङ्क'*-मा *जीवन थिङ* शीर्षकमा अनि *इतिहास निर्माताः सिक्किमका प्रमुख दिवङ्गत स्रष्टा र द्रष्टाहरू* नामक पुस्तकमा पनि *जीवन थिङ* शीर्षकमा उदय छेत्रीको कवि थिङका लेखहरू बारे सामान्य जानकारी पाइन्छ।

पुष्प शर्माको *सिक्किमका नेपाली कविताः विश्लेषण र मूल्याङ्कन* पुस्तकमा *जीवन थिङ र उनका कविता कृतिहरू* शीर्षकमा कवि थिङको सामान्य परिचय दिँदै थिङका कवितासम्बन्धी चर्चा गरिएको छ ।

*मिथकीय प्रयोगका दृष्टिले जीवन थिङका कविता : एक अध्ययन'* नामक लेखमा सुमन बान्तवाले जीवन थिङको कविता यात्राको सामान्य परिचय दिँदै उनका कवितामा समकालीन जीवन मूल्य र विभिन्न मिथकीय प्रयोगको समकालीन सन्दर्भहरूलाई लिएर चर्चा गरेका छन्।

वीरभद्र कार्कीढोलीले *सिक्किम भूमिका कविहरू कविताहरू* नामक पुस्तकमा *जीवन थिङ* शीर्षकमा जीवन थिङको सामान्य परिचय दिँदै विश्लेषणात्मक अध्ययन गरेका छन्।

सन् २००५ मा प्रकाशित *भानु नेपाली मासिक, सिक्किम विशेषाङ्क* वर्ष ४२, पूर्णङ्क ८६ मा सन्तोष वरदेवाको *मैले जानेका जीवन थिङ* शीर्षकमा प्रकाशित लेखमा विद्यार्थी कालका थिङको व्यक्तित्वबारे परिचयात्मक लेख, जीवन थिङसँगको भेटवार्ता र चिठ्ठी प्रकाशित गरेका छन्।

हालसम्म प्राप्त एवम् उपलब्ध लेखहरूमा जीवन थिङका काव्यकारितालाई मूल विषय बनाएर गहन अध्ययन गरिएका अन्वेषणपूर्ण लेखहरू भने कमै प्राप्त छन्। युगबोध विषयलाई नै केन्द्रित गरेर गरिएको कार्य भने हालसम्म प्राप्त भएको छैन।

## १.७ शोधको सीमाङ्कन

प्रस्तुत लघु शोधप्रबन्धमा जीवन थिङको *'साङ्लीभित्र बाँधिएका घोडाका टापहरू '* पुस्तकमा सङ्ग्रहित सम्पूर्ण कविताहरूलाई वर्गीकरण गरेर हेरिएको छ। दोस्रो अध्यायमा थिङको व्यक्तित्व र कृतित्वको अध्ययन गरिएको छ। यसमा मुख्यतः उनका कविताहरूमा पाइने युगबोधक चेतनालाई विशेष महत्त्व र प्रमुखता दिएर ती कविताहरूको युगबोधका विभिन्न पक्षहरूका आधारमा अध्ययन, विश्लेषण र मूल्याङ्कन गरिएको छ।

### १.८ शोधको औचित्य र महत्त्व

सिक्किम विश्वविद्यालयबाट एमफिलको उपाधि प्राप्त गर्नु यस लघु शोधप्रबन्धको मुख्य औचित्य रहेको छ। जीवन थिङका कवितामा पाइने युगबोधबारे अध्ययन गर्नु र जीवन थिङको साहित्यिक व्यक्तित्वबारे ज्ञान प्राप्त गर्नु यस शोध कार्यको गौण औचित्य रहेको छ।

### १.९ शोधविधि

#### १.९.१ शोधको सामग्री सङ्कलन विधि

प्रस्तुत लघु शोधप्रबन्धका निम्ति सामग्री सङ्कलन विधिअन्तर्गत द्वितीय स्रोतलाई अप नाउँदै पुस्तकालय, वेबसाइट, प्रकाशित लेख, समालोचना आदिबाट सामग्री सङ्कलन गरिएको छ। आवश्यकताअनुरूप कवि थिङका समकालीन सहपाठी एवम् उनका घर परिवारका सदस्यहरूसँग भेटवार्ता गरेर थिङबारे जानकारी लिएर शोध सामग्री सङ्कलन गरिएको छ।

#### १.९.२ सामग्री वर्गीकरण र विश्लेषण विधि

प्रस्तुत लघु शोधप्रबन्धमा निगमनात्मक शोध पद्धतिको प्रयोग गरिएको छ। शोध कार्यमा प्रधान सम्पादक हेमाङ्गराज अधिकारी र सम्पादक बद्री विशाल भट्टराईको *प्रयोगात्मक नेपाली शब्दकोश* र भाषा शुद्धिका निम्ति भारतीय भाषा संस्थान, मैसुर र सिक्किम अकादमी गान्तोकद्वारा प्रकाशित *नेपाली लेखन शैली*-लाई आधार मानिएको छ।

### १.१० शोधको रूपरेखा

प्रस्तुत लघु शोधप्रबन्धलाई व्यवस्थित तुल्याउनका निम्ति निम्न लिखित अध्यायहरूमा विभाजन गरिएको छ:

**१. पहिलो अध्याय - शोधको परिचय**

- १.१ शोधको शीर्षक
- १.२ शोधको परिचय
- १.३ शोधको प्रयोजन

१.४ शोधको समस्या

१.५ शोधको उद्देश्य

१.६ पूर्व कार्यको विवरण र समीक्षा

१.७ शोधको सीमाङ्कन

१.८ शोधको औचित्य र महत्त्व

१.९ शोधविधि

१.९.१ शोधको सामग्री सङ्कलन विधि

१.९.२ सामग्री वर्गीकरण र विश्लेषण विधि

१.१० शोधको रूपरेखा

**२. दोस्रो अध्याय - जीवन थिङ : व्यक्तित्व र कृतित्व**

२.१ जीवन थिङको परिचय

२.२ जीवन थिङको व्यक्तित्वको परिचय

२.२.१ जन्म

२.२.२ बाल्यकाल

२.२.३ परिवारिक पृष्ठभूमि

२.२.४ आर्थिक अवस्था

२.२.५ शिक्षा-दीक्षा

२.२.६ स्वभाव

२.२.७ स्वास्थ्य

२.३ जीवन थिङको कृतित्वको परिचय

२.४ साहित्यिक व्यक्तित्वका रूपमा जीवन थिङ

२.४.१ कविका रूपमा जीवन थिङ

२.४.२ खण्डकाव्यकारका रूपमा जीवन थिङ

२.४.३ मुक्तककारका रूपमा जीवन थिङ
२.४.४ गीतकारका रूपमा जीवन थिङ
२.४.५ कथाकारका रूपमा जीवन थिङ
२.४.६ लेख एवम् संस्मरणकारका रूपमा जीवन थिङ
२.५ सम्पादकका रूपमा जीवन थिङ
२.६ जीवन थिङको काव्यकारिता र भाषा-शैली
२.७ सम्मान एवम् पुरस्कार
२.८ मृत्यु
२.९ निष्कर्ष
**३. तेस्रो अध्याय - नेपाली कवितामा युगबोधको अवधारणा**
३.१ युगबोधको परिचय
३.१.१ युगको अर्थ अनि परिभाषा
३.१.२ युगका प्रकार
३.१.३ बोधको अर्थ अनि परिभाषा
३.१.४ युगबोधको अर्थ अनि परिभाषा
३.१.५ युगबोधका प्रकार
३.१.५.१ युगबोधको बाह्य जगत्
३.१.५.२ युगबोधको आन्तरिक जगत्
३.२ युगबोधको धारणा
३.३ नेपाली कवितामा युगबोध
३.४ निष्कर्ष

**४. चौथो अध्याय - जीवन थिङका कवितामा युगबोध**

४.१ सिक्किमको परिचय

४.२ सिक्किमको सामाजिक परिचय

४.३ सिक्किमको राजनीतिक परिचय

४.४ जीवन थिङका कवितामा युगबोध

४.४.१ जीवन थिङका कवितामा बाह्यबोध

४.४.२ जीवन थिङका कवितामा आन्तरिकबोध

४.५ निष्कर्ष

**५. पाँचौ अध्याय - उपसंहार र निष्कर्ष**

५.१ उपसंहार र निष्कर्ष

५.२ भावी शोधकर्तालाई सुझाव

सन्दर्भ सूची

परिशिष्ट

# दोस्रो अध्याय

## २. जीवन थिङ : व्यक्तित्व र कृतित्व

### २.१ जीवन थिङको परिचय

भारतीय नेपाली साहित्य जगत्  का अत्यन्त संवेदनशील, भावुक, क्रान्तिकारी एवम् मानवतावादी कविका रूपमा जीवन थिङलाई चिन्न सकिन्छ। साहित्यिक जगत्  मा जीवन थिङका नामले चिनिने कविको पुरा नाम  'जीवन कुमार थिङ' हो। छोटो समयावधिसम्म मात्रै साहित्य लेखनमा सक्रिय रहेका जीवन थिङले पाँच वर्षको समयाअवधि (सन् १९७३-१९७८)-मा साहित्यका प्रायः सबै विधा कथा, कविता, गीत, मुक्तक र खण्डकाव्य आदिमा कलम चलाएका छन्। आफ्नो औपचारिक शिक्षा सँगसँगै साहित्य अध्ययन र लेखनमा सधैं रूची राख्ने जीवन थिङ एकजना राजनैतिक विश्लेषक वा चिन्तक पनि रहेको पाइन्छ । आफ्नो जन्मभूमिप्रति अगाध श्रद्धा एवम् प्रेम राख्ने कवि जीवन थिङलाई उनको लेखनमा देखिएको देश र माटोप्रतिको अनुराग र आस्थाका कारण *माटो कव*-को उपाधिले सन् २००० मा *सिक्किम नेपाली साहित्य परिषद्*ले विभूषित गरिसकेको पाइन्छ। पिता कार्साङ थिङ र माता डोल्मी थिङका कोखबाट दक्षिण सिक्किमको नाम्चीमा जन्मिएका थिङ परिवारका जेठा छोरा थिए। दुई वर्षसम्म आफ्नो बाल्यकाल नाम्चीमा व्यतित गरेका थिङ पिताको सरूवा गान्तोक भएकाले आफ्ना पितासँगै पैतृक थलो पूर्व सिक्किम गान्तोक सिच्छे तामाङ गुम्पा आएको थाहा लाग्दछ।

### २.२ जीवन थिङको व्यक्तित्वको परिचय

व्यक्तित्व शब्द अङ्ग्रेजीको पर्सनालिटी शब्दको नेपाली रूपान्तरण हो। प्रयोगात्मक नेपाली शब्दकोशका आधारमा व्यक्तित्व भन्नाले, खास व्यक्तिमा हुने विशिष्ट व्यक्तिको निजी विशेषता (शारीरिक बनोट, वेषभूषा, बोली, व्यवहार आदि) वा त्यसबाट अरूलाई प्रभावित

पार्ने क्षमता, व्यक्तिको प्रभाव भन्ने बुझिन्छ। [2] व्यक्तित्व कुनै व्यक्तिमा पाइने व्यक्ति विशेष गुणलाई मान्न सकिन्छ। व्यक्तिमा भएको बाह्य हाउभाउ अनि आन्तरिक गुणले व्यक्तिको व्यक्तित्व निर्माण भएको हुन्छ। "मानिसको आचरण र उसको व्यावहारिक क्रियाकलापले उसको व्यक्तित्व निर्माण गर्दछ" भन्ने कुरो गोविन्द प्रसाद चापागाईले उल्लेख गरेका छन्। [3] प्रत्येक व्यक्तिमा आआफ्नै प्रकारको विशेष गुण, व्यवहार हुने गर्दछ। त्यस गुण र व्यवहारद्वारा व्यक्तिको व्यक्तित्व निर्धारण भएको पाइन्छ। कुनै पनि व्यक्तिको व्यक्तित्व निर्माणमा समाज, देश, राज्यको शासन व्यवस्था, राजनीतिक परिवेश, भौगोलिक परिस्थिति सँगसँगै पारिवारिक संस्कार आदिको महत्त्वपूर्ण भूमिका रहेको पाइन्छ। जीवन थिङको व्यक्तित्व निर्माणमा राजतन्त्रकालीन र विलयकालीन सिक्किमको सामाजिक स्थिति, राजनैतिक परिवेश, पारिवारिक संस्कार आदिको गहिरो प्रभाव रहेको मान्न सकिन्छ।

एकान्त प्रेमी, थोरै बोल्ने, मृदुभाषी साथै गम्भीर स्वभाव रहेका जीवन थिङ देख्नमा पाँच फुट पाँच इन्च उँचाइ भएका दुब्ला पातला, संवेदनशील, भावुक एवम् नम्र, भद्र, विनयशील रहेको कुरो दिदी माया थिङ बताउँछिन्। ठुलाठुला आँखामा सँधै च स्मा लगाइरहने, थेप्चे नाक र कालो बाक्लो कपाल भएका प्रायः सधैं गलामा गल्फन बाँधी राख्ने जीवन थिङ दुब्ला पातला भए पनि उनको शरीरिक व्यक्तित्व आकर्षक रहेको कुरो उनका मित्रहरूबाट थाहा लाग्दछ। धेरैजस्तो समय पुस्तक अध्ययनमा बिताउने र निरन्तर लेखिरहने थिङ सधैं भावनामा डुबिरहेका देखिन्थे भन्ने कुरो उनलाई चिन्नेहरू बताउँछन्। पुस्तक पठनपाठन, साहित्य अध्ययन, लेखनका अतिरिक्त खेलकूद, नाच-गान आदिमा पनि रूचि राख्ने थिङले अन्यलाई पनि यस दिशातर्फ प्रोत्साहन गर्ने गरेको कुरो

---

[2]हेमाङ्गराज अधिकारी र बद्रीविशाल भट्टराई, सन् २०१३, *प्रयोगात्मक नेपाली शब्दकोश,* काठमाडौं , विद्यार्थी प्रकाशन, प्रा.लि, पृ. ११८९

[3]गोविन्द प्रसाद चापागाई, सन् २०००, भवानी घिमिरे : व्यक्तित्व र कृतित्व, काठमाडौं, प्रतिभा प्रकाशन, पृ. २५

थाहा पाइन्छ भने आफू घरमा भएका बेला कहिलेकाहीँ दिदीहरूलाई भान्छाको काममा समेत सहयोग गर्ने गरेको कुरो उनका दिदीहरूबाट थाहा लाग्दछ।

### २.२.१ जन्म

नेपाली साहित्य जगत् मा *जीवन थिङको* नामले चिनिने कविको पुरा नाम *जीवन कुमार थिङ* हो। उनी १९ दिसम्बर सन् १९५५ मा दक्षिण सिक्किमको नाम्चीमा जन्मिएका हुन्। नाम्चीमा जन्मिएका जीवन थिङको पुर्खौली थलो पूर्व सिक्किम गान्तोक सिच्छे, तामाङ गुम्पा परिसर हो। वर्तमान समयमा पनि उनका सन्तान सिच्छे तामाङ गुम्पा स्थित आफ्नै पुर्खौली स्थानमा नै रहेको पाइन्छ। जीवन थिङको जन्म *पिता कार्साङ थिङ र* माता *डोल्मी थिङको* कोखबाट भएको थियो। जीवन थिङको जन्म उनकी दुई दिदीपछि परिवारको जेठो छोराका रूपमा भएको थियो। उनको जन्म त्यस समयको साधारण मध्यम वर्गीय तामाङ परिवारमा भएको थाहा पाइन्छ।

जीवन थिङकी आमाबाट प्राप्त जानकारीअनुरूप जीवन थिङको जन्म भएको समयमा जीवन थिङका पिता तत्काल सिक्किम सरकारको स्वास्थ्य विभागअन्तर्गत नाम्ची अस्पतालमा भेक्सिनेसन इनस्पेक्टरका रूपमा कार्यरत थिए। यस कुराको प्रमाण सिक्किम सरकारद्वारा सन् २०१७, जुलाई-अगस्ट महिनमा प्रकाशित *सिक्किम टुडे, हेल्थ केयर एन्ड मेनेजमेन्ट इन् सिक्किम* नामक पत्रिकामा छापिएको लेख र तस्वीरले प्रमाणित गरेको पाइन्छ।[4]

### २.२.२ बाल्यकाल

जीवन थिङको जन्म दक्षिण सिक्किम नाम्चीमा भएको हुनाले उनको बाल्यकाल लगभग २ वर्ष नाम्चीमा नै बितेको कुरो थाहा लाग्दछ। नाम्चीबाट उनका पिताको सरुवा भए पछि जीवन थिङ आफ्ना पितासँगै गान्तोकको पुर्खौली घरमै आएको जानकारी पाइन्छ। स्कूले शिक्षा पुरा हुन्जेलसम्म थिङको किशोर जीवन गान्तोकमा नै बितेको पाइन्छ। जीवन

[4]Government of Sikkim, Sikkim Today health care and management in Sikkim, July- August 2017, volume 12, 3rd Issue

थिङको जन्मपछि वर्ष दिनमै उनका भा  इ दिलिप थिङ जन्मेकाले दिदी माया थिङको देखरेखमा जीवन थिङ हुर्केको  कुरो आमा बताउँछिन्। माया थिङ परिवारकी ठुली र कमाउने छोरी भएकीले पिता कार्साङ थिङको आदेशअनुरूप जीवन थिङको उच्च शिक्षामा लाग्ने खर्च माया थिङले दिने गरेको र दिदी माया थिङले जीवन थिङको उच्च शिक्षामा लेग्ने खर्च बेहोरेको पाइन्छ। दिदीको बिहेपछि पनि थिङलाई पढाइमा लाग्ने खर्च माया थिङले नै दिने गरेको कुरो ३.११.१९७१ मा माया थिङले जीवन थिङलाई लेखेको पत्रबाट स्पष्ट हुँदछ। त्यस समयमा माया थिङको मासिक बेतन १५० रूपियाँ रहेको र भाइको पढाइका निम्ति अङ्के रूपयाँ १००/- दिने गरेको कुरो चिठ्ठीमा उल्लेखित छ।[5]

सानैदेखि रोगी र खिनौटे शरीर भएका जीवन थिङको नाम्चीबाट पिता कार्साङ थिङको सरुवा भएर गान्तोक आएपछि तीन वर्षको उमेरमा बुद्धिष्ट परम्पराअनुसार छेवार संस्कार गान्तोकमा सम्पन्न भएको जान्न पाइन्छ।[6] उनको बाल्यकाललाई हेर्दा सानै उमेरदेखि नै थिङ रोगी रहेका र आमाको स्तनपान गर्नसम्म नपाएका साथै भाइ दिलिप थिङ बामे सर्न थाल्दासम्म पनि जीवन थिङ बामे सर्न समेत असक्त रहेका कुरा थाहा लाग्दछ। शारीरिक रूपमा कमजोर थिङ पढ्नमा खुबै होनहार रहेको जानकारी परिवारका सदस्यहरूबाट पाइन्छ।

### २.२.३ पारिवारिक पृष्ठभूमि

पूर्व सिक्किम गान्तोक सिच्छे तामाङ गुम्पा परिसरका बासिन्द थिङका परिवार खाँटी सिक्किमे रहेको थाहा लाग्दछ। जीवन थिङको परिवार तामाङ समुदायका भएका हुनाले उनको परिवार बौद्ध धर्मावलम्बी रहेको र त्यसको प्रभाव थिङमा प्रशस्त परेको बोध गर्न सकिन्छ। जीवन थिङका पिता कार्सङ थिङका दुईवटी पत्नी रहेको थाहा पाइन्छ। जीवन थिङकी आमा *डोल्मी थिङ* जेठी र सानीआमा *दोर्जीडेम थिङ* अस्पतालमा नर्सको रहेको

[5]परिशिष्टाङ्क

[6]बिजु प्रसाई, सन् २०००, माटो कवि जीवन थिङ व्यक्तित्व र कृतित्व, जी.एम. गुरूङ प्रकाशन, पृ. १

कुरो जान्न पाइन्छ। दुईवटी पत्नीसँग कार्साङ थिङका दुई गुँडका गरेर जम्म पन्ध्रजनाको संयुक्त परिवारमा जीवन थिङको बाल्यकाल बितेको थियो। जीवन थिङकी दिदी माया थिङ अनुसार, त्यस समयमा जीवन थिङका परिवारमा पिता कार्सङ थिङ र माता डोल्मी थिङ पट्टिका माया थिङ, प्रेम थिङ, जीवन थिङ, दिलिप थिङ, बहिनीहरू कुसुम थिङ, माला थिङ, सुधा थिङ, बन्दना थिङ अनि आठ वर्षको उमेरमा दिवङ्गत बनेका किस्मत थिङ र सोह्र वर्षको उमेरमा दिवङ्गत बनेका सोनाम थिङ गरेर नौंजना छोरा छोरी रहेको पाइन्छ भने सानीआमा दोर्जीडेम थिङपट्टिका दुईछोरी इडेन थिङ, फिगु थिङ र दुर्घटनामा परेर दिवङ्गत बनेका एकजना छोरा नामगे थिङ गरेर तीन सन्तान रहेको कुरो जान्न पाइन्छ।

जीवन थिङको देहान्तपछि थिङ परिवारमा जीवन थिङका पिता, सानीआमा, सानीआमापट्टी कै भाइ नामगे थिङ, किस्मत थिङ, सोनाम थिङ बाहेक हाल दिदी-बहिनी साथै भाइ दिलीप थिङ र ९६ वर्षकी बृद्धा आमा अद्यावधि सकुशल छन्।

### २.२.४ आर्थिक अवस्था

जीवन थिङको परिवार आर्थिक सबलताका दृष्टिले सर्वसम्पन्न परिवार रहेको पाइन्छ। वर्तमान समयमा जीवन थिङका परिवारका सबै सदस्यहरू सरकारी जागिरे रहेकोले उनीहरूको आयस्रोत सबल रहेको बुझिन्छ।

परिवारका सदस्यहरूसँगको अन्तर्वाताअनुसार तत्कालीन समयमा जीवन थिङका पारिवारको आर्थिक अवस्था कमजोर रहेको र ठुलो संयुक्त परिवार भएका हुनाले परिवार चलाउन कठिन रहेको कुरो जान्न पाइन्छ। कार्सङ थिङको आर्थिक उपार्जनको बाटो एक मात्रै जागीर थियो। त्यसबेला मात्र १५ रूपयाँको सरकारी वेतन खाएर कार्सङ थिङलाई बढ्दै आएको जहानको खर्च धान्न निक्कै गाह्रो पर्ने गर्थ्यो। [7] माया थिङ अनुसार पिताको वेतनले परिवार चलाउन कठिन पर्ने हुनाले उनीहरू खेतीपाती र गाई बाखाहरू पालेर

[7]बिजु प्रसाई, ऐजन, पृ. २

आफ्नो परिवारको आवश्यक्ता पूर्ण गर्दथे। जसको सहयोगमा परिवारको खर्च उठाउन सहज हुने गरेको उनी बताउँछिन्।

सन् १९७८ मा थिङका पिता कार्साङ थिङको मृत्यु भए पछि परिवारिक खर्च धान्न हम्मे परेको अनुभव माया थिङ बताउँछिन्। वर्तमान समयमा जीवन थिङका परिवारका सबै सदस्यहरूको आआफ्नै घर गृहस्थी छ। उनका भा इ दिलिप थिङ र केही दिदी बहिनीहरू गान्तोकका बासिन्द रहेका छन् भने केहो बहिनीहरू गेजिङ र सिक्किमका अन्य ठाउँमा बिहे गरेर गएको पाइन्छ। तामाङ गुम्पा स्थित जीवन थिङको मूल घरमा वर्तमान समयमा उनकी आमा डोल्मी थिङ, भाइ दिलिप थिङ, बुहारी दिच्छेनडोल्मा थिङ अनि दिलिप थिङका छोरा छिरिङनोर्गेल थिङ, छिमीपाल्मु थिङ र डिकीपाल्मु थिङ आदि संयुक्त परिवारका स्दस्यहरूका रूपमा वसोवास गर्दछन्।

### २.२.५ शिक्षा-दीक्षा

जीवन थिङका पिता कार्सङ थिङ शिक्षित थिए। उनका पिता शिक्षित भएकाले शिक्षाको महत्त्व बुझेका थिए। त्यसैले उनले सबै छोरा छोरीलाई सानैदेखि स्कुल पठाएको र परिवारमा सबै सदस्यहरू शिक्षित रहेको पाइन्छ। सानै उमेरदेखि कु शाग्र बुद्धिका धनी थिङ कुनै पनि कुरो छिट्टो टिप्न सक्ने र जिज्ञासु स्वभावका रहेको थाहा पाइन्छ। सन् १९७७ मा उत्तरबङ्ग विश्वविद्यालयबाट राजनीति शास्त्रमा स्नातकोत्तर पुरा गरेका जीवन थिङको स्कुले जीवनको थालनी पाँच वर्षको उमेरदेखि गान्तोकको *पाल्जर नामग्याल कन्या पाठशाला*बाट[8] भएको थियो। जीवन थिङले गान्तोकको पाल्जर नामग्याल कन्या पाठशालाबाट कक्षा ४ सम्मको औपचारिक शिक्षा पुरा गरेका थिए। त्यस समयमा होनहार र ज्ञानी विद्यार्थीहरूलाई *डबल प्रमोसन* भनेर कक्षा बढोत्तरी गरिने चलन थियो। जीवन थिङ पनि ज्ञानी विद्यार्थी रहेका हुनाले उनले पनि डबल प्रमोसन पाएको कुरो जीवन थिङकी दिदी माया थिङबाट थाहा लाग्दछ। जीवन थिङले कक्षा पाँचदेखि प्रवेशिकासम्मको

[8]बिजु प्रसाई, ऐजन, पृ. १-२

शिक्षा गान्तोककै *टासी नामग्याल अकादमी* (TNA) -बाट सन् १९७० मा र उच्चतर माध्यमिक स्तरको शिक्षा *टासी नामग्याल सिनियर सेके न्डेरी स्कुल* ( TNSS)-बाट सन् १९७२ मा पुरा गरेका थिए। त्यस समयमा सिक्किममा महाविद्यालय स्थापित नभएकाले जीवन थिङ आफ्नो स्नातक स्तरको शिक्षा आर्जन गर्न सन् १९७२ सालमा दार्जिलिङको *सन्त जोसेफ कलेज* भर्ना भएका थिए। सन् १९७५ मा दार्जिलिङ *सन्त जोसेफ कलेज*बाट उनले राजनीति विज्ञानमा स्नातक स्तरको शिक्षा सम्मानसँग उतीर्ण गरेपछि उत्तरबङ्ग विश्वविद्यालयबाट राजनीति विज्ञानमा सन् १९७७ को दिसम्बरमा स्नातकोत्तर स्तरको शिक्षा पुरा गरेको कुरो उनको उत्तरबङ्ग विश्वविद्यालयको स्नातोकत्तर स्तरको परीक्षा पत्रबाट प्रमाणित हुँदछ।[9]

### २.२.६ स्वभाव

मानिसको प्रकृति तथा स्वभावलाई उसका हरेक व्यावहारिक क्रियाकलाप र आचरणले प्रतिनिधित्व गरेको हुन्छ। [10] वास्तवमा मानिसको स्वभाव नै व्यक्तिको व्यक्तित्व हो। व्यक्तिको क्रियाकलाप र आचरणले उसको स्वभाव निर्माण भएको हुन्छ। जीवन थिङ गम्भीर स्वभावका भएकाले उनी एकान्तप्रिय, मितभाषी, शान्त परिवेश मन पराउने स्वभावका थिए। स्वभावैले एकान्तप्रिय रहेकाले पुस्तक पठन पाठन र अध्ययनमा पर्याप्त समय बिताउने र फुर्सदका क्षणमा लेखिरहने उनको स्वभाव थियो। आफ्ना कपडा, पुस्तक कापी, लेख्दै छाडदै गरेका कागजका टुक्राहरू सबै लथालिङ्गै राख्ने अनि खान दिएको कुरामा पनि त्यति ध्यान नदिने र घरका परिवारका सदस्यहरूले सबै कुराहरू मिलाएर राखि दिनुपर्ने स्वभाव जीवन थिङको रहेको कुरो आमा बताउँछिन्।

नकारात्मक सोच राख्ने र असामाजिक कुराहरूमा लाग्नेहरूको विरोधमा खडा रहने विद्रोही स्वभाव भएका थिङको प्रतिवाद जनाउने विद्रोही स्वभाव सानैदेखि रहेको

---

[9]परिशिष्टाङ्क

[10]गोविन्द प्रसाद चापागाई, सन् २०००, *भवानी घिमिरेः व्यक्तित्व र कृतित्व, काठमाडौं,* प्रतिभा प्रकाशन , पृ. ९

कुरो थाहा लाग्दछ। आफ्नो पढा इ र साहित्य लेखनबाहेक अन्य बाह्य कुरा त्यति मन नपराउने थिङ असल वक्ता, कुशल तार्किक र आर्कषक कार्यक्रम सञ्चालक रहेको कुरो उनका समकालीन सुवास दीपकबाट थाहा लाग्दछ। अध्ययनशील स्वभावका जीवन थिङ आफ्नो औपचारिक पढा इसँगै साहित्य लेखन र अध्ययन तिर विशेष आकृष्ट रहने र साहित्यिक गोष्ठी, प्रतियोगिताहरूमा भाग लिने प्रतिस्पर्धीसँगै तर्कशक्ति र वौद्धिक कौशल रहेको कुरो उनका भिनाज्यू बसन्त लामिछानेबाट थाहा लाग्दछ।

### २.२.७ स्वास्थ्य

मानिसका लागि स्वास्थ्य ठुलो सम्पति हो। त्यसैले भनिन्छ स्वास्थ्य नै धन हो। स्वास्थ्यको साथ नरहे कुनै पनि कार्य गर्न सकिदैंन। जीवन थिङ स्वास्थ्यका सन्दर्भमा दुर्वल थिए, रोगी थिए। उनीभन्दा साना भाइ दिलिप थिङ टुकुटुकु हिँड्न थाल्दासम्म जीवन थिङ हिड्न नसकेको कुरोबाट उनी रोगी अस्वास्था र निर्वल रहेको थाहा पाइन्छ। दिदीहरूले हातमा समातेर अनि काठको ठेला गाडीमा ठेल्दै जीवन थिङलाई हिँड्न सिकाएको कुरो थाहा लाग्दछ[11] भने आमाको स्तनपान नगरेका थिङलाई गाईको दुध खुवाएर बचाइएको कुरो आमा डोल्मी थिङ बताउँछिन्। जन्मेदेखि पातलो, खिनौटे शरीर भएका थिङलाई प्रायः रूगा खोकी, ज्वरोले सताइ रहने कुरो आमा डोल्मी थिङ बताउँछिन् ।रोगी थिङको स्कुले जीवन परिवारको देखरेखमा घरमै बिते पनि कलेज कढनलाई दार्जिलिङ गएका थिङलाई दार्जिलिङको ठण्डा जलवायुमा नफाबेर चिसो लागिरहने र बिरामी भैरहने गरेको कुरो परिवार बताउँछन्। यस कुराको पुष्टि जीवन थिङलाई उनी दार्जिलिङ पढदा घरबाट लेखिएको चिठ्ठीले स्पष्ट पार्दछ। [12] अध्ययनमा अब्बल र दक्ष थिङ उच्चशिक्षाका लागि दार्जिलिङ गएपछि घरबाट दिदी माया थिङले लेखेको पत्रमा ..."दवाई सही समयमा खानु, चिसोमा बेसी नघुम्नु, तातो लुगा लगाउनु"... आदि कुराहरू लेखेबाट उनी रोगी रहेको र

---

[11]बिजु प्रसाई, ऐजन, भूमिका

[12]परिशिष्टाङ्क

उनको स्वास्थ्य सम्बन्धित अनुमान गर्न सकिन्छ। जीवन थिङ *फिब्रोसिस्* (*Fibrosis,* फोक्सोको बिमारी)-नामक बिरामीले ग्रस्त रहेको र पछि यसै बिमारीका कारण शल्याचिकित्सा असफल हुँदा उनी बाँच्न सकेनन् र नेपाली साहित्यमा भरखरै उदाएका एक नक्षेत्र सदालाई बिलिन भएको गएको पाइन्छ।

## २.३ जीवन थिङको कृतित्वको परिचय

अल्पायुमा दिवङ्गत बन्न पुगेका र थोरै समयावधिसम्म मात्रै साहित्य लेखनमा सक्रिय रहेका जीवन थिङको हालसम्म एउटै मात्र कृति *साङलीभित्र बाँधिएका घोडाका टापहरू* प्रकाशित रहेको छ। उक्त पुस्तक सन् १९८३ मा दार्जिलिङ श्याम ब्रदर्स प्रकाशनद्वारा प्रकाशित गरिएको हो। जीवन थिङको पुस्तक *साङलीभित्र बाँधिएका घोडाका टापहरू* पहिलो र दोस्रो भाग गरेर दुई भागमा विभाजित रहेको पाइन्छ। यस पुस्तकको पहिलो भागमा जीवन थिङका १२ वटा कथाहरू सँगै एउटा लेख प्रकाशित रहेको छ भने दोस्रो भागमा थिङका ७९ वटा कविता, नार्सिसस् (खण्डकाव्य), १८ वटा मुक्तक अनि ५ वटा गीत सङ्ग्रहित छन्।

*साङलीभित्र बाँधिएका घोडाका टापहरू* पुस्तकमा सङ्कलित जीवन थिङका अधिकांश कथा, कविता, गीत, लेखहरू विभिन्न पुस्तक, पत्र-पत्रिका आदिमा प्रकाशित भएको पाइन्छ भने उनका कतिपय पत्र पत्रिकामा प्रकाशित रचनाहरू हाल अप्राप्य रहेको पाइन्छ।

## २.४ साहित्यिक व्यक्तित्वका रूपमा जीवन थिङ

भारतेली नेपाली साहित्यका एकजना प्रखर क्रान्तिकारी कविका रूपमा चिनिने जीवन थिङ राजनीति विज्ञानका विद्यार्थी थिए। राजनीति विज्ञानका विद्यार्थी भए पनि उनी साहित्यका सच्चा साधक रहेको कुरा उनका सिर्जनाहरूले स्वतः प्रमाणित गर्दछन्। अल्पायुमा दिवङ्गत बन्न पुगेका थिङ साहित्यप्रति धेरै रूची राख्ने व्यक्ति रहेको कुरो उनले छोटो समयावधिमा साहित्य लेखनप्रति दिएको योगदानबाट बुझ्न सकिन्छ। विद्यार्थी छँदादेखि नै थिङले

साहित्य लेखन सुरु गरेका थिए। उनले स्कुलमा आयोजना गरिने निबन्ध लेखन प्रतियोगिता, कविता वाचन, तर्क प्रतियोगिता आदिमा सक्रियतापूर्वक भाग लिने गरेको कुरो जान्न पाइन्छ। जीवन थिङको साहित्यिक यात्रा विद्यार्थी कालका यस्तै प्रतियोगिताहरूबाट सुरु भएको बुझिन्छ।

मानिस कसैबाट प्रेरित वा प्रोतसाहित बन्ने गर्दछ। पहिलोपल्ट जीवन थिङ पनि प्राध्यापक *जेरोङ मुखिया* बाट प्रेरित बनेको कुरो थाहा पाइन्छ। आफ्ना गुरू जेरोङ मुखियाबट आफ्ना रचनाको प्रशंसा सुनेपछि उनी प्रेरित, प्रोत्साहित भएर लेख्न थालेका थिए। यही उत्सावर्धक प्रोत्साहन नै थिङका निम्ति साहित्य लेखनमा सबैभन्दा दह्रिलो प्रेरणा भएर जागेको देखिन्छ।[13]

सिक्किम भारतको राज्य हुनुभन्दा पहिले तत्कालीन *पोलिटिकट अफिस* वर्तमान समयको सिक्किम राजभवनमा तत्कालीन सरकारद्वारा विभिन्न अवसर र जयन्तीहरूमा विद्यार्थीहरूका निम्ति विभिन्न प्रकारका कार्यक्रमहरूको आयोजना गर्ने गरिन्थ्यो। पोलिटिकल अफिसमा आयोजित कविता वाचन, निबन्ध लेखन, तर्क प्रतियोगिता प्रायः सबैमा नै जीवन थिङले सहभागिता जनाउने गरेको र पोलटिकल अफिसमा आयोजना गरिने यस्तै साहित्यिक प्रतियोगिताहरूले थिङलाई साहित्य लेखनप्रति अझ प्रभावित एवम् प्रेरित गरेको कुरो थाहा लाग्दछ।

जीवन थिङले सन् १९९२ मा *सन्त जोसेफस् कलेज* मा भर्ना लिएपछि उनीले साहित्य सिर्जनामा अझ सक्रियतापूर्वक कलम चलाउन थालेको र आफ्ना रचनाहरूलाई प्रकाशनमा ल्याउन थालेको थाहा पाइन्छ। साहित्यिक गतिविधिहरूमा चाख राख्ने थिङमा त्यस समय दार्जिलिङमा रहेका दुईवटा साहित्यिक मोर्चाहरू मध्ये तेस्रो आयाम एवम् प्रगतिवादको प्रभाव परेको पाइन्छ।[14] साहित्य लेखनमा समर्पित जीवन थिङ कवि चन्द्र

---

[13]बिजु प्रसाई, ऐजन, पृ.३

[14]घनश्याम नेपाल, वर्ष ८, अङ्क १३, प्रक्रिया, नेपाली कवि दिवाङ्गत विशेषाङ्क, पृ. ९१

शर्मा, भरत यादव, बी. योञ्जन, अगमसिंह गिरी, हरिभक्त कटुवाल, भूपि शेरचन, आयामेली लेखक इन्द्रबहादुर राई, ईश्वरबल्लभ, बैरागी काइलाहरूबाट प्रेरित भएको पाइन्छ [15] भने साहित्यकार दान खालिङको सङ्गतमा आएपछि जीवन थिङले समयसापेक्ष कविताहरू लेख्न थालेको र कविताका अतिरिक्त साहित्यका अन्य विधामा पनि उत्तिकै कलम चलाएको देखिन्छ।

उनका रचनाहरूमा अलबर्ट कामु, टि. एस इलियट, कार्ल मार्कस्, ग्रीक मिथोलोजी र पूर्वीय पुराकथाहरूको विशेष प्रभाव रहेको देखिन्छ। [16] मूलरूपमा उनका कविताहरू बौद्ध दर्शन, हिन्दु घर्म र ईसाई धर्मका प्रसङ्गहरूले प्रभावित रहेका छन्।जीवन थिङमा साहित्याप्रति विद्यार्थी अवस्थादेखि नै रूची भएकाले कलेजसम्म पुग्दा उनमा साहित्यप्रतिको रूची रूची मात्रै नभेर अध्ययन र अनुसन्धानको विषय बनी सकेको पाइन्छ।विद्यार्थी कालदेखि नै थिङले सिर्जना गरे पनि उनी दार्जिलिङ आएपछि मात्रै उनका रचनाहरू प्रकाशित हुन थालेको पाइन्छ भने उनी स्कुलका विद्यार्थी हुँदा लेखेका उनका फुटकर कविता, निबन्ध, लेखहरू प्रकाशित हुन नसकेर यसै हराएर गएको कुरो थाहा लाग्दछ।

जीवन थिङको प्रथम प्रकाशित कविता *काँशी जलिरहोस्*को प्रकाशन पछि थिङका रचनाहरू दार्जिलिङ सन्त जोसेफ कलेजबाट वार्षिक रूपमा प्रकाशित हुने पत्रिका *नर्थ पोइण्टरमा* प्रकाशित भएको पाइन्छ।उनका थुप्रै कविताहरू त्यस समयमा प्रकाशित हुने पत्रिकाहरू *प्रज्ञा, मधुपर्क, रत्नश्री, रमिता, श्रीनगर, दियालो, दीयो, हिमालोक, अस्तित्व, नवज्योति* आदि पत्र-पत्रिकाहरूमा प्रकाशित भएको कुरो थाहा लाग्दछ। [17] जीवन थिङका सिर्जनाहरूमा राष्ट्रप्रेम, प्रकृति चित्रण, सामाजिक विसङ्गति, राजनैतिक ह्रास, भविष्यप्रतिको

---

[15]पुष्प शर्मा, सन् २०१२, *सिक्किमे नेपाली कविताः विश्लेषण र मूल्याङ्कन ,(सम्म 1990 — 1940 सन्)* ,साहित्य सिर्जना सहकारी समिति लिमिटेड, प्र.सं., पृ. १७१

[16]बिजु प्रसाई, ऐजन, पृ. ३-४

[17]जीवन थिङ, सन् १९८३, साङ्लीभित्र बाँधिएका घोडाका टापहरू, दार्जिलिङ, श्याम ब्रदर्स प्रकाशन, भमिकाबाट

चिन्ता, आशा, व्यङ्ग्य, आञ्चलिकताबोधक चेतना प्रतिविम्वित भएको पाइन्छ भने उनका रचनाका आधारमा उनी प्रगतिवादी, यथार्थवादी, क्रान्तिकारी, अस्तित्ववादी साथै राष्ट्रिय प्रेमी साहित्यकारका रूपमा चिनिएका छन्।[18]

### २.४.१ कविका रूपमा जीवन थिङ

नेपाली साहित्यमा मूल रूपमा जीवन थिङ कविका रूपमा चिनिन्छन्। साहित्यका विभिन्न विधाहरूमध्ये कविता विधामा उनको योगदान अधिक रहेको छ। थिङका कविताको पृष्टभूमि नै सत्तरीको दशकको सिक्किम देश र तत्कालीन परिवेश रहेको पाइन्छ। जीवन थिङका कवितामा सिक्किमको सङ्कटपूर्ण स्थिति, राजनीतिक वातावरण, सामाजिक शिथिलता, राष्ट्रिय अस्मिता, सिक्किम भारतमा विलयको प्रसङ्ग, तत्कालीन नागरिकको मौनता, आञ्चलिक परिवेश, भविष्यप्रतिको आशा आदि जस्ता पक्षहरू अभिव्यक्त भएको पाइन्छ भने यसैसँग उनका कवितामा बिम्ब, प्रतीक, मिथकको व्यापक रूपमा प्रयोग भएको पाइन्छ।

सन् १९७५ भन्दा अघि सिक्किममा प्रकाशनको अभाव रहेको पाइन्छ। पत्र पत्रिकाहरूमा लेख, कविताहरू छापिन साह्रो पर्ने अवस्था रहेकाले थिङका सन् १९७२ भन्दा अघि स्कुलका विद्यार्थी छँदा लेखिएका कविताहरू प्रकाशनमा आउन नसकेको र यसै हराएर गएको कुरो जान्न पाइन्छ। उनले स्कुल पढदा  लेखेका कविताहरू हाल सबै नै अप्राप्य छन्। उनका हालसम्म प्राप्त कविताहरू दार्जिलिङ सन्त जोसेफ कलेज अध्ययनताक लेखिएका हुन् भन्ने परिवारको भनाइ छ।

प्रस्तुत शोधप्रबन्धको खोज र अनुसन्धान  गर्दा जीवन थिङको हालसम्म प्राप्य र प्रकाशित कविता ८२ वटा रहेको थाहा लागेको छ। उनको *साङलीभित्र बाँधिएका घोडाका टापहरू*मा प्रकाशित ७९ वटा कवितासँगै *नर्थ पोइण्टर*मा प्रकाशित दुईवटा कविता र दियालो पत्रिकामा प्रकाशित एउटा कविता गरेर हालसम्म भेटिए अनुरूप

[18]बिजु प्रसाई, ऐजन, पृ. ७

उनका ८२ वटा कविता रहेका छन्। उनको *दियालो* (सन् १९७३)-मा प्रकाशित *काँशी जलिरहोस्* पहिलो कविता अप्राप्य रहेको पाइन्छ। [19] यस कविताको प्रकाशनपछि थिङका प्रकाशित कविताहरू दार्जिलिङ सन्त जोसेफ कलेजबाट वार्षिक रूपमा प्रकाशित हुने पत्रिका *नर्थ पोइण्टर,* सन् १९७२-७३ मा प्रकाशित *प्यारालाइज्ड चिन्तन र एउटा च्यातिएको युग* अनि सन् १९७५-७६ मा प्रकाशित *नर्थ पोइण्टरलाई मेरो सम्झना भरिको सलाम* आदि कविता लगातार रूपमा प्रकाशित भएको पाइन्छ।[20]

*साङली भित्र बाँधिएका घोडाका टापहरू* पुस्तकमा सङ्ग्रहित थिङका कविताहरूलाई आयाम र संरचनाका हिसाबले लघुआयाम र दार्घआयामका कविताका रूपमा विभाजन गर्न सकिन्छ। उनका कविताहरूलाई एक पृष्ठका र एक पृष्ठभन्दा लामा गरेर दुई भागमा विभाजन गरेर हेर्ने सकिने हुँदा आयाम र संरचनाका आधारमा थिङका एक पृष्ठभन्दा लामा आकारमा लेखिएका अर्थात् दीर्घआयामका कविताहरू ६० वटा रहेका छन् भने एक पृष्ठका र एक पृष्ठभन्दा छोटा, लघुआयामका कविताहरू १९ वटा रहेका छन्। जीवन थिङका कवितामा विशेष गरेर राष्ट्रियतावादी चेतना, आञ्चलिक भाव, विद्रोही स्वर, क्रान्तिचेत, सामाजिक ह्रास, विसङ्गतिबोध, प्रगतिवादी चेतना, प्रकृति चित्रण रहेको पाइन्छ। जीवन थिङलाई साहित्य जगतमा क्रान्तिकारी, राष्ट्रवादी, प्रगतिवादी कविको रूपमा पनि चिनिन्छ। [21] जीवन थिङका कवितामा प्रतिबिम्बित क्रान्तिकारी स्वर अत्यन्त तीव्र अनि प्रभावकारी रहेको पाइन्छ। उनका कवितामा तत्कालीन सिक्किमको भौगोलिक, सामाजिक, प्राकृतिक, आञ्चलिक, आर्थिक, राजनैतिक आदि विभिन्न पक्षहरूको चित्रण भएको पाइन्छ। जीवन थिङका कवितामा अभिव्यक्त भएका प्रसङ्गहरूको अनुभूतिले सन् १९७५ भन्दा अघि र सन् १९७५ भन्दा पछिको सिक्किमको समयलाई बोध गराउन सहयोग गर्दछ। जीवन थिङका कविताहरू सिक्किमको तत्कालीन युगलाई बोध गराउँदै

---

[19]बिजु प्रसाई, ऐजन, पृ. ५
[20]पुष्प शर्मा , ऐजन, पृ. १७१
[21]उदय छेत्री, ऐजन, पृ. ६५१

त्यस समयको सामाजिक, राजनीतिक, आर्थिक, भौगोलिक, धार्मिक आदि पक्षहरूलाई स्पष्ट पार्ने किसिमका रहेका छन् भने उनका कवितामा पाइने प्रवृत्तिगत विशेषताहरूमा क्रान्तिकारी स्वर, प्रगतिवादी विचारधारा, आञ्चलिकताबोध, राष्ट्र प्रेम, अस्तित्वबोध रहेको पाइन्छ।

### २.४.२ खण्डकाव्यकारका रूपमा जीवन थिङ

उमेरभन्दा धेरै परिपक्व, अनुभवी र कुसाग्र बुद्धिका जीवन थिङको एउटै मात्रै खण्डकाव्य *नार्सिसस्, साङ्लीभित्र बाँधिएका घोडाका टापहरू* प्रकाशित रहेको पाइन्छ। यस खण्डकाव्यलाई अपूर्ण खण्डकाव्य मानिन्छ। सातवटा खण्डहरूमा विभाजित *नार्सिसस्* खण्डकाव्यको सातौं खण्ड अपूर्ण रहेको पाइन्छ। खण्ड ७ तीन पङ्क्ति मात्रै लेखिएकाले पनि यस खण्डकाव्यलाई अपूर्ण खण्डकाव्य मान्न सकिन्छ।

कलकत्ता अस्पतालबाट स्वास्थ्य उपचार सकेर सिक्किम फर्केपछि *नार्सिसस्* खण्डकाव्यलाई पूर्ण गरौँला भन्ने विचार राखेका थिङले आफ्नो अडान पूर्ण गर्न नसकेको कुरो जान्न पाइन्छ। जीवन थिङ कलकत्ताबाट स्वस्थ्य भएर सिक्किम फर्किन सकेनन्। त्यसैले उनको नार्सिसस् खण्डकाव्य सदालाई अपूर्ण नै रह्यो। उनले कलकत्ता अस्पतालमा उपचाराधीन अवस्थामा घनश्याम नेपाललाई लेखेको पत्रमा "...मेरो नार्सिसस् पनि त शेष गर्नु छ। अझै दुई खण्ड बाँकी नै छ ..."। भनी लेखेका पत्रबाट उपचार पछि सिक्किम फर्केर *नार्सिसस्* खण्डकाव्यलाई पुरा गर्ने सोच राखेको थाहा लाग्दछ।[22] अभाग्यवश उनको *नार्सिसस्* खण्डकाव्यलाई पुरा गर्ने सपना पुरा हुन सकेन र उनको यो धोको धोकै रह्यो अनि नार्सिसस् अपूर्ण खण्डकाव्य बन्यो।

उक्त खण्डकाव्य ग्रिसेली मिथमा आधारित गद्यमा लेखिएको खण्डकाव्य हो। यस खण्डकाव्यको खण्ड १ घनश्याम नेपालद्वारा सम्पादन गरिएको पाइन्छ भने नेपाली साहित्यिक द्वैमासिक पत्रिका *शिखर*-को अङ्क १ र अङ्क २ मा पहिलो आधार र दोस्रो

[22]बिजु प्रसाई, ऐजन, पृ. ३५

आधार गरी छापिएको पाइन्छ।[23]यस खण्डकाव्यको शीर्षक नै *नार्सिसस्* रहेकाले शीर्षक प्रतीकात्मक, व्यङ्ग्यात्मक र विसङ्गतियुक्त रहेको पाइन्छ। यस खण्डकाव्यमा ग्रिसेली मिथकलाई आधार बनाइएको छ। वास्तवमा ग्रिसेली मिथकका आधारमा नार्सिसस् एकजना ग्रिसेली राजकुमार हुन्। जो आफ्नो सुन्दर्तामा मोहित भएर पोखरीमा आफ्नो प्रतिबिम्ब हेर्दाहेर्दै आफ्नै रूपमा मोहित भएर आफै त्यही पोखरीमा डुबेर मरेका थिए। आफ्नो मोहोमा चाहिए भन्दा बेसी मोहित भएर आफ्नो अस्तित्व आफ्नै गल्तीले मेट्न पुगेको कथा *नार्सिसस्*-को छ। जीवन थिङले ग्रिसेली यसै मिथलाई आधार बनाएर प्रतिकात्मक रूपमा तत्कालीन सिक्किम र सिक्किमेप्रति व्यङ्ग्य कस्दै उक्त खण्डकाव्य रचेको पाइन्छ। उनले यस खण्डकाव्यद्वारा तत्कालीन सिक्किमको राजनीतिक अस्थिरता, देश हराउनुको चोट, आफ्नो स्वत्व, अस्तित्व लोप हुँदाको ह्रास अनि यहाँका नागरिकहरूको मौनताप्रति इङ्गित गर्दै तिखो व्यङ्ग्य गरेका छन्। तत्कालीन राजनीतिक उथलपुथल र खजमजले खजमजिएको सिक्किम र सिक्किमेलाई *नार्सिसस्*-सँग तुलना गर्दै सिक्किमेको प्रतीक नार्सिसस्-लाई बनाएको पाइन्छ।

जीवन थिङको उक्त खण्डकाव्यमा तत्कालीन सिक्किमको स्थिति प्रस्फुटित भएको छ। थिङको खण्डकाव्यमा सिक्किम भारत विलयको समय र विलयपछि सिक्किमका जनताहरूको अवस्था र स्थितिलाई अघि ल्याउँदै सिक्किमका नागरिकहरूको मौनताप्रति व्यङ्ग्य कस्दै आक्रोसित बनेर अस्तित्वप्रति सजग हुँदै खण्डकाव्यमा एक ठाउँ थिङ यसो भन्छन्-

*तिमीहरू चाहन्छौं*
*म प्लास्टिकको फूल बनूँ*
*साँच्चै भनूँ नै भने तिमीहरू चहान्छौं*
*म बादलका श्वास-प्रश्वास लिएर ढुङ्गाको अभिनय गरूँ*
--- *नार्सिससि*

[23]बिजु प्रसाई , ऐजन, पृ. ३४

### २.४.३ मुक्तककारका रूपमा जीवन थिङ

जीवन थिङलाई मूल रूपमा कविको रूपमा चिनिए पनि उनका केही मुक्तकहरू प्रकाशित छन्। थिङका *साङलीभित्र बाँधिएका घोडाका टापहरू* पुस्तकमा सङ्ग्रहित १८ वटा मुक्तकहरू प्रकाशित रहेको पाइन्छ। उनका सबै मुक्तक शीर्षक बिहिन छन्। मुक्तकहरूमा थिङले अन्त्यानुप्रासलाई भरसक मिलाउने प्रयास गरेको पाइन्छ। उनका मु क्तकहरूको संरचना, ढाँचा र स्वरूप फरक फरक किसिमका रहेका छन् जो दुईदेखि लगेर १३ हरफसम्म रहेका छन्।

सधै लेखी रहने थिङले टुक्रे कागत, चिरकोट र डायरीतिर लेखेका मुक्तकहरू थुप्रै रहेको तर उनको मृत्युपछि सबै हराएर गएको कुरो दिदी माया थिङबाट थाहा लाग्दछ। प्रकाशित उनका मुक्तकहरूलाई हेर्दा उनका अधिकांश मुक्तकहरू प्रकृति प्रेम, सामाजिक चित्रण, राष्ट्रिय भाव, विसङ्गति बोध, प्रेम, विरह आदि विषयहरूमा केन्द्रित छन्। जस्तै-

*जिउँदै जिउँदै भए पनि*
*गल्ली गल्लीमा म सडेको छु*
*बस् खस्न नसकेका आँसु बही*
*गहमा म त अडेको छु।*[24]

### २.४.४ गीतकारका रूपमा जीवन थिङ

जीवन थिङ कथाकार, कवि सँगसँगै शब्दकार एवम् गीतकार पनि हुन्। थिङ गीत लेखनमा पनि उत्तिकै सक्रिय थिए। छोटो समयमा साहित्यका प्रायः सकै विधामा कलम चलाएका थिङका हालसम्म सातवटा गीत उपलब्ध छन्। उनले थुप्रै गीतहरू लेखेको कुरो सुन्नमा आए पनि *साङलीभित्र बाँधिएका घोडाका टापहरू* पुस्तकमा भने ५ वटा मात्रै गीत प्रकाशित रहेको पाइन्छ। यी पाँचवटा प्रकाशिक गीत बाहेक उनका दुईवटा अप्रकाशित गीत प्राप्त भएका छन्। जीवन थिङ दार्जिलिङ सन्त जोसेफ कलेज पढदा उनले

[24]जीवन थिङ , ऐजन, पृ. १७१

दुईवटा गीत सङ्गीतकार बसन्त छेत्रीलाई दिएको र त्यसै  मध्येको एउटा गीत सङ्गीतकार बसन्त छेत्रीद्वारा सङ्गीतबद्ध र कलाकार सुरेस काबरको स्वरमा सन् २००० मा रेकर्डिङ भइसकेको पाइन्छ भने एउटा गीत अप्रकाशित र रेकर्डबिहिन रहेको छ। उनका कविता र कथाहरूमा जस्तै गीतहरूमा पनि समसामयिक जीवनका जटिलता, अभाव, विसङ्गति आदि भावहरू अभिव्यक्त भएको पाइन्छ। [25] उनको रेकर्डिङ गीतको केही अंश यस प्रकार रहेको छ-

*हर साँझ यहाँ अधुरो छ*
*जून उदाई के हुन्छ*
*हर साँझ यहाँ बेसुरो छ*
*धुन फुटाई के हुन्छ*
*हर साँझ यहाँ.....*

उनको यस गीतमा पनि विसङ्गतिबोध, ह्रास अभिव्यक्त भएको पाइन्छ भने जीवन थिङको अर्को अप्रकाशित गीत यस प्रकार रहेको छ-

*रित्तो रातको सडकमा*
*पाइलाहरू लढखराउछन्।*
*छलकिने प्याला जस्तै*
*छायाहरू सलबलाउछन्*
*पिरहरू जब उठन थाल्छन्*
*धुस्से बनी वर्षादका*
*भावहरू फुटन थाल्छन्*
*पिर बनी बिसादका...*
*सम्झी सम्झी घुम्तीहरू*
*बिम्बहरू च्यातिन्छन्*
*छल्कने प्याला जस्तै.....*
*साउती गर्दै जब पहाडहरू*
*प्रीत लाउँछन् जिन्दगीका*
*बदनामीका आँशु पुछी*
*हास्नु पर्छ दिल्लगीका.... (अपूर्ण)*

[25]बिजु प्रसाई , ऐजन, पृ. ४८

थिङको उपर्युक्त गीत हालसम्म अप्रकाशित र नगाइएको गीत हो। उनको यस गीतमा पनि जीवनप्रति वितृष्णा, ह्रास, निराशा, दुःखबोध साथै जीवनबोधप्रति विसङ्गति अभिव्यक्त भएको पाइन्छ।

### २.४.५ कथाकारका रूपमा जीवन थिङ

जीवन थिङले कविता विधा सँगसँगै आख्यान विधामा पनि कलम चलाएका छन्। आख्यान विधामा उनले कथा लेखनमा कलम चलाएको पाइन्छ। कथा लेखनमा भन्दा कविता लेखनमा उनको कलम खारिएको पाइए तापनि कथा विधामा पनि उनको लेखन कौशल उत्तिकै विकसित रहेको पाइन्छ। देश, काल, परिस्थिति र उपयुक्त घटनाक्रमलाई कथामा उतार्न सक्ने क्षमता भएकै कारण थिङले तत्कालीन सिक्किमको सामाजिक अवस्था, राजनीतिक गतिविधि, आञ्चलिकताबोध, सांस्कृतिक आदि पक्षहरूलाई कथामा उतार्ने प्रयास गरेका छन्। हालसम्म थिङका १२ वटा प्रकाशित कथाहरू उपलब्ध छन्। उनको सर्वप्रथम प्रकाशित कथा *अर्चना* पत्रिकाको वर्ष १, अङ्क ५-६ मा प्रकाशित *हिमालको देश* कथा रहेको पाइन्छ। कथा लेखनमा सक्रिय रहेका जीवन थिङलाई सन् १९७७ मा नेपालबाट *बिम्ब-प्रतिबिम्बः गान्तोकको कलिलो बिहानी* कथाका निम्ति *रत्नश्री स्वर्ण पदक*द्वारा सम्मानित गरिएको पाइन्छ।

जीवन थिङका कथाहरू *हिमालको देशमा, बिम्ब-प्रतिबिम्बः गान्तोकको कलिलो बिहानी, आँधी जस्तै एक थुँगा फूल, अरूणपछि, ढोका, धेरैपल्ट चिप्लिसके पछिको कथा, स्वागतको एक दिन, ज्योतिलाई, जूनले लछेप्रै ताराहरू जन्माइसकेको थियो, सीमान्तहरू, सधैं जस्तो एउटा मृत्यु अनि ढोका* रहेका छन्। कवितामा जस्तै उनका कथाहरूमा पनि विद्रोही भाव, क्रान्तिचेत, विसङ्गतिबोध, आञ्चलिकताबोधक चेतना, प्रगतिवादी स्वर, धार्मिक प्रसङ्ग, ग्रिसेली मिथक, बिम्ब, प्रतीकहरूको व्यापक प्रयोग रहेको पाइन्छ। जीवन थिङका कथाहरूमा सिक्किमको प्राकृतिक चित्रण, यहाँको आञ्चलिकताको गहिरो छाप रहेको

पाइन्छ। उनका कथाहरूमा *मेरो कञ्चनजङ्घाको देश, मेरो सिक्किम, नामनाम डाँडा, गान्तोक, धानको खेत, धुप्पीको रूख, देउराली, छोर्तेन* आदि जस्ता शब्दहरूको प्रयोग भएको पाइन्छ जसले यहाँको आञ्चलिकतालाई स्पष्टसँग झल्काएको देखिन्छ।

आफ्ना कविताहरूमा जस्तै आफ्ना कथाहरूमा पनि थिङले विभिन्न बिम्ब, प्रतीक र मिथक आदिको प्रयोग गरेका छन्। थिङका प्रायः सबै जसो कथाहरूमा प्रथमपुरुष दृष्टिविन्दुको प्रयोग गरिएको पाइन्छ भने उनको *सीमान्तहरू र सधैँ जस्तो एउटा मृत्यु* कथा तृतीयपुरूष दृष्टिविन्दुमा लेखिएको छ। जीवन थिङले आफ्ना कथामा सरल, सुबोध, सहज भाषाशैलीको प्रयोग गरेका छन्। उनका कथाहरूमा तत्सम्, तद्भव र आगन्तुक आदि शब्दहरूको पनि प्रसस्त प्रयोग रहेको पाइन्छ।

### २.४.६ लेख एवम् संस्मरणकारका रूपमा जीवन थिङ

जीवन थिङको कलम साहित्यका विभिन्न विधाहरू मध्ये समालोचना लेखनमा पनि उत्तिकै तिख्खर रहेको पाइन्छ। हालसम्म प्राप्त उनका प्रकाशित समालोचनात्मक दुईवटा लेखहरू रहेको थाहा लाग्दछ।

दार्जिलिङ सन्त जोसेफ कलेजबाट प्रकाशित हुने पत्रिका *नर्थ पोइण्टर*को वर्ष १२, अङ्क १२ (सन् १९७३-७४) मा प्रकाशित *नेपाली कविता साहित्यमा प्रगतिवाद* शीर्षकमा जीवन थिङको एउटा समालोचनात्मक लेख प्रकाशित रहेको पाइन्छ [26] भने उनको प्रकाशित एउटै मात्र पुस्तक *साङलीभित्र बाँधिएका घोड़ाका टापहरू*मा *प्रत्यक्ष मानववादी देवकोटा र मुनामदन* शीर्षकमा अर्को समालोचनात्मक लेख प्रकाशित रहेको पाइन्छ। उनी तार्किक स्वभावका भएका हुनाले र कुनै पनि विषयलाई आलोचनात्मक दृष्टिले हेर्न सक्ने प्रतिभाका धनी भएकाले समालोचकमा हुने गुण थिङमा पनि प्रखर रूपमा रहेको पाइन्छ।

जीवन थिङको *प्रत्यक्ष मानववादी देवकोटा र मुना-मदन* शीर्षकको समालोचनात्मक लेखमा *मुना-मदन* खण्डकाव्यको पृष्ठभूमि केलाउँदै नेपालको राणातन्त्र र त्यस समयको

[26] पुष्प शर्मा, ऐजन, पृ. १७१

शोषण पद्धतिमय शासनमा नेपालका नेपालीहरूले भोग्नु परेको मर्कालाई देखाउने प्रयास गरेका छन्। थिङले देवकोटाको *मुना-मदन*का विभिन्न पक्ष जस्तै सामाजिक, आर्थिक, राजनीतिक, मानवतावादी जस्ता पक्षलाई केलाउने प्रयास गर्दै देवकोटले पूँजीपति समुदायको भत्सर्ना गरेको र साधारण जनसमुदायको अवस्थालाई स्पष्ट पारेको कुरो देखाउने प्रयास गरेको पाइन्छ। यस लेखमा उनले *मुना-मदन*को ऐतिहासिक पृष्ठभूमि र *मुना-मदन* खण्डकाव्यमा भएका दर्शनहरूको विश्लेषणात्मक अध्ययन गर्ने प्रयास गरेका छन्। उनको यस समालोचनात्मक लेख पढदा थिङमा साँचो र कुशल समालोचक बन्न सक्ने गुण रहेको देखिन्छ।

छोटो समयावधिसम्म भए पनि निरन्तर काव्य साधनामा लागेर सिङ्गो नेपाली साहित्यमा युवा कविको रूपमा चिनिन पुगेका जीवन थिङको हालसम्म एउटै मात्र संस्मरण प्रकाशित भएको पाइन्छ। जीवन थिङले साहित्यका प्रायः जसो सबै विधामा कलम चलाएका छन्। उनी दार्जिलिङ सेन्ट जोसेफ कलेज पढदा सेन्ट जोसेफ कलेजबाट प्रकाशित हुने पत्रिका *नर्थ पोइण्टर*मा उनको एउटा संस्मरण *प्रतिबिम्बहरू* (सन् १९७२-७३) वर्ष ११, अङ्क ११ मा प्रकाशित भएको थाहा लाग्दछ। [27]सन् १९७३ देखि उनको मृत्यु हुने साल सन् १९७८ सम्मलाई हेर्दा उनले साहित्यिक सिर्जनामा केवल ५ वर्षसम्म मात्रै निरन्तर रहको पाइन्छ।

## २.५ सम्पादकका रूपमा जीवन थिङ

भाषा साहित्यमा रूची राख्ने जीवन थिङ एक कुशल वक्ता, कवि, लेखक, गीतकार सँगसँगै सम्पादक पनि थिए। उनी विभिन्न पत्र-पत्रिकासँग जोडिएको कुरा थाहा पाइन्छ। उनका कविता, कथा, खण्डकाव्य, गीत, लेख, मुक्तकहरू विभिन्न पत्र-पत्रिकाहरूमा प्रकाशित भैसकेको पाइन्छ। पत्र-पत्रिकामा आफ्ना लोखहरू प्रकाशित मात्रै नगरेर जीवन थिङ आँफै पनि पत्र-पत्रिकासँग जोडिन पुगेको पाइन्छ। उनले *शिखर, नव ज्योति* जस्ता साहित्यिक

[27]पुष्प शर्मा, ऐजन, पृ. १७१

पत्रिकाहरूको केही अङ्कसम्म सम्पादन गरेको कुरो जान्न पोइन्छ। जीवन थिङ दार्जिलिङ सेन्ट जोसेफ कलेजका विद्यार्थी रहदा कलेजबाट वार्षिक रूपमा प्रकाशित हुने साहित्यिक पत्रिका *नर्थ पोइण्टर*को १० देखि १३ अङ्कसम्म सम्पादन गरेको कुरो थाहा लाग्दछ।[28]

साहित्यका क्षेत्रमा सधै योगदान पुर्‍याउन चहाने थिङले गान्तोक साङ्ग्रिला प्रकाशनबाट प्रकाशित हुने *सुधा, विभिन्न रोचक सामग्रीयुक्त नेपाली मासिक पत्रिका*को प्रथम अङ्क, वर्ष १ (मई १९७८) को सम्पादकका रूपमा काम गरेका थिए। यसपछि उनले सुधा पत्रिकाको सम्पादनको भार सुवास दीपकलाई सुम्पिएको कुरो जीवन थिङले सुवास दीपकलाई लेखेको पत्रबाट थाहा लाग्दछ। [29]जीवन थिङले सुवास दीपकलाई लेखेको पत्र परिशिष्टमा राखिएको छ। जीवन थिङ साहित्यकार, सम्पादक सँगसँगै एक जना कुशल कार्यक्रम सञ्चालक पनि रहेको थाहा लाग्दछ। उनले विभिन्न साहित्यिक कार्यक्रमको आयोजना गरेको र कार्यक्रमहरूको सञ्चालन गर्ने गरेको कुरो दिदी माया थिङ बताउँछिन्। यी सबै कुरा सँगसँगै जीवन थिङ नवज्योती कलबका सदस्य, युथ लाइब्रेरीका आजीवन सदस्य रहेको थाहा लाग्दछ भने सन् १९७३ सालमा सिक्किममा भएको जनआन्दोलनमा त्यस समय दार्जिलिङमा अध्ययनरत सिक्किमका विद्यार्थीद्वारा सङ्गठित सङ्गठनका नेतृत्व रहेको र आन्दोलनमा भाग लिएको कुरो उनका ठुला भिनाज्यू बसन्त लामिछाने बताउँछन्।

## २.६ जीवन थिङको काव्यकारिता र भाषाशैली

भाषा मानव समाजमा परस्परको भावसम्प्रेसण गर्ने माध्यम हो। भाषालाई कलात्मक एवम् काव्यात्मक कला मान्न सकिन्छ त्यसो हुँदा कलात्मक भाषाशैलीको प्रयोग गर्न सक्नु कलाकारिता हो। आफूलाई लागेका र अनुभूत गरेका कुराहरूको अभिव्यक्ति भाषाका माध्यमद्वारा सर्जकले सुन्दर, कलात्मक ढङ्गमा आफ्ना सिर्जनाहरूमा प्रस्तुत गर्न सक्नु

---

[28]पुष्प शर्मा, ऐजन, पृ. १७१

[29]परिशिष्टाङ्क

सर्जकको कलाकारिता हो। कविता लेखनमा सरल, सरस सँगै छुट्टै र मिठासपूर्ण भाषाशैलीको प्रयोग गर्ने कविहरूमा कवि जीवन थिङ पनि एकजना हुन् जसको भाषा मिठो र शैली सुकुमार अनि सुन्दर रहेको पाइन्छ। छोटो समयसम्म मात्रै साहित्य सेवामा सङ्लग्न थिङको काव्य कारिता र भाषाशैली उनको साहित्य यात्राभन्दा निकै परिपक्व, प्रभावशाली, परिष्कृत, परिमार्जित रहेको पाइन्छ। भन्न खोजेका कुरालाई सुन्दर शैलीमा कलात्मक, काव्यात्मक, अभिव्यञ्जनात्मक प्रयोगद्वारा बिम्ब, प्रतीक, र मिथकको उपयुक्त स्थानमा सही अनि समुचित प्रयोगसँग अभिव्यक्त गर्न थिङ सक्षम रहेको पाइन्छ। कविताहरूमा प्रयुक्त तीव्र प्रभावकारी विभिन्न मिथक, प्रतीक र बिम्बको उपयुक्त प्रयोगलाई कवि थिङको विशेषता मान्न सकिन्छ। जीवन थिङको भाषिककला हृदयस्पर्शी रहेकाले पाठकलाई सहजै प्रभावित पार्न सक्ने क्षमता उनमा रहेको पाइन्छ।

जीवन थिङ बहुभाषी थिए। भाषालाई प्रभावकारी बनाएर सिर्ज गर्न सक्ने क्षमता उनमा थियो। नेपाली, अङ्ग्रेजी, हिन्दी सँगसँगै बङ्गला भाषाको पनि राम्रो ज्ञान भएका थिङले नेपाली भाषामा मात्रै नभएर अङ्ग्रेजी र बङ्गला भाषामा पनि कविताहरू लेखेको कुरा उनकी दिदी माया थिङ बताउँछिन्। तर थिङको मृत्यु पछि ती अङ्ग्रेजी र बङ्गलामा रचित रचनाहरू हराएर गएको र अप्राप्य रहेको पाइन्छ भने थिङले बङ्गला भाषामा लेखेको एउटा पर्चा मात्र प्राप्त भएको छ। जसद्वारा उनमा बङ्गला भाषाको राम्रोसँग लेख्न र पढन सक्ने ज्ञान थियो भन्ने प्रमाणित हुँदछ। जीवन थिङद्वारा लिखित बङ्गला भाषाको पर्चिलाई परिशिष्टमा समेटिएको छ।

बहुभाषिक जीवन थिङको काव्यिक अभिव्यक्तिको प्रशंसा गर्दै बिजु प्रसाई भन्छन्- थिङको अभिव्यक्तिमा एक प्रकारको आकर्षण रहेको छ। जसलाई पढेर कुनै पनि सचेत, जागरूक तथा देशभक्त पाठकको हृदय देशप्रेम, राष्ट्रप्रेम, जातिप्रेमले आन्दोलित एवम् रोमाञ्चित बन्दछन् भने आफ्नो जन्मभूमिप्रतिको माया, प्रेम एवम् अनुराग देख्दा र उनको देशप्रतिको समर्पणभाव देख्दा कुनै पनि भावुक पाठकहरू मर्माहित हुन्छन्। थिङका

रचनामा भएको देश सुरक्षाको भाव, स्वअस्तित्वबोधी, हृदयको उद्गार, जाति र देशको गौरव एवम् आस्तितिक सुरक्षामा उठेको उनको क्रान्तिकारी स्वर देखेर कुनै पनि क्रान्तिकारी, देशभक्त, साहसी पाठक आन्दोलीत र अग्रसर हुन्छ भन्ने कुरो गरेका छन्।[30] भाषा अभिव्यक्तिको माध्यमसँगसँगै मानिसलाई सजग, जागरूर गराउने माध्यम पनि हो। जीवन थिङको भाषाशैलीमा पाठकलाई जगाउन, सजग गराउन र सचेत गराउन सक्ने क्षमता रहेको पाइन्छ। उनका रचनामा प्रयुक्त भाषाशैलीले राष्ट्रप्रेम, युगसचेतता, क्रान्तिकारी स्वर, विसङ्गतिबोध, विद्रोही भाव, अस्तित्व चेत, आशावादी स्वर व्यापक रूपमा प्रस्फुटित गराउन सफल बनेको पाइन्छ।

जीवन थिङका कवितामा प्रयुक्त भाषाशैली अत्यन्त सौष्ठव, सुकुमार, सरल, सहज रहेको पाइन्छ तथापि कतिपय स्थलमा विभिन्न बिम्ब, प्रतीक र मिथकको प्रयोगले भाषा दुर्बोध्य, क्लिष्ट एवम् गहन समेत बन्न पुगेको पाइन्छ। आफ्ना अभिव्यक्तिलाई प्रभावकारी ढङ्गले प्रस्तुत गर्न थिङले उनका कवितामा ग्रिसेली, पौराणिक, खीष्टेली, हिन्दु, बौद्ध आदि जस्ता विभिन्न मिथकहरूको प्रयोग गरेको पाइन्छ। यस्ता मिथक, प्रतीकहरू जस्तै- सिसिपस, नार्सिसस्, मायावी सर्सी, कलेवरी, जिजस्, बुद्ध, अभिमन्यु, हिप्पोपोटामस, विशुभियस, चक्रव्यू, सुनाखरी, ज्वालामुखी, बी-फिफ्टी टु, फ्यान्टम जेट, मिमोसा, काकाकुल, पाउरोटी, बाँदर, लास, गंगटा, माउसुली, झुसुलेकिरा आदिको प्रयोग गरेको पाइन्छ।

थिङले उनका कवितामा हिन्दी, उर्दू, संस्कृत, अङ्ग्रेजी, फ्रान्सेली साथै स्थानिय भोटे आदि जस्ता भाषाहरूका विभिन्न शब्दहरूको प्रयोग भएको पाइन्छ। उदाहरणका निम्ति हिन्दी भाषाका बेहद, कफन, अफसोस, उदासिन, व्यस्तता आदि जस्ता शब्दहरूको प्रयोग भएको छ भने संस्कृत भाषाका शब्दहरू जस्तै- प्रातःकाल, स्वर्ण आदिको प्रयोग भएको पाइन्छ। अङ्ग्रेजी भाषाका कफी, सिगरेट, लिपस्टिक, एरोड्रमस्, डिनर आदि जस्ता

[30]बिजु प्रसाई,  ऐजन, पृ. २९-३०

शब्दहरूको प्रयोग रहेको पाइन्छ भने उर्दू भाषाका शब्दहरू जस्तै- बदनाम, अफसोस, नक्ली, जिन्दगी, जवान आदि जस्ता शब्दहरूको प्रयोग भएको छ। विभिन्न स्थानिय भाषाका शब्दहरू जस्तै- लुङ्दर, छोर्तेन, गुम्पा, आदि जस्ता शब्द प्रयोगले उनका कविता तीव्र प्रभावकारीसँगै आञ्चलिक झलक र मिठास बोकेका लालित्यमय बनेका छन्।

जीवन थिङले उनका कवितामा झरा र ठेट शब्दहरू जस्तै- लुतेखुरे, खुइले, निस्पट्ट, झुत्ता जस्ता शब्दहरूको पनि प्रयोग गरेका छन् भने अनुकरमात्मक शब्द जस्तै- छटपट, निथ्रुक्क, पटपट, चरचर जस्ता शब्दहरूको व्यापक प्रयोग गरेको पाइन्छ। भाषिक प्रयोगका दृष्टिमा थिङका कविता, गीत, खण्डकाव्य र मुक्तक मात्रै सुन्दर नभएर कथाहरूमा पनि अभिव्यञ्जनात्मक, प्रतीकात्मक, बिम्बात्मक, मिथकीय, व्याङ्ग्यात्मक रहेका छन्। थिङको खण्डकाव्य *नार्सिसस्* र कविताहरू गद्यात्मक नै भए पनि आलङ्कारीक भाषाको प्रयोग गरिएको पाइन्छ। उदाहर्णाथ-

*यहाँ प्रत्येक पल भय, शङ्का र त्रासले व्याप्त जीवनमा*
*शोक धुनहरूलाई लैबरी सम्झेर मान्छेहरू बाँच्ने गर्छन्*
*देउराली पाखाहरू यहाँ ज्वालामुखी जस्तै उभिएका छन्*
*सुनखरीको प्रत्येक फूल परमाणुको गन्धले मुर्झाएको छ।*
*--- चिसो कथा एउटा सपना जस्तै देशको, पृ.१७६*

जीवन थिङ क्रान्तिकारी कवि भएकाले उनका रचनामा शब्दहरू तिखा, धारिला रहेको पाइन्छ भने कविता सिर्जना गर्दा कवि कतिपय ठाउँमा अन्त्यानुप्रास पनि मिलाउन पुगेको पाइन्छ। जस्तै-

*हाल्यका शीखर जस्तै जमेको थियो*
*पर्खालिका ढुङ्गा जस्तै जमेको थियो*
*पश्चात्तापमा आफन्तको शिर झुकेको थियो।*
*---नुहेका छन् तीतेपातीका मुन्टाहरू, पृ.१८५*

## २.७ सम्मान एवम् पुरस्कार

अत्यन्त अल्पायुमा दिवङ्गत बन्न पुगेका जीवन थिङले छोटो समयसम्म मात्रै साहित्यिक लेखनमा आफूलाई समर्पित गर्न सके। उनको साहित्यिक यात्रा छोटो रहे तापनि उनीबाट जति हुनसक्थ्यो त्य सभन्दा धेरै सिर्जना उनको कलमले दिएको पाइन्छ। जीवन थिङको साहित्यिक यात्रा स्कुलको विद्यार्थी जीवनदेखि नै सुरु भए तापनि उनका स्कूले जीवनमा लेखिएका रचनाहरू अप्राप्य र अप्रकाशित भएकाले उनको साहित्यिक यात्रा सन् १९७३ देखि सन् १९७८ सम्मलाई मात्र उचित देखिन्छ। ५ वर्ष साहित्य लेखनमा स ङ्लग्न रहेका कविको २३ वर्ष कै कलिलो उमेरमा दुःखद मृत्यु भयो। जीवन थिङले विद्यार्थी अवस्थादेखि नै कविता वाचन, निबन्ध लेखन, तर्क प्रतियोगितामा भाग लिने गरेको र थुप्रै पुरस्कारहरू पाएको कुरो थाहा लाग्दछ। उनले विद्यार्थी कालमा पाएका पुरस्कारहरू हाल अनुपलब्ध भए पनि पुरस्कार थापेका पुराना तस्वीरहरू भने प्रमाणका रूपमा थुप्रै भेटिएका छन्। केही तस्वीरहरूलाई परिशिष्टमा समेटिएको छ।

उनले दार्जिलिङ से न्ट जोसेफ कलेजमा अध्ययन गर्दै गरेका बेला दार्जिलिङमा भइरहने तर्क, निबन्ध प्रतियोगिताहरूमा भाग लिएर केही पुरस्कारहरू थाप्ने मौका पाएको कुरो विभिन्न तस्वीर र दिलिप थिङबाट जानकारी पाइन्छ। से न्ट जोसेफ कलेजमा अध्ययनरत अवस्थामा थिङले सन् १९७४ मा *नेपाली साहित्य सम्मेलन* ले *स्वर्ण जयन्ती*को उपलक्ष्यमा आयोजित गरेको निबन्ध प्रतियोगितामा दोस्रो स्थान प्राप्त गरेका थिए। त्यसै समयमा *दार्जिलिङ गोर्खा दुःख निवारक समाज* को तत्त्वावधानमा आयोजित प्रबुद्धानन्द स्मारक च्यालेन्ज शील्डको पाँचौं वार्षिक तर्क प्रतियोगितामा थिङको दल विजयी भएको थाहा लाग्दछ।[31]

हालसम्म थिङलाई साहित्य लेखनमा दुईवटा पुरस्कार प्राप्त भएको पाइन्छ। उनलाई काठमाडौंबाट कथा विदामा *रत्नश्री स्वर्ण पदक* र दार्जिलिङबाट कविता विधामा

[31]बिजु प्रसाई, ऐजन, पृ. ४

*दियालो पुरस्कार* प्राप्त भएको पाइन्छ। [32] सन् १९७७-मा जीवन थिङलाई नेपालबाट नेपालकी रानीको नाममा राखिएको त्यस समयको नेपाल राष्ट्रको सम्मानित *रत्नश्री स्वर्ण बिम्ब प्रतिबिम्बः गान्तोको कलिलो बिहान* कथाका निम्ति प्राप्त भएको पाइन्छ।त्यस पदकलाई जीवन थिङ आफैले नेपाल गएर ग्रहण गर्न नसकेको हुनाले धेरै पछि *सिक्किम नेपाली साहित्य परिषद्का* साहित्य सचिव उदय छेत्रीले परिवारको सल्लाह र अनुमति अनुरूप नेपालबाट सिक्किम ल्याएको र हाल सिक्किम नेपाली साहित्य परिषद्-मा थिङको सम्झना स्वरूप राखिएको छ।जीवन थिङको नाममा २५ अगस्ट सन् १९८५ का दिन सिक्किम सरकारले पूर्व सिक्किम गान्तोकको विकास क्षेत्र पथलाई *जीवन थिङ मार्ग* भनी १.५ किलोमिटर सडकलाई आधिकारिक रूपमा जीवन थिङ मार्गको रूपमा घोषणा गरेको पाइन्छ।त्यस सडकको उद्घाटन तत्कालीन मुख्यमन्त्री नरबहादुर भण्डारीद्वारा गरिएको थियो।

१९ दिस्मबर सन् २००० मा जीवन थिङको जन्म जयन्तीको उपलक्ष्यमा सिक्किम नेपाली साहित्य परिषद्का अध्यक्ष प्रधुम्न श्रेष्ठको सभापतित्व अनि साहित्य सचिव उदय छेत्रीको पहलमा सम्पन्न गरिएको जन्म जयन्ती कार्यक्रममा जीवन थिङलाई *माटो कविको* उपाधिले विभूषित गरिएको पाइन्छ। त्यस पश्चात आजसम्म उनलाई सिक्किमका माटो कविका रूपमा चिनिन्छ।सिक्किमप्रतिको प्रेम, जागरूकता साथै सिक्किम आमा र माटोको पुकारलाई उनले आफ्ना रचनाहरूमा प्रस्तुत गरेका छन्।सिक्किमप्रतिको यस्तो प्रगाढ प्रेमभाव सिक्किमका अन्य कविहरूमा बिरलै देखिन्छ।यस्तै भाव अभिव्यक्तिका आधारमा उनलाई सिक्किम साहित्य परिषद्ले माटो कविको उपाधि ले विभूषित गरेको हो भन्ने कुरो उदय छेत्रीले आफ्नो लेख *घोषणाः सन्दर्भ माटो कविको*मा उल्लेख गरेका छन्। [33] जीवन थिङको सम्झना र सम्मान स्वरूप उनको जन्म जयन्तीको छेक पारेर उनी सम्बन्धित

---

[32]उदय छेत्री, सन् २०००, इतिहास निर्माताः सिक्किम प्रमुख गिवङ्गत सष्टा र द्रष्टाहरू, पृ.६५१

[33]वीरभद्र कार्कीढोली,(सम्पा.) सन् २००३, वर्ष १६, अङ्क २७, प्रक्रिया, सामयिक विविध विषयक रतनाहरू, पश्चिम सिक्किम, पृ. ६२

सानातिना कार्यक्रमहरू समय समयमा भैरहेको रहेको पाइन्छ। सिक्किमका सञ्चार कर्मीहरूले प्रेस कलब अव् सिक्किमको तत्त्वावधानमा जीवन थिङको जन्म जयन्ती मनाउने गरेको पाइन्छ भने सिक्किम चिया कविताले पनि एक थिङको जन्म जयन्तीको अवसर पारेर चिया कविताको एउटा प्रकरण समापन गरेको थाहा लागेको छ।

## २.८ मृत्यु

अल्पायुमा दिवङ्गत बन्न पुगेका भारतेली नेपाली साहित्यकारहरूमध्ये जीवन थिङ पनि एकजना हुन्। १९ दिसम्बर सन् १९५५ मा जन्मिएका थिङको मृत्यु ५ जुलाई सन् १९७८ मा २३ वर्षको किशोर उमेरमा भएको थियो। उनको मृत्यु *फिब्रोसिस्* (फोक्सोको बिमारी)-ले भएको थियो। त्यस समयमा गान्तोकमा चिकित्सालयको कमी रहेको र जटिल बिरामीको उपचार कमै हुने गरेकाले गान्तोकबाट थिङलाई कलकत्ताको पि.जी हस्पिटलमा उपचारको निम्ति पठाइएको कुरो थाहा लाग्दछ। कलकत्ताको पि.जी हस्पिटलमा उनको फोक्सोको शल्यचिकि  त्सा असफल भएपछि थिङ होशमा आउन सकेनन् र उनको मृत्यु भएको कुरो उपचारका क्रममा थिङलाई कलकत्ता लिएर गएका उनका ठुला भिनाज्यू बसन्त लामिछानेबाट थाहा लाग्दछ।

जीवन थिङको मृत्यु भएको वर्ष १३ जुलाई भानु जयन्ती गान्तोकमा उनकै पहलमा आयोजना गरिने भएको कुरो जान्न पाइन्छ। भानु जयन्तीको आयोजक भएकाले थिङले आफ्नो शल्यचिकित्साको मिति १३ जुलाईको छेकमा परेकोलाई डाक्टरसँग सल्लाह गरेर स्वयमले शल्यचिकित्सा अलिक चाँडै गर्ने निर्णय लिएको र शल्यचिकित्साको मिति ४ जुलाईमा सारेको कुरो उनका भिनाज्यू बसन्त लामिछाने बताउँछन्। आफ्नो शल्यचिकित्साको मितिलाई उनले भानु जयन्ती कै निम्ति अघि सारेको तर अभाग्यवस उनी बाँच्न नसकेको र उनको भानु जयन्ती मनाउने धोको धोकै रहेको कुरो थाहा लाग्दछ।

उपचारका निम्ति कलकत्ता गएका जीवन थिङ फेरि फर्केर सिक्किम आउन सकेनन्। उनको पार्थिव शरीरसमेत सिक्किम ल्याउन नसकिएनको जानकारी प्राप्त हुँदछ। उनका पिता कर्साङ थिङ र ठूला भिनाज्यू बसन्त लामिछानेले कलकत्तामै लामाहरू बोलाएर बौद्ध परम्पराअनुरूप उनको दाहसंस्कार सम्पन्न गरेपछि जीवन थिङलाई सँधैका निम्ति विदा गरेर गान्तोक फर्केको कुरो थाहा लाग्दछ।

## २.९ निष्कर्ष

साहित्य जगत्मा जीवन थिङका नामले चिनिने कविको पुरा नाम *जीवन कुमार थिङ* हो। १६ दिसम्बर सन् १९५५ मा दक्षिण सिक्किम, नाम्चीमा जन्मिएका जीवन थिङ पिता कार्साङ थिङ र माता डोल्मी थिङका जेठा सुपुत्र हुन्। गान्तोक सिच्छे तामाङ गुम्पाका बासिन्दा जीवन थिङ अल्पायुमा दिवङ्गत बन्न पुगेका युवा कवि हुन्। राजनीति विज्ञानमा उत्तर बङ्ग विश्वविद्यालयबाट स्नातकोत्तरसम्मको शिक्षा हासिल गरेका थिङ विद्यार्थी अवस्थादेखि नै साहित्यमा रूचि राख्ने अनि कविता, निबन्ध लेखन् र तर्क प्रतियोगिताहरूमा भाग लिने तार्किक, चिन्तनशील र गम्भीर स्वभावका रहेको पाइन्छ। सन् १९७३ देखि सन् १९७८ सम्म लगभग ५ वर्षको अवघिसम्म साहित्यमा संलग्न रहेका थिङको एक मात्र कृति *साङलीभित्र बाँधिएका गोडाका टापहरू* , दार्जिलिङ श्याम ब्रदर्स प्रकाशनद्वारा प्रकाशित रहेको पाइन्छ। उनको यस पुस्तकमा कथा, कविता, खण्डकाव्य, गीत, मुक्तक, समालोचनात्मक लेख आदि प्रकाशित रहेका छन्।

साहित्य लेखन सँगसँगै पढाईका क्षेत्रमा पनि उतिकै मेधावी जीवन थिङले दार्जिलिङ सन्त जोसेफ कलेजबाट राजनीति शास्त्रमा सम्मान सहित स्नातक अनि उत्तर बङ्ग विश्वविद्यालयबाट राजनीति विज्ञानमा स्नातकोत्तर सम्मको औपचारिक शिक्षा पुरा गरेका थिए। पढाई सँगसँगै सिहित्य अध्ययन र लेखनमा रूची राख्ने जीवन थिङलाई उनको सिक्किमप्रतिको अगाद श्रद्धाभाव र प्रेमका कारण सन् २००० मा सिक्किम नेपाली साहित्य परिषद्-ले थिङलाई *माटो कवि*-को उपाधिले विभूषित गरेको पाइन्छ भने उनलाई

साहित्य सम्मानका रूपमा कथा विधामा नेपालबाट *रत्न श्री स्वर्ण पदक* र कविता विधामा दार्जिलिङबाट *दियालो* पुरस्कार प्राप्त भएको पाइन्छ। उमेरभन्दा धेर परिपक्व जीवन थिङ उनका सिर्जनाहरूका आधारमा सिक्किम देश र तत्कालीन राजनीतिक गतिविधिसँग सचेत रहेका पाइन्छ। उनको सचेतना नै उनका सिर्जनाहरूमा अभिव्यक्त भएका छन्। तत्कालीन सिक्किमको राजनीतिक क्रियाकलाप र गतिविधि देखी असन्तुष्ट बनेका कविको अभिव्यक्तिमा विद्रोही भाव, क्रान्तिकारी स्वर, ह्रास तीव्र रूपमा उनका रचनाहरूमा अभिव्यक्त भएको पाइन्छ।

अल्पायुमा नै दिवङ्गत बनेका थिङका नेपाली साहित्य क्षेत्रमा योगदान उल्लेखनिय रहेको मान्न सकिन्छ। सानै उमेरदेखि साहित्य सिर्जनामा लागिपरेका थिङ साहित्य सेवी मात्र नभेर कुशल तार्किक सँगसँगै राजनीतिक विश्लेष्क, भविष्य चिन्तक साथै माटोप्रेमी रहेको पाइन्छ। अबोला, शान्त स्वभाव र दुब्लो शरीर भएका थिङ सानैदेखि तिखर बुद्धिका भए पनि रोगी थिए। फिब्रोसिस् नामक बिरामिले ग्रसित रहेका थिङको यसै विमारीले मृत्यु भएको पाइन्छ। स्वस्थ्य उपचारका निम्ति गान्तोकबाट कलकत्ता पि.जी हस्पिटल पुर्याइएका थिङको दुर्भाग्यवस कलकत्तामा नै शल्यचिकित्साका क्रममा मृत्यु भएको पाइन्छ भने उनको अन्तिम संस्कार पनि कोलकत्तामा नै गरिएको पाइन्छ।

# तेस्रो अध्याय

# ३. नेपाली कवितामा युगबोधको अवधारणा

## ३.१ युगबोधको परिचय

### ३.१.१ युगको अर्थ अनि परिभाषा

तत्सम शब्द युगलाई समय वा कालसँग आबद्ध रहेको मान्न सकिन्छ। यस शब्दले विशेष गरेर समयावधिलाई नै इङ्गित गर्ने गरेको पाइन्छ। अनिता शर्माको शोधप्रबन्धको आधारमा युगको कल्पना पुराण, महाभारत, मनुस्मृति सबैमा उल्लेखित नितान्त पुरानो कल्पना हो।[34] पौराणिक कालका आधारमा सत्ययुग, त्रेतायुग, द्वापरयुग र कलियुग गरेर चार चरणमा युगलाई विभाजन गरेको पाइन्छ ।१२ वर्षको समयावधिलाई पनि युग नै भन्ने गरेको पाइन्छ। केही कसैले वर्तमान समयावधिलाई पनि युग भन्ने गरे को पाइन्छ। यस प्रकार वर्षका गणना अनुसार युगको अलग अलग अवधि, नाम र स्वरूप रहेको पाइन्छ।

*एकता बृहत् नेपाली-अङग्रेजी कोश*को आधारमा युगको अङग्रेजी पर्यायवाची शब्द एज्, एरा, इपोस्, टाइम आदि रहेको पाइन्छ।[35] युग शब्दको अर्थ a pair, a couple; a period of twelve years; yoke; time; age; an epoch, era भन्ने अर्थ नेपाली अङ्ग्रेजी शब्दकोश *द कनसाइस डिक्सनेरी अफ द नेपाली लेङ्वेज* -मा लेखिएको पाइन्छ।[36] *प्रयोगात्मक नेपाली शब्दकोश* -मा युग भन्नाले पुराणअनुसार ज्यादै लामो समायावधिलाई जनाउने शब्द, जुग (उदा. सत्ययुग, त्रेतायुग, द्वापरयुग, कलियुग) , बाह्र वर्षको समायावधि, बितेको महत्त्वपूर्ण काल खण्ड (उदा. पौराणिक युग, वैदिक युग, पाषाण युग, लिच्छवि युग, मध्ययुग) , आधुनिक समय, जमाना आदि भन्ने अर्थ दिएको पाइन्छ।[37]

---

[34]अनीता शर्मा, सन् २०१२, ममता कालिया के कथा साहित्य में युगबोध, शिमला हिमाचल प्रदेश विश्वविद्यालय, पृ. ६०

[35]श्रीधरप्रसाद लोहनी, रामेश्वरप्रसाद अधिकारी, सन् २००२, एकता बृहत् नेपाली-अङ्ग्रेगी कोश, सिलिगुडी प्रधान नगर, बुक्स हाउस, प्रा.लि. पृ. ७६७

[36]Chendra Lal Singh, 2002, *The concise dictionary of the Nepali language*, Nepal, Kathmandu, Educational Enterprises, pg. 631

[37]हेमाङ्ग राज अधिकारी र बद्री विशाल भट्टराई, ऐजन, पृ.११८०

विशेष गरेर युगले कुनै निश्चित समयावाधिलाई बुझाउने गरेको बुझिन्छ। युग सँधै कुनै एउटा समयसँग जोडिएको हुन्छ। युग समय वा कालका विभिन्न समयान्तराललाई बुझाउने अवधारणा हो। युगको सम्बन्ध व्यक्ति, घटना र कालसँग रहेको हुनाले युग सँधै कुनै एउटा निश्चित समयसँग जोडिएको पाइन्छ भने समय वा कालका विभिन्न समयान्तराललाई समेत यसले बुझाउँछ ।व्याकरणिक दृष्टिकोणका आधारमा युग कालका तीन पक्ष भूत, वर्तमान र भविष्य गरी तीनवटा कालका पक्ष सँग आबद्ध रहेको पाइन्छ। अतः युग सिङ्गो शब्दले भूत, भविष्य र वर्तमान गरेर कालका तीन पक्षलाई बुझाउने गरेको पाइन्छ। त्यसो हुँदा युग भन्नाले कुनै व्यक्तिले बिताएको कुनै निश्चित काल वा सिमाङ्कित गरिएको कुनै विशेष कालखण्डलाई मान्न सकिन्छ। युगले समाजमा घटित कालगत स्थितिको प्रतिनिधित्व गर्ने गरेको पाइन्छ।

युगले समय वा काललाई नै इङ्गित गरे तापनि यसले समय वा कालखण्डको विभिन्न रूपलाई अनेकौं अर्थमा बुझाउने गेरको पाइन्छ। युग शब्दलाई परिभाषित गर्ने क्रममा विभिन्न विद्वान् हरूले विभिन्न परिभाषाहरू अघि सारेका छन्। पुराणअनुसार ज्यादै लामो समयावधिलाई जनाउने शब्द मध्ये जुग, १२ वर्षको समयावधि, बितेका महत्त्वपूर्ण काल खण्ड वा आधुनिक समय, जमाना -लाई युग भन्ने गरेको पाइन्छ भन्ने कुरो प्रयोगात्मक नेपाली शब्दकोशले दिएको पाइन्छ ।[38]विकिपीडियाअनुसार युग कुनै निर्धारित सङ्ख्या भएको वर्षको काल अवधि रहेको पाइन्छ ।[39]रमेश्वर शुक्ला 'अंचल'-ले उनको शोध कार्य *समाज और साहित्य*-मा युग भन्नाले वर्तमान, भूत र भविष्य कालको परस्पर मेल हो भनेका छन्।[40] ऊषा रानीले युग भन्नाले नाप्न र गन्न नसकिने अनि कहिले कम र कहिले अधिक समयान्तराल बुझाउने एउटा विस्तृत कालखण्ड हो जो आफैमा

[38] हेमाङ्ग राज अधिकारी र बद्री विशाल भट्टराई, ऐजन, पृ. ११८०
[39] http://hi.m.wikipedia.org , date 16/10/2019, time 12.52 pm
[40] रमेश्वर शुक्ल अंचल ,*समाज और साहित्य,* ऐजन, पृ.४

महत्त्वपूर्ण र विशेष छवि बोकेको हुन्छ भनेकी छन्[41] भने शुभंवादा पाण्डेयले उनको पुस्तकमा युग भन्नाले कालको एउटा अंश हो भनेका छन्।[42]

अतः युग भन्नाले समय वा कालको दीर्घ कालावधिको अंश रहेको मान्न सकिन्छ जो अनिश्चित हुन्छ अर्थात् यसले समयको विभिन्न अन्तराललाई इङ्गित गर्ने गरेको पाइन्छ। वास्तवमा युग भन्नाले समय वा कालका विभिन्न समयान्तराललाई बुझाउने अवधारणा हो भन्ने मान्न सकिन्छ।

### ३.१.२ युगका प्रकार

युगले साधारण रूपमा कुनै विशेष कालखण्डलाई बुझाए पनि यसले विभिन्न पक्षबाट अनेकौं अर्थ दिने गरेको पाइन्छ। युग सम्बन्धित अध्ययन गर्ने क्रममा मदनमोहन भारद्वाजले युगका आधारलाई स्पष्ट पार्दै तीन प्रकारले *काल सापेक्ष, घटना सापेक्ष* र *व्यक्ति सापेक्ष* गरी विभाजन गरेका छन्।[43] यसरी नै विजय वसन्त पाटीलले आफ्नो शोध कार्यमा युगको तीन स्तम्भ व्यक्ति, घटना र कालको कुरा गरेका छन्।[44] त्यसो हुँदा भारद्वाज र पाटीलको उक्त भनाइलाई आधार बनाएर युगलाई विभाजन गर्ने क्रममा तीन प्रकारले विभाजन गर्न सकिन्छ ।(१) काल सापेक्ष (२) व्यक्ति सापेक्ष र (३) घटना सापेक्ष। काल सापेक्षलाई दुई उपभागमा राख्न सकिन्छ, (क) पौराणिक युग र (ख) १२ वर्षे युग।

**(१) काल सापेक्ष -** वास्तवमा युगलाई कालको पयार्यका रूपमा हेरिने गरेको पाइन्छ। त्यसो हुँदा युगका प्रकारहरूमध्ये काल विशेष युगलाई पहिलो स्तम्भ मान्न सकिन्छ। काल विशेष युगले समय वा कालखण्डलाई विभिन्न रूपमा इङ्गित गर्ने गरेको पाइन्छ। काल सापेक्ष युगलाई दुई भागमा विभाजन गर्न सकिन्छ।

---

[41]ऊषा रानी , सन् २०१२, *मृणाल पाण्डे के साहित्य में युगबोध*, शोध प्रबन्ध, शिमला हिमाचस प्रदेश विश्वविद्यालय, पृ. ३०

[42]शुभंवादा पाण्डे, सन् २०१३, युगबोध, वाराणासी पिल्ग्रिम्स पब्लिगेसन

[43]मदनमोहन भारद्वाज, आधुनिक हिन्दी , मराठी नाटकों में युगबोध, पृ.२

[44]विजय कुमार पाटील, सन् २००९, हिन्दी उपन्यास में युगबोध, महाराष्ट्र, शिवाजी विश्वविद्यालय, पृ. २

**(क) पौराणिक युग -** हिन्दु सनातन धर्मका आधारमा पौराणिक मान्यताअनुरूप १२००० वर्ष लामो महायुगलाई चार चरणमा विभाजन गरेको पाइन्छ जसलाई सत्ययुग, त्रेतायुग, द्वापरयुग, कलियुग भनिएको पाइन्छ। पौराणिक आधारमा हेर्ने हो भने युगलाई धेरै लामालामा कालखण्डमा विभाजित गरिएको पा इन्छ। जस्तै - सत्ययुगलाई १७ लाख २८ हजार वर्षमा विभाजन गरिएको छ भने त्रेतायुग १२ लाख ९६ हजार वर्ष, द्वापरयुग ८ लाख ६४ हजार वर्ष र कलियुग ४ लाख ३२ हजार वर्षमा विभाजित रहेको पाइन्छ।

**(ख) १२ वर्षे युग** - युगलाई विभिन्न प्रकार ले हेर्ने गरेको पाइन्छ। विशेष गरेर १२ वर्षको समयावधिलाई एउटा युग मानि ने गरिन्छ। प्रयोगात्मक नेपाली शब्दकोशमा युगको अर्थ बुझाउने क्रममा बाह्र वर्षको समयावधिलाई एउटा युग भनी बुझाएको पाइन्छ।[45] तसर्थ प्रत्येक १२ वर्षको समयावधि एउटा युग रहेको पाइन्छ।

**(२) व्यक्ति सापेक्ष** - युगको सम्बन्ध व्यक्ति, घटना र कालसँग रहने हुँदछ। विभिन्न महापुरूषहरूले बिताएका जीवनकाल तथा कार्यकाललाई व्यक्ति विशेष युग नामाङ्कन गर्ने गरेको पाइन्छ। कुनै व्यक्तिले बिताएको निश्चित समयावधिलाई व्यक्ति विशेष युग मानिन्छ। कालको विभाजन गर्ने क्रममा वा युगलाई इङ्गित गर्ने क्रममा तत्कालीन समयसँग सम्बन्धित व्यक्तिको नामसँग जोडेर युगलाई चिनाउने गरेबाट व्यक्ति सापेक्ष युग बनेको पाइन्छ। व्यक्ति विशेष युगको प्रथा साहित्यमा विशेष रूपमा प्रचलित रहेको पाइन्छ। जस्तै- मोती युग, बौद्ध युग, जैन युग, भारतेन्दु युग, गान्धी युग आदि।[46]

**(३) घटना सापेक्ष -** युगले विभिन्न अर्थ दिने गरेकाले युगलाई घटना विशेषका आधारमा विभाजन गरेर हेर्न सकिन्छ। युगले काललाई नै इङ्गित गरेता पनि कुनै महत्त्वपूर्ण घटनालाई आधार बनाएर युगलाई नामाङ्कन गर्ने गरेको पाइन्छ। युगलाई चिनाउने एउटा महत्त्वपूर्ण पक्ष घटनालाई पनि मान्न सकिन्छ। कुनै विशेष युगमा घटेका विशेष घटनालाई

---

[45] हेमाङ्ग राज अधिकारी र बद्री विशाल भट्टराई, ऐजन, पृ. ११८०

[46] मंजुलता सिंह, हिन्दी कहानी में युगबोध, पृ. १

लिएर युगको नामाङ्कन गर्ने चलन विश्वव्यापी रहेको पाइन्छ। जस्तै- रामायण युग, महाभारत युग आदि।[47]

### ३.१.३ बोधको अर्थ अनि परिभाषा

बोध शब्द अङ्ग्रेजीको अवेरनेस् (Awareness), कन्सियसनेस् (Consciousness), सेन्सिबिलिटी (Sensibility) आदि शब्दको हिन्दी अनि नेपाली पर्यायवाची शब्दको रूपमा रहेको पाइन्छ। तत्सम शब्द बोध संस्कृतको 'बुध' धातुबाट बनेको पाइन्छ जसको अर्थ केही कुरा जान्नु अथवा बुझ्नु हुँदछ।[48] प्रयोगात्मक नेपाली शब्दकोशको आधारमा *बोध-को* अर्थ सुनेर, पढेर, हेरेर कुनै कुरा बुझ्ने काम वा त्यस्तो क्षमता, ज्ञान, अनुभव, समझ, सोच, सम्झना, अनुभूति, महसुस आदि रहेको पाइन्छ।[49] विश्व हिन्दी कोशमा बोधको अर्थ ज्ञान हो।[50]

बोध शब्दले व्यापक अर्थ दिने गर्दछ। साहित्यमा बोध शब्दको अर्थ चेतना, दृष्टि, धारणा, मान्यता, विचार, सङ्कल्प, अनुभव आदि रहेको पाइन्छ। ऊ षा रानी ले आफ्नो शोधप्रबन्धमा बोधलाई चेतनाको समानार्थी शब्दको रूपमा लिन सकिने कुरो उल्लेख गरेकी छन्।[51] त्यसो हुँदा बोध भन्नाले कुनै कुराप्रति हुने ज्ञान, चेतना, सोच, समझ आदि मान्न सकिन्छ। युग र बोध दुई शब्द परस्परमा सम्पूरक शब्दका रूपमा रहेको पाइन्छ। युगलाई बुझ्ने क्रममा कुनै विशेष युगमा घटेका घटनालाई बुझाउने क्षमता बोधमा रहेको हुनाले युग अनि बोध दुवै एकाअर्काका पुरक हुन्। कुनै कुराको बोध मानसिक चेतनाद्वारा हुने भएकाले बोधलाई नितान्त मानव चेतनाको देन मान्न सकिन्छ। अ तः बोध मानव चेतनाको देन हो जसको बाह्य एवम् आन्तरिक दुवै जगतसँग सम्पर्क रहेको पाइन्छ। बोध शब्दले वस्तु, घटना, व्यक्ति आदिको अनुभूतिको माध्यमद्वारा समयसापेक्ष स्थितिको ज्ञान

[47]मंजुलता सिंह, ऐजन, पृ.१
[48]मंजुलता सिंह, ऐजन, पृ.१
[49]हेमाङ्ग राज अधिकारी र बद्री विशाल भट्टराई , ऐजन, पृ. १०४२
[50]नगेन्द्रनाथ वासु (सम्पा.), विश्व हिन्दी कोश, ऐजन, पृ. ५१८
[51]ऊषा रानी, ऐजन, पृ.३०

प्रदान गर्ने गरेको पाइन्छ। त्यसो हुँदा साहित्यले वस्तु, घटना, स्थिति आदिको रचनाकाल सापेक्ष स्थितिको बोध गराउने हुनाले साहित्यमा युगबोधको अध्ययन व्यापक रूपमा गर्ने गरेको पाइन्छ।

बोध शब्दलाई परिभाषित गर्ने क्रममा विभिन्न विद्वान् हरूले विभिन्न मत मतान्तर एवम् परिभाषाहरू दिएका छन् भने यसको अर्थ र परिभाषा विभिन्न शब्दकोशमा पनि अनेक प्रकारले दिएको पाइन्छ। ऊषा रानीले *मृणाल पाण्डे की साहित्य में युगबोध* शोध कार्यमा बोध भन्नाले आफू र वरिपरीका वातावरण अनि त्यसका पक्षहरूको मूल्याङ्कन गर्ने शक्तिको नाम हो भनेकी छन्।[52] *प्रयोगात्मक नेपाली शब्दकोश*मा बोध भन्नाले सुनेर, पढेर, हेरेर कुनै कुरा बुझ्ने काम वा त्यस्तो क्षमता, ज्ञान, अनुभव, समझ, सोच, सम्झना, अनुभूति, महसुस आदि रहेको पाइन्छ।[53] मंजुलता सिंहले बोध भन्नाले आफ्नो छेउछाउ अर्थात् वरिपरिको वातावरणलाई बुझ्ने तथा मूल्याङ्कन गर्ने शक्तिको नाम हो भनेकी छन्।[54] जयनाथ 'नलिन' अनुसार कुनै पनि पदार्थको स्वरूपलाई मनमा राख्दै शारीरिक इन्द्रियद्वारा अनुभूत गर्नु बोध हो भन्ने कुरो उल्लेख गरेका छन्।[55]

अतः बोध भन्नाले कुनै कुराप्रतिको ज्ञान वा परिज्ञान लाई मान्न सकिन्छ। बोध मानसिक चेतनाद्वारा उत्पन्न कुनै स्थिति, अवस्था र विषयको समयसापेक्ष परिज्ञान वा अनुभूति रहेको पाइन्छ।

### ३.१.४ युगबोधको अर्थ अनि परिभाषा

*युगबोध* शब्द युग अनि बोध अर्थात् युग + बोध = युगबोध दुई शब्दको संयोजनद्वारा बनेको शब्द हो। *युग* कुनै काल, व्यक्ति वा घटनाद्वारा परिचालित वर्षहरूको समयावधि हो भने *बोध* त्यस परिचालित समयावधिप्रतिको ज्ञान, जानकारी वा जिज्ञासाको उत्तर

---

[52] ऊषा रानी, ऐजन, पृ.३०

[53] हेमाङ्ग राज अधिकारी र बद्री विशाल भट्टराई, पृ.१०४२

[54] मंजुलता सिंह, ऐजन, पृ. २

[55] जयनाथ नलिन, दर्शन साहित्यकारका आधार, पृ.५८

हो। अतः साधारण रूपमा युग शब्दले कुनै विशेष कालखण्डलाई इङ्गित गर्द छ भने बोध शब्दले त्यसै विशेष कालखण्डलाई बोध गराउने काम गर्दछ। युगबोध शब्द अङ्ग्रेजीको एरा कमप्रिहेन्सन (Era comprehension)-को हिन्दी एवम् नेपाली रूपान्तरण हो।

*प्रयोगात्मक नेपाली शब्दकोशमा* युगको स्थिति बुझ्ने काम, प्रचलित जमानाप्रति हुने सचेतता, युग चेतना भन्ने अर्थ युगबोध सम्बन्धित दिएको पाइन्छ।[56] विकिपिडिया आधारमा युगबोध समसामयिक परिस्थितिको अवधारणा हो जसले समसामयिक परिस्थितिमा कुनै विशेष कालको राजनीतिक, आर्थिक, सामाजिक, धार्मिक, सांस्कृतिक, आञ्चलिक आदि पक्षलाई बुझाउने काम गरेको गर्दछ।[57] यसै सन्दर्भमा मंजुलता सिंहले उनको पुस्तक *हिन्दी कहानी में युगबोध*मा युगबोधलाई बोलचालको भाषामा सामान्य परिस्थितिको परिज्ञान मात्र सकिन्छ भन्ने कुरो गरेकी छन्।[58]साधारणतः युगको मान्यता, स्थिति एवम् सन्दर्भको बोध युगबोध हो।[59]

अतः युगबोध भन्नाले कुनै पनि एउटा युगको मान्यता, स्थिति अथवा सन्दर्भ बुझ्न सकिन्छ। युगबोधले एउटा निश्चित समसामयिक समयावधि र त्यस समयावधिप्रतिको चेतना वा धारणालाई बुझाउने काम गरेको पाइन्छ। सामान्य रूपमा युगबोध एउटा परिस्थितिको ज्ञान वा चेतनाको रूप हो जसले विभिन्न पक्षद्वारा कुनै विशेष समयावधि, परिस्थिति वा व्यक्तिले भोगेको समयको सामाजिक, राजनीतिक, धार्मिक, आर्थिक, मनोवैज्ञानिक, आञ्चलिक आदि पक्षलाई बोध गराउने गरेको पाइन्छ।

त्यसो हुँदा युगबोध कुनै कालखण्ड, व्यक्ति अथवा घटनाको सामाजिक, राजनीतिक, आर्थिक, धार्मिक, आञ्चलिक, मनोवैज्ञानिक आदि पक्षको कडी हो। युग नितान्त परिवर्तनशील भएको कारण युगबोध र यसले बुझाउने पक्षहरू पनि नितान्त फरक रहेको र परिवर्तन हुँदै आएको पाइन्छ। साहित्यमा अभिव्यक्त प्रत्येक युग अलग

---

[56]हेमाङ्ग राज अधिकारी र बद्री विशाल भट्टराई, ऐजन, पृ.११८०
[57]https://hi.m.wikipedia.org.in ,date 19 October 2019, time 12.54 PM
[58]मंजुलता सिंह, ऐजन, पृ. १
[59]ऊषा रानी, सन् २०१२, *मृमाल पाण्डे कें साहित्य में युगबोध,* शोध प्रबन्ध, हिमाचाल प्रदेश विश्वविद्यालय, पृ.४२

अलग रहेको पाइन्छ। साहित्यमा अभिव्यक्त युगबोधले कुनै पनि समयको स्थिति वा परिवेशको विषयमा अवगत गराउने काम गर्दछ। ती अलग अलग समय वा युगले अलग अलग कुराको बोध गराउने हुँदा विभिन्न समयको स्थिति र परिवेशलाई बुझ्न र जान्नका लागि अध्येताहरूले साहित्यमा युगबोधको अध्ययन गर्ने गरेको पाइन्छ।

युगबोधको अध्ययन गर्ने क्रममा विभिन्न विद्वान् हरूले युगबोधलाई भिन्न भिन्नै प्रकारले परिभाषित गरेको पाइन्छ। राज भारद्वाज ले *हिन्दी खण्डकाव्य में युगबोध* मा कुनै पनि कालखण्डमा विद्यमान राजनीतिक, सांस्कृतिक, सामाजिक, आर्थिक, नैतिक परिवेशप्रति जागरूक र सचेत मानिसको प्रतिक्रिया नै युगबोध हो भनेका छन्।[60] सरिता विशिष्ठ लेख्छिन् - युग कालको आयामद्वारा प्रस्तु त हुने वि शिष्ट सामाजिक चेतना हो। चेतना मनमा रहन्छ र त्यही चेतना मनबाट बाह्य आएर आचरण अथवा रचनामा व्यक्त हुने गर्दछ। त्यसो हुँदा विशिष्ट सामाजिक चेतनाको अभिव्यक्तिलाई युगबोध भनिन्छ भन्ने भनाई रहेको पाइन्छ ।[61] अनीता शर्मा अनुसार कुनै समय अथवा त्यस समयका बारेमा सामाजिक, आर्थिक, राजनीतिक, धार्मिक जस्ता पक्षहरूको ज्ञान वा जानकारी लिनु युगबोध हो भन्ने भनाई रहेको पाइन्छ ।[62]रामप्रसाद त्रिपाठी अनुसार युगबोध समाज, राजनीति, धर्म, दर्शन, संस्कृति आदिको स्वरूप हो। जसलाई ठिक त्यस्तै रूपमा ग्रहण गरेर अभिव्यक्त गर्नु युगबोध हुँदछ।[63]

यी सबै परिभाषाहरूलाई हेर्दा युगबोध भन्नाले सामाजिक, राजनीतिक, धार्मिक, आर्थिक, आञ्चलिक आदि पक्षद्वारा कुनै पनि काल , व्यक्ति वा घटनाको स्थितिको बोध गराउने अवधारणा युगबोध रहेको पाइन्छ।

[60]राज भारद्वाज, सन् २०१०, *हिन्दी खण्डकाव्य में युगबोध,* पृ. २५

[61]सरिता विशिष्ठ, ऐजन, पृ. ३२

[62]अनीता शर्मा, ऐजन, पृ. ६४

[63]रामप्रसाद त्रिपाठी, सन् १९९५, *हिन्दी शब्दकोश,* पृ. २८२

### ३.१.५ युगबोधका प्रकार

युगबोध युग विशेषलाई बोध गराउने अवधारणा हो जो कुनै प्रभावशाली चिन्तनधाराको प्रभावको रूपमा रहेको पाइन्छ। यसद्वारा समयको स्थिति र परिवेश बारे जानकारी प्राप्त हुँदछ। साहित्यमा अभिव्यक्त युगबोधले कुनै युग, व्यक्ति वा घटनाको विभिन्न पक्षहरूको बोध गराउने गरेको पाइन्छ। युगबोधको अध्ययन गर्ने क्रममा डा मंजुलता सिंहले *हिन्दी कहानी में युगबोध* नामक उनको पुस्तकमा युगबोधका प्रकारलाई विभाजन गर्दै *बाह्य जगत्* र *अन्तर जगत्* गरेर दुई चरणहरूमा विभाजन गरेकी छन्। [64]त्यसैलाई आधार बनाएर यहाँ पनि युगबोधलाई दुई भागमा विभाजन गरेर अध्ययन गर्नु उपयुक्त मान्न सकिन्छ।

३.१.५.१ युगबोधको बाह्य जगत्

३.१.५.१ युगबोधको आन्तरिक जगत्

### ३.१.५.१ युगबोधको बाह्य जगत्

युगबोधका प्रकारहरूको अध्येता डा मंजुलता सिंहले *हिन्दी कहानी में युगबोध* पुस्तकमा युगबोधलाई बाह्य जगत् र अन्तर जगत् गरी दुई भागमा विभाजन गरेकी छन्। बाह्य भन्नाले बाहिरको, बाहिरी, बाहिरीय भन्ने बुझिन्छ [65] भने जगत् भन्नाले संसार, विश्व, दुनिया भन्ने अर्थ *प्रयोगात्मक नेपाली शब्दकोश* -मा दिएको पाइन्छ। [66] अतः युगबोधको बाह्य जगत् भन्नाले युगबोधको बाह्य कुरो वा बाह्य संसार भन्ने बुझ्न सकिन्छ। युगबोधको बाह्य जगतअन्तर्गत डा मंजुलता सिंहले ६ प्रकारका बोध का पक्ष हरूको कुरा गरेकी छन्। १.सामाजिकबोध,२.राजनीतिकबोध, ३.आर्थिकबोध, ४.धार्मिकबोध, ५.आञ्चलिकबोध र ६ सांस्कृतिकबोध ।

---

[64]मंजुलता सिंह, ऐजन, पृ. ७

[65]हेमाङ्ग राज अधिकारी र बद्री विशाल भट्टराई, ऐजन, पृ. १०१५

[66]हेमाङ्ग राज अधिकारी र बद्री विशाल भट्टराई, ऐजन, पृ. ४८९

**(क) सामाजिकबोध**

सामाजिकबोध युगलाई बोध गराउने सबैभन्दा बलियो बाह्य पक्ष रहेको पाइन्छ। *समाज* शब्दमा *'इक्'* प्रत्यय लागेर सामाजिक शब्द बनेको पाइन्छ जसको अर्थ समाजको वा समाज सम्बन्धित भन्ने बुझिन्छ।[67] समाजसँग आबद्ध भएर आउने वा जोडिएर आउने सबै कुरा सामाजिक हुने गर्दछ। समाज भन्नाले खास रहनसहन, रीति रिवाज, धर्म आदिबाट आबद्ध रहेका मानिसहरूको समूह, खास उद्देश्य, रूची वा व्यवसायसँग सम्बन्धित सङ्गठित वा असङ्गठित जमात भन्ने अर्थ बुझिन्छ[68] भने सामाजिक भन्नाले समाजमा हुने, समाजमा पाइने, सामाजसँग सम्बन्धित, समाजमा आधारित भन्ने अर्थ लाग्दछ।[69]

मानिस सामाजिक प्राणी हो। मानिसको हरनसहनले नै समाजको निर्माण भएको हुँदछ। सामाजिक बोधले मानिसलाई सामाजिक पक्षहरूको बोध गराउने गरेको पाइन्छ। अनीता शर्माले समाजको बारेमा बोध गराउने ज्ञान वा चेतना नै सामाजिक बोध हो भनेकी छन्।[70] तसर्थ कुनै पनि देश वा ठाउँको विकास, समाजको समृद्धि आदिको ज्ञान सामाजिकबोधद्वारा भएको पाइन्छ। समाजको अनेक दायित्व हुन्छ। साहित्य सिर्जनाको मूल वीज नै समाजलाई मान्न सकिन्छ। साहित्यलाई समाजको दर्पण मानिन्छ। जहाँ मानव जीवनको मात्र वर्णन, चित्रण नभएर समाजसँग जोडिएका वरिपरिका सबै परिवेशको वर्णन गरेको पाइन्छ। समाजका ती तमाम दायित्व पूर्ण हुन नसक्दा सामाजिक पक्षहरूलाई कला वा साहित्यको माध्यमद्वारा अभिव्यक्त गरिने गरेको पाइन्छ। समाजका विविध पक्षहरू असमानता, शोषण, धार्मिक कट्टरता, राजनीतिक ह्रास, अन्धविश्वास, अज्ञानता, अपराध, मिलमिलाप आदि जस्ता पक्षको क्रिया प्रतिक्रियाले सामाजिक बोध गराइरहेको पाइन्छ। समाजमा घटित घटना वा सामाजिक वातावरणले मा नव मनलाई प्रभावित पार्ने

---

[67]अनीता शर्मा, ऐजन, पृ. ६८

[68]हेमाङ्ग राज अधिकारी र बद्री विशाल भट्टराई, ऐजन, पृ. १४०९

[69]हेमाङ्ग राज अधिकारी र बद्री विशाल भट्टराई, ऐजन, पृ. १४४८

[70]अनीता शर्मा, ऐजन, पृ. ६८

गर्दछ। त्यसो हुँदा समाजमा घटित घटना वा सामाजिक वातावरणको छाप साहित्यमा पाइन्छ।

**(ख) राजनीतिकबोध**

युगबोध गराउने अर्को प्रमुख पक्ष राजनीतिबोध हो। राजनीति शब्द राज र नीति दुई शब्दको संयोगद्वारा बनेको पाइन्छ। राजनीति शब्द राज्य वा राजा + नीति = राजनीति-बाट बनेको पाइन्छ। राजनीति शब्द अङग्रेजीको *पोलिटिक्स* शब्दको हिन्दी अनि नेपाली रूपान्तरण रहेको पाइन्छ। पोलिटिक्स शब्दको व्युत्पत्ति *पोलिस* शब्दद्वारा भएको पाइन्छ जसको अर्थ *नगर* रहेको बुझिन्छ।[71] मंजु शर्माको भनाइलाई आधार मान्दै अनीता शर्माले उनको शोध कार्यमा राजनीतिकबोध सम्बन्धित चर्चा गर्ने क्रममा राजनीति शब्दको सर्वप्रथम प्रयोग अरस्तुले उनको *नगर राज्य* सम्बन्धित लेखिएको पुस्तकमा उल्लेख गरेको कुरो गरेकी छनिन्। [72]त्यसैले राजनीति शब्दका प्र णेता अरस्तुलाई मान्न सकिन्छ। राजनीति शब्दको अर्थ राज्यको शासन व्यवस्था तथा प्रशासन चलाउने नीति वा त्यस्तो गतिविधि, राज्यसत्ता वा शक्ति प्राप्त गर्न कुनै व्यक्ति वा समूहले सञ्चालन गर्ने गतिविधि, विविध किसिमको चलाखी, दाउपेज भन्ने अर्थ प्रयोगात्मक नेपाली शब्दकोशले दिएको पाइन्छ। [73]राजनीतिमा *'इक्'* प्रत्यय लागेर *राजनीतिक* शब्दको निर्माण भएको हो। राजनीतिक शब्दको कोशगत अर्थ राजनीतिसम्बन्धी, राजनीतिको भन्ने रहेको पाइन्छ।[74]

राज्य वा देश चलाउने नियम अथवा विधान राजनीति अन्तर्गत पर्दछ। राजनीति त्यस्तो व्यवस्था हो, जसद्वारा राजाले राज्यको शासन गर्दै राज्यलाई सुरक्षित, सुदृढ र व्यवस्थित पार्ने काम गर्दछन्। समाजको निर्माण र व्यक्तिको उत्थान, पतनमा राजनीतिको

---

[71]ऊषा रानी, ऐजन, पृ. ६२

[72]अनीता शर्मा, ऐजन, पृ. ७१

[73]हेमाङ्ग राज अधिकारी र बद्री विशाल भट्टराई,पूर्ववत् ,ऐजन, पृ. १२०३

[74]हेमाङ्ग राज अधिकारी र बद्री विशाल भट्टराई, ऐजन, पृ. १२०३

ठुलो भूमिका रहेको पाइन्छ। त्यसो हुँदा राजनीतिक बोध युगबोधको महत्तवपूर्ण पक्ष हो। समाजमा राजनीतिक कारणले हुने षडयन्त्र, अपराध, जालझेल, ह्रास, क्रान्ति सबै कुराको बोध राजनीतिक बोधद्वारा हुँदछ।

समाजका हरेक तह तप्कामा राजनीतिक प्रभाव रहेको पाइन्छ। साहित्य राजनीतिदेखि अलग रहन सक्दैन। साहित्यले राजनीतिका विभिन्न पक्षहरूलाई समेटेको हुन्छ। राजनीतिको समाजिक प्रभाव र राजनीतिक गतिविधिहरू कुनै न कुनै रूपमा साहित्यमा समावेश भएको हुन्छ। साहित्यमा समावेश राजनीतिका गतिविधिहरूले तत्कालीन युगबोध गर्न सहयोग गर्दछन्। साहित्यमा अभिव्यक्त कुनै विशेष काल, व्यक्ति वा घटनाको गतिविधिको परिज्ञान राजनीतिकबोधद्वारा हुँदछ। अतः त्यही परिज्ञान नै राजनीतिकबोध हो। आफ्नो देश र समाजप्रति जिम्मेवार व्यक्तिले आफैलाई राजनीतिदेखि टाडा राख्न सकि दैन।[75]त्यसो हुँदा समाजको कुनै पनि व्यक्ति कुनै न कुनै रूपमा राजनीतिसँग सम्बन्धित रहेको पाइन्छ। राजनीतिले समाजमा पारेको प्रभाव साहित्यमा सर्जकले उतारेका हुन्छन्। सामाजिक जीवन र विकासमा राजनीतिले मुख्य भूमिका निभाउने गर्दछ। राजनीतिको भूमिका र प्रभाव सर्जकले आफ्ना सिर्जनामा समावेश गरेका हुन्छन्।

अतः साहित्य को माध्यमद्वारा वर्णित तत्कालीन राजनीतिक क्रियाकलापले कुनै युगको स्थिति र अवस्था बुझ्न सहयोग गर्दछ। आजको समय मा राजनीतिक क्रियाकलापको समाजको उत्थान, व्यक्तिको विकास र पतनमा महत्त्वपूर्ण भूमिका रहेको पाइन्छ। तसर्थ राजनीतिकबोध भन्नाले साहित्यमा वर्णित, चित्रित वा अभिव्यक्त भएका राजनीतिक गतिविधि हरूको समुचित अध्ययनबाट हुने बोध लाई राजनीतिकबोध मान्न सकिन्छ।

[75]अनीता शर्मा, ऐजन, पृ. ७१

**(ग) आर्थिकबोध**

अर्थ समाजको महत्त्वपूर्ण आवश्यकता हो कुनै पनि देश, राज्य, समाजको स्थितिको मापन अर्थको आधारमा गरिन्छ। देश सञ्चालन र विकास समेत अर्थतन्त्रको आधारमा निर्धारित गर्ने गरेको पाइन्छ । देशको स्थितिको विभाजन विकसित, विकासशील र अर्द्धविकसित भनेर देशको अर्थ व्यवस्थाको आधारमा नै गरिन्छ।[76] त्यसो हुँदा आजको समयमा अर्थको भूमिका महत्त्वपूर्ण रहेको पाइन्छ। सामान्य रूपमा अर्थ भन्नाले धन, सम्पत्ति भन्ने बुझिन्छ। *प्रयोगात्मक नेपाली शब्दकोशले अर्थ* शब्दको कोशगत अर्थ धन, सम्पत्ति, वित्त, रूपियाँ, पैसा, सटही हुने वस्तु, द्रव्य, आर्जन, कमाई, प्राप्ति भन्ने दिएको पाइन्छ।[77] '*इक्*' प्रत्यय लागेर बनेको आर्थिक शब्दको कोशगत अर्थ धन सम्पत्ति सम्बन्धित, धनको कारोबारसँग सम्बन्धित, उत्पादन, वितरण, आर्जन आदिसँग सम्बन्धित भन्ने अर्थ दिएको पाइन्छ। जीवन धान्न अर्थात् जीविकापार्जनकानिम्ति धन, सम्पत्तिको आवश्यक पर्दछ। वर्तमान समयको एउटा महत्त्वपूरण पक्षको रूपमा अर्थलाई लिन सकिन्छ। मानिसको पहिलो आवश्यकता खाना, नाना र छानालाई मानिन्छ। त्यसैकारण समाजमा बस्ने सबै मानिस आफ्नो आर्थिक अवस्थाको सुधारका निम्ति एउटा एउटा पे शामा लागि परेर काम गर्ने गर्दछन्। प्रत्येक युगको सामाजिक, राजनैतिक, सांस्कृतिक जीवन आर्थिक प्रक्रियाद्वारा प्रभावित रहेको पाइन्छ ।[78] कुनै पनि देशको सामाजिक जीवन आर्थिक व्यवस्थाद्वारा निर्मित हुँदछ। आर्थिक स्थितिले समाजलाई प्रभाव पारिरहेको पाइन्छ । आर्थिकबोध समाजको आर्थिक क्रियाकलापद्वारा प्रभावित भएर साहित्यमा प्रतिविम्बित रहेको हुन्छ। त्यसो हुँदा युगको स्थितिलाई बुझ्नमा आर्थिकबोधको महत्त्वपूर्ण भूमिका रहेको मान्न सकिन्छ। आर्थिक दुर्बलता र सबलताले पारेको सामाजिक चित्रण साहित्यमा

---

[76]अनीता शर्मा, ऐजन, पृ. ७५

[77]हेमाङ्ग राज अधिकारी र बद्री विशाल भट्टराई,पूर्ववत् , ऐजन, पृ. ७५

[78]ऊषा रानी, ऐजन, पृ. ५८

पनि प्रतिविम्वित हुँदछ। अतः अर्थ व्यवस्थाले सामाजिक वातावरणको पनि निर्माण गर्दछ। त्यही नै आर्थिकबोधको आधार हो।

दुर्गाप्रसाद तिवारीले उनको शोध कार्यमा आर्थिकबोधको चर्चा गर्दै आर्थिक व्यवस्थाको स्थान कस्तो छ ? यसले समाजका जनजीवनमा पार्ने प्रभाव कस्ता छन् ? व्यक्ति र राष्ट्रको आर्थिक स्थिति कस्तो छ ? समाजमा उद्योगधन्दा, बेरोजगारी, रोजगारी स्थिति कस्तो छ ? श्रमको मूल्यबोध, आर्थिक शोषण र अर्थको आधारमा सामाजिक भेद कस्ता हुन्छन् ? आदि प्रश्नहरूको अध्ययन आर्थिकबोधले गर्दछ भन्ने कुरा उल्लेख गरेका छन्।[79] उक्त भनाइका आधारमा आर्थिकबोध वा आर्थिक स्थितिले समाज र युगमा पार्ने स्थितिको अध्ययन युगबोधद्वारा गर्न सकिन्छ।

आर्थिक व्यवस्थाद्वारा प्रभावित समाज र समाजको युगीन परिस्थितिको चित्रण कुनै न कुनै रूपमा साहित्यमा अभिव्यक्त भएको हुने हुनाले साहित्यमा उल्लेखित आर्थिक परिस्थितिको युगीन चित्रण नै आर्थिकबोध रहेको मान्न सकिन्छ।

### (घ) धार्मिकबोध

*धर्म* अङग्रेजीको *रिलिजन* शब्दको नेपाली रूपान्तरण हो। धर्म शब्द 'धृ' धातुबाट बनेको पाइन्छ जसको अर्थ 'धारण गर्नु' हुँदछ।[80] अतः यस भनाइका आधारमा जुन कुरो धारण गर्न योग्य हुन्छ त्यसलाई धर्म मान्न सकिन्छ। धार्मिक शब्द धर्ममा 'इक्' प्रत्यय लागेर बनेको पाइन्छ। धार्मिक भन्नाले धर्ममा आधारित, धर्म सम्बन्धित, धर्म विषयको, धर्मकर्म गर्ने, धर्मात्मा भन्ने पाइन्छ।[81] धर्म के हो भन्ने प्रश्नको उत्तरमा एकमत पाइँदैन। त्यसो हुँदा धर्मको परिभाषा दिने क्रममा विभिन्न विद्वान् हरूले आआफ्नै तरिकाले धर्मलाई परिभाषित गरेको पाइन्छ। *संस्कृत हिन्दी शब्द सागर* ले जुन कर्मले मानिसलाई अधिक

---

[79]दुर्गाप्रसाद तिवारी, ऐजन, पृ. २३
[80]ऊषा रानी, ऐजन, पृ. ५४
[81]हेमाङ्ग राज अधिकारी र बद्री विशाल भट्टराई, ऐजन, पृ. ७३१

सुख दिन्छ त्यही नै धर्म हो भनेको पाइन्छ।[82] *प्रयोगात्मक नेपाली शब्दकोशका* आधारमा मानिसले मानि आएका परम्परागत विश्वास, मान्यता वा त्यससँग सम्बन्धित सम्प्रदाय, यही जन्ममा वा मरेपछि पनि भलो हुन्छ भन्ने विश्वासले गरिने कर्म, पूजा, तीर्थव्रत आदि पुण्यकर्म, कुनै वर्ग, पद, जाति आदिले गर्नु पर्ने कर्तव्य, दायित्य वा अभिभार , असल आचरण, सदाचार, सत्कर्म, नीति, नियम, मर्यादा, कुनै वस्तु, व्यक्ति आदिमा हुने मूल स्वभाव वा प्रकृति, सहज गुण भन्ने अर्थ धर्म सम्बन्धित दिएको पाइन्छ।[83]

अतः उक्त धर्मको अर्थका आधारमा धर्मलाई विश्वास, आस्था, नीति, नियम मान्न सकिन्छ। वास्तवमा धर्म समाजलाई नियन्त्रण गर्ने मन्त्र हो। यस ले समाजलाई नियन्त्रण गर्दछ। यसले उचित र अनुचित कार्यको पाठ पढाएर मानिसलाई अनुशासित पार्ने काम गर्दछ। तसर्थ धर्मलाई अनुशासनको एउटा माध्यम मान्न सकिन्छ। धर्म सम्बन्धित मानिसको आआफ्नै धारणा रहेको पाइन्छ। धर्मबिना मानिसको अस्तित्व हुँदैन भन्ने एक पक्षको भनाइ पाइन्छ भने धर्म नमान्ने नास्तिक अनि मानवतालाई नै धर्म मान्ने अर्को जमात रहेको पाइन्छ। अनीता शर्मा ले धार्मिकबोधको चर्चा गर्ने क्रममा धार्मिकबोधको *सकारात्मक* र *नकारात्मक* गरेर दुई रूपलाई मानेकी छन्। सकारात्मक रूप भनेर उनले परमात्मामा विश्वास गर्ने, देवी देवतामा आस्था राख्ने, सद्भावना, अहिंसा, पूजाविधि आदि गर्नेलाई मानेकी छन् । उनले यसैसम्बन्धित कुरा गर्ने क्रममा धर्मको सकारात्मक रूपले मानिसको आन्तरिक विकास हुने कुरो गरेकी छन् भने उनले धर्मको नकारात्मक रूप भनेर अन्धविश्वास, बाह्य आडम्बर, धार्मिक कट्टरता, साम्प्रदायिकता आदिलाई मानेकी छन्।[84] त्यसो हुँदा जसरी युगबोध सामाजिक, राजनैतिक, आर्थिक आदि पक्षसँग जोडिएको हुन्छ। त्यसरी नै धार्मिकबोधको पनि युगबोधमा गहन भूमिका रहेको मान्नसकिन्छ। अतः

---

[82]श्याम सुन्दर दास, *संस्कृतिक हिन्दी शब्द सागर,* ऐजन, पृ. ६७

[83]हेमाङ्ग राज अधिकारी र बद्री विशाल भट्टराई, ऐजन, पृ. ७२५

[84]अनीता शर्मा, ऐजन, पृ.८८

समाजमा रहेका धर्मका दुवै सकारात्मक र नकारात्मक रूप साहित्यमा अभिव्यक्त भएको पाइन्छ। यसै धार्मिकबोधको माध्यमद्वारा युगको बोध गर्न सहयोग हुने बुझिन्छ।

साहित्य र धार्मिकबोधको आपसमा घनिष्ठ सम्बन्ध रहेको पाइन्छ। साहित्यले धर्मसँग जोडिएका सामाजिक पक्षहरूलाई प्रस्तुत गर्ने गरेको पाइन्छ। साहित्यको माध्यमद्वारा कुनै काल, व्यक्ति वा घटित घटनाको धार्मिक प्रभाव र तत्कालीन समयमा धार्मिक स्थिति र अवस्थाको बोध गर्न धार्मिकबोधले सहयोग गरेको पाइन्छ।

### (ङ) आञ्चलिकबोध

अञ्चल शब्द अङग्रेजीको *रिजन* शब्दको नेपाली रूपान्तरण रहेको पाइन्छ। अञ्चल भन्नाले क्षेत्र, प्रदेश वा भाग भन्ने अर्थ बुझिन्छ।[85] अञ्चल शब्दमा 'इक्' प्रत्यय लागेर *आञ्चलिक* शब्दको निर्माण भएको पाइन्छ। आञ्चलिक शब्दले कुनै क्षेत्र वा भेगका विशेषता वा त्यस विशेष स्थानहरूलाई चिनाउने काम गर्द छ। सामाजिक, राजनैतिक, आर्थिक, धार्मिक, मनोवैज्ञानिक पक्षहरू जस्तै साहित्यमा समावेश आञ्चलिकता पनि एउटा महत्त्वपूर्ण पक्ष हो। साहित्य सिर्जनामा आञ्चलिक प्रभाव रहेको पाइन्छ। कुनै पनि साहित्यमा त्यस भेगको वा क्षेत्रको आञ्चलिक पक्ष समावेश भएको हुन्छ। साहित्य सिर्जनामा अञ्चलको पनि प्रभाव हुने गरेको मान्न सकिन्छ। त्यसो हुँदा साहित्यमा युगबोधको अवधारणालाई केलाउन आञ्चलिकबोध पनि महत्त्वपूर्ण रहेको मान्न सकिन्छ। आञ्चलिकबोधमा कुनै विशेष काल, व्यक्ति वा घटना सम्बन्धित अञ्चल, क्षेत्र वा स्थान विशेषका पक्ष वा कुराहरू समेटिएको भेटिन्छ।

### (च) सांस्कृतिकबोध

संस्कृति शब्द अङग्रेजीको *कल्चर* शब्दको नेपाली रूपान्तरण रहेको पाइन्छ। संस्कृति शब्द सम्+कृति दुई शब्दको संयोगद्वारा बनेको शब्द हो। संस्कृति भन्नाले देश वा जातिको कला, साहित्य, सङ्गीत, आचार व्यवहार तथा बौद्धिकता र त्यसलाई मौलिक पहिचान दिन

[85] हेमाङ्ग राज अधिकारी र बद्री विशाल भट्टराई, ऐजन, पृ. १६

सक्ने विशेषता, संस्कार, परम्परा भन्ने अर्थ प्रयोगात्मक नेपाली शब्दकोशले दिएको पाइन्छ।[86] संस्कृतिमा 'इक्' प्रत्यय लागेर बनेको शब्द सांस्कृति कको सम्बन्ध मानवसमाजसँग रहेको पाइन्छ । वास्तवमा मानवसमाज नै संस्कृति निर्माता हो। साधारणतः संस्कृति भन्नाले पुस्तौनीरूपमा प्राप्त हुँदै आएका आफ्ना वेषभूषा, रहनसहन, खानपान, आफ्नै जातिगत एवम् पारम्परिक क्रियाकलाप भन्ने बुझिन्छ। प्रत्येक समाज र जातिगत समूहको आआफ्नै संस्कृति रहेको हुन्छ। अतः हामीलाई अन्य समूहका मानिसबाट अलग पार्ने र फरक प रिचय दिने माध्यममध्ये संस्कृति पनि एउटा महत्त्वपूर्ण घटक हो। त्यसैले संस्कृति प्रतेक समूह र समाजको आआफ्नै र फरक फरक रहेको पाइन्छ। दुर्गाप्रसाद तिवारीले संस्कृति अन्तर्गत मानिसको समूचित परिस्थितिको अवलोकन हुँदछ भन्ने कुरो आफ्नो शोध कार्यमा उल्लेख गरेका छन् । उनले संस्कृतिको तात्पर्य मानिसको जीवनचर्यामा आउने उत्सव, विवाह, खानपान, वेशभूषा, मनोरञ्जन साथै कला सम्बन्धित मान्यताहरू हुन् भन्ने कुरा गरेका छन्। तिवारीले परम्पराबाट प्राप्त विचार मूल्य, कला, शिल्प, व्यवहार आदिलाई संस्कृतिको अङ्ग मान्दै यी सबै कुराको मूल्याङ्कन सांस्कृतिकबोधअन्तर्गत पर्दछ भन्ने कुरो गरेका छन् ।[87] संस्कृति परिवर्तनशील एवम् विकासशील रहने हुनाले युगीन संस्कृतिको वास्तविक संरक्षण साहित्यले गर्ने गरेको कुरो ऊषा रानीले गरेकी छन्।[88]त्यसो हुँदा साहित्यले संस्कृतिको संरचनाको वर्णन मात्रै नगरेर यसले संस्कृतिको संरक्षण पनि गर्ने गरेको पाइन्छ।

संस्कृति देशको धर्म, रीति रिवाज, परम्परा, सभ्यता, सामाजिक सङ्गठन अनि आध्यात्मिक र मानसिक तत्त्व समावेश भएको सङ्गठन हो । संस्कृति मानिसको जीवनयापनकालागि महत्त्वपूर्ण पक्ष रहको पाइन्छ। अनीता शर्माको आधारमा धर्म,

---

[86]हेमाङ्ग राज अधिकारी र बद्री विशाल भट्टराई, ऐजन, पृ. १५०४

[87]दुर्गाप्रसाद तिवारीस, सन् १९९४, उपन्यासकार अमृतलाल नागरः युगबोध, रोहतक, महर्षि दयानन्द विस्वविद्यालय, पृ.२१

[88]ऊषा रानी , ऐजन, पृ. ५४

इतिहास, रीति-नीति, परम्परा, आचार-विचार आदि सबै संस्कृति हुँदछन्।[89] त्यसो हुँदा साहित्यमा पाइने सामाजिक, राजनैतिक, आर्थिक, धार्मिक, आञ्चलिक आदि पक्षहरू जस्तै सांस्कृतिक पक्षलाई पनि साहित्यको मूल पा टो मान्न सकिन्छ। साहित्यमा कुनै पनि ठाउँ, क्षेत्र वा अञ्चलको सांस्कृतिक पाटो को छाप पसेको पाइन्छ । त्यसो हुँदा साहित्यले संस्कृतिकबोध गराउदै विशेष काल, व्यक्ति वा घटनाको युगबोध गराउने काम गर्दछ।

### ३.१.५.२ युगबोधको अन्तर जगत्

अन्तर जगत् भन्नाले आन्तरिक संसार वा आन्तरिक पक्ष भन्ने बुझिन्छ । *प्रयोगात्मक नेपाली शब्दकोश*को आधारमा 'अन्तर' भन्नाले भित्रको, भित्री भन्ने अर्थ दिएको पाइन्छ भने *जगत्* भन्नाले संसार, विश्व, दुनिया भन्ने अर्थ बुझि न्छ।[90] युगबोधको बाह्य जगत् मा जस्तै अन्तर जगतअन्तर्गत पनि युगबोधका विभिन्न पक्षहरू रहेका छन्। मंजुलता सिंहले उनको पुस्तक *हिन्दी कहानी में युगबोध* मा आन्तर जगत् बोधका विभिन्न उपबोध वा पक्षहरू जस्तै- मूल्यबोध एवम् नैतिकबोध, आदर्शबोध, यथार्थबोध, अस्तित्वबोध, विसङ्गतिबोध, आक्रोशबोध र मृत्युबोध गरे र विभाजन गरेको पाइन्छ ।[91] उनको यसै भनाईलाई आधार बनाएर युगबोधको अन्तर जगत्-को अध्ययन गर्ने प्रयास यहाँ गरिएको छ। युगबोधको अन्तर जगतका विभिन्न उपविधाहरू यस प्रकार रहेका छन्।

### (क) मूल्यबोध एवम् नैतिकबोध

मूल्य अङग्रेजीको भ्यालु ( Value) शब्दको नेपाली रूपान्तरण हो। *प्रयोगात्मक नेपाली शब्दकोश*को आधारमा मूल+य बाट मूल्य शब्द बनेको पाइन्छ। मूल्य शब्दको कोशगत अर्थ कुनै सामान किनबेच गर्दा त्यसकालागि तोकिएको रकम, मोल, किमत, कुनै वस्तुको गुण, महत्त्व, उपयोग , मानि आएका मान्यता, विश्वास आदि भन्ने अर्थ बुझिन्छ।[92] सिङ्गो

---

[89]अनीता शर्मा, ऐजन, पृ. ८५

[90]हेमाङ्ग राज अधिकारी र बद्री विशाल भट्टराई, ऐजन, पृ.४७

[91]मंजुलता सिंह , ऐजन, पृ. १८

[92]हेमाङ्ग राज अधिकारी र बद्री विशाल भट्टराई, ऐजन, पृ. ११६२

शब्द मूल्यले विभिन्न अर्थ दिए पनि यहाँ मूल्य भन्नाले कुनै कुराको महत्त्व, उपयोग भन्ने अर्थ बुझ्नु पर्ने हुन्छ। समाजका विभिन्न क्षेत्रसँग सम्बन्धित अनेक प्रकारका मूल्य हरू हुने गर्दछन्। मंजुलता सिंहले मूल्यको कुरा गर्दै सामाजिक मूल्य, पारिवारिक मूल्य, धार्मिक मूल्य, राजनीतिक मूल्य, सांस्कृतिक मूल्य, नैतिक मूल्यको कुरा गर्दै मूल्यको विशिष्ट स्थान हुने कुरो गरेको पाइन्छ। [93]वर्तमान समयमा सबै कुराको मूल्य सङ्कटमा रहेको पाइन्छ। साहित्यमा वर्णित सामाजिक, राजनीतिक, धार्मिक, आर्थिक, नैतिक आदि मूल्यले कुनै विशेष युगको युगबोध गराउने गरेको पाइन्छ। यी विभिन्न कुराहरूको मूल्यले युगको स्थिति बुझाउने काम गर्दछ। त्यसो हुँदा विभिन्न पक्षद्वारा युगको मूल्य बुझाउने कामलाई मूल्यबोध भन्न सकिन्छ।

मूल्यबोध अन्तर्गत नै नैतिकबोध पनि पर्ने गरेको पाइन्छ। नैतिक शब्द नीतिबाट बनेको शब्द हो। जसले नीतिगत, नीति भन्ने अर्थ बुझाउँछ। नैतिक भन्नाले अङग्रेजीमा Moral, Ethic भन्ने कुरो बुझिन्छ। [94]नैतिक शब्द नीतिमा 'इक्' प्रत्यय लागेर अर्थात् नीति + इक् -बाट नैतिक शब्द बनेको पाइन्छ। नीति भन्नाले लोकले लिनु पर्ने आचार व्यवहार, सही बाटो, सदाचार, कर्तव्य, आचार , समाज, सरकार, सङ्घसंस्था आदिले आफ्नो कार्य सञ्चालन गर्न निर्धारण गरेको मुख्य प्रक्रिया, विधि वा मान्यता , कुनै कार्य गर्नका लागि निर्धारण गरिएको नियम, कानुन , जुक्ति, उपाय, पद्धति आदि बुझ्न सकिन्छ। [95]नैतिक भन्नाले नीतिसम्बन्धी, नीतिको, नीतिगत, आचार सम्बन्धी, समाजले उपयुक्त मानेको, नीति सम्मत, न्याय सङ्गत, न्यायोचित, अन्तरात्माले देखेको, अन्तःस्करणको, आत्मिक भन्ने आर्थ दिएको पाइन्छ। [96] नैतिकबोधले साहित्यको माध्यमद्वारा युगलाई बोध गर्न सहयोग गरेको पाइन्छ। साहित्यमा सामाजिक, राजनीतिक, आर्थिक, धार्मिक, आञ्चलिक नैतिक

---

[93]मंजुलता सिंह, ऐजन, पृ. १९

[94]Chandra Lal Singh (editor), 2000, The concise dictionary of nepali language, educational enterprises (P) Ltd. Mahankal, Kathmandu, Nepal , pg.430

[95]हेमाङ्ग राज अधिकारी र बद्री विशाल भट्टराई, ऐजन, पृ. ७९१

[96]हेमाङ्ग राज अधिकारी र बद्री विशाल भट्टराई, ऐजन, पृ. ७९४

आदि मान्यताहरू समावेश रहेका हुन्छन् । साहित्यमा समावेश यी विभिन्न पक्ष हरूले युग विशेषलाई बोध गराउदै नैतिकबोध गराइरहेको पाइन्छ ।

**(ख) आदर्शबोध**

आदर्श भन्नाले अङग्रेजीमा आइडियल (Ideal) भन्ने अर्थ दिएको पाइन्छ । आदर्श शब्दको कोशगत अर्थ विचार, सिद्धान्त, व्यवहार, आनीबानी, स्वभाव वा रूपरङ्ग आदिको अनुकरणीय पक्ष, उत्तम नमुना, उदाहरणीय कुरा । सबै ल क्षणले परिपूर्ण, सर्वगुण सम्पन्न, उत्कृष्ट भन्ने अर्थ रहेको पाइन्छ । [97] त्यसो हुँदा साधारण हिसाबले आदर्श भन्नाले सर्वगुण सम्पन्न एवम् उत्कृष्ट व्यवहार बुझिन्छ । आदर्शको सम्बन्ध नैतिक, धार्मिक, आध्यात्मिक, सौन्दर्यपरक आदि जस्ता पक्षहरूसँग रहो क पाइन्छ । मंजुलता सिंहले आदर्शवादको कुरा गर्दै यो एउटा पुरानो विचारधारा रहेको बताएकी छन् । आदर्श आइडियाको स मानार्थी शब्द भएकाले आदर्शवादलाई विचारवाद पनि भनिने गरेको पाइन्छ । मंजुलता सिंहको आधारमा आदर्शबोधको मूल उद्देश्य कल्या णकारी भावनाको विकास गर्नु रहेको छ । [98] त्यसो हुँदा आदर्शबोध कल्याणकारी भावयुक्त रहेको मान्न सकिन्छ । त्यसो हुँदा साहित्यमा वर्णित नैतिक, धार्मिक, आध्यात्मिक, सौन्दर्यपरक आदि पक्षमा पाइने आदर्शद्वारा युग लाई बोध गराउने चेतना आदर्शबोध हो भन्न सकिन्छ ।

**(ग) यथार्थबोध**

यथार्थ शब्द यथा + अर्थ दुई शब्दको योगद्वारा बनेको शब्द हो । यथार्थ शब्दको अर्थ जस्तो छ त्यस्तै, त्यस अनुसारको, हुबहु, साँचो, सत्य, सही, वास्तविक , सत्य कुरो, वास्तविक स्थिति भन्ने अर्थ प्रयोगात्मक नेपाली शब्दकोशले दिएको पाइन्छ । [99] त्यसो हुँदा यथार्थ भन्नाले सत्य कुराको विवरण वा चित्रण भन्ने बुझिन्छ । यथार्थवादको मूल सिद्धान्त वस्तुलाई यथार्थ रूपमा चित्रण गर्नु हो । यथार्थवाद स्वच्छन्दतावाद र आदर्शवादको विरोधी

---

[97] हेमाङ्ग राज अधिकारी र बद्री विशाल भट्टराई, ऐजन, पृ. ११६

[98] मंजुलता सिंह, ऐजन, पृ. २१

[99] हेमाङ्ग राज अधिकारी र बद्री विशाल भट्टराई, ऐजन, पृ. ११७४

अर्थमा प्रयोग हुँदछ। वस्तुको प्रधानता रहेको यथार्थवाद सन् १८३० तिरै जर्मनीबाट सुरु भएको पाइन्छ। यथार्थवादले भावना, कल्पना र विचारहरूबाट अलग बसेर वस्तुमा नै ध्यान केन्द्रित गरेर सत्य कुराको तटस्थ द्रष्टाका रूपमा काम गर्ने गरे को पाइन्छ।[100] यथार्थवादले समाजको यथार्थ चित्रण गर्ने गर्दछ। यसमा कुनै विशेष युगमा घटित घटना, समाजिक परिवेश, व्यक्ति आदिको यथार्थ चित्रण द्वारा कुनै युग विशेष को बोध हुने गर्दछ। अतः साहित्यमा वर्णित कुनै पनि घटना, व्यक्ति वा समयको यथार्थ चित्रणद्वारा हुने बोध नै यथार्थबोध हो भन्ने मान्न सकिन्छ। यथार्थबोधले समाजमा घटित सत्य कुरालाई यथार्थ रूपमा प्रस्तुत गर्दै वर्णित तत्कालीक युगबोध गराउने काम गरेको पाइन्छ।

**(घ) अस्तित्वबोध**

अस्तित्व शब्द अङग्रेजीको Existence शब्दको नेपाली रूपान्तरण रहेको पाइन्छ। अस्तित्व शब्दको अर्थ कुनै वस्तु व्यक्तिआदि छँदा वा रहँदाको स्थिति, हुनु वा रहनुको स्थिति, सत्ता, विद्यमानता , कुनै वस्तुको उपस्थिति , कुनै व्यक्तिको पहिचान, इज्जत वा प्रतिष्ठा, अस्मिता , अस्तित्वसम्बन्धित रहेको पाइन्छ।[101] अस्तित्ववाद बीसौं शताब्दीको प्रथम दशकको अन्तिम वर्षहरूदेखि प्रभावशाली बन्न थालेको साहित्यिक वाद हो। अस्तित्ववादको प्रवर्तक डेनमार्क निवासी किर्के गा र्डलाई मानिन्छ। अस्तित्ववादका अन्य विद्वान्हरूमा हेडेगर, या स्कर्स, मा र्सल, ज्याँपाल सात्र रहेको पाइन्छ।[102] अस्तित्ववादी साहित्यमा मानवजीवनको व्यर्थता, बीभत्स यौनवृत्ति, नैतिक अवमूल्यन, अश्लीलता, निराशा , पलायन, ह्रासोन्मुख तत्त्वहरू नै प्रमुख रूपले रहेको पाइन्छ।[103] वास्तवमा अस्तित्ववादी दर्शनको प्रभाव अनास्था, व्यथा, निराशा, शून्यता, मृत्युबोध आदिमा रहेको पाइन्छ। मंजुलता सिंह ले अस्तित्ववादको कुरा गर्दै व्यथा, स्वतन्त्रता र

[100]भानिभक्त पोखरेल, सन् १९८३, साहित्य र सिद्धान्त, पुलचोक ललितपुर, नेपाल, साझा प्रकाशन, पृ. ५३
[101]हेमाङ्ग राज अधिकारी र बद्री विशाल भट्टराई, ऐजन, पृ. ९९
[102]भानुभक्त पोखरेल, ऐजन, पृ. ७७
[103]भानुभक्त पोखरेल, ऐजन, पृ. ८०

मृत्यु अस्तित्ववादको तीन आवश्यक तत्त्व रहेको कुरा गर्दै अस्तित्व हुन्छ, अस्तित्व रहदैन र यसैको द्वन्द्वमा जीवनको अस्तित्व सकि न्छ भन्ने कुरो अर्थात् मृत्यु हुन्छ भन्ने कुरो गरेको पाइन्छ। [104] साहित्यममा अभिव्यक्त अस्तित्ववादी विचारधाराले व्यर्थता, बीभत्स यौनवृत्ति, नैतिक अवमूल्यन, अश्लीलता, निराशा , पलायन, ह्रास, अनास्था, व्यथा, निराशा, शून्यता, मृत्यु आदि जस्ता पक्षहरूलाई बोध गराउदै कुनै युग विशेषलाई बोध गराउने काम गरेको पाइन्छ।

**(ङ) विसङ्गतिबोध**

विसङ्गति भन्नाले सङ्गति नभएको स्थिति, अमिल्दो पन, असङ्गति, विषमता, बेमेल, असन्तुलन भन्ने बुझिन्छ ।[105]विसङ्गतिवादलाई बीसौं शताब्दीको साहित्यिक अभियान मान्ने गरिन्छ। विसङ्गतिवादको आरम्भ अस्तित्वादी ज्याँपाल सात्रबाट भएको हो।[106] विसङ्गतिवादीहरू जीवनलाई विसङ्गतको ठुलो पाटो मान्दछन्। जीवन विसङ्गतयुक्त हुँदछ यो मिलेको र सङ्गत हुँदैन भन्ने विसङ्गतिवादीहरूको धारणा रहेको पाइन्छ। विसङ्गतिवादी लेखकहरूले जीवनको वास्तविकतालाई देखाउँदै जीवनका विसङ्गतिहरूलाई लेख्ने गरेको पाइन्छ। विसङ्गतिवादभित्र निरर्थकता, शून्यता, अनास्था, असङ्गति र निस्सारता जस्ता तत्त्वहरू रहेका पाइन्छन्।

सामाजिक जीवनमा घटित विसङ्गत पक्षलाई साहित्यकारले आफ्ना सिर्जनाहरूमा उतार्ने गरेको पाइन्छ। साहित्यमा चित्रित सामाजिक विसङ्गतियुक्त पक्षले कुनै समाज, व्यक्ति, समय वा घटनाको विसङ्गत पक्षलाई प्रस्फुटित गर्ने गरेको पाइन्छ। साहित्यमा व्यक्त विसङ्गतियुक्त पक्षले कुनै विशेष युगका विसङ्गत पक्षहरूलाई बोध गराउने गरेको पाइन्छ। वास्तवमा साहित्य सिर्जनाको एउटा प्रमुख कारण विसङ्गतिलाई पनि मान्न सकिन्छ। साहित्या वर्णित कुनै व्यक्तिले बाँचेको, कुनै पनि समय वा घटनाका विभिन्न पक्षहरूले युग विशेषको अध्ययन गर्दै युगबोध गराउँदछ।

---

[104]मंजुलता सिंह, ऐजन, पृ. २३

[105]हेमाङ्ग राज अधिकारी र बद्री विशाल भट्टराई, ऐजन, पृ.१३२१

[106]भानुभक्त पोखरेल, ऐजन, पृ. ८१

**(च) आक्रोशबोध**

आक्रोश भन्नाले रिसले कठोर शब्दमा गरिने गाली, भर्त्सना, झोक, चिच्याहट, सराप, अभिशाप भन्ने बुझिन्छ। [107]साहित्यमा आक्रोश व्यापक रूपमा अभिव्यक्त भएको पाइन्छ। साहित्य सिर्जनाको एक पक्ष आक्रोशलाई पनि मान्न सकिन्छ। आक्रोशको सिर्जनामा विसङ्गतिको पनि महत्त्वपूर्ण भूमिका रहेको पाइन्छ। आक्रोश साहित्मा समाजप्रति, परिवारप्रति, अन्धविश्वासप्रति, राजनीतिक व्यवस्थाप्रति, नेताप्रति, कुरीति र अन्याय अत्यचारअदिप्रति अभिव्यक्त भएको पाइन्छ। [108]आक्रोश र विद्रोह माझ सम्बन्ध रहेको पाइन्छ। आक्रोश कै कारण विद्रोही भावको सिर्जना हुने गर्दछ। त्यही सिर्जित विद्रोह, आक्रोशले कुनै युगको स्थिति बोध गर्न सहयोग हुने गर्दछ। तसर्थ आक्रोशबोधले कुनै युग र तत्कालीन समयको राजनीतिक, सामाजिक, आर्थिक जस्ता विविध पक्षद्वारा सिर्जना भएका समस्याहरूले सिर्जित आक्रोशको माध्यमद्वारा युगको स्थिति बोध गराउन सफल बनेको पाइन्छ।

**(छ) मृत्युबोध**

मृत्युबोधको सम्बन्ध अस्तित्ववादसँग रहेको कुरा गर्दै मंजुलता सिंहले मृत्युबोधद्वारा कुनै युगको अवस्था र स्थितिलाई बोध गर्न सकिने कुरो गरेकी छन्। मृत्यु भन्नाले मर्ने क्रिया, मरण, निधन, देहावसन, अवसान, समाप्ति भन्ने बुझिन्छ। [109] साहित्यमा विविध रूपमा मृत्यु अभिव्यक्त भएको पाइन्छ। समाजमा चेतनाको मृत्यु, वैचारिकताको मृत्यु, राजनीतिक नीति सिद्धान्तको मृत्यु, मानिसको भौतिक मृत्यु, लेखक वा सर्जक सोयमले अनुभव गरेको मृत्यु आदि जस्ता मृत्युका विभिन्न पक्षहरू साहित्यमा अभिव्यक्त भएको पाइन्छ। यस्तै प्रकारका मृत्य सम्बन्धित प्रसङ्गहरूले कुनै युग विशेष र त्यस युगको स्थितिलाई बोध गराउन

---

[107]हेमाङ्ग राज अधिकारी र बद्री विशाल भट्टराई, ऐजन, पृ. १०७

[108]मंजुलता सिंह, ऐजन, पृ.२६

[109]हेमाङ्ग राज अधिकारी र बद्री विशाल भट्टराई, ऐजन, पृ. ११६३

सहयोग गरेको पाइन्छ। विशेष गरेर युगबोधका निम्ति सामाजिक चेतनाको, राजनीतिक नीति, सिद्धान्त जस्ता पक्षहरूको मृत्युको अभिव्यक्तले युगबोध गराउने गरेको पाइन्छ। साहित्यमा मृत्युबोधले सामाजिक विसङ्गति, विश्रृङ्खलता, उथलपुथल, युद्ध, द्वन्द्व, राजनीतिक षढ्यन्त्र, जालझेल, आक्रोश, निराशा, हताशा, व्याकुलता जस्ता कुराहरू अभिव्यक्त भएको पाइन्छ। यस्तै कुराहरूको अभिव्यक्तले कुनै युग विशेषको स्थितिलाई बोध गर्न सहयोग गर्दछ।

## ३.२ युगबोधको अवधारणा

राजेश कुमारले आफ्नो शोध कार्यमा युगबोधलाई साहित्यिकको अवधारणा मान्दै यसलाई चेतनाको समानार्थी शब्दको रूपमा चिनाएका छन्। [110]प्रयोगात्मक नेपाली शब्दकोशमा धारणा भन्नाले कुनै वस्तु, कार्य, अवस्था आदिलाई देखेर, सुनेर वा अनुभव गरेर मनमा पर्ने त्यसको प्रभाव, मानसिक विम्ब , धारण तथा ग्रहण गर्ने क्षमता, स्मरण, स्मृति, याद, सम्झना अथवा कुनै वस्तु तथा व्यक्तिप्रतिको सोचाई, दृष्टिकोण वा अभिवृत्ति भन्ने बुझाएको पाइन्छ। [111] अतः युगबोधको धारणालाई बुझ्नु पर्दा युगबोधले कुनै निश्चित समय अवधि वा विशेष काल खण्डको स्थिति बुझाउने काम गरे को पाइन्छ । यसर्थ युगबोधले कुनै विशेष ठाउँको वा व्यक्तिले भोगेको सामाजिक, राजनैतिक, धार्मिक, आर्थिक, सांस्कृतिक, आञ्चलिक, नैतिक, अस्तित्व, संत्रास, विसङ्गति, मृत्यु आदि जस्ता पक्षहरूलाई बोध गराउँछ। युगबोधलाई अध्येता वा विद्वान्हरूले कुनै वाद वा साहित्यिक सिद्धान्त नमानेर यसलाई नितान्त साहित्यिक अवधारणा मानेको पाइन्छ जसले विशेष कालखण्ड, व्यक्ति वा घटनाको बाह्य र आन्तरिक पक्ष गरेर कुनै युग विशेषलाई बोध गराउने काम गरेको पाइन्छ।

---

[110]राजेश कुमार, सन् २०१२, शैलेश मटियानी कें उपन्यासों में युगबोध, शिमला हिमाचल प्रदेश विस्वविद्यालय, पृ. ४७

[111]हेमाङ्ग राज अधिकारी र बद्री विशाल भट्टराई, ऐजन, पृ. ७३०

## ३.३ नेपाली कवितामा युगबोध

नेपाली कविताको इतिहास दीर्घकालीन रहेको पाइन्छ। यसले सम्भवतः दुईसय वर्षको इतिहास बोकेको पाइन्छ। यद्यपि नेपाली कविताले समयअनुसार आफ्नो विकास गर्दा नयाँ नयाँ प्रवृत्तिहरू अङ्गालेको देखिन्छ। विश्व साहित्यको इतिहासमा काव्य वा कविताबारे ए कै किसिमको परिभाषा पाइँदैन। कविता विषयगत भएको हुनाले यसको परिभाषा व्यक्तिको चेतनाअनुरूप भएको देखिन्छ। अङ्ग्रेजीमा कविताका लागि पोएट्री शब्दको प्रयोग गरिएको पाइन्छ भने कविता कवि +ता दुई शब्द को योगबाट बनेको शब्द हो। कवि शब्दले रचनाकार अनि 'ता' प्रत्ययले रचनाकारको रचनालाई बुझाउ ने गरेको पाइन्छ। तसर्थ कविता भन्नाले कविले रचेको लयबद्ध वा मुक्तक रचना, कविको कृति, काव्य भन्ने अर्थ बुझिन्छ।[112]

कविता कविको कलात्मक अभिव्यक्ति हो। जुन विषय वस्तुको अनुभव र अनुभूति कवि मनमा हुँदछ कविले त्यही भावलाई भाषाका माध्यमद्वारा कविताको रूप दिने गरेको पाइन्छ। चूडामणि बन्धु अनुसार कविता मानवीय हृदयको संवेदनशील अभिव्यक्ति हो ।[113] त्यसो हुँदा कवितालाई कल्पनाको उपज मान्न सकिन्छ । कवि पर्सी बिसी सेली अनुसार कविता कल्पनाको अभिव्यक्ति हो।[114] कविता नितान्त कवि कर्म हो।[115]कविता वा काव्यले समयानुसारका नयाँ कुरा, घटना, इतिहास, संरचना र लोक अनि भाषालाई बोकेर आएको हुन्छ। कवितामा सिर्जना काल लुकेको हुन्छ। कविताका माध्यमले हामी कुनै युग र त्यस युग सम्बन्धित जान्न बुझ्न र अध्ययन गर्न सक्छौं। एउटा युगको विचार, धारणा अथवा चेतनालाई कविताले नितान्त गम्भीरताका साथ नयाँ युगसम्म ल्याएको हुन्छ। त्यसैले कवितामा युगबोध एउटा अनिवार्य घटकका रूपमा देखिन्छ।

---

[112]हेमाङ्ग राज अधिकारी र बद्री विशाल भट्टराई, ऐजन, पृ. २३२

[113]चूडामणि बन्धु (सम्पा.), सन् २०१०, *साझा कविता*, नौं.सं, नेपाल पुलचोक ललितपुर, साझा प्रकाश, पृ. ९

[114]राजेन्द्र भण्डारी, पारसमणि सम, सन् २००८, *भाषा साहित्य*, साहित्य सहकारी समिति लिमिटेड, गान्तोक, पृ. ७९

[115]राकेश्वरप्रसाद उपाध्य, सन् २००२, *साहित्य प्रकाश*, पुलोचरोक ललितपुर, साझा प्रकाशन, पृ. ७

युगबोध कुनै एकजना व्यक्तिको विचार वा धारणा हो इन। यो एउटा समाजले बाँचेको अथवा समूहले भोगेको समयको प्रतिफल हो। नेपाली साहित्येतिहासको क्रम हेर्दा प्राथमिककालदेखि नै नेपाली कविताहरूमा विशेष काल, घटना र परिस्थितिमा घटेका घटनाहरू प्रतिविम्वित रहेको पाइन्छ। मूलतः नेपाली कविताको आरम्भ वीरहरू को गुणगानबाट भएको देखिन्छ । जसको प्रमाण वीर कालीन कविताहरूलाई मान्न सकिन्छ। यद्यपि कतिपय आलोचकहरू यस कुरामा सहमत छैनन्। वीरको स्तुति र राजा महाराजहरूको गुणगानमा फरक छ भन्ने विचारहरू पनि कविताको विकास क्रम र काल विभाजनलाई लिएर गरेको पाइन्छ । तर प्राथमिक कालीन नेपाली कविहरूले तत्कालीन समयको समाज, इतिहास, व्यवस्था, राजनीति, धर्म, संस्कृति, आर्थिक स्थिति आदिको वर्णन आफ्ना कविताहरूमा गरेका छन्। जसले गर्दा तत्कालीन युग र स्थितिलाई बुझ्न, बोध गर्न सकिन्छ।

नेपाली कविताको पहिलो प्रमाणिक नमुना भाट कवि सुवानन्ददासको *पृथ्वीनारायण* कवितालाई मानिन्छ। यस कवितामा पृथ्वीनारायण शाहको युद्ध कौशल, राज कौशल, वीरता, धर्म कर्म, दान आदिको वर्णन गरिएको पाइन्छ। राजनीतिक दृष्टिकोणले यस कवितामा वर्णित कुराहरू भाटस्तुति प्रवृत्तिको देखिए तापनि कवितामा वर्णित विषयले तत्कालीन समयको विचार, राजाको प्रजाप्रतिको भावना वा दृष्टिकोण र शासन व्यवस्थाको वर्णन, आञ्चलिक पक्ष, धार्मिक प्रसङ्ग आदि जस्ता कुराहरू अभिव्यक्त भएको पाइन्छ। यस कवितामा नेपाल एकीकरणको समयमा कसरी पृथ्वीनारायण शाहले राज्यहरू जितेका थिए त्यस कुराको स्पष्ट वर्णन गरिएको पाइन्छ। कविताले नेपाल एकीकरणको युगलाई वीर स्तुतिसँगै यसरी देखाएको छ-

*नेपालको सिन्कि लुटी मंरातको घिले भुटि*
*पालपाको ल्याव हिंग जिरो रिसिंगको ल्याव पिरो*
*तनहुँको भातसित भीर्कोटको दालसित*
*कन्चन कटौरा भरि स्ववर्णका थालिया भरि*

*अष्टदल चौकि बसि गंगाजल भरि...*
*---- पृथ्वीनारायण / सुवानन्ददास*

उपर्युक्त पङ्क्ति मा बिम्ब, प्रतीकको प्रयोग गरिएको पाइए तापनि पृथ्वीनरायण शाहको विजय अभियानलाई दर्शाएको पाइन्छ। विभिन्न आञ्चलिक प्रसङ्ग र अञ्चल विशेष खानपानको प्रसङ्ग कवितांशमा अभिव्यक्त भएको छ। यसमा कुनै युग सापेक्षित विचार नदेखिए तापनि कवितामा लुकेको इतिहास भने युगबोधको एउटा अङ्ग रहेको मान्न सकिन्छ। यस कविताले पृथ्वीनारायण शाहले कति ठाउँ कहिले कसरी जितेका थिए भन्ने इतिहास बोकेको देखिन्छ। एक प्रकारले तत्कालीन युगको दर्शन गराउने विचार पनि युगबोधको अवयव हुन सक्छ भन्न सकिन्छ। उक्त पङ्क्तिमा आञ्चलिकबोध पनि रहेको पाइन्छ भने कुन ठाउँमा के पाइन्थ्यो भन्ने कुरोको पनि बोध हुँदछ। यसरी नै सुवानन्ददासको पृथ्वीनारायण कविता वीर स्तुतिसँगै त्यस समयको अवस्थालाई पनि बोध गराउन सफल बनेको पाइन्छ।

नेपाली कवितामा युगबोधक चेतनाले युक्त रचनाहरू अध्यात्मकाल (१८१६-८२) मा पनि लेखिएको कुरो *नेपाली साहित्यको परिचयात्मक इतिहास* मा घनश्याम नेपालले उल्लेख गरेका छन्। विद्यारण्यकेशरी अर्यालको कुरा गर्दै यिनका काव्यकृति -*युगलगीत, दौपद्रीस्तुति र वंशीचरित्र*-को विशेषताको कुरा गर्दै "ईश्वर बराल, बालचन्द्र शर्मा, दयाराम श्रेष्ठ 'सम्भव'-का दृष्टिमा यिनका रचनामा युगबोध पाइन्छ " भन्ने कुरा उल्लेख गरेका छन्।[116] त्यसो हुँदा युगबोधक चेतना नेपाली कवितामा शुरूदेखि नै निरन्तर रूपमा अभिव्यक्त भएको पुष्टि हुँदछ।

नेपाली कविता को माध्यमिक कालमा पनि विभिन्न विचारधाराहरू व्यक्त भएको पाइन्छ। त्यसताक मूलतः राजनीतिभन्दा धेरै धार्मिक आ ध्यात्मिकता, अर्ती उपदेशपरक तथा श्रृङ्गारिक भावका कविताहरू लेखि एका पाइन्छन् । यी लेखन वा रचनाहरूले

[116]घनश्याम नेपाल, सन् २००९, नेपाली साहित्यको परिचयात्मक इतिहास, अभेदानन्द रोड, प्रधाननगर सिलगढी, एकता बुक हाउस प्रा. लि, पृ.१४२

तत्कालीन नेपाली समाजको चरित्र, सामाजिक संरचना आदिलाई बोध गराएको पाइन्छ। मानिस विलासी भएको, आधुनिकतातिर बढ्दै गएको, विचारको स्वतन्त्रता आदि जस्ता कुराहरूको सङ्केत नेपाली माध्यामिक कालीन कविता हरूले दिएको पाइन्छ भने अर्कोतिर रूढि र परम्परामा बाधिँएका विचार, धारणा आदि पनि कवितातिर प्रकट भएको देखिन्छ। माध्यमिककालीन नेपाली कवितामा भोग विलास, यौन र श्रृङ्गारजस्ता विषयले समाजलाई छोएको कुरा *सुक्तिसिन्धु*को प्रकाशनबाट थाहा लाग्छ। श्रृङ्गारिक विचारधाराबाट उन्मुख पार्ने नयाँ विचार पनि माध्यमिककालमा रहेको देखि न्छ। माध्यमिककालका कविताहरूले माध्यमिककाल वीर स्तुतिदेखि हटेर तत्कालीन समाज ईश्वर स्तुति र श्रृङ्गारिक विचाकधारापट्टि ढल्केको कुरो बोध हुँदछ।

माध्यमिककाललाई कतिपय विद्वान् हरूले नीतिकाल पनि भन्ने गरेको पाइन्छ। मानिसको नैतिकता र संस्कारलाई पुनः जीवित गर्नका लागि नेपाली कविताको माध्यमिक कालमा नीतिपरक कविताहरूको रचना भएको देखिन्छ। यसकालका प्रमुख कविका रूपमा कवि मोतिराम भट्ट देखा परे का छन् । उनीसँगै राजीवलोचन जोशी, लक्ष्मीदत्त पन्त, होमनाथ खतिवडा, वैयाकरण नेपाल, चक्रपाणि चालिसे, पहलमानसिंह स्वार, सोमनाथ सिग्द्याल आदि कविहरू पनि रहेको पाइन्छ। नेपाली कविताको माध्यमिक कालमा शृङ्गारिक प्रवृत्ति, भोग विलासप्रति लालसा र मनोरञ्जनात्मक कविताहरू रचिएकाले माध्यमिक कालिन कविताको माध्यमद्वारा त्यस युगलाई स्पष्ट रूपमा बोध गर्न कठिन पर्ने देखिए तापनि माध्यमिक काल कविताका माध्यले ईश्वर स्तुति र श्रृङ्गारिक प्रवृत्तिपट्टि डल्केको कुरो बोध गर्न सकिन्छ।

माध्यमिककालको उत्तरार्धदेखि अर्थात् आधुनिक कालको थालनीसँगै बालकृष्ण सम, लेखनाथ पौड्याल, महाकवि लक्ष्मीप्रसाद देवकोटा, सिद्धिचरण श्रेष्ठ, माधवप्रसाद घिमिरे, भवानी भिक्षु, गोपालप्रसाद रिमाल, अगमसिंह गिरी आदिका कवितामा तत्कालीन युगको इतिहास, परम्परा, मान्यता, विभिन्न सामाजिक, राजनीतिक, धार्मिक, भौगोलिक,

सांस्कृतिक आदि जस्ता प्रवृत्तिहरू प्रतिविम्बित भएको पाइन्छ। यी कविहरूले श्रृङ्गारिक रचनाको वर्चस्वलाई समाप्त गर्दै शिष्ट, मर्यादित, परिष्कारवादी प्रवृत्तिलाई अङ्गालेर कविता लेखेका छन्। नेपाली कविताको आधुनिक कालमा शास्त्रीय परिष्कृत, अध्यात्म चिन्तन सँगै विभिन्न साहित्यिक आन्दोलन र विश्वव्यापि वादहरूको प्रभावमा आधुनिक कविताहरू लेखिँदै आएको पाइन्छ जसले सचेत रूपमा समाज, राजनीति, धर्म, परिवेश, स्थिति इत्यादिलाई कविताको माध्यमद्वारा बोध गराएको पाइन्छ।

भारतमा नेपाली कविताको आरम्भ सवाई लहरीदेखि सुरु भएको पाइन्छ। ज्ञानदिलदासको *यमगीता*लाई प्रथमत भारतमा लेखि एर भारतमै मुद्रित भएको कविताको रूपमा चिनिन्छ । यद्यपि अध्येताहरूले ज्ञानदिल दासकै *उदयलहरी*लाई पहिलो भारतीय नेपाली कविता मानेको देखिन्छ । ज्ञानदिल दासको यस कवितामा जात, धर्म, संस्कृति, छुवाछुत, आदिबारे व्यङ्ग्य गरिएको पाइन्छ। ज्ञानदिल दासले कवितामा युगको बदँलिदो परिस्थितिलाई यसरी देखाएका छन्-

*सत्ते त्रिता द्वापर कलीयुग लाग्यो।*
*दया धर्म जति सबै पर पर भाग्यो। ।*
*दया छैन मनमा धर्म छ काँहाँ।*
*कल्याह र क्रोधी कलिजुग माँहाँ। ।*
*---उदयलहरी /ज्ञानदिल दास*

उपयुक्त पङ्क्तिमा त्यस समयको बदलिँदो युगलाई देखाएको पाइन्छ। युगको बदँलिदो स्थितिसँगै कविताले बदलिएको अवस्था र परिस्थितिलाई पनि देखाएको छ। *उदयलहरी*ले पौराणिक काल अनुरूप कलियुगमा मानिसमा हुने दुर्गतिलाई बोध गराएको देखिन्छ। जसद्वारा हामी त्यस समयमा मानिसको व्यवहारमा आइरहेको परिवर्तनलाई बोध गर्न सक्छौं।

*के गर्छौ नर हो जन्म बिन्न लाग्यो।*
*पापले जिति सक्यो दया छेमा भाग्यो। ।*
*छोटा बडा जातिछन् धनै मात्र भन्छन्।*

*धर्म तलाउ खोली पाप तलाउ खन्छन्।।*

*--- उदयलहरी /ज्ञानदिल दास*

*उदयलहरी*-मा भारतीय नेपाली जन जीवनको संरचना र व्यवस्था देखाइएको पाइन्छ। यस कवितामा कविले त्यस समय को युग र व्यवस्थाबारे वर्णन गरेको पाइन्छ। उपयुक्त पङ्क्तिमा *उदयलहरी* रचना कालको समाजमा बढ्दै गएको अमानवीय व्यवहार र पाप पाखण्डलाई देखाएको छ। मानिस भौतिक सम्पत्तिको मोहमा परेर धर्मबाट टाढिँदै गएको अवस्था कवितामा पाइन्छ।

वास्तवमा साहित्य युगबोधदेखि अछुतो रहन सक्दैन। कुनै न कुनै रूपमा युगका विशेषताहरू रचनामा अभिव्यक्त भएका हुन्छन्। तसर्थ भारतीय नेपाली कविताको आरम्भमा नै युगबारे कविहरूले आफ्ना विचार राख्दै आएको देखिन्छ। त्यसो हुँदा साहित्य सिर्जनामा सर्जकको युग कुनै नकुनै रूपमा सिर्जनामा अभिव्यक्त भएको पाइन्छ। घटित विभिन्न घटना, इतिहास, क्रान्ति, विद्रोह आदि कविता मा अभिव्यक्त भएको हुन्छ। कविको वर्णन गर्ने दक्षता वा क्षमताले यसलाई अझ तिखर बनाएर लगेको पाइन्छ। त्यही वर्णन वा अभिव्यक्तिले युगबोध गराई रहेको पाइन्छ। अगमसिंह गिरी, गुमानसिंह चामलिङ, विकास गोतामे, जीवन थिङ, पवन कुमार चामलिङ 'किरण', शोभाकान्ती थेगिम, शान्ती छेत्री, मनप्रसाद सुब्बा, राजेन्द्र भण्डारी, नोर्ज्याङ स्याङ्देन, जस योञ्जन 'प्यासी' साथै नयाँ पुस्ताका कविहरूमा सुधीर छेत्री, सञ्जय बान्तवा, प्रविण राई 'जुमेली', बसन्ती शर्मा, रेमिका थापा, सुधा एम राई, बासुदेव थापा, राजा पुण्यानी, कर्ण बिरह आदिका कविताहरूमा युगबोधक ध्वनि टड्कारो रूपमा रहेको पाइन्छ।

युगलाई आफ्ना कवितामा समेट्न सफल आधुनिककालीन कविहरूमा अगमसिंह गिरी पनि एकजना हुन्। उन को *नचिनिने भएछौं* कवितामा आफ्नो जातीय अस्तित्व र स्वाभिमान भुलेर अरूको कमारो बनेका नेपालीहरू को अवस्था देखेर दुःखी बन्दै आफ्नो विचार पोखेको पाइन्छ। उनले नेपालीहरूले आफ्नो वीरता र इतिहासको सम्झना गर्नु पर्छ

नत्र हामी आफैले आफैलाई चिन्न असक्षम हुन्छौं भन्ने विचार राख्दै नेपालीहरूले आफ्नो स्थिति र अवस्था भुल्दै गइरहेको कुराको यसरी बोध गराएका छन्-

*पहाडका बैशाखी बनमा*
*तिमी जङ्गली फूल झैं हँसिलो देखिन्थ्यौ*
*तर अब ता चेहरामा तिम्रा*
*विषादका काला धर्साहरू कोरिएछन्*
*चोटमा भुक्नु होइन बरू सहनु सिकेछौ*
*अब अर्कै अर्कै जस्तो भए छौ*
*तिमी ता यहाँ नचिनिने भएछौ*
--- *नचिनिने भएछौ / अगमसिंह गिरी*

उपर्युक्त पङ्क्तिमा कविले आफ्नो वास्तविकता भुल्दै गरेका नेपालीहरूको अवस्थालाई बोध गराएको पाइन्छ। जङ्गली फूलसँग तुलना गर्दै आफ्नो मौलिकता बिर्सिएका नेपालीहरूको बदँलिएको अवस्थालाई देखाउदै चोट र विषादका धर्साहरू मै भुलिएर वीरहरू सहनशील बनेको परिस्थितिको बोध गराएका छन्। गिरीको अर्को कविता *छोरालाई*-मा नेपाली समाजको त्यस समयको लुब्धोपनलाई देखाउँदै सक्षम बन्ने आह्वान गरेको पाइन्छ। वीर भनेर चिनिने नेपालीहरू आफ्ना पुर्खाहरूको प्रगति बिर्सिएर निष्क्रिय, अकर्मण्य बनी दासत्व अपनाएर अरूकै निम्ति बेचिएको कुरो पाइन्छ। यस कविताले गोर्खाहरूको बिग्रँदै गरेको अवस्थालाई बोध गराएको छ।

*ए बाबु ! तँ यस युगको लाटो, निर्दो-दुब्लो अस्तित्व नबन्*
*मुर्दा जस्तो यस्तो मान्छे कातर भीरू अस्तित्व नबन्*
--- *छोरालाई / अगमसिंह गिरी*

उक्त पङ्क्तिमा नेपालीहरूको स्थितिलाई निर्धो, अचेत, अजागरूक, भीरू रहेको अनि त्यस्तो नबन्नु पर्ने कुरो गरेको पाइन्छ। त्यसैले कविले भावीपीडीलाई सचेष्ट बन्ने र भीरू, लुब्धोपनलाई त्याग्नु पर्ने आह्वान गरेको पाइन्छ। कवितामा समाजको स्थिति, राजनीतिक वातावरण, धार्मिक परिवेश, आर्थिक स्थिति, आञ्चलिक प्रसङ्गहरू समावेश गरिएको पाइन्छ। कवितामा पाइने नेपालीहरूको अवस्था, स्थितिले हाम्रो वास्तविकतालाई

बोध गराएको पाइन्छ। गिरीका कविताले जातीय अवस्थाको बोध गराउँदै हाम्रो अवस्था र स्थिति बारे बोध गराएको पाइन्छ।

कविताले कुनै युगको राजनीतिक दबा व र चापलाई स्पष्ट रूपमा बोध गराएको पाइन्छ। कवि गुमानसिंह चामलिङको *कारागारभित्र प्रतीक्षा त्यो अन्तिम फैसलाको* यसैको एउटा उदाहरण रहेको मान्न सकिन्छ। उनको यस कवितामा विसङ्गतिबोध एवम् तत्कालीन शासनको दवाब र सामाजिक विसङ्गतिप्रति विरोधाभास रहेको पाइन्छ। चामलिङको उक्त कविता भारतको तत्कालीन प्रधानमन्त्री इन्दिरा गान्धी सरकार कालमा लगाइएको आपतकालीन स्थितिको सन्दर्भमा लिएको कविता हो। यस कविताले त्यस समयको राजनैतिक स्थिति र अवस्थालाई स्पष्ट बोध गराएको पाइन्छ। आपतकालीन अवस्थामा कारण बिना नै अन्य राजनीतिक बन्दीहरूसँग कारावासमा थुनिएको अवस्थालाई कविले कवितामा उतारेको पाइन्छ। यस पङ्क्तिले त्यस समयको राजनीतिक स्थिति, शासन व्यवस्ता र राजनीतिक प्रभावलाई बोध गराएको पाइन्छ।

*मेरो आज*
*मेरो आफ्नै छैन यहाँ।*
*कस्तरी अपहृत छ यो,*
*अनि बुझाउन मेरै मूल्यहरू जीवनका*
*चाप परिरहेछन् यस्तरी ममाथी।*
*खोसिएका छन् यहाँ सबै मेरा*
*मौलिक अधिकारहरू धरि।*
--- *गुमानसिंह चामलिङ / कारागारभित्र प्रतीक्षा त्यो अन्तिम फैसलाको*

उक्त पङ्क्तिमा भारतको राजनीतिक शासनव्यवस्थाको झलक पाइन्छ। उक्त पङ्क्तिमा तत्कालीन प्रधानमन्त्री इन्दिरा गान्धीको शासनकालको बोध पाइन्छ। उक्त पङ्क्तिमा कविले अन्यायपूर्ण मौलिक अधिकार खोसिएको र कारागरमा थुनिएको कुरो उजागर गरेको पाइन्छ। कविताले राजनीतिकबोधद्वारा परिवेशलाई त्यस समय वा युगलाई बोध गराएको पाइन्छ।

नेपाली कविताको आधुनिक काललाई हेर्दा कवितामा युगबोधक चेतनालाई कविहरूले सचेत रूपमा प्रयोग गरेको पाइन्छ जसमा कविहरूले कवितालाई विश्वव्यापी विभिन्न वाद एवम् आन्दोलनहरूसँगै अघि बढाएको भेटिन्छ। आधुनिक नेपाली कवितामा कुनै युग र त्यस युगलाई बोध गराउने सामाजिक, राजनीतिक, आर्थिक, धार्मिक, सांस्कृतिक, नैतिक आदि जस्ता पक्षहरूलाई कलात्मक रूपमा प्रयोग गरिएको भेटिन्छ। कवि राजेन्द्र भण्डारीका कविता यस्तै विभिन्न विषयवस्तुलाई समेटेर रचिएको पाइन्छ। जसमा आजको युग र विविध प्रसङ्गहरू टड्कारो रूपमा रहेको पाइन्छ जसको उदाहरण स्वरूप *युग जलिरहेछ, पिरामिड ढलिरहेछ, इस पढ्छु तेरो कविता, बेरोजगार युवाको आइडेन्टिटी कार्ड* आदि कविताहरूलाई लिन सकिन्छ। उनका प्रायः सबै कविताहरूमा सामाजिक, राजनीतिक, आर्थिक, धार्मिक, बौद्धिक, आञ्चलिक आदि विविध पक्षलाई समेटेको पाइन्छ र एकाध कविताहरू व्यङ्ग्यात्मक शैलीमा रचिएको पनि पाइन्छ। उनको *बेरोजगार युवाको आइडेन्टिटी कार्ड* कविताले आजको युग र स्थितिलाई बोध गराएको पाइन्छ।

*छाती चाहिँ देखिएको हुनुपर्छ पेट काटिएको।*
*छाति भएको पेट नभएको तिम्रो फोटोलाई*
*सत्यापित गर्नुपर्छ कुनै छाती नभएको*
*पेटमात्र भएको गजेटेड अफिसरले।*
*--- राजेन्द्र भण्डारी।बेरोजगार युवाको आइडेन्टिटी कार्ड*

उक्त पङ्क्ति व्यङ्ग्यात्मक शैलीमा लेखिएको पाइन्छ। यस पङ्क्तिले आजको वर्तमान युगलाई बोध गराएको पाइन्छ। आजको समाजमा सानो तर आवश्यक बनेको आइडेन्टिटी कार्डलाई विषय वस्तु बनाएर कविले वर्तमान समयको बेरोजगारी समस्या, भ्रष्टचारी जस्ता समस्यालाई उजागर गरेको पाइन्छ। उक्त पङ्क्तिमा छाती नभएको भनेर भीरू अनि आँट नभएको र पेट भएको भनेर आजको भ्रष्टाचारी स्वभावलाई बोध गराएको

पाइन्छ। यस कविताले आजको वास्तविकता तथा यथार्थलाई बोध गराउँदै आजको सामाजिक, मानसिक, आर्थिक जस्ता विविध पक्षलाई बोध गराएको पाइन्छ।

नयाँ पुस्ताका कविहरूका कवितामा युगबोधक चेतना व्यापक रूपमा रहेको पाइन्छ। यसरी नयाँ पुस्ताका कवि वासुदेव पुलामीको *एकलव्यको मन* कविताले दार्जीलिङ्गे नेपालीहरूको सिङ्गो इतिहासलाई बोध गराएको भेटिन्छ। कविता आशावादी भए पनि वर्षौंदेखि थातीमा रहेको आफ्नो अधिकारको माग र सपनापूर्तिको आशाद्वारा नेपालीहरूको अवस्थालाई बोध गर्न सकिन्छ।

*घाम जतिकै उभिरह्यो*
*उज्यालो त एकदिन कुनै युगमा होला नि*
*सत्य भनेको नै त उज्यालो हो*
*सन्तुष्ट थिएछ — त्यो आदिवासीको मन।*
--- *वासुदेव पुलामी /एकलव्यको मन*

उक्त पङ्क्तिमा दार्जिलिङ्गे नेपालीहरूको दृढता बोध पाइन्छ। युगौंदेखिको थातीमा रहेका सपनाहरू कुनै दिन पुरा हुने आशावादी चेतनासँगै कविताले आजको युगलाई र अवस्थालाई बोध गराएको  छ। सत्य र उज्यालोको कुरा गर्दै एउटा नयाँ युगको कुरा अभिव्यक्त भएको पाइन्छ।

नेपाली कवितामा युगबोधको परम्परा र विकासलाई हेर्दा कविता लेखनको थालनीदेखि नै कवितामा युगबोधक चेतना रहेको पाइन्छ। यसै परम्परालाई समातेर लेखिँदै आएका  माध्यमिककालीन कविताहरू भक्तिभाव र श्रृङ्गारपट्टी ढल्किएकाले युगबोध स्पष्ट रूपमा मुखरित भएको भने पाइँदैन। *सुक्तिसिन्धु* पत्रिकामा प्रतिबन्ध लागेपछि नेपाली कवितामा आएको नयाँ लेखन परम्पराले नेपाली कविता लेखनमा थुप्रै कुरामा भिन्नता आइसकेको पाइन्छ। आधुनिककालसम्म आइपुग्दा नेपाली कविताको भाव र विषयवस्तु समयसापेक्ष एवम् युगबोधक चेतना प्रखर रहेकाले भारतेली नेपाली कवितालाई हेर्दा यसको  आरम्भिक कालदेखि कै कविताहरूमा तत्कालीन युगबोधक चेतना रहेको

पाइन्छ। सिक्किमबाट लेखिएका कविताहरूले पनि आआफ्नै प्रकारले रचनाकाल र परिस्थिति अनुरूप युगबोध गराएको देखिन्छ। युगबोधको परम्परा र विकास आधुनिक कालको थालनीदेखि कै भए पनि जीवन थिङका कवितामा भने युगबोधक चेतना व्यापक रूपमा रहेको पाइन्छ। सिक्किम भारत देशमा विलय कालको अस्तित्व सङ्कट, राजनीति, समाज, मानवमूल्य, ह्रास आदि जस्ता पक्षहरू बोध गराउन थिङका कविता सफल बनेको पाइन्छ।

## ३.४ निष्कर्ष

युगबोध दुई शब्दको संयोगद्वारा बनेको शब्द हो। युगबोध वास्तवमा कुनै साहित्यिक वाद नभएर यसलाई साहित्यिक अवधारणा रहेको मान्न सकिन्छ। युगबोध सामाजिक, राजनीतिक, धार्मिक, आर्थिक, आञ्चलिक आदि पक्षद्वारा कुनै पनि समयको, व्यक्तिको वा घटनाको स्थितिको बोध गराउने अवधारणा रहेको पाइन्छ। युगबोधले कुनै समय वा काल सम्बन्धित दृष्टिकोणलाई स्पष्ट पार्ने काम गर्दछ। युगबोधले विशेष कालखण्ड, व्यक्ति वा घटनाको बाह्य र आन्तरिक पक्ष गरेर कुनै युग विशेषलाई बोध गराउने काम गर्दछ।

युगबोधको बाह्य जगत्अन्तर्गत सामाजिक, राजनीतिक, आर्थिक, धार्मिक, आञ्चलिक, सांस्कृतिक आदि पक्षहरू पर्दछन् भने आन्तरिक जगत्अन्तर्गत मूल्यबोध एवम् नैतिकबोध, आदर्शबोध, यथार्थबोध, अस्तित्वबोध, विसङ्गतिबोध, आक्रोशबोध र मृत्युबोध रहेको पाइन्छ। साधारण हिसाबमा बुझ्नु हो भने, युगबोध भन्नाले विभिन्न पक्षद्वारा कुनै युगको स्थिति बुझ्ने काम रहेको बुझ्न सकिन्छ। दीर्घकालीन इतिहास बोकेको नेपाली कविताको परम्परा र विकासलाई हेर्दा युगबोधको परम्परा नेपाली कवितामा प्रारम्भकालदेखि नै रहेको पाइन्छ। सिङ्गो नेपाली कविताको आरम्भ वीरहरू को स्तुतिबाट भएको देखिन्छ भने भारतेली नेपाली कविताको प्रारम्भ लहरी, सवाईबाट भएको पाइन्छ। नेपाली कवितामा वीर स्तुति र लहरी सवाईसँगै युगबोधक चेतना पनि आरम्भ भएको पाइन्छ। नेपाली कवितामा युगबोधको परम्परा र विकास पौराणिक कालदेखि

विकसित हुँदै आधुनिक कालसम्म आइपुग्दा नेपाली कवितामा युगबोधक चेतना प्रखर र स्पष्ट रूपमा प्रयोग भएको पाइन्छ।

## चौथो अध्याय

# ४. जीवन थिङका कवितामा युगबोध

प्रस्तुत लघु शोधप्रबन्धमा कवि जीवन थिङका कवितामा पाइने युगबोधको अध्ययन गरिएको छ। प्रस्तुत अध्याय मूल अध्याय रहेको हुँदा जीवन थिङको *साङ्लीभित्र बाँधिएका घोडाका टापहरू (सन् १९८३)* पुस्तकमा सङ्ग्रहित कविताहरूको अध्ययन गर्न अघि सिक्किमको परिचयसँगै यहाँको समाजिक र राजनीतिक पृष्ठभूमिलाई बुझ्न अपेक्षित साथै अनिवार्य ठहरिएकाले यहाँ संक्षिप्त रूपमा वर्तमान सिक्किम साथै विलयकालीन सिक्किम (सन् १९७५)-को राजनीतिक पृष्ठभूमी एवम् सामाजिक परिचय दिइएको छ।

### ४.१ सिक्किमको परिचय

वर्तमान समयमा भारत देशको पूर्वोत्तर राज्य सिक्किम प्राकृतिक सम्पदाले स मृद्ध र धनी राज्य मानिन्छ। स्वाधीन देश सिक्किम १६ मई सन् १९७५ मा भारत महासङ्घको २२ औँ अधिराज्य बनेको हो। पश्चिममा नेपाल, उत्तर पूर्वमा चीन र तिब्बत, दक्षिण पूर्वमा भूटान र दक्षिणमा पश्चिम बङ्गाल राज्य सिमाना रहेको पूर्वाञ्चलका सातवटा राज्यहरूमध्येको सिक्किम एउटा सानो राज्य हो। चार जिल्लामा विभाजित र ७०९६ वर्ग माइलमा फैलिएको सिक्किम भारत देशमा रहेको गोवा पछिको दोस्रो सानो राज्य हो। क्षेत्रफलका आधारमा सिक्किम सानो राज्य भए तापनि भौगोलिक, प्राकृतिक एवम् सांस्कृतिक र विविधताका दृष्टिले भारतको सबैभन्दा सुन्दर र समृद्ध राज्यहरू मध्येको एउटा राज्य मानिन्छ। २७ डिग्री उत्तरी अक्षांश र ८८ डिग्री भूमध्यरेखादेखि पूर्व बिचमा सिक्किम अवस्थित रहेको पाइन्छ। [117]हिमाली राज्य सिक्किमको राजधानी ५४१० फीट उच्चाईमा रहेको गान्तोक सहर हो। सानो सुन्दर राज्य सिक्किम विभिन्न पशु-प्राणी, लता-वृक्ष, वन-जङ्गल, खोला-नाला, पोखरी, हिमाल र धार्मिक स्थलहरूले समृद्ध पहाडी राज्य रहेको पाइन्छ। जहाँ भोटे, लाप्चे र नेपाली गरेर प्रमुख तीन जातिको बसोबासो रहेको छ।

[117] पुष्प शर्मा, ऐजन, पृ. ६

वर्तमान समयमा भारतको स्वच्छ निर्मल राज्यको नामले प्रचलित सिक्किमको प्राकृतिक सुन्दरता, राजनीतिक स्थिरता, सुव्यवस्था र कार्यसंस्कृतिको विशेषताका कारण सिक्किमको अलग परिचय रहेको पाइन्छ। हाल सिक्किम शान्ति, अनुशासनवद्ध र सुरक्षामय राज्य रहेको छ। जैविक खेतीका कारण जैविक राज्य, स्वच्छताका कारण निर्मल राज्य भएकाले सिक्किम परी-पर्याटनका लागि विभिन्न प्रमुख पर्यटक स्थलहरू मध्येको प्रचलित एवम् उपयुक्त राज्य भनेर चिनिन्छ।

पर्याटनका क्षेत्रमा प्रचलित राज्य सिक्किमको ऐतिहासिक परिचयको अध्ययन गर्ने क्रममा सिक्किम शब्दको व्युत्पत्तिसम्बन्धित विभिन्न विद्वान् हरूले आआफ्नै मत मन्तव्य व्यक्त गरेका छन्। विभिन्न विद्वान्हरूले उल्लेख गरे अनुसार सिक्किमको वर्णन महाभारत कालदेखि नै भएको मानिन्छ। सिक्किमलाई इन्द्रले लुकाएर राखेको भूमि मानिने भएकाले यसलाई *इन्द्रकील* भनिने गरेको पाइन्छ। अध्यताहरूका आधारमा *महाभारत वनपर्व*को ४२ औँ श्लोकमा *इन्द्रकीलको* उल्लेख भएको छ। जहाँ अर्जुनले यही इन्द्रकील पर्वतमा तपस्या गरी किरातेश्वर महादेवलाई सन्तुष्ट गराई पाशुपत अस्त्र प्राप्त गरेका थिए भनिएको छ[118] भने गुरुनाथ भट्टचार्यद्वारा सम्पादित संस्कृत कवि *भारवि*-को *किरातार्जुनियमको* भूमिकामा पनि महाभारतमा वर्णित *इन्द्रकिल* पर्वत नै सिक्किम हो भनिएको पाइन्छ। [119]उक्त भनाइहरूका आधारमा सिक्किम नै इन्द्रकिल हो भन्न सकिन्छ भने सिक्किम शब्दको व्युत्पत्ति विभिन्न जातिका भाषिक शब्दद्वारा भएको हो भन्ने भिन्न भिन्नै भनाइहरू पनि रहेका छन्। लेप्चाहरूले सिक्किमलाई *मायेल रेनज्योङ, नेमायेल ल्याङ* , *रेञ्जोङ* अर्थात् 'स्वर्ग', 'पवित्र एवम् अदृश्य स्थान ' भन्ने गरेको पाइन्छ। तिब्बतीहरूले सिक्किमलाई *डेन्जोङ, डेमोजोङ र डेमोसोङ* अर्थात् '*धान फल्ने ठाउँ*' भन्ने गरेको पाइन्छ। [120] लिम्बूहरूको भनाइ अनुसार नामग्यालवंशका दोस्रा राजा *तेन्सुङ ना मग्याल*ले नेपालका *अरूण तम्बरका*

[118]पुष्प शर्मा, ऐजन, पृ. ३

[119]पुष्प शर्मा, ऐजन, पृ. ३

[120]तुलसीराम शर्मा 'कश्यप', सन् १९९६, *सिक्किम हिजोदेखि आजसम्म,* गान्तोक सिक्किम, आँकुरा प्रकाशन, पृ. ४

*मुखिया योहाङ*लाई लडाइँमा जितेर योहाङकी छोरी बिहे गरेर सिक्किम ल्याएका थिए भन्ने भनाइ छ। नयाँ बेहुली र उनी सँग सिक्किम आएका लिम्बूहरूले यस ठाउँलाई *'सू-हिम'* अर्थात् *'नयाँ घर'* भनेबाट यस भूमिको नाम *सुहिम*बाट *सुखिम* हुँदै अङ्ग्रेजहरूको पालामा अङ्ग्रेजीकरण भएर 'सिक्किम' भएको हो भन्ने भनाइ प्रचलित रहेको पाइन्छ।[121] डा एल.ए वेडेल अनुसार सिक्किम संस्कृत भाषाको *'शिखिन' शब्द*बाट बनेको हो भन्ने भनाइ रहेको पाइन्छ। यी सबै भनाइहरूका आधारमा पौराणिक कालको इन्द्रकील, लेप्चाहरूको *मायेल रेनज्योङ, नेमायेल ल्याङ, रेञ्जोङ,* तिब्बतीहरूको *डेन्जोङ, डेमोजोङ र डेमोसोङ* अनि लिम्बू भाषाको *सुहिम (नयाँ घर) सुक्खिम* हुँदै *सिक्किम* बनेको कुरो विभिन्न तथ्यहरूको आधारले स्पष्ट बनाएको पाइन्छ।

## ४.२. सिक्किमको सामाजिक परिचय

प्राकृतिक सम्पदाले सम्पन्न सिक्किमलाई मूल रूपमा लाप्चे, भोटे अनि नेपाली गरी तीनवटा समुदायको गढ मानिन्छ। समाज भन्नाले खास रहनसहन, रीति रिवाज, धर्म आदिबाट आबद्ध रहेको मानिसको समूह हो। उमा सरौनियाले जहाँ जीवन हुँदछ, त्यहाँ समाज रहेको हुन्छ भन्ने कुरा गरेकी छन्।[122] तसर्थ जीवनसँग समाज जोडिएको हुनाले समाज र जीवनलाई एका-अर्काका पुरक मान्न सकिन्छ। वर्तमान समयमा सिक्किमको सामाजिक संरचना विभिन्न जाति, धर्म, संस्कार, संस्कृतिद्वारा निर्माण भएको पाइन्छ। सिक्किमेली समाजमा भोटे, लाप्चे अनि नेपाली बाहेक व्यापारी, सरकारी प्रशासनिक कर्मचारी र अन्य समुदायका मानिसहरूको पनि बसोबास रहेको पाइन्छ। यी विभिन्न जातिका मानिसहरूको पनि आआफ्नो भाषा, बोली, संस्कार, संस्कृति रहे तापनि यहाँका मूल रैथाने भोटे, लाप्चे नेपालीको आ आफ्नै संस्कार, संस्कृ ति, भाषा, वेशभूषा, धर्म, खानपान आदि रहेको

---

[121]तुलसीराम शर्मा 'कश्यप', ऐजन, पृ. ५

[122]उमा सरौनिया, सन् २०१६, *स्वतन्त्रोत्तर हिन्दी बाल कविता में युगबोध,* कानपुर, आशा प्रकाशन, पृ.८७

पाइन्छ। तसर्थ सिक्किमको वर्तमान समाजलाई हेर्दा यहाँ विभिन्नतामा एक ता रहेको पाइन्छ।

प्राकृतिक सम्पदाले धनी , धार्मिक स्थलहरू को स्थापनाले समृद्ध सानो राज्य सिक्किमका मानिसहरू शान्त र सौम्य स्वभावका रहेका देखिन्छन्। विभिन्न धार्मिक गुरु को आगमनले पुण्यस्थल बनेको र तपोभूमि भएकाले सिक्किमको समाज र यहाँका विभिन्न ठाउँहरूको छुट्टै एवम् महत्त्व पूर्ण धार्मिक विश्वास रहेको पाइन्छ। हिमाल, झर्ना, खोला नाला, पोखरी, तातोपानी, ओडार, देवी देउराली, विभिन्न जरी -बुट्टी, लता-वृक्ष अनि पशु-प्राणीले सिक्किम समृद्ध रहेको छ।

सिक्किमको इतिहास हेर्दा अनि लेप्चा समुदायको भना इ अनुरूप यहाँका आदिम निवासी लेप्चा जाति रहेको पाइन्छ जसको आफ्नै संस्कार, संस्कृति, परम्परा र लोकविश्वासहरू छन् । सिक्किमका आदिम जाति लेप्चाहरूलाई यस भूमिको मूल रैथाने समुदायका रूपमा मानिने गरिन्छ। सिक्किमको समाज निर्माण सम्बन्धित विद्वान्हरूमा एक मत पाईँदैन। यद्यपि ऐतिहासिक तथ्यहरूका आधारमा सिक्किममा लेप्चा समुदायपछि मगर र लिम्बूहरूको आगमन भएको र यहाँको समाजमा बसोबास गर्न थालेको कुरो जान्न पाइन्छ। यसको प्रमाण मगर राजा रजौटाहरूले तत्कालीन सिक्किमका विभिन्न ठाउँहरूमा राज गरेको कथनबाट थाहा लाग्दछ। कतिपय विद्वान्हरूले उल्लेख गरे अनुसार सिक्किममा तिब्बतीहरूको आगमन छुटफुट रूपमा अघिदेखि नै भए तापनि व्यापक सङ्ख्याका हिसाबले भने १७ औं शताब्दीको सुरु तिर भएको कुरो थाहा लाग्दछ जसको प्रमाण नामग्यालवंशको शासन सन् १६४२ मा सुरु भएबाट बुझ्न सकिन्छ। जनसङ्ख्याका आधारमा वर्तमान समयमा वहुसङ्ख्य क नेपाली समुदायको आवतजावत सम्बन्धित अध्येताहरूको अनेकौं मन्तव्य रहेको पाइन्छ। यद्यपि बहुसङ्ख्यकका रूपमा सिक्किममा नेपालीहरूको आगमन १८ औं शताब्दीको अन्तिम दशक तिर अङ्ग्रेजको आगमनपछि भएको हो भन्ने भनाइ रहेको पाइन्छ । सिक्किम सानो राज्य भए तापनि यहाँको समाज

सांस्कृतिक रूपमा सम्पन्न रहेको छ। सिक्किम विभिन्न जात-जाति, धर्म, संस्कार, संस्कृति, परम्पराले समृद्ध रहेको पाइन्छ। मानिसहरू जहाँ गएर वसोवास गरे पनि आफ्नो आवादी र वस्ती सँगसँगै मानिसले आआफ्ना संस्कर, संस्कृति, धार्मिक, साहित्य आदि गतिविधिलाई पनि सुरक्षित एवम् सम्वर्धन गर्दै आफ्नो संस्कृति, परम्परालाई कायम राख्दै आफ्नो भाषा, वेशभूषा, संस्कार, संस्कृति, खानपान आदि लाई वृद्धि गर्दै सुरक्षित राख्ने गरेको पाइन्छ। सिक्किमका तीन प्रमुख जाती भोटे, लाप्चे अनि नेपालीको पनि आफ्नै भाषा, वेशभूषा, संस्कार, संस्कृति, खानपान, साहित्य आदि सुरक्षित र समृद्ध रहको पाइन्छ।

**४.३ सिक्किमको राजनीतिक परिचय**

सन् १९७५ भन्दा अघि सिक्किम नामग्याल राजतन्त्रद्वारा शासित एउटा स्वतन्त्र देश थियो। तर राजनीतिक एवम् प्रशासनिक समस्याहरूको कारण सिक्किम भारतमा विलय हुनुपर्छ भन्ने जनमतको कारण सन् १९७५ मा तत्कालीन सिक्किममा एउटा जनमत सङ्ग्रहको अभियान चलाइयो। त्यसै अभियानका आधारमा सिक्किम मूलधारामा सम्मेलित हुनु पर्छ र प्रजातन्त्रको स्थापना हुनु पर्छ भन्ने विचार धाराका साथ सिक्किमेली जनताबाट ९६ प्रतिशत जनमत प्राप्त गरेर सिक्किम भारतीय महासङ्घमा सम्मिलित भएको पाइन्छ। यसै जनमत सङ्ग्रहपछि सिक्किममा राजतन्त्रको समाप्ति र भारतीय संविधानअन्तर्गत सिक्किमको सम्प्रभुता समाप्त भएर भारतमा सिक्किम विलय भएको पाइन्छ। सिक्किमको इतिहासलाई हेर्दा यसप्रकार कम जनसङ्ख्या रहेको देश सिक्किम १६ मई सन् १९७५ का दिन भारतको २२औं राज्यका रूपमा भारत गणराज्यको अङ्ग बन्न पुगेको पाइन्छ।

भारतमा विलय भएपछि सिक्किममा ३३३ साले राज शासन सञ्चालन गर्ने नामग्याल राजवंशको शासनको अवसान भयो साथैसाथ सिक्किमका खाँटी नागरिक भारतीय नागरिकका रूपमा दर्ता भए। सिक्किमलाई भारतमा सामेल गराउने सोच सन् १८६२ मा भारत-चीन युद्धदेखि नै आरम्भ भएको मान्न सकिन्छ। सन् १६४२ देखि सिक्किम नामग्याल

राजवंशको अधिनमा थियो। सिक्किमका राजवंशका प्रथम राजा फुन्सोग नामग्यालले खुबै जतनले सुरक्षित राख्दै ल्याएको सिक्किम देश उनका उत्तराधिकारीको कुशल रणनीति र उचित प्रशासनिक शासनसत्ताका कारण उत्तरोत्तर विकसित हुँदै आएको कुरो इतिहासमा उल्लेख गरिएको पाइन्छ। यहाँका अन्तिम राजा पाल्दे थेन्डुप नामग्यालको समयमा देशमा आइपरेको विभिन्न राजनीतिक उथलपुथल, प्रशासनिक भ्रष्टाचार एवम् प्रशासनिक अधिकारीहरूको असन्तुष्टि आदिका कारण स्वतन्त्र देश सिक्किम, यहाँका नागरिकको अधिकार र अस्तित्वबाट वञ्चित हुन पुगेको देखिन्छ।

भारतकी प्रधानमन्त्री इन्दिरा गान्धीको प्रधानमन्त्री कालमा सिक्किमलाई भारतको २२ औं राज्य बनाउन संविधान संशोधन विधेयक २३ अप्रेल १९७५ मा लोकसभामा पेश गरियो। लोकसभामा पेश गरिएको उक्त विधेयकलाई २६ अप्रेलको दिन सदनमा २९९ को सहमति र ११ जनाको असहमति गरेर २९९-११ को मतमा विधेयक पारित गरिएको थाहा लाग्दछ। २६ अप्रेल राज्यसभाले पनि पारित गरेपछि १५ मई १९७५ मा राष्ट्रपति फखरूद्दीन अली अहमदले विधेयक मञ्जुर गरे पश्चात सिक्किम आधिकारिक रूपमा भारत गणराज्यको अङ्ग बनेको पाइन्छ। भारत सरकारको आदेशअनुसार ६ अप्रेल १९७५ को सखारै बिहान भारतीय सेनाले राजा (छोग्याल)-को राजमहल कब्जामा लियो र राजालाई नजरवन्दी बनाएको कुरो थाहा लाग्दछ। पाँच हजार भारतीय सैनिकबलले चारैतिरबाट राजदरवार घेरेपछि स्वतन्त्र देशका नागरिक सिक्किमेली जनसाधारणहरूमा संत्रास फैलियो। यस्तो सङ्कटकालीन परिस्थितिमा यहाँका प्रशासनिक अधिकारीबाहेक यस विषयमा ज्ञान नभएका सोझा सरल जनताले आफूलाई असुरक्षित, राजाबिनाका अधिकारच्यूत प्रजा ठाने। राजाका समर्थकहरूबाट विरोध प्रदर्शन भयो तर राजमहलभित्र नजरबन्द गरिएका छोग्याललाई मुक्त गराउन सकिएन किनभने जनमत सङ्ग्रहमा बुद्धिजीवि, प्रशासनिक अधिकारी र सचेत जनताले राजा, राजवंश वा राजशाही शासनको तीव्र विरोध गरिसकेका थिए। दिल्लीको म्युनिसिपल कमिस्नर बी. एस. दासलाई राजाद्वारा

कडा चेतावनी दिइए तापनि अन्त्यमा ८ मई १९७५ को सम्झौतामा हस्ताक्षर गर्न तत्कालीन सिक्किममा महाराज बाध्य बने। देश खोसिएपछि महारानी होपकुकले राजासँग पारपाचुके गरेर राजाको त्याग गरिन्। उनका दुईजना अत्यन्त होनहार राजकुमारहरू दुर्घटनामा परेर मरेको पछि राजा एकलो भए यसरी सिक्किमको राजनीतिक इतिहासको एक पाटो पनि इतिहासको पृष्ठमा ओझेल भएर रहयो।

कवि जीवन थिङले कहिल्यै पनि भारतमा आफ्नो प्रिय मातृभूमि सिक्किमको विलयलाई हृदयबाट स्वीकार गरेनन्। केही स्वार्थी प्रशासकहरूको षड्यन्त्रले छाँदाखाँदाको आफ्नो स्वतन्त्र भूमि एउटा सानो राज्यमा परिणत भएपछि देशको मानचित्र बद्लियो। यसको राजनैतिक परिवर्तनको चोट र पीडाले जीवन थिङ सधैं दुखेको र व्याकुल बनेको र असन्तुष्ट बनेको पाइन्छ। कविलाई सिक्किमेको अस्तित्व बेचिएको जस्तो अनुभव भएको पाइन्छ। थिङले यस घटनालाई आफ्नो र आफ्ना देशवासीको सब भन्दा ठुलो दुनिर्यति, दुर्भाग्य अर्थात् पराजय ठानेका बुझिन्छ।

**४.४ जीवन थिङका कवितामा पाइने युगबोध**

जीवन थिङ भारतीय नेपाली साहित्यका एकजना प्रतिभाशाली, जाँगरिला , उर्जाशील तथा आँटी कवि थिए। छोटो आयु र जीवन लिएर आएका थिङले नेपाली साहित्यको विकासमा दिएको योगदान अविस्मरणीय रहेको बोध हुँदछ। साहित्य सिर्जनामा सिक्किमसम्बन्धित उनले जति लेखका छन् त्यति सिक्किमबाट आजसम्म लेखिएको पाइँदैन। थोरै तर अर्थपूर्ण जीवन बाँच्ने कवि जीवन थिङका काव्य रचना वा लेखहरू तत्कालीन सिक्किमका सन्दर्भमा समय सापेक्ष रहेको पाइन्छ भने वर्तमान सिक्किमका सन्दर्भमा पनि उत्तिकै खाप खाने , उपयुक्त एवम् सान्दर्भिक रहेको मान्न सकिन्छ । उनका कविता लेखनको मूलभूल विशेषता देशप्रेम, जातिप्रेम, माटोप्रतिको अनुराग, क्रान्तिकारी चेत, राष्ट्रिय तावादी, प्रगतिवादी, मानवतावादी एवम् अस्तित्ववादी रहेको पाइन्छ। साहित्यका विभिन्न विधाहरूमध्ये कथा, कविता, खण्डकाव्य, गीत, मुक्तक र समालोचनामा जीवन थिङले कलम चलाएका

छन्। उनको एउटै मात्र पुस्तक *साङ्लीभित्र बाँधिएका घोडाका टापहरू* प्रकाशित रहेको पाइन्छ। उनका प्रायः जसो सम्पूर्ण रचनाहरू यसै पुस्तकमा सङ्ग्रहित छन्। कतिपय समालोचकहरूले थिङका कविताभन्दा कथा नै श्रेष्ठ छन् भन्ने कुरा गरेका छन् भने धेरैले उनका कवितालाई नै श्रेष्ठ माने को पाइन्छ। सङ्ख्याका हिसाबले पनि जीवन थिङका कविता धेर रहेकाले उनलाई ए कजना सफल, चिन्तनशील, क्रान्तिकारी, राष्ट्र प्रेमी कविका रूपमा हेर्न सकिन्छ। जीवन थिङ युगसचेत , समय सापेक्ष कवि भएकाले उनका रचनाहरूमा युगचेतना अर्थात् युगबोध व्यापक रूपमा रहेको छ।

उनका सिर्जनामा सिक्किमको तत्कालीन सङ्क्रमणकालीन राजनैतिक गतिविधि र त्यस प्रभावमा हुर्किएको सिक्किमको सत्तरीको दशकको युगबोध प्रबल रूपमा प्रकट भएको छ। यसै सन्दर्भमा घनश्याम नेपाल लेख्छन् - युगबोधलाई त्यतिको प्रखरतासित मुखरित गराउन सक्ने नेपाली कविहरू थोरै छन्। [123] यसै सन्दर्भमा एक ठाउँ पेम्पा तामाङले सिक्किममा कोही यस्ता कवि छैन न् जसले त्यति सशक्ततासाथ आफ्नो समयको Major issue (मुख्य मुद्दा) आफ्नो कवितामा अभिव्यक्त गरेका छन् भनी उल्लेख गरे को पाइन्छ। [124]उपर्युक्त कथनहरूले के स्पष्ट हुन्छ भने तत्कालीन युगीन स्थिति, परिस्थितिलाई आफ्ना कवितामा बोध गराउन थिङ सफल बनेका छन् साथै सिक्किम देशप्रतिको उनको अगाध माया, प्रेम भावना, आदर्श, युग चिन्तालाई पनि आफ्ना कवितामा अभिव्यक्त गर्न सफल बनेको देखिन्छ। तसर्थ सत्तरीको दशकको सिक्किम र सिक्किमको अवस्था, स्थिति र युगलाई जीवन थिङका कविताद्वारा सहजै बोध गर्न सकिन्छ। आफ्नो समयको युगीन परिस्थितिले आक्रान्त भएको मनस्थिति थिङका कवितामा ठाउँ ठावैं व्यक्त हुन गएको छ भनी सुमन बान्तवाले जीवन थिङका कवितासम्बन्धित एक ठाउं उल्लेख गरेका छन्। [125]

---

[123] वीरभद्र कार्कीढोली (सम्पा.), ऐजन, पृ. ८९-९०

[124]वीरभद्र कार्कीढोली ,(सम्पा), ऐजन, पृ. २३९

[125]सुमन बान्तवा, सन् २०१८, *मिथकीय प्रयोगका दृष्टिले जीवन थिङका कविता: एक अध्ययन,* शोध पत्र, अप्रकाशित, पृ. ३

यी सबै कुराहरू का आधारमा जीवन थिङका कवितालाई सिक्किमको सत्तरीको दशकलाई स्पष्टसँग बोध गराउने दस्तावेज सरह मान्न सकिने देखिन्छ।

सन् १९७५ भन्दा अघि को स्वाधीन देश सिक्किम भारत महासङ्घमा विलय भएर भारतको २२ औं पूर्वोत्तर राज्य बनेको नयाँ मानचित्र हामीसँग उपलब्ध छ। सत्तरीको दशकमा देशमाथि आइपरेको भवितव्य, सिक्किम भारत महासङ्घमा विलय भएपछि आइपरेका विभिन्न सङ्कट, राप र चाप अनि त्यस समयमा सिक्किमका नागरिकहरूको कहालीलाग्दो मौनता, लाचारीपनसँगै नेतृत्व पङ्क्तिको फ्यातुलो व्यवहार र व्यवस्थाले जीवन थिङ धेरै विथोलिएका थिए भन्ने कुरो उनका कविताले पुष्टि गर्दछ। यसर्थ जीवन थिङका कथा, कविता, गीत, खण्डकाव्य, मुक्तक सबै विधा नै देश विलयको चोट, देशलाई आइपरेको सङ्कटापन्न स्थिति, सङ्क्रमणकाली न अवस्थाका उपज हुन् भन्न सकिन्छ अर्थात् स्वाधीन राष्ट्र सिक्किम भारत महासङ्घमा विलय भए पछि थिङका हृदयले बोध गरेका कुराहरू उनका कवितामा आभिव्यक्त भएको पाइन्छ ।उनका कवितामा तत्कालीन सिक्किमले भोगेका अन्याय, अत्याचारप्रतिको विरोध, सिक्किमको सामाजिक र तत्कालीन सिक्किमको जीवनस्तरको खस्कदो अवस्था, आञ्चलिक ताबोधक पक्ष, युवा र सचेत जमातमा सेलाएको सचेतता अनि मूलरूपमा राजनीति स्थितिले भित्र्याएको कोलाहल र देशमा आएको परिवर्तनलाई कविताका माध्यमले अभिव्यक्त गरेका छन्।उनका कविताहरूमा सिक्किमको तत्कालीन सामाजिक, राजनीतिक , आर्थिक स्थितिप्रति विसङ्गतिबोध, विद्रोहभाव, क्रान्तिकारी स्वरसँगै भविष्यप्रतिको आशा, अस्तित्वबोध, आञ्चलिकबोध, धार्मिकबोध, सांस्कृतिकबोध, मूल्य विघटन तथा मृत्युबोध आदि जस्ता पक्षहरूलाई अभिव्यक्त छन्।

जीवन थिङका कविता को अध्ययन गर्दा उनी भारतमा सिक्किम देश विलयको विरोधमा रहेको थाहा लाग्दछ।सिक्किम भारतमा विलय भएको अनि यहाँको स्थितिसँग उनी ह्रास, विद्रोही, व्याकुल र लाचार भएको कुरो उनका कविता हरूले स्पष्ट

पार्दछन्। आफ्नो माटो र देशले दिने स्वायत्त ता, परिचय, गौरव, स्वतन्त्रता, जातीय स्वाभिमान, अस्तित्व आदिसँग उनी मोहित भएको तर विलयको चोटले कलिलो मन असाध्यै विथोलिन पुगेको पाइन्छ। जीवन थिङले आफ्ना कविताहरूमा त्यस समयको युगीन स्थितिलाई बोध गराउन विभिन्न ग्रिसेली, पौराणिक, इजिप्सेली, ख्रिष्टेली, हिन्दु, बौद्ध, शौर्य[126] आदि जस्ता मिथक, बिम्ब अनि प्रतीकहरूको प्रयोग गरेका छन्। जसद्वारा उनका कविता किलिष्ट सँगसँगै रोचक, युगबोध्य र आकर्षक बनेका छन्।

युगबोध युग विशेषलाई बोध गराउने अवधारणा भएकाले यसद्वारा समयको स्थिति सँगसँगै परिवेशबारे जानकारी प्राप्त हुँदछ। जीवन थिङका कविता सत्तरीको दशकको सङ्क्रमणकालीन सिक्किमलाई बोध गराउँदै तत्कालीन सिक्किमको अवस्थालाई अभिव्यक्त गर्न सफल बनेको पाइन्छ। युगबोधको अध्ययन गर्ने क्रममा युगबोधका प्रकारलाई विभाजन गर्दै मंजुलता सिंहले उनको पुस्तकमा युगबोधलाई दुई चरण *बाह्य जगत्* र *अन्तर जगत्* गरेर विभाजन गरेकी छन्। [127]त्यसैलाई आधार बनाएर जीवन थिङका कवितामा युगबोधक चेतनाको अध्ययन, वर्गीकरण र विश्लेषण गर्न उचित देखिन्छ र यसै आधारमा अध्ययन गरिएको छ।

### ४.५ जीवन थिङका कवितामा बाह्यबोध

साहित्य समाजको दर्पण मात्रै नभएर यो समाजको एउटा महत्त्वपूर्ण पाटो हो। साहित्यले मानिसको जीवनको वर्णन मात्रै नगरेर यसले जीवनसँग जोडिएका विविध पक्ष, परिवेश र वातावरणलाई पनि चित्रण गर्दछ। साहित्यकारले आफ्ना सिर्जनामा सामाजिक, राजनीतिक, आर्थिक, धार्मिक, सांस्कृतिक, आञ्चलिक आदि विभिन्न पक्षलाई उतार्ने काम गर्दछन्। साहित्यकारलाई उनको युगको प्रतिनिधि मान्न सकिन्छ। कुनै व्यक्तिलाई आफ्ना

[126]सुमन बान्तवा, ऐजन, पृ. ३-१०
[127]मंजुलता सिंह ,ऐजन, पृ. ७

जीवन कालमा वरिपरीको वातावरण, घटित घटना, क्रियाकला प इत्यादिले प्रभावित पार्ने गरेको पाइन्छ।

जीवन थिङका कवितामा पनि त्यही प्रभाव प्रत्यक्ष रूपमा प्रतिविम्वित रहेको पाइन्छ भने अनुभूतिहरू सिर्जनाका रूपमा साहित्यमा अभिव्यक्ति भएका छन्।सिर्जनामा सिर्जनाकारको कल्पना सँगसँगै सि र्जनाकारले बाँचेको युगका विभिन्न पक्ष हरूको चित्रण प्रत्यक्ष वा परोक्ष रूपमा अभिव्यक्त भएको हुँदछ।त्यसो हुँदा कुनै पनि सिर्जना युगबोधदेखि अछुतो रहन सक्दैन। थिङका कविताहरू पनि तत्कालीन सिक्किम र त्यस ताकको परिवेशदेखि अछुतो रहन सकेका छैनन्।सर्जकहरूमा आफ्नो युगको प्रभाव रहेको हुनाले कुनै निश्चित समय, व्यक्ति वा घटनालाई साहित्यका माध्यमले बोध गर्न सकिन्छ।जुन कुरो जीवन थिङका कविताहरूले गराइरहेको पाइन्छ।त्यसैको फलस्वरूप थिङका कवितामा युगीन राजनीति, आर्थिक अवस्था, सामाजिक पक्ष, विसङ्गति, अव्यवस्था, विद्रोह, क्रान्ति जस्ता विविध पक्षहरू समावेश भएका पाइन्छन्।सर्जकहरूले युगबोधको माध्यमद्वारा साहित्यको निर्माण गरेका हुन्छन् ।त्यसो हुँदा जीवन थिङले पनि आफ्ना सिर्जनाहरूका माध्यमद्वारा युगबोध गराएका छन्।

नेपाली कविता मा युगबोधको पृष्ठभूमि हेर्दा युगबोधको अवधारणा प्राथमिक कालीन कविता देखि नै सुरु भएको पाइन्छ ।प्राथमिक कालमा वीरहरूको स्तुतिगान सँगै भारतबाट लहरी, सवाईको लखनबाट कविताको आरम्भ भए तापनि ती कविताहरूले तत्कालीन युगलाई बोध गराउन सफल बनेको देखिन्छ।प्राथमिक कालीन नेपाली कविताले त त्कालीन समयको समाजमा वीरहरूको योगदान, महत्त्व र वीर प्रसं शालाई बोध गरा उँदै तत्कालीन समाज र परिवेशलाई पनि बोध गराएको पाइन्छ ।त्यसो हुँदा साहित्यमा युगबोध साहित्यकारको समयअनुरूप कुन न कुनै रूपमा सिर्जनामा प्रकट भएको हुँदछ।सत्तरीको दशकको युग र त्यस समयको सिक्किमको सामाजिक, राजनीतिक, आर्थिक, सांस्कृतिक, धार्मिक, आञ्चलिक जस्ता बाह्यबोध जीवन थिङका कवितामा व्यापक

रूपमा प्रकट भएको पाइन्छ। एउटा सिङ्गो देश एउटा सानो राज्य बनेपछि, देश विलयको वेदनामा रचिएका उनका कवितामा विसङ्गति, विद्रोह, क्रान्ति, ह्रास सँगसँगै तत्कालीन समाज, राजनीति, धर्म, संस्कृति, आञ्चलिकताबोध जस्ता पक्षहरूको अभिव्यक्त भएका छन्। उनका प्रायः जसो कविता नै सामाजिक, राजनीतिक विषयमा केन्द्रित रहेको पाइन्छ।

**(क) सामाजिकबोध**

युगबोधलाई बाह्य रूपमा प्रकट गर्ने एउटा बलियो आधार सामाजिकबोध हो। साहित्यमा समाजसँग आबद्ध भएर आउने सबै कुरा सामाजिक रहेको मान्न सकिन्छ। मानिस सामाजिक प्राणी भएकाले समाजमा घटित घटना मानिससँग जो डिएको हुँदछ। साहित्यले कुनै युगमा घटित घटना वा सिर्जनाकालको समाजलाई उतार्ने काम गरेको पाइन्छ। जसको माध्यमले सहजै समसामयिक क्रियाकलापहरूको बोध गर्न सकि न्छ। जीवन थिङका कवितामा तत्कालीन सिक्किम को सामाजिक अवस्था स्पष्टसँग प्रस्फुटित भएको छ। समाजको लाचारीपन, मौनता र काहली लाग्दो अवस्थालाई जीवन थिङका कविताले बोकेका छन्। उनको *सपनाको देश, सार, मेरो शहर काँचो लाश जस्तै गह्नाउँछ, हिमाल बसाइँ सर्न गयो, निर्जीव आत्माहरूका शहरमा, हावै हवाको देश, बिहान त एक ढिको चिसो रगत हो* आदि कविताहरूमा सामाजिकबोध अभिव्यक्त भएको पाइन्छ। उनको *चिसो कथा एउटा सपना जस्तै देशको* कवितामा सामाजिकबोध यसरी अभिव्यक्त भएको पाइन्छ-

*किन हो*
*यहाँ नारा छ तर आवाज छैन*
*यहाँ आक्रोश छ तर विद्रोह छैन*
*यहाँ जुलूस छ तर सिद्धान्त छैन*
*यहाँ क्रान्ति छ तर लक्ष्य छैन।*
*--- चिसो कथा एउटा सपना जस्तै देशको, पृ. १७७*

मानिसको भीड, झु न्ड र भेला मात्रै समाज होइन। ती झु न्ड र भीडमा जागृत सामूहिक चेतनाले समाजको निर्माण गरेको हुन्छ। त्यस चेतनाको प्रवाहमा समाजका विविध पक्षहरू उद्घाटित हुन्छन्। तर समाज चकमन्न र सुनसान रहे, प्रतिरोध र प्रतिशोधको आवाजदेखि टाढा रहे, विद्रोह र क्रान्तिको उद्घो षणादेखि वाञ्छित रहे त्यसलाई समाज भन्न सकिँदैन र सामाजिक गतिविधि, क्रियाकला पहरू अधोगति तिर लागेको पाइन्छ। कविले उपर्युक्त कवितांशमा समाजलाई झकझकाएर, समाजले समाज हुनुको बोध गर्नु पर्छ भन्ने भाव व्यक्त गरेका छन्। समाज जातिको आश्रय हु नाले कुनै पनि समाजले आफ्नो सुरक्षा, अस्तित्वबोध र लक्ष्यलाई आत्मसात गरेको हुनु पर्छ। समाज विभिन्न जातगोष्ठी ले निर्मित एउटा सिङ्गो जातिद्वारा निर्मित निकाय हु नाले भाषा, संस्कृति, धर्म आदि कुराहरूको संरचना हुँदछ। तर यी सबै विषयहरू शून्य रहे त्यो समाज हुनु र नहुनको कुनै अर्थ रहँदैन। यी कुराहरू कवि जीवन थिङले बुझेको कुरो उनका कविताबाट बोध हुँदछ । उनका कवितामा सामाजिक उद्ब बोधनको स्वर तिख्खर रहेको पाइन्छ। त्यसैले उनी आफ्ना कवितामा समाजलाई आफ्नो वास्तविक रूपको दर्शन गराउन चाहन्छन्। उनी आवाजहीन, विद्रोहहीन, सिद्धान्तहीन, लक्ष्यहीन समाजलाई सचेत बनाउन, अचेतावस्ता, मौनताबाट उठाउन चाहन्छन्। यस्तै भाव उनका *मेरो शहर काँचो लाश जस्तै गह्राउँ छ* कवितामा पनि पाइन्छ। उदाहरण-

*रात गहिरिँदै जाँदा*
*मेरो सहर काँचो लाश जस्तै गह्राउँछ*
*त्यसैले त सबै मेरा आफन्तहरू*
*आँखा थुनेर अचेत भएर*
*निदाइसकेका हुन्छन्*
*सुनसान मसान जस्तै*
*खण्डहरू भएर सुस्ताइसकेका हुन्छन्।*

--- *मेरो शहर काँचो लाश जस्तै गह्राउँ छ/ ७१*

उपर्युक्त कवितांशमा *सहर* शब्द को विभिन्न अर्थ हुन सक्छन्, जस्तै व्यवस्था, राजनीति, धर्म अथवा समाज। जुनै अर्थ भए तपानि यो स्थिर, अचल, जड बनेर रहेको छ। समाज वा कुनै व्यवस्था एकै ठाउँमा जमेर बस्दा यो निष्क्रिय बन्ने गर्दछ। त्यसैले यस्तो सहर, समाजलाई कविले काँचो लाससँग तुलना गरेका छन्। यहाँ लास भन्नाले मुर्दा बुझिन्छ। जो निष्प्राण हुन्छ। जसको आँखा, नाक, कान, मुख सबै अङ्गहरू हुन्छन् तर प्राण हुँदैन। सन् १९७० को दशकतिर सिक्किमेली समाज पनि यस्तै काँचो लाससरह बनेको कुरो थिङले बोध गरेका छन्। यस कवितांशमा चेतनाहीन समाजको वर्णन छ। समाजको त्यही लाचारी अनुभूति यस कवितांशमा देखिन्छ। समाजमा चेतना नभएर नै यो काँचो लाससरह गह्राएको हो भन्ने बोध यस कवितांशबाट हुँ दछ। यस्तो स्थितिबाट समाजलाई उठाउनु पर्ने बोध कवि स्वयम्ले गरेका छन्। यस्तै दिग्दर्शन र बोधात्मक भाव नै समाजबोध हो जो थिङका कवितात्द्वारा प्रष्ट बुझ्न सकिन्छ।

जीवन थिङको *मैले सबैलाई एउटा बाटो खन्नुपरेको छ* कवितामा आफ्ना दायित्वदेखि पछि परेको कमजोढ समाज पाइन्छ। सत्तरीको दशकको सामाजिक कमजोढीलाई कविले आफ्ना कवितामा यसरी अभिव्यक्त गरेका छन्। उदाहरणार्थ-

*तिमीहरू मैले चाहेको फूल होइनौं*
*त्यसैले तिमीहरू ढुङ्गाको देवतालाई चढाउने सस्तो अभिव्यक्ति हौं*
*तिमीहरू रित्तो आँखा हौं — अनुभूतिहीन आँखा हौं*
*रित्तोपनको मृत तस्वीरसिवाय तिमीहरू केही होइनौं, केही होइनौं*
*--- मैले सबैलाई एउटा बाटो खन्नुपरेको छ, पृ.१६१*

युवा समाजका कर्णधार हुन्छन्। उक्त पङ्क्तिमा कविले फूल भनेर तत्कालीन समाजका युवाहरूलाई इङ्गित गरेका छन्। फूलको धर्म फुलिदिनु हो। फूलको धर्मसँग कविले युवा पीडिको भूमिकालाई जोड्न खोजेको पाइन्छ। यहाँ फूलको धर्म फुलिदिनु मात्रै नभएर नयाँ पुस्तालाई अघि बडाउनु पनि रहेको बुझ्न सकिन्छ । यस्तै आफ्ना धर्मदेखि पछि परेको तत्कालीन सिक्किमेली समाजको अवस्थालाई कविले यस कवितांशमा बोध

गराएका छन्।तत्कालीन समाजका युवा पीढीको अवस्थालाई कविले *ढुङ्गामा चढाउने सस्तो अभिव्यक्ति* मानेको देखिन्छ। जसको कुनै मूल्य हुँदैन। जो यसै बिलाएर, मुर्झाएर जाने गर्दछ।उपर्युक्त कवितांशमा व्यङ्ग्य गर्दै कविले *रित्तो आँखा, अनुभूतिहीन आँखा अनि मृत तस्वीर*को प्रसङ्गलाई अभिव्यक्त गरेबाट निष्क्रिय समाजको बोध हुँदछ।जसको रित्तोपन, खालीपनलाई कविले बोध गराएका छन्।यहाँ सबै कुरो देखेर पनि यसै लोलाएको दृष्टिहीन समाज प्रति कविको तिखो व्यङ्ग्य पाइन्छ। यस कवितांशमा कविले समाजलाई लाचार र लुब्धो अवस्थादेखि उठ्ने आह्वान गरेको बुझिन्छ।

समाज निर्माणमा राजीतिज्ञको ठुलो भूमिका हुने गर्दछ।समाजमा आफ्ना भूमिका र दायुत्वदेखि पछि परेका नेतृत्व पङ्क्तिको वर्णन् कविले यसरी गरेका छन्-

*जब डोन्लोपिलोका स्वर्गभित्र*
*पिलाश र बैंसका बेडरूमभित्र*
*किनिएका ओठहरूसित ओठ जोडेर*
*किनिएका शरमहरूसित धरम गरेर*
*काला बादल जस्तै केशराशि खेलाउँदा*
*जब नेताहरूले देशका भविष्यका योजना सम्झन्छन्*
*तब यो देशै एउटा म्यूजियम मात्र बन्छ जस्तो लाग्छ*
*--- व्यर्थै जन्मेछु जस्तो लाग्छ, पृ. ८५-८६*

साहित्यलाई समाजको दर्पण मानिएकोले मानव जीवनको वर्णन चित्रण सँगै साहित्यले समाजसँग जोडिएका सामाजिक सरोकारका विषय र वरिपरीका परिवेशलाई पनि प्रतिबिम्बित गर्ने गरेको पाइन्छ।समाजको सही दिशा निर्देशन अग्रपङ्क्तिद्वारा हुँदछ।जीवन थिङको *व्यर्थै जन्मेछु जस्तो लाग्छ* कविताले समाजको विसमतालाई देखाएको छ।यस कविताले तत्कालीन अग्रपङ्क्तिको अवस्थालाई बोध गराएको पाइन्छ।उपर्युक्त कवितांशमा कविले समाजका अग्रपङ्क्ति का नेतृत्ववर्गको विलासितालाई देखाएका छन्।समाजमा आएको मानसिक विलासी प्रवृत्ति र कामुक वृत्ति, विकृति उक्त कविताका माध्यमद्वारा अभिव्यक्त प्रस्टिएको छ ।उक्त पङ्क्तिबाट ऐयासी, कामुकता,

विलासीनतालाई बोध गराउँदै समाजको खस्क दो अवस्थालाई कविले उदाङ्गो पार्ने प्रयत्न गरेको बुझिन्छ भने अर्को तर्फ समाजको विलासिन अवस्थालाई पनि बोध गर्न सकिन्छ। यस कवितांश ले समाजमा फैलिएको विलासी, कामुक व्यवहारले निम्त्याएको विसङ्गति, विषमता तथा सामाजिक विकृति को बोध गराएका छन्। यहाँ *किनिएको ओठ* र *किनिएको शरम* जस्ता प्रसङ्गले समाजमा भएको भोग विलासी प्रवृत्ति को उजागर भएको छ। यसरी कुकर्मीतिर अग्रसर रहेका मानिसहरूको नीच मानसिकता र अनैतिक कर्मले देश म्यूजियम जस्तो बन्न पुगेको कुरो कविले गरेका छन्।

उनको *चिसो कथा एउटा सपना जस्तै देशको* कवितामा सिक्किम भारतमा विलय कालको सामाजिक चित्रण अभिव्यक्त भएको पाइन्छ। राजनीतिक हलचल का कारण तत्कालीन सिक्किमेली समाजमा परेको प्रभावलाई कविले यसरी अभिव्यक्त गरेका छन्-

*यहाँ घर घरमा एउटा षडयन्त्र छ*
*आँगन आँगनमा कुरूक्षेत्र हाँस्ने गर्छ*
*यहाँ प्रत्येक पल भय, शङ्का र त्रासले व्याप्त जीवनमा*
*शोक धुनहरूलाई लैबरी सम्झेर मान्छेहरू बाँच्ने गर्छन्*
*देउराली पाखाहरू यहाँ ज्वालामुखी जस्तै उभिएका छन्*
*सुनाखरीको प्रत्येक फूल परमाणुको गन्धले मुर्झाएको छ।*

--- *चिसो कथा एउटा सपना जस्तै देशको, पृ. १६*

कवितालाई भाषिक कला मानिन्छ। त सर्थ भाषिक कलाका माध्यमले समाजको चित्रण गर्ने कलाकार कविलाई मान्न सकिन्छ। थिङको यस्तै भाषिक कला उनको *चिसो कथा एउटा सपना जस्तै देशको* कवितामा अभिव्यक्त भएको छ। सिक्किम भारत विलय कालको सामाजिक चित्रण लाई कविताको माध्यमद्वारा अभिव्यक्त गर्न थिङ यस पङ्क्तिमा सफल बनेका छन्। तत्कालीन सिक्किमको मौन र लाचार समाजप्रति विद्रोह गर्दै कविले यस कवितामा समाजका विविध पक्षहरूलाई उजागर गरेका छन्। उपर्युक्त पङ्क्तिमा कविले तत्कालीन सिक्किमेली समाजमा भएको षडयन्त्र, अशान्ति, भय, शङ्का, त्रास, शोकलाई साधारण भाषामा अभिव्यक्त गरेका छन्। यहाँ *शोक धुनलाई लैबरी सम्झने* भनेर

समाजको निर्धो, अचेत र चेतनाशून्य अवस्थालाई झलकाएको पाइन्छ भने अर्कोतिर यहाँ *देउराली पाखाहरू ज्वालामुखी जस्तै उभिएका छन्* भन्ने प्रसङ्गले समाजमा फैलिएको अन्तरर्द्वन्द्व, आक्रोस र क्रान्तिलाई बुझाएको पाइन्छ। यस कवितांशमा सुनाखरीको फूल भनेर सिक्किम र यहाँको समाजलाई इङ्गित गरेको बुझिन् अनि परमाणुको गन्धले मुर्झाएको कथनबाट त्रासयुक्त सामाजिक वातावरण र परिवेशलाई कविले अभिव्यक्त गरेका छन्।

कविले उनको *मुर्दा सहर* कवितामा षडयन्त्रयुक्त अवस्थाले तत्कालीन समाज र नागरिकको अवस्थालाई यसरी देखाएका छन्-

*सबैको चोखो मुटु*
*असफल छेपारे योजनाको कारण कुहेको छ*
*अनि म कसैको सँघार काटेर*
*आतिथ्य सत्कार स्वीकार्न जानसक्तिनँ*
*किनकी यी सारा घरहरू*
*आफै आफ भोक व्यथा र अभावहरूले ग्रस्त छन्*
*क्रान्ति हराएर पैह्रो गएका यी अनुहारहरू*
*भित्रभित्रै सल्के पनि शान्त भई ओठमा*
*हाँसोहरू समेट्न अभ्यस्त छन्।*
--- *मुर्दा सहर , पृ.१८१*

यस कवितामा सहर शब्दलाई मानिसको जमात , झुण्ड अथवा समाजका रूपमा हेर्न सकिन्छ। कविताको शीर्षक नै *मुर्दा सहर* भएकाले कविताले प्रतीकात्मक रूपमा मृत समाज, जो अचेत अवस्थाको छ, त्यस लाई बोध गराएको पाइन्छ। उपर्युक्त कवितांशमा कविले *छेपारे योजना* भनेबाट हामीले समाजमा हुने जालझेल र षडयन्त्रलाई बोध गर्न सक्छौं। जसले मौसम परवर्तनसँगै मौका छोपेर रङ्ग फेर्ने गर्दछ। जसको माध्यमले समाजमा हुने जालझेलको प्रसङ्गलाई अनुमान गर्न सकिन्छ। यस पङ्क्तिमा कविले तत्कालीन समाजको दयनीय अवस्था जस्तै भोक, व्यथा र अभावले ग्रस्त अवस्थालाई बोध गराउँदै *क्रान्ति हराएर पैह्रो गएको अनुहा र* भनेर लाचार, निरस, उदासीन अनि कुण्ठाग्रस्त मानिसको जमात र सामाजिक अवस्थालाई बोध गराएका छन्। उक्त

कवितांशमा *सँघार काटेर आतिथ्य सत्कार स्वीकार्न जानसक्तिनँ* भनेबाट कविले एकातिर सिक्किम भारत विलयको ठाडो विरोध गरेको बुझ्न सकिन्छ भने अर्को पट्टी यसरी लुब्धो समाज जो बाध्यतावश शान्त भइ कृत्रिम हाँसो समेट्न बाध्य बन्न नसक्ने कुरो बुझाएको पाइन्छ। यस पङ्क्तिमा कविले समाजको लाचारीपन, दिशाहीनता, गन्तव्यहीनता र खोक्रोपनलाई देखाउँदै समाजलाई जगाउने चेष्टा गरेको पाइन्छ।

**(ख) राजनीतिकबोध**

युगबोधका विभिन्न बाह्य आधार हरूमध्ये राजनीतिकबोध एउटा महत्त्वपूर्ण आधार रहेको पाइन्छ। समाजको निर्माण र व्यक्तिको उत्थान, पतनमा राजनीतिको ठुलो भूमिका हुँदछ। राजनीतिकबोधले कुनै युग विशेषमा राजनीतिक गतिविधिले पारेको प्रभावको अध्ययन गर्दछ। जीवन थिङका कवितामा राजनीतिकबोध टड्कारो रूपमा प्रस्फुटन भएको पाइन्छ। उनका सिर्जनाहरूको मुहान नै सत्तरीको दश कको सिक्किमेली राजनीतिलाई मान्न सकिने देखिन्छ। राजनीतिक कारणले सिक्किममा आएको परिवर्तन, हलचल र त त्कालीन समयको राजनीतिक चहलपहल लाई थिङले आफ्ना कवितामा व्यापक रूपमा अभिव्यक्त गरेका छन्। राजनीतिकबोध युगबोधको महत्त्वपूर्ण पक्ष हो तसर्थ समाजमा राजनीतिक कारणले भएका षड्यन्त्र, अपराध, जालझेल, ह्रास, क्रान्ति आदि जस्ता पक्ष थिङका कवितामा पनि अभिव्यक्त भएका छन्। बिम्ब, प्रतीक, मिथकको व्यापक र सही प्रयोगसँगै जीवन थिङले तत्कालीन युगको राजनीतिक स्थितिलाई स्पष्टसँग बोध गरा उन सफल बनेका देखिन्छ।

थिङको *म बेतलहम शहरको हिप्पोपोटामस, बिहान त एक ढिको चिसो रगत हो, व्यर्थै जन्मेछु जस्तो लाग्छ, हावै हावाको देश, वल्लभ दाइ! तपाईभन्दा म धेरै अभागी छु, तिमी मेरो आँगनमा आएपछि, सडक, लौं हुन्छ हामी तीतेपातीको झोल पिऔं, मुर्दा सहर* आदि जस्ता उनका प्रायः सबै कवितामा नै राजनीतिक बोध व्यापक रूपमा प्रस्फुरित

रहेको पाइन्छ। यसै सन्दर्भमा कवि आफ्नो कविता मा तत्कालीन सिक्किममा आएको राजनीतिक परिवर्तनलाई यसरी लेख्छन्-

*भर्खरै यस सडकहरूमा*
*एउटा सिङ्गै दिनको उज्यालोमा*
*थुप्रै थुप्रै बलात्कारहरू भइसकेका छन्*
*तिनै बलात्कारका नाङ्गा पापहरू*
*युगौंसम्म हामीलाई सिसिपसको इतिहास भएर चुम्नेछन्*
*चुम्नेछन् एउटा धिक्कार जिन्दगी भएर*
*युगसित गरिएको एउटा हास्यस्पद दिल्लगी भएर*
*--- तिमी मेरो आँगनमा आएपछि, पृ. १३१*

उद्धृत कवितांश मा सोझो रूपमा सिक्किम भारत महासङ्गमा विलयको प्रसङ्ग अभिव्यक्त भएको पाइन्छ। कवितांशमा एउटा सिङ्गै देश विलय हुँदा भविष्यमा के कस्ता आपद वा समस्याहरू आउन सक्छन् भन्ने अनुमान अभिव्यक्त भएको पाइन्छ । वर्तमान सिक्किमको राजनीतिक परिवेश र देशकै राजनीतिक गतिविधिलाई विचार गर्दा जीवन थिङको अनुमान पूर्ण हुने सम्भवना देखिन्छ। उनले ग्रिसेली मिथको सहारा लिएर सिसिपसको कुरा गर्दै प्रतीकात्म क रूपमा क्रूरता र असफलतालाई बोध गराउँदै *युगसँग गरिएको हाँस्यास्पद दिल्लगी* भनेर देश दिएर राज्यमा रमाउनेहरूप्रति विरोध गर्दै दिल्लगीको संज्ञा दिएरको पाइन्छ। जीवन थिङले आफ्ना कवितामा सिक्किम विलय कालमा भएका राजनीतिक षडयन्त्र, त्रास, यहाँका जनताको मौनता, लुब्धो व्यवहार, आन्तरिक द्वन्द्व, नेतृत्ववर्गको हेलचेऋयाइँ, गैरजिम्मेवार व्यवहार, लोभ आदि जस्ता कुराबारे आफ्नो विचार राखेका छन्।

उनको *व्यर्थै जन्मेछु जस्तो लाग्छ* कवितामा राजनीतिक व्यङ्ग्य, गरिबी, अस्तित्वबोध, असमानतालाई कविले यसरी देखाएका छन्-

*जब मुलायम दूबोको चौर जस्तो*
*सोफा सेटमा बसेर*
*एयर कन्डिस्नर कोठामा*

*कफीका प्यालाहरूसित हाँसेर*
*यस देशका नेताहरूले*
*गरीबहरूका विषयमा सोच्ने गर्छन्*
*तब त मलाई यो देशमा व्यर्थै जन्मेछु जस्तो लाग्छ*
--- *व्यर्थै जन्मेछु जस्तो लाग्छ ,पृ.८६*

समाज देशको विकासमा राजनीतिको ठुलो भूमिका हुने गर्दछ। कुशल समाजको निर्माणमा राजनीतिको ठुलो हात हुने भएकोले राजनीतिलाई सही दिशा निर्देशन गर्न , सफल र सही बनाउन नेतृत्व पङक्तिको पनि ठुलो उत्तरदायित्व हुँदछ। त्यसो हुँदा समाज निर्माणलाई नजरअन्दाज गर्ने राजनीतिज्ञ वा नेताहरूको गैरजिम्मेवारी पूर्ण व्यवहारले समाजमा विश्रृङ्खलता ल्याउँछ। उक्त कवितांशमा कविले यस्तै राजनीतिक विसङ्गतिलाई अभिव्यक्त गरेका छन्। कविले रक्षकहरूको मुखुण्डो लगाएको भक्षक व्यवहारलाई देखाउँदै शालीन जीवन शैलीमा रमाउने नेताहरूको आडम्बरी व्यवहारलाई देखाएका छन्। आडम्बरी र देखावटीसँगै देश र समाजको भविष्यसँग खेल्ने नेताहरूको भ्रष्टाचारी, स्वार्थी, कपटपूर्ण कर्म देखेर ह्रास, निरीह बन्दै कविले *व्यर्थै जन्मेछु जस्तो लाग्छ* भनेर व्यर्थता व्यक्त गरेको देखिन्छ। कविले सामाजिक, राजनीतिक व्यवस्थामा देखापरेको मनपरीले कसरी समाज प्रभावित बनेको छ भन्ने आशय प्रकट गरेका छन्।

राजनीतिक विश्रृङ्खलताले दिक्क बनेका थिङ आफ्नो कविता *म बेतलहम शहरको हिप्पोपोटामस*-मा देश गुमाउनको पीडालाई बोध गर्दै यसो भन्छन्-

*उमेर कैद पाएको धोषणा*
*एउटा बग्दै गरेको नदीको छेकाबार*
*बैतलहम शहरको हिप्पोपोटामस*
*मेरो उसिनिएको कथा, मेरो मेहरून्निस्सा*
*मेरो देश*
--- *बैतलहम शहरको हिप्पोपोटामस, पृ.१४९*

थिङको यस कवितां शमा ग्रिसेली मिथकको प्रयोग पाइन्छ। देशसँगै हराएको स्वतन्त्रता, स्वायत्तता, परिचय, अस्तितव नरहँदा कवि हतास अनि दुखी बनेका छन्।

उपर्युक्त पङ्क्तिमा बग्दै गरेको नदीको छेकाबार र आजीवन काराबास पाएको घोषणाजस्ता प्रसङ्गले व्यङ्ग्यात्मक शैलीमा कविले राजनीतिक परिवर्तनको दिशाहीनतालाई अभिव्यक्त गरेको बुझिन्छ। उनले उक्त कवितांशमा देश विलयलाई उमेर कैद पाएको घोषणा र छदाखाँदाको देश राज्य बन्दाको स्थितिलाई *बग्दै गरेको नदीको छेकाबार* भनेर इङ्गित गरेका छन्। यहाँ *बैतलहम सहर*को प्रसङ्गले जिजसको जन्म थलो जेरुसेलम लाई बुझाएको छ। उपर्युक्त पङ्क्तिमा *बैतलहम सहरको हिप्पोपोटामस* भनेर कविले सिक्किमका मानिसलाई व्यङ्ग्य गरेको बुझिन्छ। कविले सिक्किमलाई बैतलहम सहर जिजस्को जन्म थलो, एउटा पवित्र स्थान मानेका छन् भने अर्का पक्षमा हिप्पोपोटामस भनेर सिक्किमका तत्कालीन मानिसलाई विशाल प्राणी जो खान्छ र पानीमा बस्ने काम मात्रै गर्छ। त्यसैसँग तुलना गरेको पाइन्छ। कविले बैतलहम सहर जस्तै सिक्किमलाई पवित्र मानेको र यस्तो पवित्र भूमिका मानिस हिप्पोपोटामस जस्तै व्यर्थका रहेको प्रसङ्गलाई देखाएको पाइन्छ। उनले देश विलयको प्रसङ्गलाई अघि सार्दै *उसिनिएको कथा* भनेका छन्। जसले सबै कुराको अन्त भएको सङ्केत गरेको बुझिन्छ भने *मेहरून्निस्सा* भनेर छुनेबित्तिकै ओइलिने लुब्धो र लाचार बुहारी झारसँग तुलना गरेका छन्। यस कवितांशले देश विलयको चोटमा उकुसमुकुस भएको अवस्थालाई बोध गराउँदै राजनीतिक निरा शाको अभिव्यक्त भएको पाइनछ।

*हात चुँडालेर दिइसकेपछिको कथा हो यो*
*छाती र आत्मा पनि टकटकाइसकेर*
*एउटा पहाडमा चढेर*
*डुब्दै गरेको सूर्यलाई हेर्दै*
*दुई थोपा आँसु चुहाई रूख भएको कथा हो यो*
*--- म बेतलहम शहरको हिप्पोपोटामस, पृ.१४७*

आफ्नो स्वतन्त्र सिक्किम देश भारतमा विलय भएको घटनाले जीवन थिङको मन-मस्तिष्कमा ठुलो चोट लागेको पाइन्छ। एउटा भूल्नै नसक्ने घटना जसले चकित पारेको कुरो उक्त पङ्क्तिबाट बुझिन्छ। उक्त कवितांशमा *हात चुँडालेर दिइसके पछिको कथा*

भन्नाले आफ्नो अधिकार सर्वस्व सुम्पिएको र आफू खोक्रो बनेर रूखो भएको अवस्थालाई अभिव्यक्त गरेको पाइन्छ ।यहाँ छाती र आत्मा टकटकाइसकेर भन्नाले भौतिक रूपमा मात्रै नभएर आत्मिक रूपमा पनि नाङ्गिएको र खोक्रो बनेको शून्य अवस्थालाई बु झ्न सकिन्छ भने अन्तमा कविले *दुई थोपा आँसु चुहाई रूख भएको कथा* भनेर तत्कालीन सिक्किमेको लाचार, वेवस अवस्थालाई देखाएका छन् भने राजनीतिक चोटले व्याकुल बनेका कवि एक ठाउँ देश गुमाउनु परेको प्रसङ्गमा यसो भन्छन्-

*वल्लभदाई! तपाईभन्दा म धेरै नै अभागी छु*
*तिम्रो छातीमा आमाले आत्महत्या गरेको देश छ*
*रूनलाई आँखामा मेची र काली छन्*
*पुछ्नलाई रगत लागेको खुकुरी छ*
*तर मेरो निम्ति चोट लागेको इतिहासबाहेक अरू केही छैन*
*मुटु फुटाउने उपहासबाहेक अरू केही छैन*
*--- वल्लभ दाई! तपाईभन्दा म धेरै अभागी , पृ.१९९*

उद्धृत कवितांशमा कवि किङ्कर्तव्यविमूढ र लाचार बनेका छन्। आफ्नो परिचय र माटो नै अस्तित्वको आधार भएर पनि आफ्नो अधिकार खोसिएपछि निरीह र शून्य बनेको कुरो कविले यस कवितांशमा व्यक्त गरेको पाइन्छ।उपर्युक्त पङ्क्तिमा जीवन थिङले कवि ईश्वर वल्लभलाई सम्बोधन गरेका छन्।उनले देश विलयको चोटलाई प्रतीकात्मक रूपमा अभिव्यक्त गर्दै उक्त कवितांशमा नेपालको प्रसङ्गसँग सिक्किमको प्रसङ्गलाई जोड्दै तुलना गर्ने प्रयत्न गरेका छन्। ईश्वर वल्लभकी आमाको आत्महत्याको प्रसङ्गलाई कविले सिक्किम आमासँग जोडेका छन्।चोट लागेको इतिहासबाहेक अरू केही बाँकी नरहेको कुरो गर्दै कविले देशसँगै सबै कुरो गुमेको र निखारिएको अवस्थालाई उक्त पङ्क्तिमा देखाएका छन्।यस कवितांशबाट देश विलयपछिको सङ्गतिहीन अवस्था र मुटु फुटाउने व्यथा अभिव्यक्त भएको पाइन्छ।

तत्कालीन सिक्किमको राजनीतिक अवस्थालाई बोध गराउन जीवन थिङले विभिन्न कथानक, प्रसङ्ग, प्रकृतिबाटै बिम्ब, प्रतीक, मिथकहरूको प्रयोग गरे का छन्।उनले *चिसो*

*कथा एउटा सपना जस्तै देशको* कवितामा बादर र पाउरोटीको कथालाई अभिव्यक्त गरेका छन्। आपस्तमा दुई दलको झगडामा अवसरवादीले खेलेको खेलमा आफू पनि परेको अनुभव गरेका पाइन्छ। यस कवितामा सन् १९७५ को राजनैतिक ऐतिहासिक घटना र त्यस युगलाई स्पष्टसँग बोध गराएको पाइन्छ। जीवन थिङले यस कवितामा त्यस समयका नेतृत्व पङ्क्तिको व्यवहार र अवस्थालाई यसरी देखाएका छन्।

*त्यो कथाको सम्झना आउँछ*
*त्यो पाउरोटीको याद आउँछ*
*जसलाई दुई चोर बिरालाहरू खान चाहन्छन्*
*तर आपसमा नमिलेर बाँदरलाई न्याय माग्न जाँदा*
*तराजुमा भाग लाउँदा लाउँदै*
*बराबर पार्न लुछ्दा लुछ्दै*
*बाँदरले जम्मै निल्छ।*

--- *चिसो कथा एउटा सपना जस्तै देशको , पृ.१७७*

राजनीतिज्ञको कर्तव्य नै देश बचाउनु र व्यवस्था सुधार गर्नु हो भन्ने मान्यता रहे पनि अदूरदर्शी नेतृत्वले देशलाई डुबाउने काम गरेको देखेर कवि मर्माहत बनेका छन्। उक्त कवितांशमा कविले कथाका माध्यमले सबै कुरो साधारण भाषमा स्पष्ट पारेका छन्। बिम्बात्मक प्रयोगसँगै कविले प्रस्तुत कवितांशमा तत्कालीन राजनीतिक अवस्थालाई सहजसँग बोध गराएका छन्। उक्त पङ्क्तिमा तत्कालीन नेतृत्व पङ्क्तिले देश चलाउन नसक्दाको अवस्थाले सिर्जना गरेको परिस्थितिको वर्णन छ। यस कवितामा सन् १९७५ मा सिक्किम देश राज्य बनेको कथा व्यङ्ग्यात्मक ढङ्गमा अघि आएको छ। त्यस समयमा प्रतिनिधिका रूपमा अग्रपङ्क्तिको जालझेल र स्वार्थलाई देखा उँदै *तराजुमा भाग लाउँदा लाउँदै, बराबर पार्न लुछ्दा लुछ्दै बाँदरले जम्मै निल्छ भन्ने* कथा प्रसङ्गको माध्यमले आपस्तको झगडालु प्रवृत्ति र कमी कमजोरीको फायदा अरूले सहजै उठाएको कुरो अभिव्यक्त भएको छ। यसै कविताको अर्का कवितांशमा कविले तत्कालीन अग्र पङ्क्तिका नेतृत्वगणको मौकावादी प्रवृत्ति र व्यवहारलाई यसरी दोखाएका छन्-

*कस्तो अचम्म यो घरको छानु चुहेर घर डुबिसक्यो*
*यसको जीर्णोद्धार गर्न होइन*
*घरलाई नै नौका बनाएर*
*यो दुःखपूर्ण झरीमा जलविहारको मौका उठाऊँ भन्छन्*
*--- चिसो कथा एउटा सपना जस्तै देशको ,पृ.१७८*

उक्त पङ्क्तिमा प्रयुक्त शब्द नौकालाई प्रतीकात्मक रूपमा स्वार्थको रूपमा बुझ्न सकिन्छ।सिक्किमको सङ्कटापन्न स्थितिमा र तत्कालीन राजनीतिक खजमजको समयमा मानिसहरूले कसरी फाइदा उठाए र देशलाई धोका दिए भन्ने कुरा उक्त पङ्क्तिमा कविले अभिव्यक्त गरेको पाइन्छ।प्रतीकात्मक शैलीमा त्यस समयको देशको अवस्थालाई कविले *चुहिएको छानो*सँग तुलना गरेका छन् जो सदैव बग्ने गर्छ तर यसको उद्धार भने गर्न सकिन्छ।यद्यपि यसको उद्दा र नगरेर परिस्थितिको पूर्ण फाइदा उठाउन खोजिएको कुरो उक्त पङ्क्तिबाट बुझ्न सकिन्छ ।कविले तत्कालीन अवस्थालाई देखाउँदै सङ्कटापन्नलाई सुदार गर्न होइन तर त्यसैलाई नै नौका बनाएर भरसक स्वार्थी बनी फाइदा उठाएको कुरालाई उक्त कवितांशले बोध गराएको छ। राजनीतिक जालझेल र स्वार्थी व्यवहारदेखि ह्रास बनेका कवि केही गर्न नसकेको अवस्थामा यसो भन्छन्-

*आज मेरो अघिको त्यत्रो ठूलो महासमुन्द्र*
*कता गएर विलीन भएछ*
*अनि म एउटा रूख भएर बसेको छु*
*ममा एउटा फूल पनि फुलेको छैन*
*---- उम्केका छन् चौरास्तामा, पृ.१४५*

सबै कुरो विलिन भए पछिको अचल अवस्थाको बोध प्रस्तुत पङ्क्तिबाट हुँदछ। यस कवितांशमा कविले *महासमुद्र कता गएर विलीन भएछ* भनेर तत्कालीन सिक्किम देश विलयको प्रसङ्गलाई इङ्गित गरेको बुझिन्छ।प्रस्तुत कवितांशले सोझै देश विलयको कुरालाई बोध गराएको छ।एउटा स्वाधीन देश आफ्नो स्वतन्त्र, परिचय, सम्प्रभुता, स्वायत्तता साथै आफ्ना सबै हक अधिकारदेखि पछि परेर खाली , खोक्रो बने को अवस्थालाई बोध गराएको पाइन्छ।जसको पुष्टि *रूख भएर बसेको, एउटा फूल पनि*

*फुलेको छैन* भन्नेबाट बुझ्न सकिन्छ। कविले यहाँ नफुल्ने रूख भनेर जीवित तर जड अनि केही गर्न नसक्ने लाचार अवस्था लाई बुझाएको पाइन्छ । त्यही लाचार अवस्था र चुत्थो राजनीतिक व्यवस्थालाई कविले *मान्छे* कवितामा यसरी अभिव्यक्त गरेका छन्-

*यसरी मलाई यस चुत्थो व्यवस्थाले*
*उफ् निर्लज्ज*
*घृणाको पात्र बनाउँछ अनजानमै मलाई।*
*--- मान्छे , पृ. ८९*

वास्तवमा जुन देशको राजनीतिक व्यवस्था सुगम हुन्छ त्यस दोशको समाज पनि सबल र विकसित हुन्छ। किनभने समाज राजनीतिक व्यवस्था अनुरूपको हुने गर्दछ। सबै कुरो राजनीतिक व्यवस्थासँग जोडिएको हुना ले व्यवस्था सही नभए सबै कुरो दिशाहीन, गतिहीन हुँदछ। उक्त कवितांशमा कविले यही कुरा देखाएका छन्। उनले चुत्थो व्यवस्था भनेर अस्थिर, स्वार्थी, भ्रष्टचारी राजनीतिक व्यवस्थातिर सङ्केत गरेका छन् र अव्यवस्थित राजनीतिक क्रियाकलापले सिर्जना गरेको अराजकता लाई औंल्याएका छन् । तत्कालीन सिक्किमको अस्थिर, अराजक र अव्यवस्थित कुराले सिर्जना गरेको परिस्थितिले कवि घृणित र निर्लज्ज बनेबाट तत्कालीन राजनीतिक अवस्था वि श्रृङ्ख लित रहेको बोध गर्न सकिन्छ।

थिङका कविताले सिक्किम विलयपछिको मात्रै नभएर विलय भन्दाअघि को सिक्किम देशमा भएको जनआन्दोलनको र अस्थिर राजनीतिक परिवेश , प्रसङ्गलाई पनि देखाएका छन्-

*मलाई कमिलाको ताँती जस्तै*
*सी.आर.पी यो सहरमा घुसेको देख्दा*
*यस्तो लाग्छ मेरो सहरको मृत्यु भैसकेको छ*
*--- मान्छे यसरी बाँच्दो रैछ, पृ.*

उक्त कविता देश विलय भन्दा अघि सन् १९७३ को जन आन्दोलनको प्रसङ्गलाई लिएर लेखिएको बुझिन्छ। कविले उक्त पङ्क्तिमा स्वतन्त्र भएर पनि अरूको आधिपत्यमा

रहन बाध्य अवस्थालाई देखाएका छन्। उनको यस कविताले यथार्थवादी धरातलबाट तत्कालीन समयमा फैलिएको त्रास र निराशालाई देखाएको छ। उक्त पङ्क्तिमा कमिलाको तातीसँग सि.आर.पीको प्रसङ्ग र सहरको मृत्युको प्रसङ्गले आन्दोलनको तातिएको स्थितिलाई बोध गर्न सकिन्छ। जहाँ निष्प्राण, निस्तेज, अचेत भएर अरूको आधिपत्यलाई स्वीकार्नु परेको अवस्थाको बोध हुँदछ। यहाँ खोक्रोपन, दबदबा, त्रासदी र हाहाकारको परिस्थिति अभिव्यक्त गरिएको पाइन्छ। उक्त कवितांशको माध्यमबाट सिक्किम देशको तत्कालीन राजनैतिक स्थिति र तत्कालीन समाजमा फैलिएको अशान्तिलाई बोध गर्न सकिन्छ।

**(ग) आर्थिकबोध**

अर्थ समाजको ठुलो आवश्यकता हो। कुनै पनि देश, राज्य, समाजको अवस्था र स्थितिको मापन आर्थिक अवस्था का आधारमा गरिने गरेको पाइन्छ। आर्थिक स्थितिले समाज, राजनीति, धर्म, संस्कृति सबैमा नै प्रभाव पार्ने गर्दछ। जीवन थिङका कवितामा सिक्किमको सामाजिक, राजनीतिक पक्ष सँगसँगै आर्थिक पक्ष पनि व्यापक रूपमा समावेश भएको छ। उनका कविताद्वारा हामीले सिक्किमको सत्तरीको दशकको तत्कालीन आर्थिक अवस्थालाई बोध गर्न सक्छौं। उनले भोक, शोक, गरिबी, दरिद्रता, अपुग, अभावमा बाँचेको सिक्किमलाई देखाएका छन् भने अर्का पक्षमा पुगिसरी आएका, होटल, रेस्टुँरा र ऐयासीमा जीवन बिताउने पक्षलाई पनि देखाएका छन्। जसद्वारा सिक्किमको तत्कालीन अभावग्रस्त समाज सँगसँगै आर्थिक अवस्था सबल भएको समाजको बोध हुँदछ। जीवन थिङको *भोली, हावै हावाको देश, सपनाको देश, सार* आदि जस्ता कविता मा तत्कालीन समाजको आर्थिकबोध पाइन्छ।

जीवन थिङको *भोली* कवितामा अभाव , अपुग, आवश्यकता, दरिद्रता मा बाँचेको तत्कालीन सिक्किम देश र त्यस समयको दयनीय आर्थिक अवस्थालाई कविले यसरी देखाइएका छन्-

*तिम्रो देश यो मरेको लूतो लागेको कुकुर हो*
*जो सधैं सधैं अभावमा बाँचेको छ*
*सधैं भोकको ज्वालामा टिक्न पनि नसक्ने तिमीहरूले*
*पेट कस्ने स्वभावमा आफैलाई ठगेका छन्*
*--- भोली , पृ.१७४*

दरिद्रता र गरिबीलाई मानव जीवनको श्राप मानिन्छ। यस्तै श्रापित अवस्थालाई कविले उनका कवितामा देखाएका छन्।कुनै पनि अपुग, अभाव जस्ता कुराबाट मुक्त हुनुलाई आर्थिक रूपमा सबलता हुनु पर्दछ। यहाँ *लूतो लागेको कुकुर*ले दरिद्रता, गरिबी, अपुग अनि रोगीलाई बुझाएको पाइन्छ।उक्त कवितांशमा कविले देश भनेर तत्कालीन सिक्किमलाई सम्बोधन गर्दै तत्कालीन सिक्किमको दरिद्रता, गरिबी र कमजोर आर्थिक अवस्थालाई देखाएका छन्।देशको आर्थिक अवस्था बलियो भए जनताको , देशवासीको अवस्था पनि सबल हुने गर्दछ तर यहाँ देश नै अभावमा बाँचेको हुनाले यहाँका नागरिकहरूले अभावग्रस्त जीवन पेट कसेर अनि भोकको ज्वालामा सल्केर दयनीय अवस्थामा गुजारा गर्नुपरेको वास्तविकतालाई दर्शाइएको पाइन्छ। यहाँबाट सहज रूपमा तत्कालीन सिक्किमको आर्थिक दुर्वलता र सङ्कटपूर्ण अवस्थाको बोध हुँदछ भने कवि उनको *हावै हावाको देश* कवितामा दरिद्रता र गरिबीसँगै कृत्रिम जीवन र स्वाँगमा बाँच्ने समाजलाई देखाउँदै यसो भन्छन्-

*ए रित्तो पेट भएकाहरू*
*तिम्रा कलेटी परेका ओठले*
*बासमती चामलले पेट भरेर*
*बजारमा विदेशबाट झिकाइएको बगडा नदेखेर*
*यो हो हाम्रो धानको देश*
*तपोवन हो, हाम्रो प्यारो सिक्किम.....*
*--- हावै हावाको देश, पृ.९१*

मानिसको पहिलो आवश्यकता खाना, नाना र छानालाई मानिन्छ।जीवन थिङका कवितामा यी तीन आवश्यक्ता पुरा नभएको स्थितिबोध हुँदछ।यस भनाइको पु ष्टि उनको

*हावै हावाको देश* कविताले गरेको छ। प्रस्तुत कवितांशमा कविले समाजको आडम्बरमा रमाउने सिक्किमेली समाजको कृत्रितालाई उदाङ्गो पारेर यथार्थको तस्वीर देखाएका छन्। व्यङ्ग्यात्मक शैलीमा लेखिएको उक्त कवितांशमा थिङले तत्कालीन सिक्किमको आर्थिक दयनीय अवस्थासँगै आवश्यकता, अपुगको स्थितिलाई देखाएका छन्। जसमा आर्थिक अवस्था दुर्वल सँगसँगै आडम्बरी जीवन शैलीमा रमाएको कुरो अभिव्यक्त भएको पाइन्छ। उनले समाज यथार्थमा भन्दा देखावटीमा धेर बाँच्ने गरेको कुरो उक्त पङ्क्तिमा अभिव्यक्त गरेको छन्। उक्त पङ्क्तिमा रित्तो पेट, कलेटी परेका ओठ लाई देखाउँदै पेट विदेशी बासमती चामलले भर्दै धानको देश, तपोवन, प्यारो सिक्किम भन्दै राष्ट्रिय गान गाएको सन्दर्भलाई लिएर तिखो व्यङ्ग्य गरेका छन्। सिक्किमेको अवस्था यथार्थदेखि परको रहेको कुरो बोध गराउँदै कविले व्यङ्ग्यात्मक शैलीमा आडम्बरीपनको भत्स र्ना गरेको बुझिन्छ। उपर्युक्त पङ्क्तिमा धानफल्ने शस्यश्यामल देशमा भरपेट भात भर्न नसकेका, बजारे बगडाका भरमा बाँच्दै आएका र ओँठमा मुस्कानको बदला कलेटी लिएर *यो हो हाम्रो धानको देश, तपोवन हो, हाम्रो प्यारो सिक्किम* भन्दै राष्ट्रिय गान गाउने सिक्किमेली युवाहरूप्रति तिखो व्यङ्ग्य कसेका छन्।

निराशा र अव्यवस्थित अवस्थामा व्यवस्थित हुनु चहानु र आशावादी हुने प्रयत्न गर्नु मानव गुण हो। थिङको *सपनाको देश* कविता मा यही भाव पाइन्छ। कवि यहाँ आशावादी बनेका छन्। उन्मुक्तिको सपना देख्दै गरिबी, भोक, शोकले ग्रसित सिक्किमको स्थितिलाई कविले यसरी देखाएका छन्-

*जहाँ कसैले हाँस्नलाई*
*रक्सीको सहारा लिनुपर्दैन*
*त्यो सपनाको देश*
*जहाँ पेट भर्नलाई*
*चिसो पानीको आसरा लिनुपर्दैन*
*जहाँ निन्द्रा बोलाउन चिसो भूइमा*

*बुद्ध जस्ता शुद्ध बालकहरूले पेट कस्नुपर्दैन*
*--- सपनाको देश, पृ.६५*

यस कविता को थालनीमा कविले *कस्तो होला ?* भनेर सुगठित, सुव्यवस्थित, सुरक्षित, समृद्ध, सभ्य र विकसित देशको कल्पना गरेका छन्। यहाँ कवि घोर निरासापछि पनि आशावादी बनेका छन्। एउटा मिठो सपना, आशा र अभिलाषा साचेको *सपनाको देश* कवितामा कवि तत्कालीन स्थितिबाट उठ्न खोजेको बुझिन्छ। प्रस्तुत कवितांशमा कविले सिक्किमेली देशवासीको कमजोर आर्थिक अवस्था र बाध्यतालाई देखाएका छन्। यथार्थमा तत्कालीन देशले जुन आर्थिक समस्या बेहोर्नु परेको थियो, उनले कल्पना गरेको देशमा कुनै कुराको पनि अपुग, अभाव र आवश्यकता भोग्न नपरोस् भन्ने एउटा अनन्त तिर्खा, सपना साचेको पाइन्छ। कविले कवितांशमा *हाँस्नलाई रक्सीको सहारा लिनु पर्दैं न* भन्ने भावले सोही कुरालाई पुष्टि गरेको पाइन्छ। उपर्युक्त पङ्क्तिमा पेट भर्नलाई चिसो पानीको सहारा लिनु नपर्ने अनि निन्द्रा बोलाउनलाई पेट कस्नु नपर्ने कुरो गर्दै देशले भोग्दै आएको भोकमारी, अनिद्रा, नाङ्गो शरीरि आदिबाट यथाशीघ्र कविले उन्मुक्तिको आशा गरेको देखिन्छ। यहाँ कविले जीवन धान्ने समस्यामा परेका देशवासीको दरिद्रता, गरिबी, रोग, शोक, भोक, विसङ्गतिलाई आर्थिक कमजोढीको माध्यमबाट प्रस्ट पारेको पाइन्छ।

कुनै पनि देशको अवस्था बुझ्नलाई सर्वप्रथम त्यस देशले भोगेको युगीन चेतना र स्थिति बुझ्नु पर्ने हुन्छ। त्यसपछि कुनै देशको आर्थिक स्थितिलाई बुझ्न सकिन्छ। किनभने देश सुव्यवस्थित बन्नलाई त्यस देशको आर्थिक अवस्थाले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ। थिङका कविताले सिक्किमको तत्कालीन आर्थिक अवस्थालाई बोध गराएका छ। उनका कवितामा तत्कालीन सिक्किमका मानिसको दुर्बल आर्थिक अवस्था र त्यस दुर्बलताले भित्र्याएको सङ्कट, उदासीनता, निराशा, दयनीयता, लाचारीपनलाई बोध गर्न सकिन्छ। तसर्थ आर्थिक व्यवस्थाद्वारा प्रभावित समाज र समाजको युगीन परिस्थितिको चित्रण जीवन थिङका कवितामा प्रभावकारी ढङ्गमा अभिव्यक्त भएको छ।

## (घ) धार्मिकबोध

'घृ' घातुबाट बनेको शब्द धर्मको अर्थ 'धारण गर्नु' हुँदछ। अतः धारण योग्य कुरो धर्म हो। युगबोधका विभिन्न बाह्य एवम् आन्तरिक पक्षहरूमध्ये धार्मिकबोध पनि एउटा बलियो आधार रहेको पाइन्छ। धर्मसँग समाज र समाजसँग साहित्य जोडिएको हुँदछ। देशको सर्वाङ्गीन विकासलाई बुझ्न आर्थिक विकाससँगै धार्मिक एवम् आध्यात्मिक चिन्तनको मूल्य पनि बुझ्नुपर्ने हुन्छ। किनभने देशको आर्थिक, धार्मिक आध्यात्मिक, संस्कार, सांस्कृतिक आदि परिवेशबाट त्यस देशको सभ्यता के कस्तो छ भन्ने ज्ञान प्राप्त गर्न सकिन्छ। तसर्थ कुनै ठाउँको युगीन परिवेशबोधका निम्ति धार्मिकबोध आवश्यक रहेको पाइन्छ। जीवन थिङका कवितामा धार्मिकबोध व्यपक रूपमा अभिव्यक्त भएको छ। उनका कवितामा बौद्ध, ईसाई र हिन्दु धर्मका विविध प्रसङ्गहरूको अभिव्यक्ति भएको पाइन्छ। जीवन थिङले उनका कवितामा सिक्किमको तत्कालीन अवस्था र स्थितिको बोध गराउन विभिन्न धर्मका प्रसङ्ग, बिम्ब, मिथक र प्रतीक हरूलाई कवितामा समावेश गरेका छन्। थिङका कवितामा धार्मिक प्रसङ्ग सँगसँगै आध्यात्मिक चेतना पनि उत्तिकै उजागर रहेकाले उनका कविताहरू मानवतावादी चेतनाले पूर्ण रहेको पाइन्छ। थिङले आफ्ना कवितामा धार्मिक प्रसङ्गहरूलाई अघि सार्दै एउटा आशावादी देश निर्माण गर्न चाहेको बुझिन्छ। उन ले हिन्दु, ईसाई, बौद्ध धर्मका प्रसङ्ग, दर्शन र मिथहरूको प्रयोग गरे तापनि उनी यी सबै समस्याहरूबाट माथि उठेर मानवतावादी बनेका छन्। उदाहरणार्थ थिङको *मान्छे* कवितालाई लिन सकिन्छ। धार्मिक नियम र आस्थाका नाममा आडम्वर गरेर समाजलाई दिगभ्रमित गर्ने धर्मका आडम्बरी ठेकेदारहरूलाई तीव्र व्यङ्ग्य गर्दै *हावै हावाको देश* कवितामा कवि यसरी रन्थनिएका छन्-

*ए निःशुल्क स्वर्ग लान नसक्ने लामाहरू*
*म मेरो जीवनको जम्मै जम्मै कमाइ*
*तिमीलाई चढाइदिन्छु*
*कि मलाई एकपल्ट स्वर्ग पुर्याएर फेरी धरतीमा नै ल्याइदेओ*

*यसमा हामी दुवैलाई नाफा छ*
*--- हावै हावाको देश, पृ.९२*

धर्म वास्तवमा आत्मिक आनन्द र सही दिशा निर्देशनको मार्ग हो। तर वर्तमान समयमा धर्म यसको ठिक उल्टो बन्न पुगेको छ। देश पुरानो परिपाटीको परम्परा, मान्यता, रूढीवाद, अन्धविश्वासको दलदलमा नउत्रने गरी फसेको अनुभव गरेका कविले आफ्नो युगको दुगर्तिलाई नजिकैबाट बोध गरेका छन्। उक्त कवितांशमा कविले बौद्ध धर्मावलाम्बी लामाहरूको प्रसङ्गलाई अघि सार्दै धार्मिक आडम्बरप्रति तिखो विरोध, विद्रोह र व्यङ्ग्य प्रहार गरेका छन् । धर्मको नाममा हुने लुटमारीलाई कविले *ए निःशुल्क स्वर्ग लान नसक्ने लामाहरू* भनेर समाजलाई दिगभ्रमित गर्ने धर्मका ठेकेदारहरूप्रति ठाडो विरोध गरेका छन्। जो आजको समय र प्रसङ्गसँग खाप खाँदछ। यसरी *स्वर्ग पुर्‍याएर धरतीमा नै फर्काएर ल्याउने अनि त्यसका निम्ति जीवनका सबै कमाइ दिने प्रसङ्गबाट* दिशाहीन भएर आडम्बरमा बाँचेको समाजलाई धार्मिक आडम्बरसँग सज ग गराउँदै झकझकाउने प्रयत्न गरेको बुझिन्छ। थिङको यस पङ्क्तिले तत्कालीन सिक्किमको खोक्रो धार्मिक आस्था, आध्यात्मिक अचेतावस्था र विश्वासलाई बोध गराएको पाइन्छ।

धर्मलाई अनुशासनका रूपमा पनि हेरिन्छ। वास्तवमा धर्मले समाजलाई अनुशासित पार्दै नियन्त्रण गर्ने काम गर्द छ। त्यसैले धर्मलाई मार्ग अनि ईश्वर र धार्मिक दर्शनलाई मार्गदर्शक मान्न सकिन्छ। जीवन थिङका कविताहरूको अ ध्ययन गर्दा थिङ मानवतालाई धर्म मान्ने मानवतावादी कवि रहेका पाइन्छन् । उदाहरणका रूपमा उनको *मान्छे* कवितालाई हेर्न सकिन्छ। यस कवितामा मानवताको उच्च स्वरसँगै धर्मभन्दा माथि उठेर निरन्तर कर्मशील बन्ने सन्देश दिंदै कविले मानव मूल्यहीनतालाई सुरक्षित राख्न सचेत गराइएको पाइन्छ। उदाहर्णाथ-

*न मेरो कुनै जात छ*
*न मेरो कुनै देश छ*
*न मेरो कुनै घरबार*

*न मेरो कुनै  आनन्द महल*
*बस्, मसित परिश्रम छ परिश्रम*
*र मेरो निम्ति यही नै मनरगे छ।*
*--- मान्छे , पृ.८९*

प्रस्तुत कवितांशमा मानवतावादी स्वर सँगसँगै अस्तित्ववादी, प्रगतिवादी चेतना पनि मुखरित भएको पाइन्छ। कवितांशमा कविको आफ्नो कुनै जात, देश, घर बार, आनन्द महल नभएको प्रसङ्गबाट मानवता र विश्ववन्धुत्वको भा  वबोध हुँदछ। मानिसको सर्वश्रेष्ठ सम्पत्ति भन्नु नै परिश्रम रहेको र यही नै मानवीय धर्मका लागि प्रशस्त रहेको बताइएबाट अस्तित्ववादी एवम् प्रगतिवादी चेतना मुखरित भएको पा इन्छ। प्रस्तुत *मान्छे* कविताको आन्तरिक भावले मान्छेको चिनारी परिश्रम हुनु पर्ने कुरामा जोड दिएको छ। कविले समाजमा हुने आडम्बरी संस्कृति, कृत्रिम अभिनय, जालझेल आदिबाट माथि उठेर स्वस्थ्य समाज र समृद्ध राज्य निर्माण गरिनु पर्ने तत्कालीन युगको सबैभन्दा ठुलो आवश्यकता बोध गरेका छन्। कविको यस कवितामा वैचारिक क्रान्तिद्वारासँगै मानवतावादी सोचको विकास गरिनु पर्ने आवश्यकताबोध गर्दै परस्परमा रहेको असमानता, कपटपूर्ण व्यवहारको पर्खाल तोडेर मैत्री, साम्प्रदायिक सद्भावना, संस्कारित जीवन शैलीसँगै सुसंस्कृत समाज निर्माण गरिनु पर्ने ठुलो खाँचो रहेको बोध गरेका छन्।

उनको *बल्लभ दाई! तपाईभन्दा म धेरै अभागी छु* कवितामा ईसाई धर्मको प्रसङ्गलाई कविले यसरी देखाएका छन्-

*कल्वेरको डाँडा जस्तै देशमा*
*मैले रगत पोखाउन पाइनँ*
*तरै पनि जिन्दगी सिसिपस भैदिएको छ*
*त्यति हो, म क्रुसिफाइ हुन सकिन*
*--- बल्लभ दाई तपाईभन्दा म धेरै अभागी छु, पृ.१९९*

उक्त कवितांशमा खीष्टेली धार्मिक मिथकको प्रयोग    गरिएको पाइन्छ । जहाँ जिजसलाई क्रुसिपाइड गरिएको  थियो। यही प्रसङ्गलाई उक्त पङ्क्तिमा कविले कल्वेरी

डाँडासँग तत्कालीन सिक्किमलाई तुलना गर्दै, स्वतन्त्रता, स्वायत्त ता, पहिचान, अस्तित्व सबै क्रुसिफाइड भएर पनि आफूले सिक्किम देश र यहाँका नागरिकका लागि केही गर्न नसकेको र सिसिपसझैं बार म्बार असफल भएको कुरो व्यक्त गरेको बुझिन्छ। यस कवितांशमा कविले खीष्टेली धार्मिक प्रसङ्ग द्वारा जिजसले झैं आफूले सिक्किम र सिक्किमेको निम्ति रगत बगाउन अर्थात् केही गरेन नसकेको तिक्ततालाई अभिव्यक्त गरेको पाइन्छ। जुन कुरो कवितांशमा अभिव्यक्त *क्रुसिफाइ हुन सकिन* भन्ने प्रसङ्गबाट बोध हुँदछ।

जीवन थिङले हिन्दु धर्मका विभिन्न मिथक, प्रसङ्ग र दर्शनहरूलाई पनि आफ्ना कवितामा अभिव्यक्त गरेका छन् । उनको *एक अञ्जुली पानीको तिर्खा लाग्यो मलाई, विषादका क्षणहरूमा विघटन भएका उन्मुक्तिका आभासहरू, रक्स्याहा आँखाका गीतहरू* आदि कवितमा हिन्दु धर्मका विभिन्न मिथक र मिथकीय चरित्रलाई अभिव्यक्त गरेका छन्। त्यसका केही उदाहरण यहाँ उद्धृत छन्-

> *मैले बुइ चढ्नुपर्ने घोडाहरू उम्काइपठाएको छु*
> *अश्वमेध यज्ञका निम्ति छाडिएका*
> *चक्रवर्ती राजाहरूको पछ्यो होइन*
> *धेरै धेरै दुर्बल घोडाहरू उम्काइपठाएको छु*
> *--- एक अञ्जुली पानीको तिर्खा लाग्यो मलाई, पृ. २१६*

यस कवितांशमा अश्वमेध यज्ञको प्रसङ्गलाई प्रतीकात्मक रूपमा दासत्वसँग तुलना गरेको बुझिन्छ । *बुइ चढ्नुपर्ने घोडाहरूको लगाम खुकुलो भएकाले उम्काइपठाए*को प्रसङ्गले देश विलय भएको र अन्यको शरण लिनुपर्ने अवस्थादेखि देशलाई बचाउँन नसकेको खेद अभिव्यक्त भएको पाइन्छ। यहाँ कविले *चक्रवर्ती राजाहरूको पछ्यो* र *दुर्बल घोडाहरू उम्काइपठाएको* प्रसङ्ग बाट आफ्नै दुर्बलता का कारण देश र देशवासीले सहजै आफ्नो अस्तित्व लिलाम गर्नुपरेको विवशता लाई औंल्याएका छन् जसको माध्यमबाट कविले विलयको प्रसङ्गलाई बुझाउँन खोजेको पाइन्छ।

*विपनासित डर लाग्छ...*
*तर म मौन रहन पनि सक्दिनँ*
*लाखौं आँखाहरूले मलाई*
*सधैं सोध्ने गर्छन्*
*दिन रात यहाँ के के षड्यन्त्रहरू बन्दैछन्*
*चक्रव्यूहरू भित्र अभिमन्युको सहास खोज्दैछन्*
*--- विषादका क्षणहरूमा विघटन भएका उन्मुक्तिका आभाषहरू, पृ. १८८*

प्रस्तुत कवितांशमा महाभारतको प्रसङ्ग पाइन्छ । कविले *चक्रव्यूहरूभित्र अभिमन्यु*को प्रसङ्गलाई प्रतीकात्मक रूपमा तत्कालीन सिक्किमको राजनीतिक अवस्था र षड्यन्त्रलाई बोध गरा उन खोजेका छन्। अभिमन्युले झैं चक्रव्यूभित्र पस्न जानेको तर त्यस जाल तोडेर बाहिर निस्कन नजानेको अवस्था सोझा सिक्किमे नागरिकको भएको कुरो कवितांशबाट बुझिन्छ। कविले षड्यन्त्र र चक्रव्यूभित्र पसेको कुरो गर्दै यहाँबाट मुक्तिको चहाना गरेको देखिन्छ। यसरी नै कविले उनका अन्य कविता जस्तै *रक्स्याहा आँखाका गीतहरूमा* पनि हिन्दु धर्मका प्रसङ्गहरूको प्रयोग व्यापक रूपमा गरेका छन्।

जीवन थिङका कवितामा अन्य धार्मिक प्रसङ्गहरू जति छन् त्यतिनै बौद्ध दर्शन, बौद्ध धर्मका प्रसङ्ग हरू पनि अभिव्यक्त भएका छन्। उनले मिथक, बिम्ब र प्रतीकका रूपमा धार्मिक प्रसङ्गहरूलाई अघि सारेको पाइन्छ। उनको *सडक...?, सपनाको देश* आदि कवितामा बौद्ध धर्मका प्रसङ्गहरूको प्रयोग पाइन्छ। उदाहरणर्थ-

*जहाँ निन्द्रा बोलाउनलाई चिसो भूईमा*
*बुद्ध जस्ता शुद्ध बालकले पेट कस्नुपर्दैन*
*--- सपनाको देश, पृ. ६४*

थिङको *सपनाको देश* कवितामा उनले बुद्धसँग अबोध बालकहरूको तुलना गर्दै निश्छल, वालसुलभ व्यवहारलाई प्रतीकात्मक रूपमा अभिव्यक्त गरेका छन् । प्रस्तुत कवितांशले गरिबीलाई बोध गराए पनि यहाँ बालक र बुद्धको तुलनाले छल, छद्म, कपट, षड्यन्त्र, धूर्त व्यवहारदेखि परको र मुक्त शान्त, सौम्य, सुन्दर अनि निश्च छल

व्यवहारलाई बोध गराएको पाइन्छ भने निम्न लिखित कवितांशमा बौद्ध धर्मको प्रसङ्गलाई प्रोग गरदै कवि यसरी क्रोधित बनेका छन्-

*ममाथि कुहुन लागेको युगले*
*रगत बान्ता गरेर*
*सकी नसकी चार हात खुट्टा टेकेर*
*हिड्ने प्रयास पनि गरेको छ*
*त्यस बेला मलाई लाग्छ*
*उठेर बुद्धका आँखाहरू फोरिदिऊँ*
*--- सडक....? पृ. २०७*

उपर्युक्त कवितांशमा प्रयोग गरिएको आँखा शब्दले दृष्टि, बौद्धिकता, सत्य, शान्ति, अहिंसा, दया, धर्म जस्ता अर्थ दिने गरेको पाइन्छ। यहाँ कविले *कुहिन लागेको युगले रगत बान्ता गरेको* प्रसङ्गलाई युगको मृत्यु हुनै लागेको कुराको सङ्केत गरेको बुझिन्छ। कविले यसै मृत्युसँग जुझ्दै गरेको तत्कालीन युगको तङ्ग्रिने प्रया सलाई देखेर हराइसकेको दृष्टि, हिंसा, दया, धर्मको खोजीमा बुद्धका आँखाहरू फोरी दिने विद्रोही भाव व्यक्त गरेको पाइन्छ।

**(ङ) आञ्चलिकबोध**

थिङका कविताहरूको मूल मुहान नै सिक्किम भूमि , सिक्किमको आञ्चलिकता एवम् राजनीतिक पृष्ठभूमि भएकाले उनका कवितामा आञ्चलिकबोध क बिम्बहरूको व्यापक रूपमा प्रयोग गरिएको पाइन्छ। साहित्यकारहरूले आफ्ना सिर्जनामा आफू बाँचेको अञ्चल र सौन्दर्यलाई कुनै न कुनै रूपमा अभिव्यक्ति गरेका हुन्छन्। आञ्चलिक शब्दले कुनै क्षेत्र वा भेगका विशेषता वा त्यस विशेष स्थानलाई चिनाउने काम गर्द छ। कुनै पनि साहित्यमा त्यस भेगको वा क्षेत्रको आञ्चलिक पक्ष समावेश भएको पाइन्छ। तसर्थ जीवन थिङका कवितामा सिक्किमको आञ्चलिक पक्ष व्यापक एवम् प्रबल रूपमा समावेश भएको भेटिन्छ। आञ्चलिकबोधक बिम्बले कुनै विशेष काल, व्यक्ति वा घटनासँग सम्बन्धित अञ्चल, क्षेत्र वा स्थान विशेषलाई अभिव्यक्त गर्ने गरेको पाइन्छ। जीवन थिङको *काँचो पहाड र यहाँका*

*बैंसहरूलाई, हावै हावाको देश, टिस्टाको पानी बगिरहेछ, म बेतलहम शहरको हिप्पोपोटामस, क्रम उपक्रम, चिसो कथा एउटा सपना जस्तै देशको* आदि कविताहरूमा आञ्चलिकबोध पाइन्छ। उनका प्रायः सबैजसो कविताहरू नितान्त सिक्किम भित्र र यहाँका ठाउँहरूमा नै घुमेका हुनाले आञ्चलिकबोध उनका कवितामा व्यापक रूपमा मुखरित भएका छन्। उदाहरणार्थ-

*टिस्टा र रङ्गीतका पानी जस्तै*
*पवित्र मेरो देशमा*
*हावै हावा मात्र बहेको देख्छु......*
*--- हावै हावाको देश, पृ. ९१*

कुनै ठाउँको परिचय त्यस ठाउँका विभिन्न कुरासँग जोडिएको हुन्छ। त्यस्तै थिङका कविता सिक्किमसँग र सिक्किमका विभिन्न स्थानहरूसँग जोडिएका छन्। टिस्टा रङ्गीत सिक्किमका दुई प्रख्यात खोलाहरू हुन्। टिस्टा रङ्गीत भन्ने बित्तिकै एकै झलकमा सिक्किम र सिक्किमको बिम्ब आँखामा आउँछ। टिस्टा रङ्गीतको देश भन्नाले प्रतीकात्मक रूपमा सिक्किम बुझिन्छ। तसर्थ उक्त कवितांशमा कविले *टिस्टा र रङ्गितको पानी जस्तै पवित्र मेरो देश* भनेबाट हामीले सोझो रूपमा सिक्किमलाई बुझ्न सक्छौं। कविले सिक्किमलाई पवित्र देश मान्दा मान्दै पनि हावै हावामात्रै बहेको देख्छु भनेबाट हावाको प्रतीकात्मक अर्थ खाली, शून्य र बतासे अवस्था को बोध हुँदछ। आफ्ना कवितामा थिङ सिक्किम र यहाँका ठाउँहरूसँग यसरी जोडिएका देखिन्छन्-

*ए मेरा युवा साथी! थुप्रै थुप्रै मानवको रगतमा*
*भक्ल्तै हो-चि मिन्हहरू हताहत हुँदा*
*के तिम्रो अस्तित्वलाई चुनौती थिएन र*
*पेमायोञ्ची र टाँसीटिङ्गको पवित्रतामा शङ्का गरिएको थिएन ?*
*--- काँचो पहाड र यहाँका बैंसहरूलाई, पृ.९५*

जीवन थिङको अर्को कविता *काँचो पहाड र यहाँका बैंसहरूलाई* कवितामा आञ्चलिकबोध भाव अभिव्यक्त भएको छ। कविले उक्त पङ्क्तिमा सिक्किमका प्रख्यात बौद्ध

धरोहर पेमायोञ्ची र टाँसीडिङको प्रसङ्गलाई अभिव्यक्त गरेका छन्। यी दुई गुम्पाहरू बौद्ध धर्मवालम्बीका निम्ति महत्त्वपूर्ण धार्मिक स्थलहरू हुन्। विश्व स्तरमा नै यी धार्मिक स्थलहरूको महत्तव र मान्यता रहेको पाइन्छ। यी प्रख्यात गुम्पाहरू पश्चिम सिक्किममा अवस्थित रहेको पाइन्छ। कविले उपर्युक्त कवितांशमा युवा साथी भनेर युवा जमातलाई सम्बोधन गरेको पाइन्छ भने हो-चि मेन्हलाई यहाँ क्रान्तिको प्रतीक मानिएको पाइन्छ। हो-चि मिन्ह भेयतनामका पूर्व प्रधानमन्त्री, जसले भेयतनाममा क्रान्ति गरेको इतिहास छ।

*हो कञ्चनजङ्घा*
*तिमीले रूनु हुँदैन*
*नत्र टिस्टाले सुक्नुपर्छ*
--- *टिस्टाको पानी बगिरहेछ, पृ. १०२*

आञ्चलिकबोधले विभिन्न अञ्चलका विशेषता र प्रसङ्गहरूलाई प्रतिविम्वित गरेको पाइन्छ। थिङको उक्त कवितामा सिक्किमका विभिन्न ठाउँ र धार्मिक धरोहर साथै खोला-नालाहरूको तस्वीर प्रतिविम्वित भएको पाइन्छ। कविताको शीर्षक *टिस्टाको पानी बगिरहेछ*बाट नै हामीले अञ्चलबोधक भाव पाउछौं। विश्वको तेस्रो उच्च हिमशिखर कञ्चनजङ्घा सिक्किममा अवस्थित छ जसलाई विश्वमा सिक्किमलाई चिनाउने आधारहरू मध्येको एउटा आधार मान्न सकिन्छ। तसर्थ उक्त पङ्क्तिमा कविले प्रयोग गरेका कञ्चनजङ्घा, टिस्टाले सिक्किमलाई बोध गराएको छ। यहाँ कविले *कञ्चनजङ्घा तिमीले रुनुँ हुँदैन नत्र टिस्टाले सुक्नु पर्छ* भन्नेबाट कञ्चनजङ्घाको अस्तित्व हुनजेल टिस्टाको अस्तित्व रहिरहनेछ भन्ने आशयमा तत्कालीन सिक्किमेलाई प्रतीकात्मक रूपमा अटल र दृढताको संदेश दिएको बुझिन्छ।

जीवन थिङका अन्य विभिन्न कवितामा सिक्किमका विभिन्न अञ्चल र अञ्चल विशेष कुराहरूको प्रयोग भएको पाइन्छ। उनका कविताहरूमा कञ्चनजङ्घा, टिस्टा रङ्गीत, सुनाखरी, धुप्पीका रूख, देउराली, छेर्तेन, लुङ्धर, चाँप गुराँस, तीतेपाति आदिको कुरा गरेको पाइन्छ।

**(च) सांस्कृतिकबोध**

समाज र संस्कृतिलाई एका -अर्काका पुरक मानिन्छ। तसर्थ समाज को अस्तित्व भनेकै सांस्कृति मूल्य हो भन्न सकिन्छ। साहित्यले समाज, राजनीति, धर्म सँगसँगै संस्कृतिलाई पनि समेट्ने गर्दछ। जीवन थिङका कवितामा हामीले सिक्किमेली समाज र तत्कालीन समयको सांस्कृतिक मूल्यबोध अभिव्यक्त भएको पाइन्छ। संस्कृति भन्नाले देश वा जातिको कला, साहित्य, सङ्गीत, आचार व्यवहार तथा बौद्धिकता र त्यसलाई मौलिक पहिचान दिन सक्ने विशेषता, संस्कार, परम्पराआदिलाई मान्ने गरिन्छ। साधारणतः संस्कृति भन्नाले पुस्तौनी रूपमा प्राप्त हुँदै आएका आफ्ना वेषभूषा, रहनसहन, खानपान, चाडपर्व आफ्नै जातिगत परम्परा आदिलाई मानिने गरिन्छ । कुनै युग वा त्यस युगमा घटित घटनासँग संस्कृतिका विभिन्न पक्ष समावेश भएका कारणले संस्कृतिको माध्यमले पनि युगबोध हुँदछ। जीवन थिङको *सडक, बन्द कोठाको प्रश्वास तर्सिँदै गरेको युग, भोली, तिम्रा आमाहरूका नाममा, एउटा मिठो घाम लाग्नुपर्छ, रक्स्याहा आँखाका गीतहरू मौन सडकका पाइलाहरूलाई* आदि जस्ता कवितामा सांस्कृतिबोधक बिम्बहरू अभिव्यक्त भएको पाइन्छ।

उनले आफ्ना सडक कवितामा सांस्कृतिक पक्षलाई यसरी अभिव्यक्त गरेका छन्-

*अनि हाम्रा यी भैलेनी र देउसिरे*
*खेल्नेहरूले आशिष बाँडने आँगनमा*
*हाम्रा भाग्यहरू हरण हुन्छन्*
*स्वअस्तित्वका सपनाहरू ओइली जाँदा*
*जीवनका गीतहरूमा मरण हुन्छ।*
*--- सडक पृ. १७२*

संस्कृति मानव जीवनको महत्त्वपूर्ण पाटो हो। कुनै पनि समाज वा अञ्चलको युगबोधमा संस्कृतिको व्यापक भूमिका हुने गर्दछ। उक्त कवितांशमा नेपालीहरूको प्रमुख चाड र यसको विशेषताको झलक छ। यहाँ कविसले भैलेनी र देउसिरेको प्रसङ्गलाई अघि सार्दै *आशिष बाँडने आँगन* भनेर हाम्रो संस्कृति अनि यसको मान्यतालाई देखाएको

पाइन्छ। भैलेनी र देउसिरेको प्रसङ्गबाट यहाँ नेपालीहरूको चाडपर्व र संस्कार संस्कृतिको बोध हुँदछ। यस कवितांशमा प्रतीकात्मक रूपमा सिक्किमलाई देखाएका छन्। कविले भाग्य हरण भनेर भविष्य सङ्कट र चिनारी सङ्क टप्रति चिन्ता व्यक्त गरेको पाइन्छ । तसर्थ उक्त कवितांशमा नेपालीहरूको पहिचान मानिने भैलिने र देउसुरे पर्वगीतलाई कविले समेट्दै संस्कृतिबोध गराएको बुझिन्छ। तथापि नेपालीका महान् चाँड पर्वको रौनक सकिएको जस्तो शून्यताबोध गरेका कुराहरू निम्नलिखित कवितामा प्रतिविम्बित गराएका छन्-

*आऊ, हामी कल्पना गरौं*
*सयपत्रीविना हाम्रा तिहारहरू कति रित्ता छन्*
*सिन्दुरविनाको सिउँदो जस्तो*
--- *रक्स्याहा आँखाका गीतहरू मौन सडकका पाइलाहरूलाई, पृ. १५६*

दुर्गाप्रसाद तिवारीले संस्कृति भन्नाले मानिसको जीवनचर्यामा आउने उत्सव, विवाह, खानपान, वेशभूषा, मनोरञ्जन साथै कला सम्बन्धित मान्यतालाई मानेका छन्। कुनै विशेष युगको संस्कृतिको वास्तविक संरक्षण कला सँगसँगै साहित्यले पनि गर्ने गर्दछ। त्यसो हुँदा साहित्यले संस्कतिको संरचनाको वर्णन मात्रै नगरेर संरक्षण पनि गर्ने गरेको पाइन्छ। थिङको उपर्युक्त कवितामा कविले संस्कृतिका यही विशेषतालाई बोध गराएका छन्। उनले सयपत्री फूल बिना तिहारलाई सिन्दुर बिनाको सिउँदोसँग तुलना गरेर संस्कृतिको विशेषतालाई बोध गराएको पाइ ए तापनि तत्कालीन सिक्किमको सांस्कृतिक मूल्यमा आएको ह्राशलाई पनि देखाएको पाइन्छ भने यस्तै भाव थिङको अर्को कविता *तिम्रा आमाहरूको नाममा* पनि यसरी अभिव्यक्त भएको छ-

*आफ्नै भाइ बहिनीको पवित्र पवित्र रगत*
*खुकुरीका धारबाट लालुपाते फूलमा राखेर*
*अबीर पठाइरहेछौं तिम्रो देशका प्रतेक शहीदको नाममा*
*मेरो हिमाली बतासको सुस्केराहरू पठाइरहेछु*
--- *तिम्रा आमाहरूका नाममा, पृ. ११६*

जीवन थिङको *तिम्रा आमाहरूका नाममा* कविताले सांस्कृतिक मूल्यबोध गराएको पाइन्छ। उक्त कवितांशमा प्रयुक्त खुकुरी गोर्खालीहरूको पहिचान वा चिनारी हो। नेपालीलाई विश्वमा चिनाउने र वीर, आँटी भनेर बोध गराउने माध्यमहरू मध्येको खुकुरीलाई एउटा प्रमुख माध्यम मान्न सकिन्छ। जसले हाम्रो संस्कृतिलाई बोध गराउने गर्दछ। उक्त कवितांशमा कविले खुकुरीको धार, लालुपाते फूल, अबीर आदि को कुरा गरेबाट नेपालीहरूको संस्कृतिबोध भएको पाइन्छ।

अनीता शर्माले संस्कृतिमा देशको धर्म, रीति रिवाज, परम्परा, सभ्यता, सामाजिक सङ्गठन आध्यात्मिक तथा मानसिक तत्त्वसँगै मानिसको व्यवहार पनि समावेश भएको हुन्छ भन्ने कुरा गरेकी छन् । सोही भाव थिङको *एउटा मीठो घाम लाग्नुपर्छ* नामक कवितामा अभिव्यक्त भएको पाइन्छ। कविले व्यावहारिक संस्कार, संस्कृतिलाई यसरी देखाएका छन्-

*हाम्रो छाती एरोड्रम जस्तै*
*उदाङ्गो छन्*
*कि यहाँ जतिकै टाडा टाडाबाट*
*अतिथि आए पनि*
*एरोड्रोमले सधैं स्वागत गर्छ*

*--- एउटा मीठो घाम लाग्नुपर्छ, पृ. १२१*

मानिसको संस्कृति संस्कारद्वारा पनि निर्माण भएको हुँदछ। नम्र, मिलनसार संस्कार भए मैत्रीपूर्ण संस्कृति हुँदछ। यस्तै भाव उक्त कवितांशमा कविले देखाएका छन् जहाँ सिक्किमेको मिलनसार, मैत्रीपूर्ण संस्कार अभिव्यक्त भएको पाइन्छ। व्यावहारिक रूपमा सबैसँग सम्मान व्यवहार गर्ने र अतिथि सत्कारको परम्परालाई कविले उक्त पङ्क्तिद्वारा देखाएका छन्। उपर्युक्त पङ्क्तिमा अतिथि देवो भवःको अभिव्यक्त भएको पाइन्छ। जसले व्यावहारिक संस्कार र संस्कृतिलाई अभिव्यक्त गरेको छ। कविले सिक्किमेको मिलनसार संस्कार, संस्कृति र मैत्रीपूर्ण व्यवहारलाई एरोड्रमसँग तुलना गर्दै उदाङ्गो पन, छल कपट

नजान्ने सोझो व्यवहार रहेको अनि अतिथि सत्कार गर्ने संस्कृतिलाई देखाउँदै सिक्किमको समृद्ध, सम्पन्न र सुसंस्कार संस्कृतिलाई बोध गराएका छन्।

## ४.६ जीवन थिङका कवितामा आन्तरिकबोध

युगबोधको बाह्य र आन्तरिक गरेर दुई जगत् रहेका छन्। अन्तर जगत् अन्तर्गत युगबोधको आन्तरिक संसार वा आन्तरिक पक्ष रहेको छ। जीवन थिङका कवितामा युगबोधको बाह्य जगत् सँगसँगै आन्तरिक जगत् पनि व्यापक रूपमा अभिव्यक्त भए को पाइन्छ। थिङका कवितामा युगबोधको आन्तरिकबोधका विभिन्न पक्षहरू जस्तै आधुनिकताबोध, अस्तित्वबोध, विसङ्गतिबोध, आक्रोशबोध र मृत्युबोध अभिव्यक्त भएका छन्। तसर्थ उनका कवितामा अभिव्यक्त भएका युगबोधका आन्तरिक पक्षहरूको अध्ययन, विश्लेषण र मूल्याङ्कन निम्न प्रकार गरिएको छ।[128]

### (क) आधुनिकताबोध

जीवन थिङ आधुनिक कालका आधुनिकता, नवीनता, नयाँ सोच समझदारी राख्ने वैचारिक क्रान्ति जानेका बुझेका युवा कवि थिए। उनका कवितामा आधुनिक विचारधारा पाइन्छ। आधुनिक भन्नाले अहिलेको, वर्तमानको, अद्यतन, भरखर चल्तीमा आएको, नौलो, नयाँ भन्ने अर्थ बुझिन्छ।[129] थिङका कवितामा तत्कालीन परिवेश, समय सापेक्ष स्थिति र अवस्थाको अभिव्यक्ति पाइन्छ जसले तत्कालीन सिक्किम र स्थितिको पारिस्थितिकबोध गराएको छ। उनका कवितामा भुमण्डलीकरण, विश्वग्रामीकरण, साम्राज्यवाद आदिको प्रभाव पाइन्छ। आधुनिकता समय सापेक्ष हुँदछ। उनका कविता तत्कालीन समय सापेक्ष र कतिपय सन्दर्भमा आजको समयसँग पनि मेल खाने किसिमका रहेका छन्। आधुनिकताले समसामयिक वा वर्तमान समयमा घटित घटना, काल वा व्यक्तिको अवस्था स्थितिको बोध गराउँछ। थिङका *कथा मात्र होइन है, बिहान, व्यर्थै जन्मेछु जस्तो लाग्छ, एउटा*

---

[128]मंजुलता सिंह,ऐजन, पृ.१८

[129]हेमाङ्ग राज अधिकारी र बद्री विशाल भट्टराई, ऐजन, पृ.११८

*मिठो घाम लाग्नुपर्छ, मसित जिन्दगी दश हात टाढा छ*          आदि जस्ता कवितामा आधुनिकताबोध अनुभूत गर्न सकिन्छ।

*प्रत्येक साँझ नाइट क्लबको घुम्ने टेबल भएर यो जिन्दगी बाँच्ने गर्छ*
*र खाली गिलास चोखिन साबुन पानीमा पसे जस्तै*
*प्रत्येक रात यो जिन्दगी वेश्यालयको ढेकाभित्र पसेर नाच्ने गर्छ*
*यो आगो निभेर कोइला बनेको जिन्दगी*
*बस अँगेठीमा फेरि ताजा रापिलो आगो पर्खेर बसेको छ*
*--- कथा मात्र होइन है, पृ. १०८*

समयसँगै समाजमा परिवर्तन आउँछ। परिवर्तनले आधुनिकतालाई भित्र्याउने काम गर्दछ। समाजमा आएको परिवर्तनले कुनै विशेष युग र तत्कालीन युगको आधुनिक अवस्था बुझ्न सहयोग गर्दछ। थिङका कविता समय सापेक्ष रहेकाले उनका कविताले तत्कालीन सिक्किम र समाजमा आएको आधुनिक    तालाई बोध गराउन सफल बनेको पाइन्छ। उपर्युक्त कवितांशमा प्रयुक्त नाइट क्लब, घुम्ने टेबल, बार, कल्ब, रेस्टुरेन्ट आदिले आधुनिक परिवेशलाई र आधुनिक सामाजिक परिपाटीलाई बुझाएको पाइन्छ।

थिङका कवितामा तत्कालीन समाज र यहाँको अवस्थालाई बोध गराउने कविताहरूमा प्रयुक्त शब्दहरू जस्तै लिपिस्टिक, नाइटकल्ब, रेस्टुरेन्ट, ब्रेकफास्ट, डिनर, सहर, एबोर्सन टेबलेट शब्दहरूले आधुनिकताबोध गराउछ भने यहाँबाट भूमण्डलीकरण, विश्वग्रामीकरणको प्रभावलाई पनि बोध गर्न सकिन्छ।

**(ख) अस्तित्वबोध**

अस्तित्व शब्दको अर्थ कुनै वस्तु व्यक्ति आदि छँदा वा रहँदाको स्थिति, हुनु वा रहनुको अनुभव, सत्ता, विद्यमानता, कुनै वस्तुको उपस्थिति, कुनै व्यक्तिको पहिचान, इज्जत वा प्रतिष्ठा, अस्मिता भन्ने बुझिन्छ। कुनै कुराको अस्तित्व रहनु ,  कुनै कुरा  हुनुको बोध वा कुनै कुराको उपस्थितिलाई अस्तित्व मान्न सकिन्छ। युगबोधको  आन्तरिक जगत् अन्तर्गत पर्ने एउटा महत्त्वपूर्ण पक्ष अस्तित्वबोध हो। थिङका कवितामा अस्तित्वबोध व्यापक रूपमा पाइन्छ। उनका कवितामा अस्तित्ववादी चेतना समावेश भएकाले उ  नलाई अस्तित्ववादी

कवि मान्न सकिन्छ । जीवन थिङका कवितामा पाइने अस्तित्व बोध भारतमा सिक्किम विलयको चोट ले मौलाएको पाइन्छ। अस्तित्ववादी साहित्यमा मानव जीवनको व्यर्थता, वीभत्स, यौनवृत्ति, नैतिक अवमूल्यन, अश्लीलता, निराशा, पलायन, ह्रासोन्मुख जस्ता तत्त्वहरू नै प्रमुख रूपले समावेश भए को पाइन्छ। उनको *लौं हुन्छ हामी तीतेपातीको झोल पिऔं, आकाशको आयातन जस्तै जिन्दगी*, *बन्द कोठाको प्रश्वास तर्सिदै गरेको युग* आदि कवितामा अस्तित्ववादी चेतना पाइन्छ।

उनका कवितामा अस्तित्वबोध यसरी अभिव्यक्त भएको छ-

*मेरो पराजयको खबर मेरा आफन्तलाई सुनाइदेऊ*
*मेरो बाबुलाई सुनाइदेऊ*
*उसको जेठो छोरो खसी भएर आकाश चढन खोज्दैछ*
*मेरो छोरालाई सुनाइदेऊ उसको बाबु*
*फाटेको झोला भएर चुहिँदै रित्तिदै छ।*
*--- बन्द कोठाको प्रश्वास तर्सिदै गरेको युग, पृ. १५०*

"म छु र म आफ्ना चयन, निर्णय र कार्यमा स्वतन्त्र छु भनी अनुभव गर्ने मनुष्य नै अस्तित्ववान् हुन् "।[130] जीवन थिङको उक्त कवितांशमा यही भाव पाइन्छ। प्रस्तुत कवितांशमा कवि आफूले गुमाएको स्वतन्त्रता र अस्तित्व को खोजीमा विद्रोही बनेको पाइन्छ। नचहाँदा नचाहदैं पनि आफू राजनीतिक शक्तिको अघि झुक्नु परेकाले थिङ दुखी छन्। त्यसैले आफ्ना आउने पुस्तालाई उनले आफ्नो अस्तित्व गुमेको, आफ्नो स्वतन्त्रता गुमेको खबर हल्ला गरेर पुर्या उन चहेका छन्। यो उनको नैराश्य भाव होइन, यो उनको विद्रोह चेतना हो साथै सम्पूर्ण सिक्किम वासीहरूलाई क्रान्ति गर्ने आह्वान हो। आफ्नो स्वायत्तता गुमेकाले कविले पराजय अनुभव गरे का छन्। देश र यहाँका जनताको भविष्य अन्धकारमय देख्छन् अब आउने पीढीलाई उनी सचेत रहने र पुनः आफ्नो देशको स्थापना गर्ने खबर पठाउँछन्। यस कवितांशमा कविको क्रान्तिकारी रूप स्पष्ट देखिन्छ।

---

[130]मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुईटेल, सन् २०१०, *पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त, नेपाल, खाठमाडौं, विद्यार्थी पुस्तक भण्डार, पृ. ३४१*

त्यसका साथै उनको मनको पीडा पनि व्यक्त भएको बुझिन्छ। उनी रोएका छन्, दुखेका छन् तर त्यो आँसु र भावना स्वच्छन्द नभएर विद्रोह र क्रान्तिको प्रतीक मानेको छ। उक्त कवितांशमा हिप्पोपोटामस जस्तै अर्थहीन बनेका जनताहरूलाई उनी आफ्नो अस्तित्वको खोज गर्ने आह्वान गर्छन्।

यस्तै भाव उनको *चिसो कथा एउटा सपना जस्तै देशको* कवितामा यसरी अभिव्यक्त भएको छ-

*मेरो देशका स्वतन्त्रताका समर्थकहरू*
*मेरो देशका वीर विपुल प्राणको बाजी लाउन सक्ने पथ*
*प्रदर्शकहरू*
*के तिमीहरूका आफ्नै खोला नाला छैनन् र?*
*जनताका निम्ति शक्ति तयार गर्न जानु पर्छ सागरलाई पुज्न*
*के तिमीहरूका आफ्नै आँटिला हिमाल छैनन् र?*
*सूर्यलाई सहाराका हातहरू माग्नु पर्छ*
*यो देशलाई हाम्रो रगतको खाँचो छ*
*तर दान पाएको उपेक्षित सहाराको होइन्।*
*---चिसो कथा एउटा सपना जस्तै देशको, पृ. १७८*

प्रस्तुत कवितांशमा कविको अस्तित्वबोधक चेतना तीव्र देखिन्छ। उनी विद्रोही बनेर सबैलाई झकझकाउन खोज्छन्। आफ्नो स्वधन, देश र स्वतन्त्रता कसैको हातमा पुग्दा पनि जनता चुपचाप रहेको देख्दा उनी अवाक् बन्छन्। त्यसैले प्रश्न गर्छन् *के तिमीहरूका आफ्नै खोला नाला छैनन् र ?* वास्तवमा यो प्रश्न उनीहरूलाई हो जसले राजतन्त्रबाट स्वतन्त्र बनी भारतमा भाग्योदय हुन्छ भन्ने सोचेका छन्। तर यसको नकारात्मक परिणाममा सचेत छैनन्। त्यसैले कविले स्वतन्त्र हुनु पर्छ तर आफै माटो र देश बनाएर हुनु पर्छ भन्ने विचार राखेका छन्। आफ्नै हिमाल छ, आफ्नै पहरा छ, सूर्य र तारा आफ्नै छ यसलाई किन अन्यका हातमा सुम्पिनु? यसको रक्षा र पूजा आफैले गर्नु पर्छ, आफ्नो माटोको रक्षा आफैले गर्नु पर्छ भन्ने कविको विद्रोही स्वर देखिन्छ। यस कवितांशमा रहेका प्रश्न सूचक सोधनीहरू सिक्किमेली माटोमा हुर्केका ती स्वतन्त्रताका समर्थकहरूलाई हुन्

जसले स्वतन्त्रताको अर्थ बुझेकै छैन। यसैले कविले आफ्नो अस्तित्वबोध गराउँदै सचेत तुल्याउन खोजेको पाइन्छ।

**(ग) विसङ्गतिबोध**

जीवन थिङका कवितामा पाइने प्रमुख विशेषताहरू मध्ये विसङ्गतिबोध पनि एउटा हो। थिङका कवितामा विसङ्गति बोध तीव्र रूपमा अभिव्यक्त भएको पाइन्छ। उनलाई जीवन, व्यवस्था र आफ्नै परिवेश विसङ्गतिपूर्ण लाग्छ। विसङ्गति भन्नाले सङ्गति नभएको स्थिति, अमिल्दोपन, असङ्गति, विषमता, बेमेल, असन्तुलन, भन्ने बुझिन्छ। जीवन थिङका कविता विसङ्गतिले भरिएका छन्। देश विलय र सिक्किममा आएको सन् १९७५ को परिवर्तनले थलिएका र चकित बनेका थिङका कविताहरूमा विसङ्गति देखिनु स्वाभाविक लाग्छ। उनको *सँधारमै आएर स्याल रोएपछि, नयाँ खोलाको नयाँ बगाइ, पहिलो बिहान त यो होइन?, तिमीलाई, कसैले पिउनै मान्दैन, निर्जीव आत्माहरूका शहरमा, उभिएका यी निष्प्राण भाटाहरूमा, मसित जिन्दगी दश हात टाढा छ* जस्ता कविताहरूमा विसङ्गतिबोध व्यापक रूपमा रहेको पाइन्छ।

विसङ्गतिवादीहरू जीवनलाई विसङ्गतको ठुलो पाटो मान्दछन्। विसङ्गतिवादभित्र निरर्थकता, शून्यता, अनास्था, असङ्गति र निस्सारता जस्ता तत्त्वहरू रहेका हुन्छन्। जीवन थिङका कवितामा मूल्यहीन र निराश जीवन बिताउन बाध्य बनेको कुरो कवितामा प्रस्ट अभिव्यक्त भएको पाइन्छ। यो नैराश्य मनोवैज्ञानिक नभएर विद्रोहको उन्मादले जन्माएको प्रतिफल हो। आफूले गर्न चाहेको क्रान्तिमा जनताको स हभागिता वा साथ नपाउँदाको निराशा हो। यसलाई विद्रोहको प्रतीकका रूपमा हेर्न सकिन्छ।

उनको *सँधारमै आएर स्याल रोएपछि* कवितामा देश विलयले दुखी बनेका जीवन थिङको रूप यसरी देखिन्छ-

*यो पर्खालभित्र थुनिएर*
*यो जालमा बेह्रिएर*
*मैले आकाश चुम्न सकिनँ*

*मैले खोलामा मुखै गाडेर*
*घट घट पानी पिई तिर्खा मेट्न सकिनँ।*
*--- सँघारमै आएर स्याल रोएपछि, पृ. १३८*

प्रस्तुत कवितांशमा कविको शीखरचुम्बी नैराश्य देखिन्छ। यस पङ्क्तिमा एउटा कहिले नमेटिने तिर्खा, अतृप्ति छ जो काकाकूलको जस्तै हरहर तिर्खाले युक्त रहेको तर पानी पिउनलाग्दा त्यो पानी काँचो रगतमा परिवर्तन भई दिएको बोध हुँदछ। देशको स्थिति आफूले चाहे जस्तो नहुँदा र नबन्दा उनी भित्रभित्रै गुम्सिएका , छटपटिएका, खटपटिएका देखिन्छन् ।यो निराशा जीवनको निराशा होइन।यो निराशा स्वतन्त्रता गुमाउनुको निराशा हो। यसलाई माटो प्रेमको प्रतीकात्मक रूपमा हेर्न सकिन्छ।कविले *मैले आकाश चुम्न सकिनँ* भनेर स्वतन्त्रताकै सङ्केत गरेका हुन्।आका श जति फराकिलो र स्वतन्त्र छ कवि आफ्नो देश पनि उत्तिकै स्वतन्त्र रहोस् भन्ने चाहना राख्छन्।स्वतन्त्रताको तिर्खा आफ्नै देशमा मेट्न नसक्नुको नैराश्य उनका कवितामा देखिन्छ।कविले देशलाई स्वतन्त्र हेर्ने ठुलो इच्छा राखेको कुरो बुझ्न सकिन्छ।राजतन्त्रबाट मुक्त गराएर स्वाभिमानको देश बनाउने उनको प्रगाढ इच्छा थियो।तर त्यो पूर्ण हुन नसक्दा, सामाजिक चेतनामा विशृङ्खलता देख्दा, राजनीतिक नेतृत्वमा विशृङ्खलता देख्दा र जनतामा हिप्पोपोटामसको गुण देख्दा उनी निराश बनेका छन्।यो उनको देश प्रेम हो।जुन विसङ्गति बनेको छ।

यस्तै विसङ्गतिको अर्को पक्ष उनको *नयाँ खोलाको नयाँ बगाइ* कविता मा पनि पाइन्छ।कवि लेख्छन्-

*१. यी तिर्खाहरूको बाढमा म पानी नपाएर*
*यी अतृप्तिहरूको डाँडामा म तृप्ति नपाएर*
*झ्याँगिएको हुन्छु - मरूभूमिको बालुवा भएर*

*२. अलिकति पानी लिएर मलाई छम्कने नगर*
*मेरो तिर्खा असीम छ, मेटिने छैन*

*सायद अब आकाश गंगालाई धर्तीमा झार्नु पर्छ*
*--- नयाँ खोलाको नयाँ बगाई, पृ. ६७*

प्रस्तुत पङ्क्तिहरूमा कविको नैराश्यसँगै एउटा जाँगर पनि देखिन्छ। कविले देशले पाएको नक्कली स्वतन्त्रताप्रति विरोध गरेका छन्। उनले *अलिकति पानी लिएर मलाई छम्कने नगर* भन्दै स्वतन्त्रताको नाममा पुनः बन्धन दिएकामा विरोध जनाएका छन्। सिक्किमलाई एउटा देशका रूपमा हेर्ने उनको असीम तिर्खा सदैव रहने छ भन्ने विचार यस पङ्क्तिमा देखिन्छ। उनी आशावादी छन् किनभने उनलाई विश्वास छ एकदिन आकाशबाट फेरि पाप पखाल्न गंगा धरतीमा आउने छन् अथवा एउटा क्रान्तिको उदय हुनेछ। आफ्नो देश एउटा महासङ्घको सानो निकाय बनेपछि निराश बनेका कविले चाहेर पनि क्रान्ति गर्न सकेका छैनन्। त्यही पीडा विसङ्गति बनेर कविताको रूप लिएको छ। उनको क्रान्तिकारी स्वर कवितामा व्यक्त भएको छ। यही विचार विसङ्गति बनेर जता ततै सलबलाएका छन्। अन्ततिर आएर कवि यो नक्कली स्वतन्त्रताले के गर्छ भन्ने हेर्नका लागि तयार छन्। उनी यस विलयले ल्याउने नकारात्मक परिवेश जान्नका लागि इच्छुक देखिन्छ। यस्तै भावहरूसँग पिरोलिएका कवि आफ्नो इच्छा अर्को कवितामा यसरी पोख्छन्-

*तिमी यो साँझमा*
*मलाई प्रणय कथाहरू भन्ने नगर अब*
*मेरो जिन्दगी बरू मलाई सुनाइदेऊ*
*म पनि हेर्न सकूँ*
*आँफैले भोगेका ती घिनलाग्दा दिनहरू*
*मलाई अब म आफैलाई कुनै अपरिचित मान्छे जस्तै लाग्छ*
*जसको आदि र अन्त*
*भेट्टाउन आत्मकथा पढन पनि नसकिने।*
*इच्छा / पृ. १२५*

कविले यस कवितांशको माध्यमद्वारा स्वतन्त्र भनिएको तथाकथित स्वतन्त्रतालाई नचाहेरै पनि स्वीकार गर्नु परेको कुरो देखाएका छन्। उनी सत्ता र राजनीतिक चलखेलसँग वैचारिक युद्ध लडेर पनि हार्नु परेको देखिन्छ। तर उनले यस हारलाई सहजै

हार स्वीकार गरेका छैनन्। कवि कवितामा जतातत्तै विद्रोही बनेका छन्। त्यही विद्रोही भाव र उनीभित्र भएको छटपटीद्वारा युगबोध गर्न सकिन्छ। उनले प्रतीक्षा गरेका छन् कि आफूले भने जस्तै यहाँका हिप्पोपोटामस जनताले एक दिन त्यो नकारात्मकता देख्ने छन्। उनले आफैले पनि भोग्न पर्ने घिनलाग्दा दिनहरूको अन्त्य भएर नयाँ बिहानीको, नयाँ सूर्यको प्रतीक्षा गरेका छन्।

**(घ) आक्रोशबोध**

जीवन थिङ क्रान्तिकारी कवि भएकाले उनका कवितामा आक्रो श तीव्र रूपमा अभिव्यक्त भएको छ। सबै ठाउँमा विसङ्गति र विमति अनमेलमात्र भेट्टाउने कवि प्रत्येकपल्ट क्रोधित बनेका छन्। उनको क्रोध विद्रोह र क्रान्तिमा परि णत भएको पाइन्छ। उनको यही क्रान्तिकारी भावको माध्यमले तत्कालीन युगलाई बोध गर्न सकिन्छ। कवि सिक्किमको तत्कालीन व्यवस्था, यहाँको परिवेश, मानिसहरूको लाचार अवस्था सबैदेखि ह्रास बनर क्रोधित, आक्रोशीत बनेको पाइन्छ। थिङको *व्यर्थै जन्मेछु जस्तो लाग्छ, मैले धेरै गर्नुपर्छ* आदि जस्ता कवितामा आक्रोशबोध अभिव्यक्त भएको पाइन्छ। कवि लेख्छन्-

*ए उज्यालो ल्याउँछु भन्ने घाम*
*तेरो उज्यालोमा तेरै इज्जतको व्यापार चल्छ*
*वेश्याको पोइ जस्तै यहाँ तलाई थुक्ने हजार हुन्छन्*
*त्यसैले अब आकाशमा यो घाम नसुहाफने भयो*
*किनभने घामको घमाइलोपनमा पाप गह्राउँछ*
*साँच्चै यो घाम कुहेछ*
--- *एउटा मीठो घाम लाग्नुपर्छ, पृ, १२२*

समाजमा भएका गलत काम र गलत कुराहरूले आक्रोशको सिर्जना हुँदछ। कविको आक्रोश यति तीव्र देखिन्छ कि उनको कविताको भाषा नै परिवर्तन भएको देखिन्छ। कवि आन्तरिक हृदयबाट नै दुखी छन्। सिक्किमलाई एउटा देशबाट राज्य बनाउने सत्ताप्रति उनको आक्रोश देखिन्छ। मिठा मिठा सपना देखाएर, नयाँ उज्यालो आउँछ भनेर सिक्किमलाई एउटा स्वतन्त्र देशबाट पराधीन राज्य बनाउने राजनीतिक

शक्तिलाई उनी भन्छन्   *तेरो उज्यालोमा तेरै इज्जतको व्यापर चल्छ*     कविको यस आक्रोशले उनमा बितिरहेको पीडाको बोध हुन्छ।   जसको माध्यमले तत्कालीन युग र अवस्थालाई पनि बोध गर्न सकिन्छ।प्रस्तुत कवितांशमा   कविले आफ्नो मनको भडास निकालेका छन् ।शान्ति सिक्किमलाई परधीन पार्ने नायकेहरूलाई  कविले *वेश्याको पोइ*को संज्ञा दिएका छन्।यसैले कवितांश  बाट उनमा रहेको आक्रोश स्पष्ट देखिन्छ।कविले आफ्नो आउने पीढीलाई पुनः देशको स्वतन्त्रता फर्काइ ल्याउने आह्वान गर्दै यदि त्यो सफल भएन भने उनीहरूलाई शान्तले बस्न नदिने क्रान्ति गर्ने सल्लाह दिन्छन्।   यसरी आक्रान्त बनेका कवि सिक्किम आमालाई पुकार गर्दै  लेख्छन्-

*अब युगको प्रतीक तिमीले एउटा छोरो जन्मायौ भने*
*तिमी उसलाई काँचो मासु खुवाउनू*
*तिमीले उसलाई काँचो रगत खुवाउनू*
*किनभने उसले हाम्रो निर्थो हिँड्ने बाटोलाई*
*भत्काउन सकोस्, पैह्रो लडाउन सकोस्*
---लौ हुन्छ हामी तीतेपातीको झोल पिऔं, पृ.२०

सहनशीलताले सिमा नाघेपछि मानिस विद्रोही, क्रोधी बन्न पुग्छ।उपर्युक्त कवितांशमा कवि यस्तै बनेका छन्।उनमा त्यो सहनशील भावको अन्त्य भएको पाइन्छ।कविले यहाँ सिक्किम आमालाई पुकार गर्दै अब जन्मने सन्तानलाई काँचो मासु खुवाउनु,  काँचो रगत खुवाउनु भनेर क्रान्तिका  री भावको बिजारोपन गरेको पाइन्छ। क्रान्तिको तिब्र स्वर उक्त पङ्क्तिमा अभिव्यक्त भएको छ।कवि क्रान्तिकारी बन्दै आक्रोश भएर बिस्फोटन अवस्थामा पुगेका छन् भने अर्कोपट्टी कविले भविष्यसँग आशा साँच्दै वीर सन्तानको कामना गरेका छन्।

**(ङ) मृत्युबोध**

अल्पायुमा दिवङ्गत बनेका कवि जीवन थिङका कवितामा मृत्युबोध  पनि अभिव्यक्त भएको पाइन्छ।मृत्युलाई कविले उनका कवितामा  सौन्दर्यका रूपमा व्यक्त गरेका छन् ।थिङको *मसित जिन्दगी दश हात टाढा छ, बल्लभ दाइ  ! तपाईभन्दा म धेरै अभागी, सडक.... ?*

जस्ता कवितामा मृत्युबोध  अभिव्यक्त भएको  पाइन्छ। मृत्युबोध पनि युगबोधका विभिन्न आन्तरिक पक्षहरू मध्येको एउटा हो। कवितामा व्यक्त मृत्यु चतनाले पनि कुनै युगलाई बोध गर्न र त्यहाँको अवस्थालाई बोध गर्न सहयोग गर्दछ। मृत्युका विभिन्न पक्षहरू जस्तै सामाजिक चेतनाको मृत्यु, राजनीतिक नीति सिद्धान्तको मृत्यु, मानसिक चेतनाको मृत्यु, मानवताको मृत्यु, प्रकृतिक प्रकोपद्वारा हुन् मृत्यु, मानविय मृत्यु आदि जस्ता पक्षहरू रहेका छन्। जीवन थिङका कवितामा सामाजिक चेतनाको मृत्यु, राजनीतिक नीति सिद्धान्तको मृत्युसँगै   कविले आफ्नो देश गुमा   उँदा दुःखबोधद्वारा भएको   मृत्युबोध पाइन्छ। मूल रूपमा व्यवस्थादेखि दिक्क बनेका कविले  आफ्नो सँगसँगै समाजको मृत्युको कुरा गरेका छन् । यो देशको हिमाल, टिस्टा र रङ्गितको पनि मृत्यु भएको बोध उनले गरेको छ। मूलतः उनले आफ्नो देशलाई स्वतन्त्र पार्न नसकेकाले नै मृत्युबोध गरेका हुन् तर भौतिक कारण नै उनको मृत्युको कारण बन्यो। बाह्य संसारले उनको शारीरिक बिरामीका कारणले मृत्यु भएको देखे तापनि उनको आत्मा देश अन्यको हातमा गएकै दिन मरेको पाइन्छ। यसै सन्दर्भमा कवि लेख्छन्-

*अब त हिमालको पनि मृत्यु भइसकेको छ*
*टिस्टा र रङ्गितको पानी रित्तिइसकेको छ*
*र मेरो छातीमा मेरो मृत्यु पोतिइसकेको छ*
*---बल्लभ दाई! तपाईभन्दा म धेरै अभागी, पृ.२०१*

प्रस्तुत कवितांशले भौतिक र आत्मिक दुवै मृत्युलाई बोध गराएको पाइन्छ। देश विलय पछि हिमालको, टिस्टा रङ्गितको मृत्यु भएको देखे कविले यहाँको तत्कालिन अवस्था र समाजको मृत्त  प्रायः अवस्थालाई बोध गराएका छन् भने अर्कापट्टि छातीमा मृत्यु पोतिसकेको प्रसङ्गले आत्मिक मृत्युलाई पनि बोध गर्न सकिन्छ।

## ४.७ निष्कर्ष

युगबोध युगको स्थिति बुझाउने अवधारणा हो। जीवन थिङ     का कवितामा सामाजिक, राजनीतिक, आर्थिक, धार्मिक, आञ्चलिक, सांस्कृतिक, आधुनिक, अस्तित्व, विसङ्गति, मूल्य,

आक्रोश र मृत्युबोध जस्ता युगबोध का विभिन्न पक्षहरू अभिव्यक्त भएका छन्। थिङका कविता सिर्जनाको मुहान नै सत्तरीको दशक र तत्कालीन सिक्किमले भोगेको राजनीतिक उथलपुथल हो। उनका कविता देश विलयको चोटले दुखेर, पिरोलिएर, विथोलिएर, भावुक भएर, आक्रोसित भएर उब्जेका उपज हुन्। सत्तरीको दशकमा सिक्किममा आएको राजनीतिक परिवर्तन र त्यस समयका देशवासीका पीडालाई आफ्ना कवितामा प्रष्टसँग अभिव्यक्त गरेका छन्। सिक्किम भारत महासङ्घमा विलय कालको समस्या र संकटको बोध उनका कवितामा प्रत्यक्ष र परोक्ष रूपमा मुखरित भएको पाइन्छ जसले गर्दा तत्कालीन सिक्किमको युगबोध गराउन उनका कविता सफल बनेका छन्। थिङ का कविताहरूको अध्ययन गर्दा उनी प्रखर क्रान्तिकारी, प्रगतिवादी, अस्तित्ववादी, राष्ट्रप्रेमी, युग चिन्तक र मानवतावादी कवि रहेका पाइन्छन्।

जीवन थिङका धेरजसो कविता देश विलयको अप्रत्यासित दुःखद घटनाका उपज भएकाले उनका कवितामा देश विलय कालको राजनीतिक जालझेल, छलकपट, षड्यन्त्र, देशवासीले भोगेका दुःख, गरिबी, दरिद्रता, अपुग आदि विषय समाविष्ट रहेको पाइन्छ भने अर्कोतिर विथोलिएको व्यवस्थाका, देशको शासन सञ्चालनमा आएको अव्यवस्थित गतीविधि, अदूरदर्शी क्रियाकलाप, अस्पष्ट व्यवस्थाका कारण जनतामा देखिएको मौनता, लाचारीपना, राजनीतिज्ञको गलत व्यवहार, मौकाखोरी प्रवृत्ति, स्वार्थ पुर्ती, संर्कीण मनोवृत्तिले समाजमा आएको विकृत्ति, आडम्बरीपन र देशसँगै हराएको मौलिकता, परिचय, स्वतन्त्रता, स्वायत्तता, गौरव, भौगोलिक परिचय, राष्ट्रियता, नागरिता आदि हरणका दुःखबोध, तिक्तता, ह्रास, छटपटहाट, पीडा, विसङ्गती, शून्यता, निराशा, विद्रोही भाव अभिव्यक्त भएको पाइन्छ।

जीवन थिङका कविताले तत्कालीन सिक्किमको समाज, राजनीति, धर्म, संस्कृति, अञ्चलसँगै तत्कालीन नागरिकले भोगेका र अनुभव गरेका कुराहरू अभिव्यक्त गरेका छन्। गरिबीका कारण पेट कसेर, ओँठ सुकाएर बस्नु परेको अवस्था, त्रास युक्त जीवन

बिताउनु परेको स्थिति, शोषण दमन विरूद्ध खुलेर बोल्न नसक्ने आवाजहीन मौन वस्नु पर्दाको लाचारी पन, केही गर्न नसक्दाको बाध्यता, शीतयुद्ध, आफ्नै आफ्ना बिचको झगडा र औसरवादीहरूले उठाएको पाइँदा, छल, स्वार्थ र षडयन्त्र माझ सर्वस्व बिलिन, मुर्दा जस्तै भएर मसानको शान्तिमा रमाएको अवस्थाको बोध गराएका छन्। तत्कालीन सिक्किमले भोगेको र अनुभव गरेका कुराहरूको अभिव्यक्तिमा थिङ क्रान्तिकारी, विद्रोही, प्रगतिवादी, युगचिन्तक, मानवतावादी, राष्ट्रप्रेमी बन्दै आशावादी पनि बनेका छन्। उनले ठाउ ठावैं नयाँ बिहान हुने, नयाँ घाम लाग्ने, नयाँ छोरो जन्माउने कुरो गर्दै भविष्यसँग थुप्रै आशा साचेको देखिन्छ। उनका कविता चोट, पिर र मर्का मा डुबेर उमलिएका जवालामुखी सरह छन् भने कतिपय कविता देश स्वतन्त्र बन्न नसक्दा दासत्व स्वीकार्नु परेको चोट र बोझले थिचिएका, दबिएका, झोलिएका निराशाका समुन्द्र सरह छन्।

देशसँगै विलय भएको आफ्नो मौलिक पहिचान, स्वतन्त्रता, देश हुनुको गौरव, स्वायत्तता, परिचय सङ्कटले निम्ताए को हतासा, निराशा, उदासीनता र वितृष्णा ले कविता भरिएका भए तापनि थिङका कविताहरू सत्तरीको सिक्किम दशको तातो गन्ध बोकेका जिउँदा, झरिला र अरूलाई पनि जगाउन सक्ने वजनदार, गहकिला, रापिला एवम् आला छन् भन्न सकिन्छ।

# पाँचौं अध्याय

## ५.१. उपसंहार र निष्कर्ष

### ५.१.१ उपसंहार

प्रस्तुत लघु शोधप्रबन्ध जीवन थिङका कवितामा युगबोधक चेतनालाई केलाउने क्रममा पुरा गरिएको छ। जीवन थिङ नेपाली साहित्य जगतमा अल्पायुमा दिवङ्गत बनेका क्रान्तिकारी र युगसचेत कवि हुन्। प्रस्तुत शोधप्रबन्धमा जीवन थिङका *साङ्लीभित्र बाँधिएका घोडाका टापहरू* पुस्तकमा समावेश ७९ वटा कविताको अध्ययन गर्दै उनका ती कविताभित्र पाइने युगबोधक चेतनाको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गरिएको छ।

जीवन थिङका कविताहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्ने क्रममा उनका कवितामा प्रयोग गरिएका विभिन्न प्रवृत्तिमूलक पक्ष सँगसँगै प्रतीक, मिथक, बिम्ब आदिको अध्ययन गरिएको छ। थिङका कविता सन् १९७० को सिक्किम देशको सामाजिक, राजनीतिक, आर्थिक, धार्मिक आदि स्थिति, गतिविधिलाई बोध गराउन सफल बनेका पाइन्छन्। उनका कवितामा प्रतिविम्बित तत्कालीन युगको अध्ययन गर्नु यस शोधकार्यको मूल अभीष्ट रहेको छ। अतः यसै अभीष्टलाई पुरा गर्ने क्रमा प्रस्तुत लघु शोधप्रबन्ध पाँच अध्यायमा विभाजन गरिएको छ।

पहिले अध्यायको शीर्षक *शोधको परिचय* राखिएको छ। यस अध्यायअन्तर्गत विभिन्न समस्या र उद्देश्यलाई राख्दै शोधकार्यको रूपरेखा तयार पारिएको छ।

दोस्रो अध्यायको शीर्षक *जीवन थिङ :व्यक्तित्व र कृतित्व* राखिएको छ भने यस अध्यायअन्तर्गत जीवन थिङको व्यक्तित्व र कृतित्वको विस्तृत रूपमा अध्ययन गर्ने प्रयत्न गरिएको छ।

तेस्रो अध्यायको शीर्षक *नेपाली कवितामा युगबोधको अवधारणा* राखिएको छ भने यस अध्यायअन्तर्गत युगबोधको परिचय दिँदै नेपाली कवितामा युगबोधको प्ररम्परा र विकासको अध्ययन गरिएको छ।

यसरी नै चौथो अध्याय मूल अध्याय रहेकाले यसको शीर्षक *जीवन थिङका कवितामा युगबोध* रहेको छ। यस अध्यायअन्तर्गत सिक्किमको सामाजित र राजनीतिक परिचयसँगै जीवन थिङका कवितामा युगबोधको अध्ययन गरिएको छ।

अन्त्यमा पाँचौ अध्यायमा शोध कार्यको उपसंहार, निष्कर्ष र परिशिष्टलाई समावेश गरिएको छ।

## ५.१.२ निष्कर्ष

प्रस्तुत लघु शोधप्रबन्धको पहिलो अध्यायको *शीर्षक शोधको परिचय* रहेको छ। यस अध्यायअन्तर्गत विभिन्न उपशीर्षकहरू शोधको शीर्षक, शोधको परिचय, शोधको प्रयोजन, शोधको समस्या, शोधको उद्देश्य, पूर्व कार्यको विवरण र समीक्षा, शोधको सीमाङ्कन, शोधको औचित्य र महत्त्व, शोध विधिअन्तर्गत शोधको सामग्री सङ्कलन विधि, सामग्री वर्गीकरण र विश्लेषण विधि अनि शोधको रूपरेखा समाविष्ट छन्। प्रस्तुत शोध कार्यमा शोधका समस्या र उद्देश्यलाई केलाउदै विभिन्न पत्र-पत्रिका, पुस्तक, लेख आदिमा जीवन थिङ सम्बन्धित प्रकाशित लेख एवम् रचनाहरू पूर्व कार्यको विवरण र समीक्षाअन्तर्गत राखिएको छ। यस अध्यायमा शोधको सीमाङ्कन, औचित्य र महत्त्वमाथी प्रकाश पार्दै शोधको रूपरेखा तयार पारिएको छ।

दोस्रो अध्यायको शीर्षक *जीवन थिङ : व्यक्तित्व र कृतित्व* रहेको छ। जीवन थिङसम्बन्धित छोटा परिचयात्मक लेखहरू थुप्रै भेटिए तापनि विस्तृत रूपमा चर्चा भने नभएकाले प्रस्तुत लघु शोधप्रबन्धको दोस्रो अध्यायअन्तर्गत जीवन थिङको व्यक्तित्व र कृतित्वको विस्तृत रूपमा परिचयात्मक अध्ययन गरिएको छ। यसमा जीवन थिङको व्यक्तित्व अन्तर्गत उनको जन्म, बाल्यकाल, पारिवारिक पृष्ठभूमि, आर्थिक अवस्था, स्वभाव, स्वास्थ्य, शिक्षा-दीक्षास म्बन्धित अध्ययन गरिएको छ भने जीवन थिङको कृतित्वको परिचयअन्तर्गत संक्षिप्त रूपमा उनका *साङ्लीभित्र बाँधइएका घोडाका टापहरू* पुस्तकसम्बन्धित चर्चा गरिएको छ। जीवन थिङको साहित्यिक व्यक्तित्व शीर्षकअन्तर्गत

कथाकारका रूपमा जीवन थिङ, कविका रूपमा जीवन थिङ, खण्डकाव्यकारका रूपमा जीवन थिङ, गीतकारका रूपमा जीवन थिङ, लेखक एवम् संस्मरणकारका रूपमा जीवन थिङ अनि मुक्तककारका रूपमा जीवन थिङ गरेर संक्षिप्तमा अध्ययन गरिएको छ। जीवन थिङ साहित्यकार सँगसँगै सम्पादक पनि भएकाले उनको सम्पादक व्यक्तित्व र उनले सम्पादन गरेका पत्र-पत्रिका को चर्चा गर्दै , थिङले पाएका सम्मान एवम् पुरस्कार को विवरण पनि प्रस्तुत गरिएको छ भने अन्त्यमा कवि थिङको दुःखद मृत्युको कारण उल्लेख गरिएको छ।

तेस्रो अध्यायको शीर्षक *नेपाली कवितामा युगबोध* रहेको छ। यस अध्याय अन्तर्गत युगबोधको अवधारणा निर्माण सम्बन्धित अध्ययन गर्दै नेपाली कवितामा युगबोधको परम्परा र साहित्यमा यसको प्रयोग एवम् विकास सम्बन्धित अध्ययन गरिएको छ। तेस्रो अध्यायको पहिलो भागमा युगबोधको परिचय अन्तर्गत युगको अर्थ अनि परिभाषा, युगका प्रकार, बोधको अर्थ अनि परिभाषा, युगबोधको अर्थ अनि परिभाषा र युगबोधका प्रकार उपशीर्षकमाथि अध्ययन गरिएको छ। युगबोधका प्रकार दुई भागमा विभाजित रहेकाले युगबोधको बाह्यजगत् र युगबोधको आन्तरिक जगत् गरेर विभाजन गरिएको छ। युगबोधका बाह्यजगत्अन्तर्गत उपशीर्षकहरू सामाजिकबोध, राजनीतिकबोध, धार्मिकबोध, सांस्कृतिकबोध, आर्थिकबोध, आञ्चलिकबोध रहेका छन् भने युगबोधको अन्तरजगत् बोधअन्तर्गत आधुनिकबोध, अस्तित्वबोध, विसङ्गतिबोध, संत्रासबोध र मृत्युबोधको गरेर विश्लेषण गर्दै अध्ययन गरिएको छ। यसै अध्यायअन्तर्गत नेपाली कवितामा युगबोध उपशीर्षकमा नेपाली कवितामा युगबोधको परम्परा एवम् विकाससम्बन्धित प्राथमिककालदेखि माध्यमिककाल हुँदै आधुनिककालसम्म आइपुग्दा साहित्यमा यसको प्रयोगबारे संक्षिप्त रूपमा अध्ययन गर्दै अन्तिममा निष्कर्ष केलाइएको छ।

चौथो अध्यायको शीर्षक *जीवन थिङका कवितामा युगबोध* रहेको छ। प्रस्तुत अध्याय मूल अध्याय भएकाले र जीवन थिङका कविता नितान्त सिक्किम र सिक्किमको

सत्तरीको दशकसँग सम्बन्धित भएकाले सिक्किमको परिचय, समाज, राजनीति सम्बन्धित अध्ययन र चर्चा आवश्यक ठहरिएकाले यस चौँथो अध्यायको पहिलो भागमा तत्कालीन सिक्किमको परिचय, सिक्किमेली समाज, सिक्किमेली राजनीति शीर्षकमा संक्षिप्तमा सिक्किमको अध्ययन गरिएको छ। यसै अध्यायको देस्रो भागमा जीवन थिङका कवितामा युगबोध सम्बन्धित अध्ययन गर्दै उनका कवितामा पाइने युगबोधका बाह्यजगत्अन्तगर्त पर्ने सामाजिकबोध, राजनीतिकबोध, धार्मिकबोध, आर्थिकबोध, सांस्कृतिकबोध र आञ्चलिकबोधको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गरिएको छ भने जीवन थिङका कवितामा अन्तरजगत् शीर्षकअन्तर्गत पर्ने आधुनिकताबोध, अस्तित्वबोध, विसङ्गतिबोध, आक्रोसबोध र मृत्युबोधलाई थिङका कविताका पङ्क्तिका उदाहरणसहित अध्ययन, विश्लेषण र मूल्याङ्कन गरिएको छ। यसै अध्यायको तेस्रो भागमा थिङको काव्यकारिता र भाषा-शैली शीर्षकमा उनको भाषाशैलीको छोटकरीमा चर्चा गर्दै कवितामा प्रयुक्त मिथक, बिम्ब र प्रतीकको संक्षिप्तमा अध्याय, विश्लेषण गरिएको छ भने अन्तमा निष्कर्ष केलाउने काम गरिएको छ।

पाँचौ अध्यायमा उपसंहार, निष्कर्ष रहेको छ। जीवन थिङका कवितामा युगबोध शीर्षकबारे अध्ययन गर्दा उनका कवितामा कसरी युगबोध प्रतिविम्बित भएका छन् त्यसबारे अध्ययन गरिएको छ। त्यसलाई उपसंहार र निष्कर्षमा समेटिएको छ। परिशिष्टअन्तर्गत जीवन थिङसम्बन्धित सामग्री सङ्कलन अवधिमा अन्तर्वार्ता लिने क्रममा जीवन थिङसम्बन्धित प्राप्त उपलब्ध सामग्रीहरू जस्तै- चिठ्ठी, उनको एम.एको परीक्षा पत्र, अप्रकाशित गीत, मुक्तक, सुधाका सम्पादक हुँदा सम्पादकको हैसियतमा सुधाको नोटपेटमा लेखेको नोट, विभिन्न साहित्यिक कार्यक्रम र प्रतियोगिताहरूमा पुरस्कार ग्रहण गरेका तस्विर साथै उनको हस्तलेखन आदि राखिएको छ। यसलाई परिशिष्टमा राख्नुको उद्देश्य थिङबारे प्राप्त गरिएका दस्तावेजहरू हराएर नजाउन् भन्ने रहेको छ भने भावी शोध कर्ता र अनुसन्धाताहरूका निम्ति उपयोगी होस् भन्ने पनि उद्देश्य रहेको छ।

२३ वर्षको उमेरमा 'फिब्रोसिस्' नामक बिमारीले दिवङ्गत बनेका कवि पूर्व सिक्किम गान्तोक, सिच्छे तामाङ गुम्पाका वासिन्द हुन्। पिता *कार्सङ थिङ* र *माता डोल्मी* थिङका कोखबाट दक्षिण सिक्किम नाम्ची अस्पतालमा जन्मेका थिङ परिवारका जेठा छोरा थिँए। राजनीति शास्त्रमा एम.ए सम्मको शिक्षाप्राप्त गरेका थिङको नेपाली साहित्यमा सक्रिय रूपमा प्रवेश भने सन् १९७३ मा 'दियालो' पत्रिकामा प्रकाशित 'काँशी जलिरहोस्' कविताबाट भएको पाइन्छ। मूलरूपमा यस कविताको प्रकाशन पश्चात मृत्यु पर्यन्त सन् १९७८ सम्म ५ वर्ष अनवरत रूपमा थिङ साहित्य सेवामा लागे। सम यानुकूल र समय सापेक्ष सिर्जक थिङले कविता सँगसँगै खण्डकाव्य (अधुरो), कथा, लेख, गीत, मुक्तक जस्ता विभिन्न विधाहरूमा कलम चलाएका छन्। सन् २००० मा नेपाली साहित्य परिषदद्वारा सिक्किमका 'माटो कवि'-का उपाधिले विभूषित कवि जीवन थिङ क्रान्तिकारी, प्रगतिवादी, राष्ट्रप्रेमी, युगसचेत, अस्तित्ववादी र मानवतावादी कवि रहेको पाइन्छ।

छोटो तर सार्थक बचाई बाँच्न सफल थिङको हालसम्म एउटै मात्र पुस्तक *साङलीभित्र बाँधिएका घोडाका टापहरू सन् १९८३ मा प्रकाशीत भएको पाइन्छ* । यस पुस्तकमा साहित्यका विभिन्न विधाहरूमध्ये कथा, कविता, गीत, मुक्तक, खण्डकाव्य र लेख समावेश छन्। कथा विधामा नेपालबाट 'रत्नश्री स्वर्ण पद' पाइसकेका थिङका १२ वटा कथाहरू प्रकाशित छन् भने यसै पुस्तकमा उनको नार्सिसस् (अपूर्ण) खण्डकाव्य पनि प्रकाशित छ। थिङका १८ वटा मुक्तक, एउटा लेख र ५ वटा गीत पनि सोही पुस्तकमा प्रकाशित रहेको पाइन्छ। प्रकाशित पुस्तकको अतिरिक्त सन् २००० मा सुरेश कावरको स्वर र सङ्गीतकार बसन्त छेत्रीको पहलमा थिङको एउटा गीत पनि रेकर्डिङ भ इसकेको छ। उनको अर्को एउटा अप्रकाशित गीत पनि भेटिएको छ।

सर्जकले बाँचेको समाज र वरिपरीका घटनाहरू साहित्यमा समावेश भएको हुँदछ। त्यसो हुँदा साहित्यमा समावेश बाह्यजगत् बोध र अन्तरजगत् बोधक पक्षहरू नै युगबोधका धारणा हुन्। अतः साहित्यमा समावेश यही धारणाहरूका आधारमा साहित्यभित्र

समावेश युगबोधको अध्ययन गर्न थालेको पाइन्छ। साहित्यमा युगबोधक चेतना समावेश भएको हुनाले कुनै न कुनै रूपमा साहित्यले सिर्जना काललाई बोध गराउँछ। त्यसो हुँदा साहित्यमा युगबोध सिर्जना काल र सर्जकले बाँचेको समय अनुरूप अभिव्यक्त भएको पाइन्छ।

नेपाली कवितामा युगबोधको परम्परा र विकासलाई हेर्दा सुरुदेखि नै युगबोधको परम्परा रहेको पाइन्छ। नेपाली साहित्यको प्राथमिक कालमा देखा परेको पहिलो कविता *पृथ्वीनारायण*देखि नै युगबोधक चेतना कवितामा समावेश भएको पाइन्छ। प्रारम्भकालीन नेपाली कवितामा वीर स्तुति र राजा महाराजको वर्णनसँगै तत्कालीन समाज, राजनीति, धर्म, आर्थिक अवस्था, अञ्चलबोधकआदि भाव अभिव्यक्त भएको पाइन्छ। नेपाली कविताको परम्परा माध्यमिक काल हुँदै आधुनिक कालसम्म आइपुग्दा युगबोधक चेतना नेपाली कवितामा अझ फस्टाउँदै, विस्तृत रूपमा, सचेत अभिव्यक्तिका साथ प्रयोग हुन थालेको देखिन्छ।

भारतेली नेपाली कविता लेखनमा युगसचेत कविताका रूपमा चिनिने कविहरूमध्ये जीवन थिङ एकजना हुन्। उनका कविताको पृष्ठभूमि सिक्किम र सिक्किमले बाँचेको सन् १९७० को दशक रहेकाले थिङका कवितामा युगबोधक धारणा तीब्र रूपमा अभिव्यक्त भएको पाइन्छ। थिङका कविताको मुहान नै सिक्किम देश भारत महासङ्घमा विलयलाई मान्न सकिन्छ। सिक्किम देश विलय र देश हराउनुको चोट, आत्मसम्मान एवम् अस्तित्व हराउनुको कारण थिङ विद्रोही, क्रान्तिकारी, प्रग तिवादी, अस्तित्ववादी, राष्ट्रप्रेमी, युगसचेत र मानवतावादी कविका रूपमा आफ्ना कवितामा प्रस्तुत भएका पाइन्छन्। बिम्ब, प्रतीक र मिथकको प्रयोगले विलयकाल र तत्कालीन सिक्किममा भएका राजनीतिक षडयन्त्र, जालझेल, स्वार्थ, थिचोमिचोसँगै सिक्किमे नागरिकको मौनता, लाचारीपन, शान्त व्यवहार, शून्यतित अवस्थालाई कविले आफ्ना कवितामा अभिव्यक्त गराएका छन्।

थिङका कविताहरूको अध्ययन गर्दा कविले राजतन्त्रबाट मुक्त सिक्किम देश स्वतन्त्र, स्वाधीन राष्ट्र बनेको हेर्न चाहेको बुझिन्छ। तर कविले चाहेको जस्तो हुन नसक्दा सिङ्गो देश मुलधारामा मिसिएर भारतको २२ औं अधिराज्य बने पश्चात विलुप्त भएको स्वतन्त्रता, अस्तित्व, स्वायत्तता, परिचय, गौरव हरनलाई बोध गराएको पाइन्छ। सबै कुरो गुमाएर पाएको प्रजातन्त्र र स्वतन्त्रतासँग कवि चिन्तित, असन्तुष्ट, हतास, व्याकुल, ह्रास, निरीह, अवाक्, विमूढ तथा विद्रोही बनेका देखिन्छन्।

सन् १९७५ मा सिक्किममा आँएको राजनीतिक परिवर्तन र तत्कालीन परिवेशलाई बोध गराएको छ। तत्कालीन सिक्किमको सामाजिक, राजनीतिक, सांस्कृतिक, आर्थिक, धार्मिक, आञ्चलिक, विद्रोह, विसङ्गति आदि जस्ता पक्षहरू कवितामा अभिव्यक्त भएका छन्। तत्कालीन सिक्किमको समाज र यहाँका नागरिकहरूको मौनता, व्याकुलता, सहनशीलता, लाचारीपन, देखावटी र विवस्ता कवितामा कवितामा अभिव्यक्त भएको छ। राजनीतिक खजमजले पिरोलिएको सिक्किम आर्थिक हिसाबले दुर्वल, दरिद्र रहेको पाइन्छ। भोक, शोक, दरिद्रता, अपुग जस्ता पक्षहरूसँग सिक्किम जुझेको देखिन्छ। सिक्किमको समाज र यहाँका नागरिकलाई कविले काँचो लाश, मुर्दा सहर, हिप्पोपोटामस, झुसुले किरा, मिमोसा, मायाविनी सर्सि, मसान आदिसँग तुलना गरेबाट खोक्रो, बौद्धिक स्तरमा शून्य भएको, लाचार, निरीह सामाजिक स्थितिको बोध गराएको पाइन्छ। तत्कालीन सिक्किमको समाज र यहाँको दयनीय आर्थिक अवस्थासँगै धार्मिक विश्वास, आडम्बरी, देखावटी र चेतना शून्य समाजको पाइन्छ। थिङका कवितामा हिन्दु, ईसाई, बौद्ध घर्मका विभिन्न प्रसङ्गहरूको प्रस्फुटन भएका छन् जसले विभिन्न धार्मिक आस्था र विश्वासलाई बोध गराएको पाइन्छ।

सानो भए तापनि सिक्किम विभिन्न संस्कार संस्कृतिले धनी राज्य रहेको पाइन्छ। यहाँ विभिन्नतामा एकता पाइन्छ। यिनै कुराहरूलाई थिङका कविताले पनि बोध गराएको छ। तत्कालीन सिक्किमका मानिसहरूको मिलनसार व्यवहार, संस्कार र संस्कृति कवितामा

पाइन्छ। यहाँको विभिन्नतामा एकतालाई विभिन्न चाडपर्व दशै, तिहार, देउसे, भैलेनी आदि हात हतियार, वेषभूषा आदिको प्रसङ्गले बोध गराएको छ भने विकृत सामाजिक पक्ष जस्तै वेश्यावृत्ति, विलासिता, मदमदिरा सेवनजस्ता नकारात्मक पक्षहरूलाई पनि कविताले बोध गराएको पाइन्छ।

थिङका कविताले बोध गराउने मूल पाटो नै सिक्किमको राजनीतिकबोध हो। स्वतन्त्र देश राज्य बनेपछि तत्कालीन समाजमा छाएको विश्रृङ्खलता र यसका प्रभावहरू कवितामा व्यापक रूपमा अभिव्यक्त भएका छन्। आर्थिक हिसाबले दुर्वल तत्कालीन सिक्किमे समाजको राजनीतिक अवस्था शिथिल, फ्यातुलो रहेको कुरो थिङका कविताद्वारा बोध हुँदछ। तत्कालीन सिक्किमको राजनीतिक परिवर्तनमा राजनीतिज्ञको स्वार्थ व्यवहार, षडयन्त्र, छद्म, छल, देखावटी, ऐयासी कुटनीति व्यवहारलाई कविताले बोध गराएको पाइन्छ। सिक्किमका मानिसको लाचारीपन र देश राज्य बन्दासम्मको षडयन्त्र नबुझ्ने सोझोपन वा निरीह व्यवहारलाई कविताले बोध गराएको पाइन्छ। थिङका कविता सिक्किमको राजनीतिक, सामाजिक, धार्मिक आदि पक्षहरूका वरिपरि घुमेका कारणले उनका कवितामा आञ्चलिकबोधक बिम्ब जतातत्तै अभिव्यक्त भएका छन्। यहाँको प्राकृतिक सुन्दरता, देवी देउँराली, गुम्पा, छोर्तेन, लुङ्धर सँगै कञ्चनजङ्गा, टिस्टा रङ्गित, धुप्पी, सुनाखरी, चाँप, गुराँस आदिको प्रसङ्ग कवितामा प्रयुक्त छन्। जसले यहाँको आञ्चलिकबोध गराएको छ।

## ५.२ भावी शोधकर्तालाई सुझाव

जीवन थिङ सिक्किमको सङ्कटापन्न स्थिति र यहाँको अवस्थालाई स्पष्टसँग बोध गराउन सफल बनेका छन्। उनले खुबै स्पष्टतासँग सिक्किमको तत्कालीन युगबोध गराएका छन्। तत्कालीन समाज, राजनीति, धर्म, आर्थिक अवस्था, संस्कृति, अञ्चल आदि जस्ता सबै कुरा समेट्न कवि पछि छुटेका छैनन्। उनका कविताले बोकेको सत्तरीको दशकको सिक्किम र उनका कवितामा अभिव्यक्ति भएको सिक्किमको युगबोधको आधारमा जीवन

थिङलाई हामीले कमै चिनेको बोध हुँदछ। त्यसो हुँदा उनीमाथि अझ शोध कार्यहरू हुन सक्ने सम्भावना देखिन्छ। तसर्थ भावी शोधकर्ताका निम्ति सुझाव यस प्रकार छन्-

जीवन थिङका कवितामा राजनीतिक चेतना

जीवन थिङका कवितामा आञ्चलिकता

मिथकीय प्रयोगका दृष्टिले जीवन थिङका कविता

बिम्ब र प्रतीक प्रयोगका दृष्टिले जीवन थिङ

क्रान्तिकारी कविका रूपमा जीवन थिङ

अस्तित्ववादी कविका रूपमा जीवन थिङ

थिङका कवितामा बौद्ध दर्शन

भावी शोध कर्ताहरूलाई यी माथि दिइएका सम्भावित शीर्षकहरूमा शोध, अनुसन्धान गर्न सकिने सुझाव दिन चहान्छु।

# सन्दर्भ सूची

## नेपाली पुस्तक

अधिकारी, इन्द्रविलास सन् २०१७, *पश्चिमे साहित्य सिद्धान्त* दो. सं. साझा प्रकाशन , ललितपुर

उपाध्याय, केशवप्रसाद, सन् २००४, *पूर्वीय साहित्य सिद्धान्त,* चौ. सं. साझा प्रकाशन ललितपुर

उप्रेती, सञ्जीव, सन् २०११, *सिद्धान्तका कुरा,* ते. सं. अक्षर क्रियसन्स काठमाडौं, नेपाल

गिरी, जीवेन्द्र देव, सन् २०१२, *नेपाली प्रगतिवादी साहित्यका विशिष्ट आयाम* , पहिलो संस्करण, काठमाडौं, मध्य पशचिमाञ्चल साहित्य परिषद्

गिरी, अमर, सन् २०१६, *काव्यविमर्श,* काठमाडौं, नेपाल प्रज्ञा प्रतिष्ठान

चापागाई, गोविन्द प्रसाद, सन् २०००, *भवानी घिमिरेः व्यक्तित्व र कृतित्व,* काठमाडौं नेपाल, प्रतिभा प्रकाशन

ढकाल, जयप्रसाद, सन् १९९५, *साहित्य र संस्कृति,* झापा नेपाल, श्रीमती जया ढकाल प्रकाशन

तामाङ, पेम्पा, सन् २०१२, दो.सं, *आख्यानदेखि पराख्यानसम्म* (आलोचनात्मक लेख सङ्ग्रह), गान्तोक, सिक्किम जनपक्ष प्रकाशन

थिङ, जीवन, सन् १९८३, *साङ्लीभित्र बांघिएका घोडाका टापहरू,* दार्जिलिङ, श्याम ब्रदर्स प्रकाशन

थापा, मोहनहिमांशु, सन् २०१६, *साहित्य परिचय,* काठमाडौं, साझा प्रकाशन

थापा, रेमिका, सन् २००७, देश र अन्य कविताहरू, नाम्ची, दक्षिण सिक्किम. निर्माण प्रकाशन

दाहाल, विद्यापति, सन् २०१४, *भारतीय नेपाली साहित्यको इतिहास* ,प्रकाशकः CIIL, Mysore

धमला, जय, सन् १९८३, *सिक्किमको इतिहास,* श्याम ब्रदर्स प्रकाशन दार्जिलिङ

नेपाल, घनश्याम, सन् २००९, *नेपाली साहित्यको परिचयात्मक इतिहास संशोधित र परिवर्द्धित संस्करण,* एकता बुक हाउस, प्रा.लि

नेपाल, देवी (सम्पा,),सन् २०१३, युगकवि सिद्धिचरण एक सय एक कवि :एक सय एक कविता, युगकवि सिद्धिचकण प्रतिष्ठान प्रकाशन, काठमाडौं

पोखरेल, भानुभक्त, सन् २००२, *सिद्धान्त र साहित्य,* पुलचोक ललितपुर, साझा प्रकाशन

बन्धु, चूडामणि (सम्पा.), सन् २०१०, *साझा कविता,* काठमाडौं, साझा प्रकाशन

बन्धु, चूडामणि (सम्पा.), सन् २००३, *नेपाली साहित्यको इतिहास* (प्रथम खण्ड), काठमाडौं कमलादी, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान

भण्डारी, राजेन्द्र, शम पारसमणि, सन् २००८, *भाषा साहित्य,* साहित्य सिर्जना सहकारी समिति लिमिटेड, सिक्किम, गान्तोक

भण्डारी, राजेन्द्र, सन् २०१०, *प्वाखहरू र आकाश,* हिटौंडा नेपाल, निखिल प्रकाशन

महेश, प्रसाई (सम्पा), सन् २०१७, *सिक्किमका कविता,* काठमाडौं,छाया प्रकाशन

रिसाल, राममणि, सन् १९८८, नेपाली कवि र काव्य, काठमाडौं नेपाल, साझा प्रकाशन

लामिछाने, कपिलदेव, सन् २०११, *समालोचनाको सोपान,* झापा चन्द्रगडी, जुही प्रकाशन

शर्मा,  तारानाथ, सन् १९९९, नेपाली साहित्यको इतिहास, अक्षर प्रकाशन काठमाडौं

शर्मा, तुलसीराम'कश्यप', सन् १९९६, *सिक्किम हिजोदेखि आजसम्म,* सिक्किम गान्तोक, आँकुरा प्रकाशन

शर्मा, मोहनराज, लुइटेल खगेन्द्रप्रसाद, सन् २००९, *शोधविधि,* काठमाडौं, साझा प्रकाशन

शर्मा, मोहनराज र लुइटेल, खगेन्द्रप्रसाद, सन् २०1०, ते.सं., पूर्वीय र पाश्चात्यसाहित्य सिद्धान्त, काठमाडौं, भोटाहिटी, विद्यार्थी पुस्तक भण्डार

शर्मा, पुष्प, सन् २०१२ ,*सिक्किमका नेपाली कविताः विश्लेषण र मूल्याङ्कन* (सन् १९४०-१९९० सम्म)

शर्मा, सोमनाथ, सन् २००1, साहित्य प्रदीप, काठमाडौं, भोटाहिटी, विद्यार्थी पुस्तक भण्डार

सुब्बा, मनप्रसाद र थापा, रेमिका, सन् २०११, किनारा विमर्श, एच.डी.लामा रोड, दार्जिलिङ, गामा प्रकाशन

प्रसाई, बिजु, सन् २००१, *माटो कवि जीवन थिङ व्यक्तित्व र कृतित्व,* उदय छेत्री(सम्पा), गान्तोक, इन्द्रकील प्रकाशन

प्रसाई, महेश (सम्पा.), सन् २०१७, *सिक्किमका कविता,*  काठमाडौं नेपाल, छाया प्रकाशन

प्रधान, शैलेश(सम्पा), सन् २०१०, *सिक्किमे व्यक्तित्व विशेषाङ्क,* सुम्बुक सिक्किम,चाँप गुराँस प्रकाशन।

प्रधान, शिव (सम्पा.), सन् १९७५, वर्ष १, अङ्क १, *चिन्ता साहित्य संकलन,*  सिक्किम साहित्य परिषद्, गान्तोक सिक्किम

प्रधान, दिवाकर, सन् २०१३, *कविताका कुरा,* गान्तोक, सिक्किम, जनपक्ष प्रकाशन

प्रधान. दिलकुमार (सम्पा.), सन् २०१२, *आधुनिक भारतेली नेपाली कविता,* वीरपाडा कलेज, मनमाया प्रकाशन, दार्जिलिङ

श्रेष्ठ, राज के., सन्१९९९, *युगपुरूष डा. पारसमणि प्रधान,* सिक्किम गान्तोक, राज के श्रेष्ठ /माला राणा पात्रो प्रकाशन

श्रेष्ठ, रमेश, सन् १९७८, *नेपाली कविताका प्रवृत्ति,* काठमाडौं नेपाल, साझा प्रकाशन

श्रेष्ठ, दयाराम, सन् २००८, *साहित्यको इतिहास सिद्धान्त र सन्दर्भ,* काठमाडौं, पालुवा प्रकाशन, प्रा.लि.

**हिन्दी पुस्तक**

सिंह, मंजुलता, *हिन्दी कहानी में युगबोध*

पाण्डे, शुभंवादा, सन्२०१३, *युग बोध,* वाराणसी, पिल्ग्रिम्स पब्लिसिङ

सरौनिया, उमा, सन् २०१६, *स्वातंत्र्योत्तर हिन्दी बाल कविता में युगबोध,* कानपुर, आर्य नगर, आशा प्रकाशन

पंजियार, राजेन्द्र, सन् २०१२, *युगबोध और हिन्दी साहित्य,* रोहिणी, दिल्ली, नयी किताब प्रकाशन

शर्मा, रामविलास, सन् २०१०, *भाषा, युगबोध और कविता,* ते.सं., जी.एस.आँफसेट द्वार दिल्ली, वाशी प्रकाशन

**पत्र-पत्रिका**


अग्रवाल, विनोद (सम्पा.), सन् १९७५, वर्ष १, अङ्क ६, *सुधा रोचक नेपाली मासिक, जीवन थिङ विशेषाङ्क,* सिचे ,गान्तोक, सिक्किम

कार्कीढोली, वीरभद्र (सम्पा), वर्ष ८, अङ्क १३, १९९४, *प्रक्रिया, दिवंगत नेपाली कवि विशेषाङ्क, शान्ति प्रकाशन,* सिक्किम गान्तोक

कार्कीढोली, वीरभद्र(सम्पा),वर्ष ८, अङ्क १३, १९९४, *प्रक्रिया, सामयिक विविध विषयक रचना,* सिक्किम गान्तोक, शान्ति प्रकाशन

कार्कीढोली, वीरभद्र(सम्पा), वर्ष १७, अङ्क २७, २००३, *प्रक्रिया, सामयिक विविध विषयक रचना,* सिक्किम गान्तोक, शान्ति प्रकाशन

कार्कीढोली, वीरभद्र(सम्पा), वर्ष २५, २०११, *प्रक्रिया ,रजत विशेषाङ्क,* सिक्किम गान्तोक, शान्ति प्रकाशन

गुरूङ, केदार (सम्पा.), सन् १९८७, वर्ष ८, अङ्क २२, *स्रष्टा द्वैमासिक साहित्यिक पत्रिका,* गेजिङ पश्चिम सिक्किम साहित्य प्रकाशन

घिमिरे, राजेश कुमार(सम्पा), अङ्क २, वर्ष २, २००१, *अवलोकन,* अनुसन्धानात्मक तथा समालोचनात्मक पत्रिका, पोखरा, प्रकाशक अवलोकन साहित्यिक प्रतिष्ठान

घिमिरे, भवानी (सम्पा), सन् २००५, वर्ष ४२, पूर्णाङ्कः८६ , *भानु, नेपाली मासिक, सिक्किम विशेषाङ्क,* गान्तोक सिक्किम

ठकुरी, मोहन (सम्पा), सन् २०१७, *नेपाली कविता यात्रा,* नयाँ दिल्ली, साहित्य अकादमी

दीपक, सुवास (सम्पा./वार्ताकार), सन् १९८७, *साक्षत्कार, सिक्किमका २१ जना प्रतिभाहरूसित लिइएका अन्तर्वार्ताहरू,* नाम्ची दक्षिण सिक्किम, निर्माण प्रकाशन

नेपाली, के.बी(सम्पा), वर्ष ५२, अङ्क १२५, *बिन्दु, नेपाली साहित्यिक त्रैमासिक,* प्रकाशिका माया नेपाली, लामलिङ,असम ,बिन्दु प्रकाशन

शर्मा, जगदीश (सम्पा.), सन् २००७, *भानु प्रकाशन, भानु कृति विवेचना एवम् विविध रचना,* सिङ्गताम, सिक्किम भानु जयन्ती समिति

सुब्बा, टी.बी चन्द्र(सम्पा), सन् २००१, *इतिहास निर्माताः सिक्किमका प्रमुख दिवङ्गत स्रष्टा र द्रष्टाहरू (ऐतिहासिक खोज एवम् मूल्याङ्कन ), गान्तोक सिक्किम*

सुब्बा, टी. बी. चन्द्र (सम्पा.), सन् २००२, *भानु स्मारिका,* १८८ औं भानु जयन्ती समिति, गान्तोक सिक्किम

श्रेष्ठ, प्रद्युम्न (सम्पा.), सन् २००२, अङ्क १०, वर्ष १०, *कनका, अर्धवार्षिक साहित्यिक मुखपत्र,* प्रकाश विभाग नेपाली साहित्य परिषद्, गान्तोक सिक्किम

**शोधप्रबन्ध**

कुमार, राजेश, सन् २०१२, *शैलेश मटियानी के उपन्यासों में युगबोध,* शिमला, हिमाचल प्रदेश विश्वविद्यालय

तिवारी, दुर्गाप्रसाद, सन् १९९४, *उपन्यासकार अमृतलाल नागरः युगबोध,* रोहतक, महर्षि दयानन्द विश्वविद्यालय

पाटील, विजय वसंत, सन् २००९, *हिन्दी उपन्यासों में युगबोध (सन् १९८०- सन् २०००),* कोल्हापुर, महाराष्ट्र, शिवाजी विश्वविद्यालय

रानी, ऊषा, सन् २०१२, *मृणाल पाण्डे के साहित्य में युगबोध*, शिमला, हिमाचल प्रदेश विश्वविद्यालय

शर्मा, अनिता, सन् २०१२, *ममता कालिया के कथा-साहित्य में युगबोध*, शिमला, हिमाचल प्रदेश विश्वविद्यालय

प्रसाद, दुर्गा, सन् १९९६, *निराला कें काव्य में युगबोध*, मणिपुर विश्वविद्यालय

**अङ्ग्रेजी पुस्तक**

Risley, H.H, 1989, *The Gazetter of Sikkim, printed at the Bengal Secretriat Press*

Chamling, Komal (chief editor), *Artem celebrating art, culture and life*, may-june 2018, volume 02, issue 01, Sikkim Gangtok

Bhutia, Tenzing Pema (editor), *Sikkim Today Health care and Management in Sikkim*, July-August 2017, volume 12, issue 3, Sikkim Gangtok

Lama, Mahindra P. (chief editor), Sikkim study series, language and literature, 2008, volume V, Gangtok, Sikkim

# परिशिष्ट




जीवन थिङ (सन् १९५५-१९७८)




*सन् १९७४ मा दार्जिलिङ गोर्खा दुःख निवारक समाज*को तत्त्वावधानमा आयोजित प्रबुद्धानन्द स्मारक च्यालेन्ज शील्डको पाँचौं वार्षिक तर्क प्रतियोगितामा थिङको दल विजयी भएको तस्वीर।





जीवन थिङका पिता कार्साङ थिङ गेजिङ सरकारी अस्पतालमा भेक्सिनेसन इनस्पेक्टरका रूपमा कार्यरत छँदाको तस्वीर।





दिदी माया थिङले जीवन थिङलाई लेखेको पत्र (३.११.१९७१)



Serial No. 1

UNIVERSITY OF NO[illegible]TH BENGAL

P. G. Part II
Political Science : Regular

The following is the statement of marks obtained by Jiwan Kumar Theeng
Roll—Rammohun (Ps) No. 1 at the M. A. Part II Examination [illegible]76 in Political Science held in December, 1977

POLITICAL SCIENCE

Any two of the following Groups :

| GROUP A Political Thought Paper I (Full Marks—100) First half | Group A Paper I Second half | Group A Paper II (Full Marks—100) First half | Group A Paper II Second half | GROUP B International Relations Paper I (Full Marks—100) First half | Group B Paper I Second half | Group B Paper II (Full Marks—100) First half | Group B Paper II Second half | GROUP C Public Administration Paper I (Full Marks—100) First half | Group C Paper I Second half | Group C Paper II (Full Marks—100) First half | Group C Paper II Second half | OPTIONAL Dissertation Paper in lieu of a half paper Full Marks — 50 | TOTAL Full Marks—400 | Total of Parts I & II Full Marks—800 Pass Marks—320 | CLASS | REMARKS |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | 24 | 24 | 22 | 23 | 29 | 22 | 29 | | 30 | 203 | 448 | II | P |


Rs. 6/-

Signature: D.K. Sen

( See Reverse )

M. Banerjee
Controller of Examinations

जीवन थिङको स्नातकोत्तरको अङ्कपत्र।



বিদায় অভ্যর্থনা

সতীর্থ জীবনদা কে —

"যেতে নাহি দিব ; হায়, তবু যেতে দিতে হয়, তবু চলে যায়"

বৃহত্তর কর্মজীবনের অপ্রতিরোধ্য হাতছানিকে স্বীকার করে নিতেই হয়, তাই চেনাশোনাদের ছেড়ে অন্য এক পরিচিতির জগতে চলে যেতে হয় আন্তরিকতাকে [illegible] সম্মুখে রেখে, এই চলে যাওয়ার মুহূর্তকে 'বিদায়' আখ্যা দিতে চাই না আমরা, কেননা, তুমি চলে গেলেও রেখে যাবে এখানে একসঙ্গে কাটানো অনেক দিনের অবোধ্য স্মৃতির আশ্চর্য্য এক অনুভূতি যাতে তোমাকে স্থূলিকভাবে কাছে না পেলেও আরো অনেক বেশী করে পাবো,

তোমার সমাগত ভবিষ্যৎ মধ্যদিনের সূর্য্যের মতো অনির্বাণ দীপ্তিতে উদ্ভাসিত হয়ে উঠুক ; তোমার অক্লান্ত চলার ছন্দে ধ্বনিত হোক উপনিষদের সেই মহামন্ত্র — "চরৈবেতি, চরৈবেতি, চরৈবেতি" ॥

৬ ই অক্টোবর, ১৯৭৭ ,

প্রীতিবদ্ধ
রাষ্ট্রবিজ্ঞান বিভাগের ছাত্রছাত্রীবৃন্দ[illegible]
উত্তরবঙ্গ বিশ্ববিদ্যালয়

जीवन थिङद्वारा बङ्गला भाषामा लिखित पर्ची।








जीवन थिङका परिवारसँग अन्तर्वार्ता लिने क्रममा लिएको तस्वीर।




जीवन थिङकी ९६ वर्षीय वृद्धा आमा (डोल्मी थिङ)-सँग अन्तर्वार्ता लिने क्रममा लिएको तस्वीर।



जीवन थिङकी दिदी माया थिङसँग अन्तर्वार्ता लिने क्रममा लिएको तस्वीर।




Subash Deepak
Author Journalist Translator
S.P. Golai, Arithang,
Gangtok - 737 101, Sikkim
Post Box # 36

(1)

98320-36893
0359-203327
Email : wicharprakashan@gmail.com

• जीवन थीङसित मेरो प्रथम भेट गान्तोकमा 1977 मा भएको थियो। अध्ययन का साथ-साथै उनी 'नवज्योति' पत्रि[illegible] को सम्पादनसित पनि संलग्न हुनुहुन्थ्यो।

• अप्रिल 1978 देखि (जन. फ.) उनी गान्तोकबाट शान्ति प्रकाशनबाट प्रकाशित 'सुधा' (विभिन्न रोचक सामग्रीयुक्त) मासिक पत्रिकाको सम्पादकसि[illegible] संलग्न हुनुभयो र 'सुधा' [illegible] प्रथम अंक (मई 1978) प्रका[illegible] भएपछि । मई 1978 मा उन[illegible] आफ्नो उच्च अध्ययनका [illegible]




Subash Deepak
Author Journalist Translator
S.P. Golai, Arithang,
Gangtok - 737 101, Sikkim
Post Box # 36

(2)

98320-36893
Email : wicharprakashan@gmail.com

उत्तर बंग विश्वविद्यालयतिर लागे र 5 मई 1978 देखि 'सुधा'-बाट त्यागपत्र दिए।

• अप्रिल 1978 देखि जीवन थीङसित पत्राचार बाट सम्पर्क हुन थाल्यो र उनले मलाई 'सुधा'-को सम्पादन गर्ने सल्लाह दिनुभयो। म त्यसताका सरकारी सेवा (शिक्षक)-मा थिएँ। उनीसित भएको पत्राचार (अप्रिल 1978, मई 1978 र जून 1978 मा लेख्नुभएका पत्रहरूको प्रतिलिपि संलग्न छ)-अनुसार जून 1978 मा कलकत्ता उपचार-का लागि जानु भएको अवधिमा



Subash Deepak
Author Journalist Translator
S.P. Golai, Arithang,
Gangtok - 737 101, Sikkim
Post Box # 36


(3)

98320-36893
Email : wicharprakashan@gmail.com

लेख्नुभएको उनको अन्तिम पत्र हो।

• मैले जून 1978 देखि 'सुधा'-को दोस्रो अंक देखि सम्पादन को कार्य-भार सम्हाले र 2 अंक देखि (जून 1978) अंक अक्टुबर 1978 (अंक 6)-सम्म सम्पादन गरे-पछि 'सुधा'-बाट मुक्त भए 'हिमाली बेला'-को सह-सम्पादक-को पदमा नियुक्ति पाएँ।

अक्टुबर 1978 को 'सुधा'-को अंक जीवन थीङको स्मृति-मा 'जीवन थीङ विशेषाङ्क' प्रकाशित गराएँ, जो कवि जीवन थीङको व्यक्तित्व र कृतित्व-



Subash Deepak
Author Journalist Translator
S.P. Golai, Arithang,
Gangtok - 737 101, Sikkim
Post Box # 36

(4)


98320-36893
Email : wicharprakashan@gmail.com


लाई लिएर प्रथम परिचयात्मक दस्तावेज हो।


यस अंकमा जीवन थीङ-का केही अप्रकाशित कविता, संस्मरण र कृति समीक्षा प्रकाशित छन्।


[illegible]
31.08.2019

सुवास दीपकसँगको अन्तर्वार्ता।



सुधा
SUDHA
April 1978


Calcutta-20,
June 1978
(अन्तिम पत्र)
सम्माननीय दाइ।
सादर नमस्कार।
31/08/19


सुधा
SUDHA
May 1978


31.08.2019

जीवन थिङ सुधाका सम्पादक रहँदा सुवास दीपकलाई लेखेको पत्र।



रित्तो रातको सडकमा
पाइलाहरू लड्खराउँछन्


रित्तो रातको सडकमा
पाइलाहरू लड्खराउँछन्
छिल्कीले ज्याला जस्तै
छायाहरू सलबलाउँछन्

पीरहरू जब उठ्न थाल्छन्
धुइँसे बनि वर्षौंदेखि
आवाजहरू फुट्न थाल्छन्

बिम्बहरू च्यातिन्छन्
छिल्कीले

साउती गर्दै पहाडहरू
प्रीत लाउँछन् जिन्दगीका
बदनामीका आँसु पुछि
हाँस्नु पर्छ दिल्लगीका

बदनामीका आँसु पुछि
हाँस्नु पर्छ दिल्लगीका



हर साँझ यहाँ टुहुरा छन्
जुन उदाइ के हुन्छ
हर साज यहाँ बेसुरा छन्
धुन फुटाइ के हुन्छ

गीत बोकी ओठभरी
गल्ली गल्ली डुली हिड्छु
किनार जस्तै रुखो छाती
पानी बनेर भिजाउँ भन्छु
हर बास यहाँ अधुरा छन्
नाता जोडेर के हुन्छ
हर साज ...

आफ्नै मुहार खोजी हिड्छु
मझेरीका सपनाहरू
झकझकाएर उठाउँ भन्छु
आकार

सेन्ट जोसेफ कलेजका विद्यार्थी छँदा जीवन थिङ स्वयमले सङ्गीतकार बसन्त छेत्रीलाई दिएका दुई गीत।